स्थानीय पाठ्यक्रम

# हाम्रो भोजपुर नगरपालिका

## आधारभूत तह (कक्षा १–८)

**२०७८**



**भोजपुर नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय, भोजपुर**

**प्रदेश नं. १, नेपाल**

# भोजपुर नगरपालिकाको नक्सा



**प्रकाशक** : भोजपुर नगरपालिका भोजपुर, प्रदेश नं. १, नेपाल
**सर्वाधिकार ©:** प्रकाशकमा निहित
**प्रकाशन वर्ष** : २०७८
**मुद्रण :** ...

## भोजपुर नगरकार्यपालिका पदाधिकारी

प्रमुख : श्री कैलाशकुमार आले

उप-प्रमुख : श्री ममिता राई

## कार्यपालिका सदस्यहरू

श्री विष्णु भुजेल

श्री कुमार राई

श्री कमल थुलुङ

श्री प्रेम बहादुर भण्डारी

श्री जस बहादुर राई

श्री शैलेन्द्र कार्की

श्री जय बहादुर तामाङ

श्री गोपाल कार्की

श्री राम बहादुर तामाङ

श्री सुविन्द्र राई

श्री असोक राई

श्री कुमार प्रसाद श्रेष्ठ

## नगर शिक्षा समिति

अध्यक्ष : कैलाशकुमार आले

सदस्य : चन्द्रकुमार उदास

सदस्य : रमेशकुमार शाक्य

सदस्य : ध्रुवराज रेग्मी

सदस्य : थिरबहादुर खत्री

सदस्य : जीवलक्ष्मी श्रेष्ठ

सदस्य : अम्बिका कार्की

सदस्य : कौशिला वि.क.

सदस्य : वन्दना सुन्दास

सदस्य : रमा बुढाथोकी

## नगर शिक्षा विज्ञ समिति

संयोजक : ध्रुवराज रेग्मी
सदस्य : शिवनाथ ठाकुर
सदस्य : खोमराज धमला
सदस्य : थिरबहादुर खत्री
सदस्य : गणेशकुमार श्रेष्ठ
सदस्य : कविन्द्र श्रेष्ठ
सदस्य : ज्ञानेन्द्र पाण्डे

पदमबहादुर प्रधान
शिक्षा शाखा (प्रा.स.)

सुरेन्द्र राई
प्रमुख प्रशासकीय अधिकृत

## पाठयक्रम निर्माण (लेखन तथा सम्पादन) कार्यदल

**संयोजक :** लालकुमार तामाङ

**सदस्य :** विष्णुकुमार राई

**सदस्य :** दुर्गाप्रसाद बराल

**सदस्य :** लक्ष्मण जोशी

**सदस्य :** सोभितबहादुर बुढाथोकी

## भाषा सम्पादन

**विष्णुकुमार राई**

## कम्प्युटर लेआउट

**दुर्गाप्रसाद बराल**

## कभर डिजाइन

**सिराज शर्मा लुइटेल**

भोजपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भोजपुर

प.सं.- २०७८।७९ — १ नं. प्रदेश, नेपाल

च.न. :- — मितिः-२०७८।०९।२५

## शुभकामना

नेपाल भौगोलिक, जातीय, भाषिक, धार्मिक र साँस्कृतिक विविधतायुक्त देश हो । विविधता भित्रको एकता कायम गर्ने माध्यम शिक्षा हो । शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । शिक्षा समयानुकूल, गुणस्तरीय, भरपर्दो, दिगो र उपलब्धिमूलक हुन नितान्त आवश्यक छ । शिक्षाले व्यक्ति, परिवार, समाज र राष्ट्रलाई समुन्नत बनाउन दिशा निर्देश गर्दछ । नागरिकलाई सबल, सक्षम र सुखी राख्ने भरपर्दो माध्यम शिक्षा नै हो । सोही दृष्टिकोणलाई सैद्धान्तिक आधार मानी भोजपुर नगरपालिकाले प्रारम्भबाट नै शिक्षामा समयसापेक्ष गुणस्तर र सुधारका लागि विभिन्न योजनाबद्ध शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । उक्त शैक्षिक कार्यक्रमबाट विगतभन्दा अहिले केही सुधारोन्मुख नतिजा छ, यद्यपि शैक्षिक उत्पादनको नतिजा लामो समयको अन्तरालमा देखिने विषय हो । भोजपुर नगरपालिकाको पहिलो ध्येय नै शिक्षा र स्वास्थ्यमा सुधार गर्नु हो । जब शिक्षामा गुणस्तर कायम गर्न सकिन्छ, तब मात्र अन्य क्षेत्र पनि क्रमश सुधार हुन सक्छ भन्ने हो । शिक्षामा गुणस्तर कायम गर्नका लागि शिक्षा प्रणालीमा रहेको लगानी, प्रक्रिया र उत्पादनलाई प्रतिफलसँग तुलना गर्नु पर्दछ । सो पक्षहरुको मिलनबिन्दु भनेकै सरोकारवालाहरुले आआफ्नो भूमिकामा जिम्मेवारी बोध र कर्तव्य निर्वाहमा भर पर्दछ ।

केन्द्रमा बनेको पाठ्यक्रमले सबै स्थानीय विषयवस्तु र आवश्यकताहरूलाई समेट्न नसक्ने हुँदा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्धारण गरेको प्रावधानअनुरुप भोजपुर नगरपालिकाले पनि स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम (कक्षा १–८) निर्माण गर्न कार्यदल गठन गरी यो पाठ्यक्रम निर्माण भएको हो । भोजपुर नगरपालिकाको शैक्षिक इतिहासमा यो एउटा महत्वपूर्ण कोशे ढुङ्गा सावित हुने विश्वास लिएको छु । यस पाठ्यक्रममार्फत भोजपुर नगरपालिकाभित्रका र भोजपुर जिल्लाका स्थानीय भौगोलिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पर्यटकीय सम्पदा, स्थानीय पेसा व्यवसाय तथा प्रविधि, स्थानीय विशिष्ट व्यक्तित्वहरू, स्थानी संरचना, अत्यावश्यक सूचना तथ सञ्चारको प्रयोग, नैतिक आचरण तथा दैनिक जीवनमा प्रयोगमा आउने व्यावहारिक लेखनका साथै पूर्वाधार विकासका आचार संहिता, प्रकोप व्यवस्थापन, स्वस्थ जीवनशैली आदि जस्ता महत्वपूर्ण विषयसँग सम्बन्धित ज्ञान, सिप तथा अनुभव हासिल गर्ने अवसर बालबालिकाहरूले पाउने भएको छ । स्थानीय विषयवस्तुको अध्ययनबाट बालबालिकामा अपनत्वको भावना विकास हुनुको साथै आफ्नो स्वपहिचान र स्थानीयकरणको महत्व बोध गरी समुन्नत समाज निर्माण र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु ।

यो पाठ्यक्रम निर्माणका क्रममा कार्यदलले स्थानीय सरोकारवालासँग पर्याप्त छलफल र अन्तर्क्रिया गरेको छ । त्यसैले धेरै हदसम्म यो पाठ्यक्रमले स्थानीय आवश्यकताको सम्बोधन गरेको छ । हुन त पाठ्यक्रम समयानुकूल निरन्तर परिवर्तनीय हुन्छ । यसलाई आवश्यक परिमार्जन गर्दै लान सकिने छ । मिहिनेतका साथ सबै मापदण्ड पूरा गरी पाठ्यक्रम निर्माण गर्न सहयोग पुऱ्याउनुहुने पाठ्यक्रम निर्माण कार्यदलको टिमलाई धन्यवाद दिन चाहन्छु । साथै पाठ्यक्रम निर्माणका क्रममा महत्वपूर्ण सल्लाह सुझाव प्रदान गरी सहयोग गर्ने नगरपालिका उपप्रमुख तथा कार्यपालिका सदस्यहरू, नगरपालिकाका कर्मचारी वर्ग, नगर शिक्षा समितिका सदस्यहरू, शिक्षा शाखा, नगर शिक्षा विज्ञ समूह, नगर शिक्षक महासंघ, विद्यालयका प्रधानाध्यापकहरू, शिक्षक लगायत सरोकारवाला सम्पूर्ण धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा, पाठ्यक्रम निर्माण सँगसँगै यसको कार्यान्वयन महत्वपूर्ण पाटो भएकाले सम्पूर्ण सरोकारवालाहरूलाई पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न हार्दिक अपिल गर्दछु ।

**कैलाशकुमार आले**
नगरप्रमुख
भोजपुर नगरपालिका

भोजपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भोजपुर

प.सं.- २०७८।७९ 　　　　　　　　　　　　　　　　१ नं. प्रदेश, नेपाल

च.न. :- 　　　　　　　　　　　　　　　　　　　　मितिः-२०७८।०९।२५

## शुभकामना

बालवालिकाले आमाको काखबाट चेतना र घरपरिवारवाट संस्कारको सिकाई प्राप्त गर्दछ । यस पछि ज्ञान र सिप सिक्नको लागि स्कुल पठाउने गरिन्छ । आधारभुत तह स्कुल / विद्यालय शिक्षाको प्रारम्भ हो । यसै आधारभुत तह नै औपचारिक सिकाई र कृयाकलापको महत्वपुर्ण अवस्था र शुरुआत हो । पाठ्यक्रम शिक्षक र बालबालिकाहरूको सिकाइलाई मार्गदर्शन गने शैक्षिक कार्यक्रमको मेरुदण्ड हो । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यावस्थापन, संचालन तथा नियमन गर्ने अधिकार स्थानीय सरकारमा निहित गरेको छ । स्थानीय सरकारवाट विद्यालय तहको समग्र पाठ्यक्रम मध्ये स्थानीय तहको पाठ्यक्रममा के कस्ता स्थानीय विषय समाबेस गर्ने भन्ने निर्धारण गर्ने जिमम्मेवारी भित्र पर्दछ । स्थानीय पाठ्यक्रमको सम्बन्धमा स्थानीय सरोकारपक्षको आवश्यकता, चाहना र उहाँहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाइ समावेश गरी तयार गर्नु व्यवहारिक हुने,प्रभावकारी हुने र स्वामित्व ग्रहण गरिने पनि हुन्छ । यसै मुल्य मान्यतालाई आत्माशात गर्दै भोजपुर नगरपालिकाले आफ्नो नगरक्षेत्र भित्रको लागि कक्षा १ देखि कक्षा ८ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्धारण गरि स्वीकृत गरेकोछ ।

भोजपुर नगरपालिका स्तरमा तयार गरिएको यस स्थानीय पाठ्यक्रमले आधिकारिक रुपमा नै स्थानीय स्तरको गाउँ, ठाउँ, नाउँ, स्थानविशेषको रितिथिति, संस्कार र संस्कृति, जातजाति विशेषको चाडपर्वहरु र भोजपुर नगरक्षेत्रको विकासका अवस्थाहरुलाई जोडेर सैदान्तिक अध्यायन गर्न गराउने गरि यो पाठ्यक्रम तयार भएकोछ । अतः यस पाठ्यक्रमले स्थानीय तहको भाषा तथा संस्कृतिको जगर्ना गर्न स्थानीय तहको ज्ञान, सीप, प्रविधि र उत्पादित जनशक्ति लाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विकाउ हुने ज्ञान र सीपको विकास गरी आत्मनिर्भर बन्न यस पाठ्यक्रम तयार गर्न दिशा निर्देश गर्नुहुने नगर प्रमुख श्री कैलास कुमार आले ज्यु र यस काममा साथ सहयोग गर्नुहुने नगर उपप्रमुख श्री ममिता राई ज्यू विशेष धन्यवादका पात्र हुनुहुन्छ र यस कार्यमा सार्वजनिक विदा तथा चाडपर्वमा समेत खटिनु भएका शिक्षकज्यूहरुले स्थानीय पाठयक्रम तयारी समितिको जिम्मेवारी संमाल्नु हुने संयोजक श्री लाल कुमार तामाङ्ग सदस्य श्री सोभित वुडाथोकि सदस्य श्री विष्णु कुमार राई सदस्य श्री दुर्गा वराल र सदस्य श्री लक्ष्मण जोशि ज्यूहरुको कार्यक्षमता र लगनशिलता प्रति हार्दिक सम्मानका साथ कृतज्ञता प्रकट गर्दछु, अन्तमा यस पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयनको अग्रिम शुभकामना व्यक्त गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र राई

प्रमुख प्रशासकीय अधिकृत

## हाम्रो भनाइ

भोजपुर नगरपालिका भोजपुरको स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटेर यो स्थानीय पाठ्यक्रम (कक्षा १-८) निर्माण गरिएको छ। व्यक्ति, समाज र राष्ट्रको माग, चाहना र आवश्यकताको आधारमा पाठ्यक्रमका विषयवस्तुलाई प्राथमिकता दिइएको हुन्छ। यस पाठ्यक्रममा कक्षा १-५ सम्म भोजपुर नगरपालिकाभित्रका स्थानीय विषयवस्तु र कक्षा ६-८ सम्म पुग्दा सम्बन्धित नगरपालिका तथा भोजपुर जिल्लाभित्रका समेत स्थानीय विषयवस्तुहरू समेटिएका छन्। यसबाट विद्यार्थीमा स्थानीय ज्ञान, सीप हासिल भई राष्ट्रिय पाठ्यक्रमको अपेक्षित सक्षमता विकास हुने साथै असल व्यवहार र जीवनशैलीको विकास भई आवश्यक व्यावहार कुशल सिपको समेत विकास हुने अपेक्षा राखिएको छ। पाठ्यक्रमलाई स्तरीय, स्थानीय आवश्यकतामा आधारित र कार्यान्वयन हुन सहज बनाउन छनोट तथा क्रमिक स्तरण गर्नुका साथै प्रश्नावली मार्फत तथा सरोकारवाला भेटघाट, छलफल, गोष्ठि मार्फत प्रशस्त अन्तर्क्रिया गरिएको छ। सम्बन्धित विषय शिक्षकलाई सहयोग पुगोस भनी शिक्षक सहयोगी सन्दर्भ सामग्रीसमेत यसको अन्तिम भागमा अनुसूचीमा राखिएको छ।

नेपालमा वि.सं. २०५० को दशकदेखि स्थानीय पाठयक्रमको नीतिगत व्यवस्था भएपनि संस्थागत विकास तथा कार्यान्वयनमा देखिएको फितलोपनालाई पूरा गर्न संघीय लोकतन्त्रको स्थापनापछि शैक्षिक विकेन्द्रीकरणको अवधारणालाई आत्मसात गर्दै स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकासको अवधारणालाई सम्बोधन गर्न तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मूल मर्म अनुरूप भोजपुर नगरपालिकाले विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १–८) का लागि स्थानीय पाठयक्रम, **हाम्रो भोजपुर नगरपालिका** निर्माण गरेको छ। यस स्थानीय पाठ्यक्रममा भोजपुर नगरपालिकाको आफ्नै मौलिक स्थानीय आवश्यकता र विषयवस्तुलाई समेटेर साच्चिकै वस्तुनिष्ठ स्थानीय पाठ्यक्रमको निर्माण गर्ने प्रयत्नका साथ यो पाठ्यक्रम निर्माण गरिएको छ। पाठ्यक्रमको मौजुदा संरचनाअनुसार आधारभूत तह कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० पाठ्यघण्टा र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ पाठ्यघण्टाको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधानअनुरूप सोही मापदण्डमा यो पाठ्यक्रम निार्माण गरिएको छ। स्थानीय विषयअन्तर्गत भोजपुर नगरपालिका भित्रका (जिल्लाभित्रका पनि) स्थानीयतालाई सम्वोधन गर्न **भौगालिक परिचय, ऐतिहासिक साँस्कृतिक धार्मिक र पर्यटकीय सम्पदा, जातजाति भाषाभाषी तथा चाडपर्व, आर्थिक क्रियाकलाप र स्थानीय पेसा व्यवसाय तथा रैथाने प्रविधि, स्थानीय तहको संरचना र विशिष्ट व्यक्तित्व, स्थानीय पूर्वाधार जनशक्ति विकास तथा अत्यावश्यक सूचना सञ्चार, विपद् रोकथाम तथा व्यवस्थापन, स्थानीय नैतिक मूल्य मान्यता र व्यावहारिक लेखन सिप, सथै स्वस्थ जीवनशैली** गरी जम्मा नौ ओटा विषयक्षेत्र (थिम) अन्तर्गतका विषयवस्तुहरू समेटिएका छन्।

स्थान विशेषमा आधारित पाठ्यक्रम (Area Based Curriculum) को सैद्धान्तिक मान्यतालाई आत्मसात गर्दै सहभागितामा आधारित, सक्षमतामा आधारित र स्थानीय आवश्यकतामा आधारित भई केही जीवनोपयोगी सीप ( life skill) विकास र केही व्यवहार कुशल सिप (soft skill) विकासको पक्षलाई पनि समेट्ने प्रयास गरिएको छ। समग्र भोजपुर नगरपालिकालाई समेट्नुपर्ने, यस नगरपालिकाभित्रको विविधता तथा व्यापकता आदिका कारणले यो पाठ्यक्रम कुनै एक विषयवस्तुको विशिष्टिकृत पाठ्यक्रम नभई स्थानीय विषयको सामान्य ज्ञान-सिप (general knowledge) प्रदान गर्ने पाठ्यवस्तुहरू समावेश भएको स्थानीय पाठ्यक्रम बन्न पुगेको छ।

यो पाठ्यक्रम निर्माण गर्ने सन्दर्भमा नगरपालिकाभित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरू, जनप्रतिनिधि, शिक्षाप्रेमी-बुद्धिजिवी (पूर्व जि.शि.अ., पूर्व स्रोत व्यक्ति, वि.व्य.स. अध्यक्ष, प्र.अ., पूर्व प्र.अ., शिक्षक) साथै कार्यरत शिक्षकहरू, उद्योग वाणिज्य संघ, जातीय संघ-संस्थाहरू, नागरिक समाजका प्रतिनिधि साथै केही विद्यार्थीहरूसँग समेत प्रतिनिधिमूलक ढङ्गले प्रश्नावली मार्फत आवश्यकता पहिचान तथ महत्त्वपूर्ण सूचना र तथ्याङ्कहरू सङ्कलन गरिएको छ। त्यस्तै आवश्यकता अनुसार समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजिवी र उद्यमी व्यक्तिहरूसँग भेटघाट, अन्तरवार्ता र आवश्यकताका आधारमा अवलोकन, स्थलगत अध्ययन गरी सूचना तथा सुझावहरू सङ्कलन गरिएको छ। प्राथमिक स्रोतबाट प्राप्त सूचनालाई अझ विश्वसनीय बनाउन द्वितीयक स्रोत (सर्न्दभ

सामग्री) को समेत उपयोग गरिएको छ । स्थानीय पाठ्यक्रम विकासको क्रममा सरोकारवालाहरूसँग एक दिवसीय कार्यक्रमको आयोजना गरी पाठ्यक्रमको मस्यौदा प्रस्तुत गरी उहाँहरूबाट प्राप्त सुझावहरू समेतलाई सम्बोधन हुने तवरले आवश्यकता अनुसार पुर्नलेखन गरी अन्तिम रुप दिइएको छ । यस पाठयक्रमको मुख्य ध्येय भनेकै स्थानीय ज्ञान, सिप र रैथाने प्रविधिको अहिले र भावि पुस्ताले पहिचान गर्न सकून, संरक्षण र संवर्द्धनमा ध्यान पुगोस् साथै स्थानीय ज्ञान, सिप र रैथाने प्रविधिको समयाकूलको प्रयोग र अवलम्वन गर्दै आर्थिक गतिविधिसँग जोड्न सकेमा निश्चय पनि व्यक्ति, समाज र राष्ट्रको सामाजिक तथा आर्थिक विकासमा सहयोग पुग्न सक्ने छ भन्ने अपेक्षा नै पाठ्यक्रम निर्माणको मूल मर्म हो ।

यो पाठ्यक्रमको निर्माण गर्ने कार्य पहिलो र ऐतिहासिक प्रयास हो । राम्रो बनाउन खोज्दाखोज्दै पनि यहाँ अपेक्षित सबै कुरा अटाउन नसकिएको साँचो हो, भने कतिपय महत्त्वपूर्ण विषयवस्तुहरू छुटेको पनि हुनसक्छ । केही सुझावहरू स्थानीय मातृभाषाको पाठ्यक्रमका बारेमा पनि आएका थिए तर यो पाठ्यक्रम मातृभाषामा आधारित होइन । बालबालिकाहरूलाई आफ्नो मातृभाषा चिन्न र बोल्न अभिप्रेरित गराउने खालका केही सीमित क्रियाकलापहरूलाई समेट्ने प्रयास चाहिँ गर्न खोजिएको छ । पाठ्यक्रम निरन्तर परिमार्जित र परिवर्तनीय विषय हो ।

अन्त्यमा स्थानीय पाठयक्रम, **हाम्रो भोजपुर नगरपालिका** निर्माण गर्न जिम्मेवारी प्रदान गरेकोमा भोजपुर नगरपालिकाका प्रमुख एवम् नगर शिक्षा समितिका अध्यक्ष **कैलाशकुमार आले**ज्यू लगायत सदस्यहरूप्रति कृतज्ञता व्यक्त गर्दछौं । पाठ्यक्रम निर्माणको क्रममा राखेका जिज्ञासाहरू प्रश्नावली भरेर, अन्तरवार्तामा सहभागी हुनुभएर साथै महत्त्वपूर्ण अमूल्य, सल्लाह र सुझाव प्रदान गर्नुहुने सबैप्रति आभार प्रकट गर्दछौं । पठ्यक्रमलाई मूर्त रूप प्रदान गर्न महत्त्वपूर्ण प्रशासनिक सहयोग गर्नुहुने नगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्री सुरेन्द्र राई, नगर शिक्षा शाखाका प्रा.स. पदमबहादुर प्रधान, आवश्यक सहजीकरण गर्न सहयोग गर्ने नगर शिक्षा समिति र नगर शिक्षा विज्ञ समिति प्रति पनि हार्दिक आभार प्रकट गर्दछौं ।

मुख्य कुरा पाठ्यक्रमको कार्यान्वयन पक्ष हो । सम्बन्धित विषय शिक्षक साथीहरूले सम्बन्धित धेरै स्थानीय सान्दर्भिक विषयवस्तुहरू खोज तथा सङ्कलन गरेर शिक्षण गर्नुपर्ने हुन्छ । सामान्यतः पाठ्यक्रममा सन्दर्भ सामग्री समावेश गरिने मान्यता हुँदैन तर पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका बनी नसकेको अवस्थामा सम्बन्धित विषय शिक्षकलाई सहयोग पुगोस् भन्ने हेतुले यो पाठ्यक्रमको अन्त्य (अनुसूची - ३) मा विषय शिक्षकका लागि संक्षिप्त सहयोगी सन्दर्भ सामग्रीको विवरण समावेश गरिएको छ तर त्यो पर्याप्त छैन । यो पाठ्यक्रम कार्यान्वयनका लागि छिट्टै सहयोगी पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका निर्माण हुने अपेक्षा राख्दै यो पाठ्यक्रममा देखिने सबल पक्ष र सुधार गर्नुपर्ने पक्षको पृष्ठपोषणसहित रचनात्मक सल्लाह, सुझावको समेत अपेक्षा गर्दछौं ।

**- पाठ्यक्रम निर्माण (लेखन तथा सम्पादन) कार्यदल**

# विषयसूची

खण्ड (क) ........ १
१. पृष्ठभूमि ........ १
२. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य ........ २
३. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना (कक्षा १–८) ........ ३
३.१ आधारभूत शिक्षा (कक्षा १–३) को पाठ्यक्रम संरचना ........ ३
३.२ आधारभूत शिक्षा (कक्षा ४–५) को पाठ्यक्रम संरचना ........ ३
३.३ आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना ........ ४
खण्ड (ख) ........ ५
१. 'हाम्रो भोजपुर नगरपालिका' स्थानीय पाठ्यक्रमको परिचय ........ ५
२. पाठ्यक्रमको आवश्यकता र औचित्य ........ ६
३. पाठ्यक्रम निर्माणमा अवलम्बन गरिएका सिद्धान्त ........ ७
४. पाठ्यक्रम निर्माण प्रक्रिया ........ ८
५. तहगत सक्षमता ........ ८
५.१ कक्षा १–५ ........ ८
५.२. कक्षा ६–८ ........ ९
६. विषयवस्तुको क्षेत्र र पाठ्यघण्टा निर्धारण ........ १०
७. कक्षागत सिकाइ उपलब्धि ........ ११
७.१ कक्षा १–५ ........ ११
७.२ कक्षा ६–८ ........ १४
८. विषय क्षेत्र र क्रम ........ १७
कक्षा १–५ ........ १७
कक्षा ६–८ ........ २२
कक्षा : १ ........ २७
कक्षा : २ ........ ३२
कक्षा : ३ ........ ३८
कक्षा : ४ ........ ४५
कक्षा : ५ ........ ५३
कक्षा : ६ ........ ६०
कक्षा : ७ ........ ७०

कक्षा : ८ ........ ८०
१०. सिकाइ सहजीकरण प्रक्रिया ........ ९०
११. विद्यार्थी मूल्याङ्कन प्रक्रिया ........ ९२
११.१ विद्यार्थी मूल्याङ्कन प्रक्रिया (कक्षा १–३) ........ ९२
११.२ विद्यार्थी मूल्याङ्कन (कक्षा ४–८) ........ ९५
१२. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया ........ १०१
१३. पाठ्यक्रम परिमार्जन ........ १०१
सन्दर्भ सामग्री ........ १०२
अनुसूची १ ........ १०३
आवश्यकता पहिचान तथा विषयवस्तु सङ्कनका लागि प्रश्नावली तथा अन्तर्वार्तामार्फत सम्पर्क गरिएका संस्था तथा व्यक्तिहरूको विवरण ........ १०३
अनुसूची २ (प्रश्नावली) ........ १०५
अनुसूची ३ ........ ११०
सम्बन्धित विषय शिक्षकका लागि सहयोगी स्रोत सामग्री ........ ११०

## खण्ड (क)

### १. पृष्ठभूमि

मानव सभ्यताको चरणबद्ध विकास गर्ने महत्वपूर्ण तत्व शिक्षा हो । शिक्षाको माध्यमबाट समाजलाई सकारात्मक क्रमिक रुपान्तरण गर्न सकिन्छ । शिक्षालाई सिलसिलेवार रूपमा प्रस्तुत गर्न र लक्ष्योन्मुख सक्षमता प्राप्तिमा पाठ्यक्रमको आवश्यकता पर्दछ। विद्यार्थीहरूलाई सिकाइबाट निर्दिष्ट सक्षमता हासिल गराउन ज्ञान, सीप र अभिवृत्ति प्रदान गर्न दिशानिर्देश दिने कार्यक्रम नै पाठ्यक्रम हो । पाठ्यक्रमलाई समसामयिक, वस्तुनिष्ठ र जीवनोपयोगी बनाउन विषय अनुकूल निर्धारित कार्यक्रमहरू समावेश गरिएको हुन्छ । पाठ्यक्रमलाई व्यापक रूपमा परिभाषित गर्दा शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको समग्र शैक्षिक कार्यक्रम हो साथै यसको विशिष्टतालाई दृष्टिगत गर्दा प्रत्यक्ष रूपमा विद्यार्थीहरूको सिकाइ सक्षमतासँग सम्बन्धित मुख्य दस्तावेज हो । पाठ्यक्रममा सिकारुको बौद्धिक, प्राज्ञिक, मानसिक, शारीरिक, सामाजिक, साँस्कृतिक र नैतिक विकासमा सहयोग पुग्ने विद्यालयभित्र र बाहिरका समस्त शैक्षिक क्रियाकलाप, अनुभवहरू कार्यक्रमका रूपमा सम्मिलन गरिएका हुन्छन् । तसर्थ पाठ्यक्रम शिक्षाका दार्शनिक तथा व्यावहारिक लक्ष्य प्राप्त गर्ने एउटा महत्त्वपूर्ण साधन हो । संरचनागत र संस्थागत रूपमा पाठ्यक्रमलाई लक्ष्य, विषयवस्तु, स्रोत, प्रक्रिया, र मूल्याङ्कनका साधनका रूपमा पनि परिभाषित गरिन्छ ।

नेपाल भौगोलिक, जातीय, भाषिक, धार्मिक, साँस्कृतिक रूपमा विविधतायुक्त प्रमुख विशेषता भएको देश हो । त्यसैले नेपालमा विधितायुक्तको एकता कायम राख्न विद्याालय तहबाट नै सम्बोधन हुने शिक्षा प्रदान गर्न अत्यावश्यक ठानी केन्द्रबाट तयार गरिएको पाठ्यक्रमबाट मात्र विद्यार्थीहरूले आवश्यक ज्ञान, सीप र व्यवहारको समग्र सक्षमताहरू प्राप्ति गर्न सक्तैन भन्ने यथार्थता महसुस गरी विभिन्न समयमा स्थानीय पाठ्यक्रमको अवधारणा ल्याएको देखिन्छ । सर्वप्रथम प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेको थियो । साथै प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरिएको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ले आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यघण्टा ५ र वार्षिक कार्यघण्टा १६० र कक्षा ४-८ मा पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ तोकेको छ ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा प्रवेश गरेपछि पहिचान (भौगोलिक, सामाजिक, आर्थिक, जातीय, भाषिक, धार्मिक, साँस्कृतिक) को विषयले प्राथमिकता पाउन थाल्यो । सोही सन्दर्भमा नेपालको संविधान जारी भएपछि संवैधानिक प्रावधान, नीति तथा सरकारको कार्यक्रमलाई आत्मसात गर्न शिक्षा क्षेत्रमा पनि सुधारका नयाँ आयाम आयो । जुन सन्दर्भ केन्द्रबाट तयार गरिएको पाठ्यक्रमले स्थानीय आवश्यकताको पहिचान, समस्या समाधान र सम्बोधन गर्न नसक्ने वास्तविकतालाई मध्यनजर गरी विद्यालय तहमा एक विषय स्थानीय पाठ्यक्रम स्थानीय विज्ञहरूको विज्ञतामा निर्माण गरी पठनपाठन गर्न कानुनी र नीतिगत व्यवस्था गरिएको देखिन्छ । भोजपुर नगरपालिकाले पनि वर्तमान नेपालको संवैधानिक प्रावधान, शिक्षासम्बन्धी विद्यमान कानुनी र नीतिगत व्यवस्थाको मर्म अनुसार कार्यान्वयन गर्न स्थानीय पाठ्क्रम निर्माण कार्यदल गठन गरी यो स्थानीय पाठ्यक्रम **हाम्रो भोजपुर नगरपालिका २०७८** तयार पारेको छ । यो पाठ्यक्रम भोजपुर नगरपालिका स्तरीय कक्षा १-८ मा लागू गर्ने प्रयोजनका लागि निर्माण गरिएको हो ।

## २. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

**राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :**

क. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

ख. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

ग. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

घ. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

ङ. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

च. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने

छ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

ज. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

झ. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

ञ. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएको, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

ट. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

ठ. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ३. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना (कक्षा १–८)

राष्ट्रिय पाठ्यक्रमले आधारभूत विद्यालय शिक्षाको संरचनालाई देहायवमोजिम निर्धारण गरेको छ :

### ३.१ आधारभूत शिक्षा (कक्षा १–३) को पाठ्यक्रम संरचना

**तालिका १ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क्र. स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | आफ्नो सेरोफरोसम्बन्धी ज्ञान, सिप तथा अभिवृत्ति (सामाजिक अध्ययन, तथा सिर्जनात्मक कला, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप) | ८ | २५६ |
| **५.** | **मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप** | **५** | **१६०** |
| | **जम्मा** | **२६** | **८३२** |

### ३.२ आधारभूत शिक्षा (कक्षा ४–५) को पाठ्यक्रम संरचना

**तालिका २ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

| क्र.स. | विषय | पाठ्यघण्टा | वार्षिक पाठ्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| **७.** | **मातृभाषा वा स्थानीय विषय** | **४** | **१२८** |
| **जम्मा** | | **३२** | **१०२४** |

## ३.३ आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना

**तालिका ३ : आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना**

| क्र.स. | विषय | | | | |
|---|---|---|---|---|---|
| | **साधारण** | **संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा** | **गोन्पा तथा विहार/मदर्सा शिक्षा** | **पाठ्यघण्टा** | **वार्षिक पाठ्यघण्टा** |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | **मातृभाषा वा स्थानीय विषय** | **वेद वा नीति शास्त्र** | **भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा** | ४ | **१२८** |
| **जम्मा** | | | | **३२** | **१०२४** |

स्रोत : राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६

# खण्ड (ख)

## १. 'हाम्रो भोजपुर नगरपालिका' स्थानीय पाठ्यक्रमको परिचय

निर्धारित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न ज्ञान तथा अनुभवहरू हासिल गराउन निश्चित दिशा प्रदान गर्ने कार्यक्रमिक दस्तावेज नै पाठ्यक्रम हो । यो शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको मार्गदर्शक शैक्षिक तथा शैक्षणिक सामग्री हो ।

राष्ट्रिय पाठ्यक्रमबाट मात्र विविधतायुक्त समाजका सबै आवश्यकता पूरा नहुने मान्यताअनुरूप राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कक्षा १-८ मा छुट्टै स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान, नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार उल्लेख, शैक्षिक विकेन्द्रीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने सहयोगी माध्यमका रूपमा पाठ्यक्रमको स्थानीयकरण गर्ने नीति, नेपालको वर्तमान सङ्घीय संरचनाअन्तर्गत बनेका स्थानीय सरकारको कार्यस्वरूपले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्नुपर्ने जिम्मेवारी तथा "स्थानीय विषयवस्तु समेटी स्थानीय निकायको समन्वयमा आवश्यकताअनुसार स्थानीय पाठ्यक्रम विद्यालयगत वा स्थानीय तहगत रूपमा तयार गर्न सकिने छ" भन्ने स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ मा भएका नीतिगत व्यवस्थालाई समेत आधार मानेर भोजपुर नगरपालिकाको स्थानीय आवश्यकता र स्थानीय विषयवस्तु समेटेर स्थानीय तहगत रूपमा कार्यान्वयन हुने गरी यो **'हाम्रो भोजपुर नगरपालिका'** नामक स्थानीय पाठ्यक्रम तयार पारिएको हो ।

यो पाठ्यक्रम भोजपुर नगरपालिकाअन्तर्गत नगर शिक्षा समितिको निर्णयअनुसार गठित स्थानीय शिक्षकहरू संलग्न रहेको **स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**को अग्रसरतामा निर्माण गरिएको नगरस्तरीय पहिलो स्थानीय पाठ्यक्रम हो । कार्यदलले स्थानीय सरोकारवालाहरू (नगरभित्रका विद्यालयका प्र.अ., वि.व्य.स.अध्यक्ष, जनप्रतिनिधि, बुद्धिजिवी, समाजसेवी, उद्योगी, शिक्षक, अभिभावक) सँगको गोष्ठी, प्रत्यक्ष भेटघाट तथा कुराकानी, लिखित प्रश्नावली आदि मार्फत स्थानीय आवश्यकता पहिचान तथा सामग्री सङ्कलन गरी भोजपुर नगरपालिकाको जम्मा १२ ओटै वडाको स्थानीयतालाई आवश्यकता अनुसार समेटेर यो पाठ्यक्रम निर्माण गरिएको छ । कर्यदलले तयार पारेको पाठ्यक्रमको मसौदालाई सरोकारवालाबीच प्रस्तुतीकरण गरेर आएको सुझावलाई समेत समेटेर पाठ्यक्रमलाई अन्तिम रूप प्रदान गरिएको हो । यो पाठ्यक्रम नगरपालिकाको निर्णय अनुसार नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यायलमा राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको स्थानीय पाठ्यक्रम शीर्षक विषय क्षेत्रको मापदण्डअनुरूप कक्षा १-८ मा लागू भई कार्यान्वयन हुनेगरी निर्माण गरिएको छ ।

यस पाठ्यक्रमका लागि 'स्थान विशेषमा आधारित पाठ्यक्रम (Area Based Curriculum)' को मान्यता र सहभागिताको आधारलाई आत्मसात गर्दै भोजपुर नगरपालिकाको स्थानीय भौगोलिक, ऐतिहासिक, साँस्कृतिक, धार्मिक, आर्थिक, पर्यटकीय क्षेत्र तथा अन्य आवश्यक पक्षहरूलाई समेटिएको छ । मूलतः यस पाठ्यक्रममा मुख्य नौ ओटा विषयक्षेत्रहरू (Themes) निर्धारण गरिएका छन् :

१. भौगोलिक परिचय,
२. ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा,
३. जातजाति, भाषाभाषी तथा चाडपर्व,
४. आर्थिक क्रियाकलाप र स्थानीय पेसा, व्यवसाय तथा प्रविधि,
५. स्थानीय तहको संरचना र विशिष्ट व्यक्तित्व,
६. स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि,
७. विपद् रोकथाम तथा व्यवस्थापन,
८. स्थानीय नैतिक मूल्यमान्यता र व्यावहारिक लेखन सिप,
९. स्वस्थ जीवनशैली

यी विषयक्षेत्रलाई कक्षागत रूपमा तोकिएको वार्षिक पाठ्यघण्टाको परिधिभित्र रहेर क्रमिक स्तरीकरण गर्दै कक्षा १-३ मा आफ्नो वडाको क्षेत्रभित्रका विषयवस्तुहरू र कक्षा ४-५ मा आफ्नो पालिकाभित्रका विषयवस्तुहरू साथै कक्षा

६-८ मा आफ्नो पालिकाभित्रका र केही आफ्नो जिल्लाभित्रका विषयवस्तुसमेत समेटिन पुगेका छन् । पाठ्यक्रममा तहगत सक्षमता, कक्षागत सिकाइउपलब्धि, विषयवस्तु र तिनको विस्तृतीकरण, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रक्रियाका साथै विशिष्टीकरण तालिकासमेत स्पष्ट रूपमा उल्लेख गरिएको छ ।
पाठ्यपुस्तक तथा आधिकारिक स्रोतको अभावमा पनि सजिलै कार्यान्वयन गर्न सहज होस् भनी सम्बन्धित विषय शिक्षकका लागि पाठ्यक्रमको अन्त्य (अनुसूची ३) मा आवश्यक सन्दर्भ स्रोतसमग्रीसमेत राखेर पाठ्यक्रमलाई सरलीकृत बनाउने प्रयास गरिएको छ ।
भोजपुर नगरपालिकाको विविधतायुक्त स्थानीय विशेषताहरू : **खिकामाछा थुम**को इतिहास, टक्सारमा अवस्थित नेपालकै पुरानो मानिने थेरबारी विहार **शाक्यमुनी विहार**, पृथ्वीनारायण शाहको पालामा डोली पैसाको टक काट्ने ऐतिहासिक **टक्सार**, टक्सारको **करुवा**, प्रसिद्ध **सिद्धकाली** मन्दिर, **सरस्वती गुफा**, **नाग दह**, मनमोहक **नागछाँगा**, **सिद्धेश्वर**, **गुप्तेश्वर**, विभिन्न **गुम्बाहरू** , ऐतिहासिक **हतुवागढी**, **मुन्धुम पदमार्ग**, प्रसिद्ध **साल्पापोखरी** आदि महत्त्वपूर्व सम्पदाहरूको चिनारी, राई जातिको **उधौली, उभौली, साकेवा/साकेन्वा सिलि (नाच), तीन चुला पूजाको संस्कार, विनायो (बाजा), चिण्डो, वाचिपा** (मौलिक खाजा) आदि, नेवार जातिको **लाखे, धिमे, ठाकठुके (नाचहरू), बेल विवाह, जात्रा, सुकन्दा, करुवा, अन्ती** आदि, तामाङ जातिको **पोङ, सेलो, खोले, ल्होसार** आदि, शेर्पा जातिको **कठुवा, टुङ्ना, स्याब्रु, ल्होसार** आदि, ब्राह्मण-क्षेत्रीको **संगिनी, बालान, भजन, जनै सुपाडी** आदि पक्षको चिनारी, त्यस्तै विशिष्ट व्यक्तित्वहरू : **रामप्रसाद राई**, **नारदमुनि थुलुङ**, विश्व अल्ट्रा धाविका **मीरा राई**, महिला शिक्षा अभियान्ता **शीलशोभा ताम्राकार**, त्यस्तै भोजपुर नगरपाकिामा जन्मनुभएका **दुर्गा भट्टराई** (दाँवा, नेपालको तर्फबाट UN को स्थायी प्रतिनिधि), **मिनबहादुर रायमाझी** (हेलौछा, पूर्व प्रधानन्यायधीश), **विमल कोइराला** (पोखरे, पूर्व मुख्य सचिव) आदिको चिनारी साथै **गुद्रुक-सिन्की** बनाउने प्रविधि, **मर्चा** बनाउने प्रविधि, **भोजपुरे खुकुरी** उद्योग, **धातु उद्योग**, माटोका सामान बनाउने उद्योग जस्ता **रैथाने प्रविधिहरू**देखि आयआर्जनका उद्यम व्यवसाय तथा **नगदे बालीहरू**को जानकारी गराउने, **खुत्रुके बचत** गर्नेदेखि लिएर विपत सुरक्षाका उपायहरू, **जङ्क फुड नखाने**, योग साधनको महत्त्व बुझ्ने, स्थानीय **प्रहरी, प्रशासन, दमकल, एमबुलेन्स, विद्युत, अस्पताल, खानेपानी आदि अत्यावश्यक फोन नम्बरहरू** याद गराउनेदेखि **चेक, भौचर भर्ने, भरपाइ, निवेदन, बिल, बैठकको निर्णय लेख्ने**, **स्वस्थ जीवनशैली** आदि जस्ता **जीपनोपयोगी सीप** (Life skills) को विकास गर्ने विषयवस्तुसमेत राखिएको छ। **शिष्ट बोल्ने, नैतिक मूल्य मान्यतामा** रहने, **नमस्कार, सेवा** (राई), **सोवारो** (लिम्बू), **टसिदेले** (शेर्पा), **फ्याफुल्ला** (तामाङ), **जोजोलोपा** (नेपाल भाषा), **झोर्ले** (मगर) **छ्याजलो** (गुरुङ) जस्ता मातृभाषा प्रयोगको प्रेरणा सहित पारस्पारिक सम्मान गर्ने जस्ता **व्यावहार कुशल सिप** (Soft skills) विकासको अपेक्षा पनि राखिएको छ ।

## २. पाठ्यक्रमको आवश्यकता र औचित्य

मानव सभ्यता र विकासका लागि स्थानीय तहबाट नै जागरुकता आउनुपर्दछ । । मानिसले सर्वप्रथम आफ्नो गाउँ, समुदायको पहिचान गर्नुपर्दछ । स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपले आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी साप्ताहिक ५ र वार्षिक १६० कार्यघण्टा र कक्षा ४ देखि ८ मा मातृभाषा वा स्थानीय विषयवस्तु नामकरण गरी साप्ताहिक ४ र वार्षिक १२८ कार्यघण्टा तोकेको छ । उक्त प्रावधानअनुसार भोजपुर नगरपालिकाको सन्दर्भमा हालसम्म स्थानीय पाठ्यक्रम विकास एवम् कार्यान्वयन नभएको र राष्ट्रिय पाठ्यक्रम प्रारुप लगायतको प्रावधानका आधारमा स्थानीय पाठ्यक्रम निर्माणको आवश्यकता महसुस भएको हो ।

प्रस्तुत **हाम्रो भोजपुर नगरपालिका शीर्षक** पाठ्यक्रमले यस नगर क्षेत्रको विशिष्ट पहिचान दिन्छ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज र जिल्लाको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरू, पर्यटकीय स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्रकोप एवम् प्राकृतिक विपत्तिहरू समेत पहिचान गरी सचेतता अपनाउन सहयोगी हुने छ । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त हुने छ । नगर क्षेत्रमा बसोवास गर्ने प्रमुख जातजाति, भाषाभाषी र उनीहरूका प्रमुख चाडपर्वका बारेमा जानकारी हुने छ । यसबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्नेछन् । यो पाठ्यक्रमको कार्यान्वयनले भावी सामाजिक तथा वातावरणीय विकासका धरोहर आजका बालबालिकाहरूलाई स्थानीय परिवेशको सर्वाङ्गीण पक्षको पहिचान गराई सोको संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागिता बढाउनका साथै स्वावलम्बनको धारणासमेत प्रदान गर्ने छ । भविष्यमा स्थानीय क्षेत्रको दिगो विकासका निम्ति नयाँ सम्भावनाहरू पहिल्याउँदै स्थानीय स्तरमा जनशक्ति विकासको अवसर दिने छ । दैनिक जीवनमा आवश्यक व्यवहारिक लेखन सिप विकासका साथै स्थानीय स्तरमा सूचना सञ्चारका सिपहरू समेत प्राप्त गर्ने छन् । सामाजिक सहिष्णुता र मेलमिलापको वातावरण विकास गरी दिगो विकासका लागि सामाजिक ऐक्यबद्धताको सन्देश प्रवाह गर्दै पेसा व्यवसायको लागि गाउँ छोड्ने प्रवृत्तिलाई समेत निरुत्साहित गर्नेछ साथै यो पाठ्यक्रम स्थानीय विषयवस्तुमा आधारित स्थानीय सरोकारवालाकै सहभागितामा तोकिएको मापदण्डमा रहेर निर्माण गरिएकाले यसको आवश्यकता, महत्त्व र औचित्य रहने छ ।

## ३. पाठ्यक्रम निर्माणमा अवलम्बन गरिएका सिद्धान्त

स्थानीय पाठ्यक्रम निर्माणका विभिन्न सैद्धान्तिक मान्यताहरू रहेका छन् । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६ का अनुसार स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई निम्नअनुसार उल्लेख गरेको छ :

(क) स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based Education Theory) : यसले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसामु फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ ।

(ख) समाजिक पुनर्संरचनावादी सिद्धान्त (Social Reconstructivism Theory) : यसले पाठ्यक्रम निर्माणमा सामाजिक आवश्यकता, सामाजिक मुद्दा, सामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुरामा जोड दिन्छ ।

(ग) स्थान विशेषमा आधारित पाठ्यक्रम (Area Based Curriculum) : यसले विद्यालयको वरिपरि वा निश्चित स्थान वा क्षेत्र (जस्तैः गाउँ, वडा, गाउँ वा नगरपालिका) केन्द्रित भएर त्यहाँका विशेषता तथा आवश्यकतामा आधारित भई पाठ्यक्रम निर्माण गर्न सकिन्छ । यस्तो पाठ्यक्रम निर्माण र कार्यान्वयन स्थानीय सहकार्य र सहभागितामा हुने गर्दछ ।

(घ) सहभागितामा आधारित पाठ्यक्रम : पाठ्यक्रम जसका लागि बनाइने हो तिनीहरूको संलग्नता पनि आवश्यक छ भन्ने रहेको छ । यस अर्थमा पाठ्यक्रम विद्यार्थीका लागि बनाइने भएकाले उनीहरूको सहभागिता जरुरी देखिन्छ । यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका पाठ्यक्रम विकास तथा कार्यान्वयनमा रहनुपर्छ भन्ने सैद्धान्तिक दृष्टिकोणबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको देखिन्छ ।

त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले पाठ्यक्रम विकासका सैद्धान्तिक आधारहरू : सक्षमतामा आधारित, एकीकृत पाठ्यक्रमको मान्यतामा आधारित, समावेशी मान्यतामा आधारित, बालकेन्द्रित आधार, स्थानीय

आवश्कतामा आधारित, सहभागितामूलक आधार, जीवनोपयोगी सीपको अधार आदि मान्यतालाई आत्मसात गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

उपर्युक्त सैद्धान्तिक मान्यताहरूमध्ये प्रस्तुत **हाम्रो भोजपुर नगरपालिका** शीर्षक स्थानीय पाठ्यक्रम मूलत : स्थान विशेषमा आधारित पाठ्यक्रम (Area Based Curriculum) को मान्यतालाई आत्मसात गरेको छ । पाठ्यक्रम निर्माण प्रक्रिया र चरणका आधारमा हेर्दा यसले सहभागितामा आधारित मान्यतालाई अङ्गिकार गरेको छ। यसलाई सक्षमतामा आधारित पाठ्यक्रमका रूपमा विकास गरिएको छ । स्थानीय आवश्यकता र सहभागिता, बालकेन्द्रित तथा समावेशी मान्यता र जीवनोपयोगी सीप पक्षलाई पनि विशेष ध्यान दिइएको छ। विषयक्षेत्रहरू (Theme) लाई स्थान विशेषमा अधारित विषयवस्तुको एकीरण सूत्रमा स्तरीकरण गर्ने प्रयास गरिएको छ ।

## ४. पाठ्यक्रम निर्माण प्रक्रिया

केन्द्रमा निर्माण भएको पाठ्यक्रमले समेट्न नसकेको स्थानीय विषयवस्तु समेटेर स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रमको निर्माण हुने गर्दछ । विश्वव्यापी रूपमा सोच्ने र स्थानीय आवश्यकता अनुसार कार्य गर्ने (Think Globally, Act Locally) को मूल मर्मलाई अङ्गाली स्थानीय पाठ्यक्रमको निमार्णमा मुख्य पक्षहरू स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र स्थानीय विज्ञताको संयुक्त संलग्नतामा निर्माण भई कार्यान्वयन हुने गर्दछ ।

पाठ्यक्रम निर्माण कार्य एक प्राज्ञिक तथा प्राविधिक कार्य पनि हो। यसको निर्माणमा एक निश्चित प्रक्रिया र चरण पूरा हुने गर्दछ । **हाम्रो भोजपुर नगरपालिका** शीर्षक स्थानीय पाठ्यक्रम निर्माण गर्ने क्रममा हिल्डा तावाको मान्यतालाई आत्मसात गरिएको छ । हिल्डा तावाले प्रस्तुत गरेको ढाँचाअनुसार पाठ्यक्रम निर्माणका क्रममा : आवश्यकताको पहिचान, उद्देश्य निर्धारण, विषयवस्तुको निर्धारण, विषयवस्तुको छनोट, विषयवस्तुको सङ्गठन, सिकाइ अनुभवको छनोट, सिकाइ अनुभवको सङ्गठन र मूल्याङ्कनका चरणहरू उल्लेख छन्। यो स्थानीय पाठ्यक्रम निर्माणका क्रममा आवश्यकता पहिचान तथा विषयवस्तु सङ्कलनका लागि भोजपुर नगरपालिकाभित्र सञ्चालित सबै सामुदायिक र संस्थागत विद्यालयहरू जम्मा ५२ ओटा विद्यालयहरू, वि.व्य.स.अध्यक्ष, पूर्व प्र.अ. तथा शिक्षाकर्मीहरू, विभिन्न जातीय संघसंस्थाहरू, शिक्षक, नागरिक समाज, उद्योग वाणिज्य संघ, समाजसेवी तथा शिक्षाप्रेमीहरूसँग इमेल, प्रश्नावली, भेटघाट र अन्तर्वार्तामार्फत सामग्री सङ्कलन गरिएको छ । यस पाठ्यक्रममा समावेश विषयक्षेत्र (Theme) लाई स्थानीय पाठ्यक्रम निर्माण कार्यदलले छनोट गरी नगरस्तरीय प्र.अ. र वि.व्य.स. अध्यक्षहरूको संयुक्त बैठकबाट अनुमोदन गराई तहगत सक्षमताहरू निर्धारण गरेको हो। उक्त सक्षमताका अधारमा कक्षागत सिकाइ उपलब्धि निर्धारण गरेर सम्बन्धित विषयवस्तुको छनोट तथा सङ्गठन र सम्बन्धित सिकाइ सहजीकरण प्रस्तुत गरी मूल्याङकन खण्ड उल्लेख गरिएको छ । पाठ्यक्रम निर्माणका क्रममा आधारभूत तहको राष्ट्रिय पाठ्यक्रमहरू, प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयले तयार पारेको नमुना स्थानीय पाठ्यक्रम, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६ तथा अन्य पूर्वनिर्मित स्थानीय पाठ्यक्रमहरूलाई सन्दर्भ सामग्रीका रूपमा उपयोग गरिएको छ । यो पाठ्यक्रमलाई अन्तिम रूप प्रदान गर्न सम्बन्धित सरोकारवालाको भेलामा प्रस्तुत गरी प्राप्त सुझावलाई पनि समेटिएको छ ।

## ५. तहगत सक्षमता

यस पाठ्यक्रमका लागि देहायवमोजिम तहगत सक्षमता निर्धारण गरिका छन् :

### ५.१ कक्षा १–५

**आधारभूत तह कक्षा १-५ को अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

क) आफू र आफ्नो स्थानीय तहका विविधतायुक्त विशेषता बोध गरी अपनत्व र एकताको भावना विकास

ख) भोजपुर नगरपालिकाको सामान्य परिचयसहित भौगोलिक अवस्थाको जानकारी हासिल

ग) आफ्नो वडा र पालिकाभित्र पर्ने ऐतिहासिक, धार्मिक, साँस्कृतिक, र पर्यटकीय सम्पदाहरूसँग परिचित

घ) आफ्नो वडा र पालिकाभित्र बसोबास गर्ने जातजाति र सो जातिले बोल्ने भाषा तथा मनाउने चाडपर्वको जानकारी हासिल

ङ) आफ्नो वडा र पालिकाभित्र बसोबास गर्ने मानिसहरूको आर्थिक क्रियाकलाप तथा मुख्य आयआर्जनका स्रोतहरूको जानकारी हासिल

च) आफ्नो वडा र पालिकाभित्रका रैथाने प्रविधि र जिविकोपार्जनका स्थानीय पेसा तथा व्यवसायसँग परिचित

छ) भोजपुर नगरपालिकाका वडाहरू र पालिकाको संरचनात्मक बनोटको जानकारी हासिल

ज) भोजपुर नगरपालिकाभित्रका विशिष्ट व्यक्तिहरूको चिनारी र सम्मान बोध

झ) स्थानीय स्तरका विद्यमान पूर्वाधारहरूको अवलोकन र पूर्वाधार विकासबारे जानकारी हासिल

ञ) स्थानीय स्तरका जनशक्ति पहिचान गरी सिप विकासका उपायहरूबारे जानकारी हासिल

ट) स्थानीय स्तरमा अत्यावश्यक सञ्चार सम्पर्कका लागि सञ्चारका साधनहरूको उपयोग

ठ) आफ्नो घर विद्यालय वरिपरिका सम्भावित प्रकोप तथा विपदबारे जानकारी र सुरक्षाका उपायहरू बारे जागरुक

ड) स्थानीय नैतिक मूल्यमान्यताका आधारभूत पक्षहरूको आत्मसात् तथा विविधताको सम्मान

ढ) आफ्नो मातृभाषाको महत्त्व वोध गरी घर तथा समुदायमा मातृभाषा बोल्न प्रेरित

### ५.२. कक्षा ६–८

**आधारभूत तह कक्षा ६-८ को अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

क) आफू , आफ्नो स्थानीय तह र जिल्लाका विविधतायुक्त विशेषता बोध गरी अपनत्व, एकता र आत्मसम्मानको विकास

ख) भोजपुर नगरपालिका र भोजपुर जिल्लाको सामान्य परिचय र भौगोलिक अवस्थाको जानकारी हासिल

ग) आफ्नो पालिका र जिल्लाभित्र पर्ने ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय सम्पदाहरूको पहिचान र तिनको संरक्षण-संवर्द्धनमा अग्रसर

घ) आफ्नो नगरपालिका र जिल्लाभित्रका जातजाति, भाषाभाषी तथा चाडपर्वको पहिचान र सम्मान

ङ) आफ्नो पालिकाभित्रका प्रमुख रैथाने प्रविधि र जिविकोपार्जनका स्थानीय पेसा तथा व्यवसायको पहिचान, अवलोकन, अभ्यास र अवलम्बन

च) आफ्नो पालिकाभित्र सञ्चालित स्थानीय उद्यम व्यवसाय तथा प्रमुख नगदेबालीको अवलोकन र आफ्नो अनुकूल व्यावसायिक कार्यमा सरिक

छ) जिल्ला र जिल्लाभित्रका स्थानीय तहहरूको संरचनात्मक अवस्था बारे जानकारी हासिल

ज) भोजपुर नगरपालिका र भोजपुर जिल्लाभित्रका विभिन्न क्षेत्रमा ख्यातिप्राप्त स्थानीय विशिष्ट व्यक्तिहरूको चिनारी र सम्मान

झ) सुरक्षित एवम् दिगो पूर्वाधार विकासका मापदण्डहरूको जानकारी र अवलम्बन

ञ) प्राविधिक र अप्राविधिक जनशक्ति पहिचान गरी आयमूलक सिप विकास र प्रमाणीकरणका उपायहरू बारे जानकारी हासिल

ट) स्थानीय स्तरमा अत्यावश्यक सञ्चार सम्पर्कका लागि सञ्चारका साधनहरूको उपयोग

ठ) आफ्नो क्षेत्र वरपरका सम्भावित प्रकोप तथा विपदबारे जानकारी र पूर्वसावधानी एवम् सुरक्षाका उपायहरू बारे जागरुक

ड) दैनिक जीवनयापनका क्रममा प्रयोगमा आउने व्यावहारिक लेखन सिप विकास

ढ) स्थानीय नैतिक मूल्यमान्यताका आधारभूत पक्षहरूको आत्मसात् तथा विविधताको सम्मान

ण) आफ्नो मातृभाषाको महत्त्व वोध गरी घर तथा समुदायमा आफ्नो मातृभाषा बोल्न प्रेरित हुँदै अन्य मातृभाषाको सम्मान

त) स्वस्थकर जीवनशैली अवलम्बन (योग तथा पोषणयुक्त खाना )

## ६. विषयवस्तुको क्षेत्र र पाठ्यघण्टा निर्धारण

| **क्र.स.** | **क्षेत्र** | **पाठ्यघण्टा** | | |
|---|---|---|---|---|
| | | **कक्षा १-३** | **कक्षा ४-५** | **कक्षा ६-८** |
| १ | भौगोलिक परिचय | १४ | १० | १० |
| २. | ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय स्थल | २८ | २२ | २० |
| ३. | जातजाति, भाषाभाषी तथा चाडपर्व | २० | १६ | १६ |
| ४. | आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय तथा प्रविधि | ३० | २५ | २० |
| ५. | स्थानीय संरचना र विशिष्ट व्यक्तित्व | १८ | १६ | १४ |
| ६. | स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि | २० | १७ | १४ |
| ७. | प्रकोप रोकथाम तथा व्यवस्थापन | १६ | १२ | १० |
| ८. | स्थानीय नैतिक मूल्य मान्यता र व्यावहारिक लेखन सिप | १४ | १० | १४ |
| ९. | स्वस्थ जीवनशैली | - | - | १० |
| **जम्मा** | | **१६०** | **१२८** | **१२८** |

## ७. कक्षागत सिकाइ उपलब्धि

### ७.१ कक्षा १–५

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| १. भौगोलिक परिचय | • आफू बसेको ठाउँको नाम बताउन<br>• आफ्नो वरपरको खोलानाला, डाँडाकाँडा , बाटो चिन्न र नाम बताउन | • आफू बसेको ठाउँको नाम र ठेगाना बताउन,<br>• आफ्नो ठाउँको खोलानाला, डाँडाकाँडा, बाटो, वनजङ्गल चिन्न र नाम बताउन | • आफ्नो वडा क्षेत्रको सिमाना बताउन<br>• आफ्नो वडाको सामान्य भौगोलिक अवस्था (खोलानाला, डाँडाकाँडा, बाटो, वनजङ्गल) को वर्णन गर्न | • भोजपुर नगरपालिका भित्रका विभिन्न वडाहरूको सिमाना बताउन<br>• भोजपुर नगरपालिका भित्रका विभिन्न वडाहरूको भौगोलिक अवस्था (खोलानाला, छाँगा, दह, डाँडाकाँडा, भीर, बाटो, वनजङ्गल) को पहिचान गर्न र नाम बताउन | • भोजपुर नगरपालिका भित्रको होचो र अग्लो ठाउँको नाम भन्न र चिन्न<br>• भोजपुर नगरपालिका भित्र पाइने बनस्पति, जीवजन्तु, पंक्षीको वर्गीकरण गर्न<br>• भोजपुर नगरपालिका भित्र रहेका ,डाँडाकाडाँ, खोलानाला, छाँगा र वनस्पतिको महत्व बताउन |
| २. ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा पर्यटकीय सम्पदा | • आफ्नो घरका भएका ऐतिहासिक तथा पुरानो सम्पदाहरूको नाम बताउन<br>• आफ्नो घर वरपरका मानिसले अपनाउने धर्मका नाम र धार्मिक स्थल बताउन<br>• आफ्नो घरपरिवार र छिमेकमा प्रयोग गरिने भेषभुषा र गरगहनाको नाम बताउन<br>• आफ्नो घर र छिमेकमा प्रचलित स्थानीय बाजाहरूको नाम बताउन | • आफ्नो घर वरपरका ऐतिहासिक सम्पदाको नाम र अवस्थिति बताउन<br>• आफ्नो घर वरपरका धार्मिक सम्पदाको नाम र अवस्थिति बताउन<br>• आफ्नो वडाभित्र अपनाउने धर्मको नामहरू बताउन<br>• वडा भित्र प्रचलित स्थानीय बाजाहरू पहिचान गर्न | • आफ्नो वडाभित्रका मुख्य ऐतिहासिक सम्पदाहरूको पहिचान र अवस्थिति बताउन<br>• आफ्नो वडाभित्रका मानिसले अपनाउने धर्मको नाम र धार्मिक सम्पदाहरूको नाम , अवस्थिति बताउन<br>• वडा भित्र प्रचलित स्थानीय भेषभुषा र गरगहनाको पहिचान गर्न<br>• वडा भित्र प्रचलित स्थानीय खाना पहिचान गर्न | • आफ्नो पालिका भित्रका प्रमुख ऐतिहासिक सम्पदाहरूको नाम , अवस्थिति, नामकरणको ऐतिहासिकता बताउन ( टक्सार, भोजपुर वजार, दावाँ, आम्तेक, हेलौछा, वोखिम, भैंसीपखा)<br>• आफ्नो पालिका भित्रको धर्मावलम्वीहरूको जनसांख्यिक र प्रमुख धार्मिक सम्पदाहरूको नाम, अवस्थिति बताउन<br>• आफ्नो पालिका भित्रको प्रचलित स्थानीय गीत तथा नृत्यको पहिचान गर्न<br>• आफ्ना पालिका भित्रको मुख्य पर्यटकिय सम्पदाहरूको नाम र अवस्थिति बताउन | • भोजपुर वजारको ऐतिहासिक परिचय, महत्व र संरक्षणका उपायहरू वताउन<br>• भोजपुर नगरपालिका भित्रको शेर्पा समुदाय र तामाङ्ग समुदायको प्रमुख गुम्वाहरूको धार्मिक परिचय वताउन<br>• पालिका भित्र प्रचलित स्थानीय बाजाहरू पहिचान गर्न<br>• वनदेवी नाच र ठाकठुके नाचको साँस्कृतिक महत्व वताउन<br>• सिद्धमहाराजको मन्दिर र सरस्वती गुफा पर्यटकीय परिचय र महत्व वताउन |
| ३. जातजाति, भाषाभाषी तथा चाडपर्व | • आफ्नो घरपरिवार र छिमेकीको जातजाति बताउन<br>• जातीय सद्भाव र सम्मान व्यक्त गर्न<br>• आफ्नो घरमा र छिमेकमा बोलिने भाषाहरू चिन्न<br>• आफ्नो मातृभाषा चिन्न | • आफ्नो गाउँ/टोलको जातजातिहरूको नाम भन्न र लेख्न<br>• जातीय सद्भाव र सम्मान व्यक्त गर्न<br>• आफ्नो गाउँ/टोलका जातजातिले बोल्ने भाषाहरू पहिचान गरी भन्न | • आफ्नो वडाभित्र बसोबास गर्ने जातजातिको नाम भन्न, लेख्न र छलफल गरी प्रस्तुत गर्न<br>• जातीय सद्भाव र सम्मान व्यक्त गर्न<br>• आफ्नो वडाभित्र बोलिने भाषाहरूको सूची प्रस्तुत गर्न | • आफ्नो पालिकाभित्र बसोबास गर्ने सबै जातजातिको विवरण प्रस्तुत गर्न<br>• जातीय सद्भाव र सम्मान व्यक्त गर्न<br>• आफ्नो पालिकाभित्रका समुदायले बोल्ने भाषाहरूको सूची प्रस्तुत गर्न<br>• आफ्नो मातृभाषामा बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन | • आफ्नो पालिकाभित्र बसोबास गर्ने सबै जातजातिको नाम र मुख्य बसोबास क्षेत्र प्रस्तुत गर्न<br>• जातीय सद्भाव र सम्मान व्यक्त गर्न<br>• आफ्नो पालिकाभित्रका समुदायले बोल्ने भाषाहरूको स्थिति (प्रयोगको अवस्था) बताउन |

| | | | | | |
|---|---|---|---|---|---|
| | • आफ्नो परिवार र छिमेकीले मनाउने चाडपर्वको नाम बताउन | • आफ्नो मातृभाषामा बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन<br>• आफ्नो गाउँ/टोलमा मनाइने चाडपर्वहरूको सूची बनाउन | • आफ्नो मातृभाषामा बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन<br>• आफ्नो वडाभित्रका मानिसहरूले मनाउने चाडपर्वहरूको सूची बनाई प्रस्तुत गर्न | • आफ्नो पालिकाभित्रका समुदायले मनाउने प्रमुख स्थानीय चाडपर्वहरूको सूची प्रस्तुत गर्न<br>• लिम्बू जातिको धाननाच र च्याप्रुङ नाच तथा गुरुङ जातिको तमुल्होसारको सामान्य परिचय प्रस्तुत गर्न | • आफ्नो मातृभाषामा बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन<br>• आफ्ना पालिकाभित्रका समुदायले मनाउने स्थानीय प्रमुख चाडपर्वहरूको सामान्य परिचय बताउन<br>• तामाङको सोनाम ल्होसार, शेर्पाको ग्याल्पो ल्होसार र ङव्युङने ब्रतको परिचय र विशेषता बताउन |
| **४. आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय तथा प्रविधि** | • आफ्नो परिवारको आम्दानी र खर्चका क्षेत्रहरू बताउन<br>• आफ्नो परिवारका सदस्यहरूको पेसा बताउन<br>• आफ्नो घरमा प्रयोग हुने रैथाने प्रविधिहरू (जाँतो, ढिकी, ओखली, सेल रोटी पोल्ने, मोहीपार्ने, विसकुन सुकाउने, दुना, टपरी गाँस्ने, गुन्द्री, सुकुल, पिरा बुन्ने) चिन्न र नाम बताउन | • आफ्नो गाउँ/टोलका आर्थिक क्रियाकलाप हुने ठाउँहरू बताउन (हाट, बजार, पसल आदि)<br>• आफ्नो गाउँ/टोलमा बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका पेसा तथा व्यवसायहरू बताउन<br>• आफ्नो वडामा प्रयोग हुने रैथाने प्रविधिहरू ( हलो, जुवा, डोको, चित्र, कोल ( ऊखु र तोरी पेल्ने), पिङ ( लिङ्गे र रोहोटे) चिन्न र नाम बताउन | • आफ्नो वडाभित्रका मानिसहरूको मुख्य आयस्रोतका क्षेत्रहरूसँग परिचित हुन<br>• आफ्नो वडाभित्र बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका पेसा तथा व्यवसायहरूको जानकारी राखी आयआर्जनमा अपनाइने विभिन्न पेसा तथा व्यवसायहरूको सूची बनाउन<br>• आफ्ना वरपर र वडास्तरीय रैथाने प्रविधिहरू ( जाँतो, ढिकी, मोही पार्ने, विसकुन सुकाउने, दुना, टपरी गाँस्ने, गुन्द्री, सुकुल, पिरा बुन्ने, कोल (उखु र तोरी पेल्ने), पिङ (लिङ्गे र रोहोटे, हलो बनाउने) को परिचय दिई महत्व बताउन | • आफ्नो वडा र पालिकाभित्रका मानिसहरूको कृषिमा आधारित मुख्य आयस्रोतका क्षेत्रहरूको सूची प्रस्तुत गर्न<br>• आफ्नो वडा र पालिकाभित्र बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका विभिन्न पेसा तथा व्यवसायहरूको वर्गीकरण गर्न<br>• नगरपालिका तथा जिल्ला स्तरीय रैथाने प्रविधिहरू ( नाङलो ,डालो ,फिपी, घुम, भुने, थुन्से, भकारी, छपनी, पेचा, फूर्लुङ, पेरुङ्गो बुन्ने, चँदारो (ठेका, ठेकी, हर्पे, कठुवा, मदानी बनाउने), को परिचय दिई महत्त्व बताउन<br>• भोजपुरे खुकुरी चिन्न र इतिहास बताउन<br>• भोजपुरे खुकुरीको विगत र वर्तमान अवस्थाबारे फरक बताउन | • आफ्नो पालिकाभित्रका मानिसहरूको मुख्य आयस्रोतका क्षेत्रहरू पहिचान गरी मितव्ययिता र बचत गर्ने उपायहरू बताउन<br>• आफ्नो वडा र पालिकाभित्र बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका पेसा तथा व्यवसायको जानकारी राखी प्रमुख नगदे बालीको सूची बनाउन<br>• माटोजन्य रैथाने प्रविधि (गमला, मक्कल, घैला, घैटा, मटिया/सोराई, धुपौरो, खुत्रुके, हाँडी) चिन्न र नाम बताउन<br>• माटोजन्य रैथाने प्रविधिको महत्त्व, उपादेताय बताउन<br>• माटोजन्य रैथाने प्रविधिको अवलम्वन गर्दा सिर्जना हुने रोजगारी र स्वरोजगारीले आर्थिक समुन्नतिमा पार्ने प्रभाव बारे बताउन |
| **५. स्थानीय संरचना र विशिष्ट व्यक्तित्व** | • आफू बसेको वडा नं. बताउन<br>• आफ्ना छिमेकी वडाहरू चिन्न<br>• आफ्नो बाबु, आमा, अन्य अभिभावक तथा छिमेकका मान्नुपर्ने व्यक्तिहरूको नाम बताउन | • आफ्नो जिल्ला, स्थानीय तहको नाम र वडा सङ्ख्या बताउन<br>• आफ्नो नगर प्रमुख र वडाध्यक्षको नाम बताउन<br>• आफ्नो विद्यालयको प्रधानाध्यापकको नाम बताउन र चिन्न | • आफ्नो प्रदेश, जिल्ला, नगरपालिका र वडाहरू बताउन<br>• आफ्नो नगर प्रमुख, वडाध्यक्ष र सबै वडा सदस्यहरूको नाम बताउन र चिन्न<br>• आफ्नो विद्यालयका संस्थापक, घडेरीदाता, पूर्व र वर्तमान वि.व्य.स. अध्यक्ष , शि. अ. संघ अध्यक्षको नाम बताउन | • जिल्लाभित्रका स्थानीय तहहरूको सङ्ख्या र नामको सूची बनाउन<br>• मुख्यमन्त्री, नगर प्रमुख र उपप्रमुखको नाम बताउन र चिन्न<br>• जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखको नाम बताउन<br>• आफ्नो वडामा रहेका राजनीतिक, सामाजिक, शैक्षिक क्षेत्रमा योगदान दिने व्यक्तिहरूको नाम चिन्न र बताउन | • वडा कार्यालयबाट नागरिकलाई प्रवाह गर्ने सेवाहरूको सूची बनाउन<br>• राज्य पुनर्सरचना पछिको पहिलो राष्ट्रपति, आफ्नो प्रदेशको पहिलो मुख्यमन्त्री, पहिलो नगर प्रमुख र उपप्रमुखको नाम बताउन<br>• आफ्नो वडामा रहेका प्रशासनिक, कला, साहित्य र खेलकुद क्षेत्रमा योगदान दिने व्यक्तिहरूको नाम चिन्न र बताउन<br>• शिक्षाप्रेमी व्यक्तित्व शीलशोभा ताम्राकारको योगदान बताउन |

| | | | | | |
|---|---|---|---|---|---|
| **६. स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि** | • स्थानीय स्तरका विभिन्न पूर्वाधारहरूको पहिचान गर्न,<br>• पूर्वाधार क्षेत्रको विकासमा आवश्यक जनशक्तिको नाम बताउन<br>• आफ्ना अभिभावकहरूको सम्पर्क फोन नम्बर बताउन | • विभिन्न प्रकारका भवन र भवन निर्माण गर्न आवश्यक सामग्रीहरू पहिचान गर्न,<br>• पूर्वाधार विकासका स्थानीय प्रविधिहरू र जनशक्तिको पहिचान गर्न<br>• आफ्ना अभिभावकहरूको सम्पर्क नम्बरमा फोन सम्पर्क गर्न | • स्थानीय स्तरका महत्वपूर्ण भवन, यातायात, सञ्चार र पर्यटन पूर्वाधारहरू पहिचान गर्न<br>• सुरक्षित पूर्वाधारको महत्व बताउन<br>• आफ्नो परिवारका सदस्यहरू र विद्यालयको सम्पर्क नम्बर बताउन | • स्थानीय स्तरमा रहेका शिक्षा, स्वास्थ्य, खेलकूद, कृषि आदि क्षेत्रका महत्वपूर्ण पूर्वाधारहरू अवलोकन गरी सुरक्षित रहे नरहेको यकीन गर्न<br>• आफ्नो वरपर रहेका विभिन्न क्षेत्रका मौजुदा जनशक्ति पहिचान गर्न<br>• आफ्नो परिवार, विद्यालय र वडाअन्तर्गतका निकायहरूको सम्पर्क नम्बर बताउन | • सुरक्षित एवम् दिगो पूर्वाधार विकासको महत्त्व बताउन,<br>• विद्यालय निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू र सुरक्षित बनाउने तरिका बताउन,<br>• स्थानीय रैथाने सिपहरू पहिचान गर्न<br>• स्थानीय क्षेत्रको विकासका लागि चाहिने विभिन्न क्षेत्रका जनशक्तिहरू यकिन गर्न<br>• अत्यावश्यक सेवाका महत्वपूर्ण फोन नम्बरहरू बताउन |
| | | | | अभिवादन गरिन्छ र कसरी शिष्टाचार पालना गरिन्छ अभिनय र अभ्यास गर्न लगाउने ।<br>● विद्यार्थीहरूलाई आफ्ना राम्रा र नराम्रा बानीहरू पहिचान गर्न लगाई नराम्रा बानीहरू क्रमश सुधार र राम्रा बानीहरू विकास गर्न अभिप्रेरित गर्ने ।<br>● आफ्नो घरायसी परिवेश, व्यवहार, शिष्टाचार र व्यक्तिगत आचरणको थप जानकारीका लागि मद्दत पुग्ने खेल, अभिनय, सान्दर्भिक कथा वा गीत प्रस्तुतीकरण र अभ्यास गराउने | | |

**कक्षा : २**

| **विषय क्षेत्र** | **एकाइ** | **सिकाइ उपलब्धि** | **विषयवस्तु** | **मुख्य सिकाइ क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन प्रक्रिया** | **कार्यघण्टा** |
|---|---|---|---|---|---|---|
| **१. भौगोलिक परिचय** | ● **भौगोलिक परिचय** | ● आफू बसेको ठाउँको नाम र ठेगाना बताउन,<br>● आफ्नो ठाउँको खोलानाला, डाँडाकाँडा, वनजङ्गल र बाटो चिन्न र नाम बताउन | ● आफू बस्ने ठाउँको नाम र ठेगाना<br>● आफ्नो वरपरको घर, विद्यालय खोलानाला, डाँडाकाँडा , वनजङ्गल र बाटोको चिनारी | ● नगरपालिकाको नक्सामा विद्यार्थीहरूलाई आफ्नो घर र विद्यालय भएको ठाउँ,वडाको नाम र ठेगाना देखाउन लगाउने,अस्पष्ट भएमा मात्र बताईदिने र अन्य ठाउँको बारेमा पनि सोध्ने भन्न र लेख्न लगाउने ।<br>● विद्यार्थीहरूलाई आफ्नो वरपरको खोलानाला, डाँडाकाँडा , वनजङ्गल , गोरेटो,घोरेटो र सडक चिनाउने,भन्न र लेख्न लगाउने | ● निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>१.नगरपालिकाको नक्सा मा आफ्नो घर र विद्यालय भएको ठाउँ र अन्य वडा पनि देखाउन लगाउनुहोस्<br>२.अवलोकन गराई र नक्सा देखाई आफ्नो वरपरको घर, विद्यालय खोलानाला, डाँडाकाँडा, वनजङ्गल, गोरेटो,घोरेटो भए,नभएको पत्ता लगाउन लगाउनुहोस् । | १४ |
| **२. ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा** | ● **ऐतिहासिक सम्पदा** | ● आफ्नो घर वरपरका ऐतिहासिक सम्पदाको नाम र अवस्थिति बताउन | ● आफ्नो घर वरपर भएको ऐतिहासिक धारा, कुवा, वजार, थान ( देवाली, कुलपुजा, साकेला /साकेन्वा ), चौतारा स्थल | ● स्थानीय ऐतिहासिक धारा, कुवा, थान, मन्दिरहरूको फ्लेक्स, चित्र देखाई छलफल गराई यसको नाम र कुन स्थानमा छ अवस्थिमा छ? छलफल गराउने वा संभव भएमा स्थलको स्थलगत रूपमा अध्ययन आवलोकन गराउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● तपाईको घर नजिक रहेको पुरानो धारा/ कुवाको नाम के हो ? | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● आफ्नो गाउँको ऐतिहासिक चौतारा/ गाउँ वा बजारको फोटो वा भिडियो देखाई यसको नाम र अवस्थितिको वारेमा छलफल गराउने<br>● आफ्नो समुदायले अपनाउने देवाली, कुलपुजा, साकेला/साकेन्वा थानको स्थलगत अध्ययन अवलोकन वा फोटो वा भिडियो देखाई यसको नाम र अवस्थितिको वारेमा छलफल गराउने | ● तपाईको गाउँको सवैभन्दा पुरानो मन्दिर,गुम्वा,चर्च छ ? नाम लेख्नुहोस् । कुन स्थानमा पर्छ ?<br>● तपाईको गाउँ समुदायमा भएको चौतारा वा चोकको नाम बताउनुहोस् ? | |
| | ● **धार्मिक सम्पदा** | ● आफ्नो घर वरपरका धार्मिक सम्पदाको नाम र अवस्थिति बताउन<br>● आफ्नो वडा भित्र अपनाउने धर्मको नामहरू बताउन | ● आफ्नो गाउँ समुदायमा भएको देखेको धार्मिक स्थलहरू (मन्दिर, शिवालय, गुम्वा, विहार, चैत्य, चर्च, थान)<br>● आफ्ना वडा भित्रका अपनाउने धर्महरू | ● आफ्ने समुदायमा भएको विभिन्न धर्म अपनाउने धार्मिक झल्को दिने चाँड पर्वहरू, धार्मिक स्थलको तस्विर, फ्लेक्स, भिडियो देखाई छलफल गराउने, यसको नाम र अवस्थिति वारे बताउने ।<br>● समुदायमा भएको धार्मिक स्थलहरू ( मन्दिर,शिवालय,गुम्वा,चर्च ) कुन कुन धर्मावलम्वी संग सम्वन्धित छन् ? छलफल गराई चित्रहरू, भिडियो वा स्थलगत अध्ययन अवलोकनवाट गर्ने<br>● कक्षाको विद्यार्थीहरूलाई तपाईहरू कुन कुन धर्म अपनाउनु हुन्छ ? प्रश्न राखी आफ्नो धर्मको नाम बताउन प्रेरित गराउने<br>● विभिन्न धर्म अपनाउने धार्मिक झल्को दिने चाड पर्वहरू, तस्विर,फ्लेक्स, भिडियो देखाई यसमा मानिसहरू के के गर्दै छन् ? भनी प्रश्न राखी छलफल गराई तपाईहरू पनि यस्तो गर्नुहुन्छ ? छलफल गराई आफ्नो वडाभित्र अपनाउने धर्महरूको नाम बताउन लगाउने । | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● तपाईको सुदायमा रहेको पुरानो मन्दिर/गुम्वा/चर्च को नाम बताउनुहोस् र यो कुन ठाँउमा छ ?<br>● तपाई कुन धर्म अपनाउनु हुन्छ ?<br>● विभिन्न धर्मावलम्वी अवलम्वन गर्ने धर्म र धार्मिक स्थलहरू सम्वन्धि मौखिक प्रश्नउत्तर, जोडामिलाउ, खालिठाँउ भर जस्ता विधिवाट गर्ने<br>● तपाईको वडामा कुन कुन धर्मावलम्विहरू हुनु हुन्छ ? | १४ |
| | ● **साँस्कृतिक सम्पदा** | ● वडा भित्र प्रचलित स्थानीय बाजाहरू पहिचान गर्न | ● आफ्नो घर र छिमेकमा पर्व वा जात्रामा प्रयोग हुने वाजाहरू (ब्राहम्ण क्षेत्री, नेवार, राई, शेर्पा, तामाङ्ग) | ● तपाईहरूले विभिन्न वाजाहरूलाई वजाएको देख्नु भएको छ ? कहाँ र कुन अवसरमा प्रश्न सोधी, विभिन्न स्थानीय वाजा वा फोटोहरू देखाई वा संभव भएमा पर्व मेला, जात्रामा स्थलगत अध्ययन अवलोकन गराउने, नाम र कुन जात जातिसंग सम्वन्धित छ ? छलफल गराउने ,<br>● स्थानीय संस्कृतिका वाजाको जानकारलाई कक्षामा शिक्षक वा विद्यालयवाट आमन्त्रण गराई छलफलवाट विभिन्न जातिय समुदाय संग सम्वन्धित स्थानीय वाजाहरूको नाम बताउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● तपाईको जातिले प्रयोग गर्ने वाजाको नाम लेख्नुहोस् ।<br>● विभिन्न जातीको जात र स्थानीय वाजाहरूको विच जोडा मिलाउ, खाली ठाँउ भर्न लगाएर<br>● विभिन्न समुदाय वा जातिय प्रचलित वाजाको फोटो | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | देखाई वाजाको नाम पहिचान गर्न लगाएर | |
| **३. जातजाति, भाषाभाषी तथा चाडपर्व** | • **जातजाति** | • आफ्नो गाउँ/टोलको जातजातिहरूको नाम भन्न र लेख्न<br>• जातीय सद्भाव र सम्मान व्यक्त गर्न | • आफ्नो परिवार, छिमेकी र अफू बसेको गाउँ/टोलका जातजातिहरूको नाम<br>• आफ्नो कक्षाको जातजाति<br>• जातीय सद्भाव, मेलमिलाप तथा सम्मानजनक व्यवहार | • आ-आफ्नो जातजाति बताउँदै आफ्नो गाउँ/टोलका जातजातिहरूको नाम बताउन लगाउने, छलफल गरी प्रस्तुत गर्न लगाउने<br>• विभिन्न जातजाति र भेषभुषा लगाएका मानिस र समुदायको तस्विर/भिडियो वा सान्दर्भिक सामग्री देखाई चिन्न, भन्न, आफ्नो समुदायका मानिससँग तुलना गर्न लगाउने<br>• कक्षा कार्य गराउदा मिश्रित समूह निर्माण गरी पारस्पारिक सद्भाव, सहकार्य र सहयोगको भावना विकास गर्ने<br>• समावेशी बसाइ व्यवस्थान मिलाउने<br>• समान अवसर र प्रोत्साहन प्रदान गर्ने<br>• आफ्नो घरमा अभिभावकलाई सोधेर गाउँ/टोलका जातजातिहरूको सूची बनाउने परियोजना कार्य प्रदान गर्ने | • प्रश्नोत्तर, व्यवहार अवलोकन, प्रस्तुतीकरण, अभिलेखीकरण<br>• कार्यसञ्चयिका निर्माण<br>• निर्माणात्मक मूल्याङ्कानका साधनहरूको प्रयोग<br>• तपाईंको गाउँमा कुनकुन जातिहरूको बसोबास रहेको छ ?<br>जातीय सद्भाव कसरी कायम हुन्छ ? | ६ |
| | • **भाषाभाषी** | • आफ्नो गाउँ/टोलका जातजातिले बोल्ने भाषाहरू पहिचान गरी भन्न<br>• आफ्नो मातृभाषामा बोल्न ( घर तथा छिमेकमा) प्रेरित हुन<br>• | • घरमा बोलिने भाषा, विद्यालयमा बोलिने भाषा, छिमेकीले बोल्ने भाषा, आफ्नो गाउँ/टोलमा बोलिने भाषाहरूको नाम<br>• भाषाले गर्ने काम बारे छलफल<br>• आफूले बोल्ने भाषाको शुद्ध प्रयोग गर्ने अभ्यास<br>• आफ्नो मातृभाषा र विद्यालयमा बोलिने भाषाको तुलना<br>• आफ्नो घरमा, छिमेकमा तथा साथीहरूसँग मातृभाषा प्रयोग गरेर बोल्न प्रोत्साहन ( मातृभाषाका **नमस्कार,** | • आफूले बोल्ने भाषा, विद्यालयमा बोलिने भाषा, आफ्नो गाउँ/टोलमा बोलिने भाषाहरूको नाम आदिको चर्चा गर्दै भाषाको परिचय दिने<br>• भाषाको काम बारे छलफल गर्ने<br>• आफ्नो मातृभाषा, छिमेकीले बोल्ने भाषा बारे छलफल गरी भन्न लगाउने<br>• बोल्दा शुद्ध उच्चारणमा ध्यान दिने<br>• नमस्कार, स्वागतम, शुभकामना, वधाइ, धन्यवाद शब्दलाई कक्षामा उपस्थित विद्यार्थीकै सहयोगमा वा शिक्षक आफैले नेपालीमा, अङ्ग्रेजीमा तथा विभिन्न स्थानीय मातृभाषाहरूमा अनुवाद गरी प्रस्तुत् गरी आ-आफ्नो मातृभाषाप्रति जागरुक गराउने<br>• नेपाली भाषाभन्दा फरक मातृभाषा बोल्ने विद्यार्थीलाई आफ्नो मातृभाषामा कुनै एक वाक्य | • व्यवहार अवलोकान, रुजुसूची, श्रेणीमापन वा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• प्रश्नोत्तर गर्ने : तपाईंको मातृभाषा र विद्यालयमा बोलिने भाषा एउटै हो कि होइन ?, तपाईंको गाउँमा कुनकुन भाषाहरू बोलेको सुन्नुभएको छ ?<br>• कार्यसञ्चयिका निर्माण र प्रयोग गर्ने<br>• निर्माणात्मक मूल्याङ्कनका अन्य साधनहरू प्रयोग गर्ने<br>• मुख्य सिकाइउपलब्धिमा आधारित मूल्याङ्कन गर्ने | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | **स्वागतम, शुभकामना, वधाइ, धन्यवाद** शब्दहरू) | बोल्न लगाएर अरुलाई पनि यसरी नै बोल्न सक्छौ भनी नमुना प्रस्तुत गरी प्रोत्साहित गर्ने | | |
| | • **चाडपर्व** | • आफ्नो गाउँ/टोलमा मनाइने चाडपर्वहरूको सूची बनाउन | • आफ्नो परिवार, छिमेकी र गाउँ/टोलमा बसोबास गर्ने मानिसहरूले मनाउने चाडपर्वहरूको नाम, मनाउने तरिका र मनाउने महिना/गते/वार/तिथि/अवसरबारे सामान्य छलफल<br>• आफ्नो गाउँ/टोलमा मनाइने विभिन्न चाडपर्वहरूको विवरण | • विभिन्न चाडपर्व मनाउँदै गरेको चित्र, तस्विर, पत्रिकाको कटिङ आदि देखाउँदै छलफल गरी कुन चाडपर्वमा केके गरिन्छ भनी प्रश्न गर्ने (जस्तै : दशैंमा टीका, पिङ..., साकेवा/साकेन्वामा ढोल-झ्याम्टा नाच..., जात्रामा लाखे नाच आदि) र छलफल गरी चाडपर्वको धारणा दिने<br>• आफ्नो परिवार, छिमिकी र गाउँ/टोलमा मनाइने प्रमुख चाडपर्वहरूको नाम, मनाउने तरिका र समय आदिका बारेमा छलफल गर्ने (विद्यार्थी केन्द्रित बनाउने)<br>• विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने (जस्तै : आफूले आफ्नो वा कसैको चाडपर्वमा सहभागि हुँदाको अनुभव वर्णन .....)<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने | • प्रश्नोत्तर : तपाईंले मनाउने र छिमेकि मनाउने चाडपर्वहरू कुनकुन हुन् ? त्यस्ता चाडपर्वहरू कहिले कहिले मनाइन्छ ?<br>• व्यवहार अवलोकन, प्रस्तुतीकरण, अभिलेखीकरण<br>• कार्यसञ्चयिका निर्माण गरी प्रयोग गर्ने<br>• निर्माणात्मक मूल्याङ्कनका साधनहरूको प्रयोग | ६ |
| **४. आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय तथा प्रविधि** | • **आर्थिक क्रियाकलाप** | • आफ्नो गाउँ/टोलका आर्थिक क्रियाकलाप हुने ठाउँहरू बताउन | • आफ्नो गाउँ/टोलका आर्थिक क्रियाकलाप हुने ठाउँहरू : स्थानीय हाटबजार, दोकान तथा पसल, होटज, सवारी टिकट काउन्टर, बैंक तथा वित्तीय संस्थाहरू आदि । | • विद्यार्थीको अनुभवका अधारमा वस्तु तथा सामान खरिद-बिक्री हुने ठाउँहरू बारे छलफल गराउने<br>• शिक्षकले स्थानीय आर्थिक क्रियाकलाप हुने ठाउँहरूको परिचय प्रस्तुत गरी छलफल गराउने | • सम्बन्धित प्रश्नोत्तर : कुन कुन ठाउँमा आर्थिक क्रियाकलाप हुने गर्दछ ? हामीले पैसा कहाँ राख्दा सुरक्षित हुन्छ ?<br>• शिक्षकले सूची प्रस्तुत गरी आर्थिक क्रियाकलाप हुने ठाउँहरू चिन्न लगाउने | १० |
| | • **स्थानीय पेसा, व्यवसाय** | • आफ्नो गाउँ/टोलमा बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका पेसा तथा व्यवसायहरू बताउन | • स्थानीय गाउँ/टोलमा अपनाइने पेसा-व्यवसायहरू : कृषि, रोजगारी, व्यापार, घरेलु उद्योग आदि | • शिक्षकले उदाहरणसहित पेसा-व्यवसायहरू बारे स्पष्ट पारिदिने<br>• विद्यार्थीहरूलाई आफ्नो गाउँ र गाउँ वरपरका मानिसले गर्दै गरेका पेसा तथा व्यवसायहरूको सूची बनाई वा मौखिक रूपमासोचेर वा साथीबीच सल्लाह गरेर भन्न लगाउने | • प्रश्नोत्तर गर्ने : तपाईंको गाउँका मानिसले अपनाउँदै आएको कुनै तीन ओटा पेसाको नाम भन्नुहोस् ।<br>• प्रस्तुतीकरण अवलोकन गर्ने<br>• आवश्यक परेमा विद्यार्थीलाई सहयोग गरी सुधारको अवसर प्रदान गर्ने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • स्थानीय प्रविधि | • आफ्नो वडामा प्रयोग हुने रैथाने प्रविधिहरू ( हलो, जुवा, डोको, चित्रो, कोल ( ऊखु र तोरी पेल्ने), पिङ ( लिङ्गे र रोहोटे) चिन्न र नाम बताउन | • आफ्नो वडामा प्रयोग हुने रैथाने प्रविधिहरू (हलो, जुवा, डोको, चित्रो, कोल ( उःखु र तोरी पेल्ने), पिङ ( लिङ्गे र रोटे) | • बालबालिकालाई आ आफ्नो वडामा प्रयोग हुने रैथाने प्रविधि ( हलो, जुवा, डोको, चित्रो, कोल ( उःखु र तोरी पेल्ने), पिङ (लिङ्गे र रोटे) बारेमा के कति जानकारी रहेछ सोध्ने, स्पष्ट भन्न नसकेमा वास्तविक बस्तुको अवलोकन गराएर, फोटो, भिडियो देखाएर अभिनय गरेर, गर्न लगाएर स्पष्ट पार्ने | १.तपाईको वडामा भएका रैथाने प्रविधिहरूको सूचिबद्ध गर्नुहोस्<br>२.लिङ्गे पिङको चित्र बनाएर देखाउनुहोस् | १० |
| **५. स्थानीय संरचना र विशिष्ट व्यक्तित्व** | • स्थानीय संरचना | • आफ्नो जिल्ला, स्थानीय तहको नाम र वडा सङ्ख्या बताउन | • आफ्नो जिल्ला, स्थानीय तहको नाम र वडा सङ्ख्या | • भोजपुर जिल्लाको नक्सा प्रर्दशन गरी सबैलाई पढन लगाउने र स्थानीय तहको नाम पढन,लेख्न लगाउने र वडाहरू पनि प्रष्ट पार्ने | • निम्न प्रश्नहरूको आधारमा मूल्यांकन गर्नुहोस्<br>क.भोजपुर जिल्लामा कतिओटा स्थानीय तह छन् र कुन कुन हुन् ?<br>ख.सबैभन्दा कम र बढी वडा संख्या भएको स्थानीय तह कुन कुन हुन ? | ८ |
| | • विशिष्ट व्यक्तित्व | • आफ्नो नगर प्रमुख र वडाध्यक्षको नाम बताउन<br>• आफ्नो विद्यालयको प्रधानाध्यापकको नाम बताउन र चिन्न | • आफ्नो नगर प्रमुख र वडाध्यक्षको नाम<br>• आफ्नो विद्यालयका प्रधानाध्यापकको चिनारी | • सबै विद्यार्थीहरूलाई नगर प्रमुख र वडाध्यक्षको नाम लेख्न लगाउने साथै लेखी सकेपछि आफूले तयार गरेको सामग्री प्रर्दशन गर्ने र उनीहरूलाई नै जाँच्न लगाउने,आवश्यक परेको ठाउँमा सहयोग गर्ने<br>• विद्यालयको प्रधानाध्यापकलाई कक्षाकोठामा आमन्त्रण गर्ने,विद्यार्थीहरूको व्यवहार अवलोकन गर्ने र आवश्यकता हेरी सहजीकरण गर्ने | • निम्न प्रश्नहरूको आधारमा मूल्यांकन गर्नुहोस्<br>१.भोजपुर नगरपालिकाको प्रमुख को हुनुहुन्छ ? नाम बताऊ<br>२.तपाईको वडाको वडाध्यक्षको नाम के हो ?<br>३.विद्यालयको प्रधानाध्यापकको नाम के हो ? | १० |
| **६. स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि** | **६.१ स्थानीय पूर्वाधार विकास** | • विभिन्न प्रकारका भवन र भवन निर्माण गर्न आवश्यक सामग्रीहरू पहिचान गर्न,<br>• पूर्वाधार विकासका स्थानीय प्रविधिहरू र जनशक्तिको पहिचान गर्न | • भवनका प्रकार<br>• निर्माण सामग्रीहरू<br>• निर्माण क्षेत्रका स्थानीय प्रविधिहरू<br>• निर्माण क्षेत्रका स्थानीय जनशक्ति | • आफ्ना वरिपरिका भवनहरू अवलोकन गर्न लगाई तिनीहरूका प्रकार बताउन लगाउने ।<br>• भवन निर्माणमा प्रयोग हुने सामाग्रीहरूका बारेमा छलफल, प्रदर्शन आदिका माध्यमबाट प्रष्ट पारिदिने,<br>• चित्र, भिडियो आदिका माध्यमबाट निर्माण क्षेत्रका स्थानीय प्रविधिहरूका बारेमा परिचित गराउने<br>• निर्माण क्षेत्रका स्थानीय जनशक्तिका (प्राविधिक, अप्राविधिक) बारेमा उपयुक्त विधिको प्रयोग गरी स्पष्ट पारिदिने । | • व्यवहार अवलोकन<br>• प्रश्नोत्तर<br>• निरन्तर मूल्याङ्कन | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **६.२ सूचना तथा सञ्चार** | • आफ्ना अभिभावकहरूको सम्पर्क नम्बरमा फोन सम्पर्क गर्न | • अभिभावकलाई फोन गरौँ | • विद्यार्थीहरूलाई आआफ्ना अभिभावकको फोन नम्बर भन्न लगाई पालैपालो शिक्षकको फोनबाट फोन गर्न लगाउने । कुराकानीका क्रममा उनीहरूले प्रयोग गर्ने स्थानीय अभिवादन, आदरार्थी अभिव्यक्ति आदिको समेत ख्याल गरी समस्यामूलक क्षेत्र पहिचान गरी उपयुक्त पृष्ठपोषण दिने । | • मौखिक प्रश्नोत्तर<br>• अवलोकन<br>• व्यवहारिक अभ्यास | ८ |
| **७. प्रकोप तथा विपद् व्यवस्थापन** | **७.१ प्रकोप तथा विपद् व्यवस्थापन** | • आफु वसेको क्षेत्रमा हुने विपदहरू घट्न सक्ने समयको आँकलन गर्न<br>• सुरक्षित हुने उपायहरूको खोजी गर्न | • हामी सुरक्षित बनौ | • जेठ, असार, श्रावण र भदौ महिनामा बढी पानी पर्ने र बाढीपहिरो जाने, मंसिर देखि माघसम्म धेरै जाडो हुने तथा हिमपात हुने, चैत्र बैशाखमा हावाहुरी चल्ने, असिना पर्ने, चट्याङ् पर्ने, खुडेरीको कारण आगलागी र डडेलो लाग्ने जस्ता कुराहरू उदाहरण सहित प्रस्तुत गर्ने । जङ्गली च्याउको उपभोग गर्दा ज्यान समेत जान सक्ने कुरामा सचेत गराउने ।<br>• यस्ता विपदबाट सुरक्षित हुने तरिकाहरू सिकारुकै संलग्नतामा अभिनय तथा प्रश्नोत्तर विधिद्धारा स्पष्ट पारिदिने ।<br>• आवश्यकतानुसार अन्य सिकाइ सहजीकरणका विधिहरूलाई प्रयोग गरी तोकिएको सिकाइ सक्षमता प्राप्त गर्न सहज हुने विषयवस्तुबारे स्पष्ट पार्ने । | • प्रश्नोत्तर<br>• व्यवहार अवलोकन<br>• निरन्तर मूल्याङ्कन<br>• शिक्षक निर्देशित साना परियोजना कार्य | १० |
| | | • विपदको असर र हानी बताउन | • विपद्बारे बुझौ | • आकस्मिक रूपमाआउने समस्या जस्तैः बाढि, पहिरो, चट्याङ, भुइचालो, आगलागी आदि विपद हुन् र यसले धेरै जनधनको क्षति पुर्याउने कुरा सान्दर्भिक उदाहरण, चित्र, भिडियो आदिका माध्यमबाट सिकारुलाई बताइदिने । | • प्रश्नोत्तर<br>• अभ्यासात्मक क्रियाकलाप<br>• निरन्तर मूल्यांकन | ६ |
| **८. स्थानीय नैतिक मूल्य मान्यता र व्यावहारिक लेखन सिप** | • **व्यक्तिगत तथा पारिवारिक आचरणहरू** | • आदर, सत्कार र शिष्टाचार सहित मर्यादित व्यवहारको अवलम्बन गर्न,<br>• परिवारमा पालना गर्नुपर्ने सामान्य आचरणहरू बताउन,<br>• अभिभावक, दौतरी र शिक्षकहरूका असल | • मान्यजन एवम् पाहुनाको आदर सत्कार<br>• असल खानपान र व्यवहार<br>• व्यक्तिगत तथा पारिवारिक आचरणहरू र तिनको पालना | • विद्यार्थीहरूलाई आफ्ना मान्यजनहरू पहिचान गर्न लगाई मान्यजन र पाहुनाहरूप्रति गर्नुपर्ने व्यवहार, शिष्टाचार, बोलीचाली आदिका सम्बन्धमा खेल, अभिनय, प्रदर्शन आदिका माध्यमबाट स्पष्ट पार्ने ।<br>• आफ्नो घरपरिवार र छरछिमेकमा खाइने खानाहरूको सूची बनाई स्वस्थकर र अस्वस्थकर | • मौखिक तथा लिखित प्रश्नोत्तर<br>• व्यवहार अवलोकन<br>• शिक्षक निर्देशित परियोजना कार्य<br>• अभिभावक भेटघाट<br>• निरन्तर मूल्याङ्कन | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बानीहरूको पहिचान र अनुकरण गर्न, | | खाना छुट्याउने, खानेकुरा खाँदा अपनाउनुपर्ने तौरतरिकाहरू (खानेकुरा खेर नफाल्ने, खानेकुराको इज्जत गर्ने, चपाएर खाने, धुमपान मध्यपान र पत्रु खाना नखाने) सम्वन्धमा छलफल गराउने ।<br>● घरपरिवारमा गर्न हुने र नहुने कामका सम्बन्धमा छलफलबाट सूची तयार गरी शिक्षकबाट थप सहजीकरण गर्दै परिवारमा पालन गर्नृपर्ने आचरणको सूची प्रस्तुत गरी स्पष्ट गरिदिने ।<br>● अभिभावक, दौंतरी र शिक्षकका गुणहरू सम्बन्धमा छलफल गर्दै शिष्टाचारको पालना, विनम्रता, सहनशीलता, कर्तव्यपालना, मितव्ययिता जस्ता गुणको विकासका लागि प्रेरित गर्ने उपयुक्त सन्दर्भ सामग्रीको खोजी र प्रस्तुतीकरण गर्ने । | | |

**कक्षा : ३**

| विषय क्षेत्र | एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. भौगोलिक परिचय** | ● **भौगोलिक परिचय** | ● आफ्नो वडा क्षेत्रको सिमाना बताउन<br>● आफ्नो वडाको सामान्य भौगोलिक अवस्था( खोलानाला, डाँडाकाँडा, बाटो, वनजङ्गल) को वर्णन गर्न | ● आफ्नो वडा क्षेत्रको सिमाना<br>● आफ्नो वडाको सामान्य भौगोलिक अवस्था ( खोलानाला, डाँडाकाँडा, बाटो, वनजङ्गल) | ● नगरपालिकाको नक्सामा वडाहरू बीचको सिमाना देखाउने र देखाउन लगाउने,अभ्यस्त गराउने<br>● विद्यालयबाट देखिने भिरालो, समथर, पहाड, बेंसी,झरना,छाँगाको बारेमा बताई दिने,अवलोकन गराउने र आपसमा छलफल गराउने<br>● विद्यालय आसपास भएका बाटाहरूको स्वरुपको तुलना गराउने (सडक, गोरेटो, पक्की, कच्ची) र तिनीहरू मुख्य सडकसँग जोडिएको कुरा बताई दिने, अवलोकन गराउने र आपसमा छलफल गराउने | ● निम्न प्रश्नको आधारमा मूल्यांकन गर्नुहोस् ।<br>१.फोटोको माध्यमबाट भिरालो, समथर, पहाड, बेंसी,झरना,छाँगा चिन्न लगाउनुहोस्<br>२.आफू बसेको वरिपरीको भौगोलिक स्वरुप र बाटाहरूको नाम र लेख्नुहोस् । | १४ |
| **२. ऐतिहासिक, साँस्कृतिक, धार्मिक र** | ● **ऐतिहासिक सम्पदा** | ● आफ्नो वडाभित्रका मुख्य ऐतिहासिक सम्पदाहरूको पहिचान र अवस्थिति बताउन | ● आफ्नो वडा भित्रको ऐतिहासिक वजार, थान ( देवाली थान, साकेन्वा | ● आफ्नो वडा भित्रको स्थानीय ऐतिहासिक सम्पदा वजार,स्थल फ्लेक्स,,चित्र देखाई छलफल गराई यसको नाम र कुन स्थानमा छ अवस्थिमा छ? | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **पर्यटकिय सम्पदा** | | | थान,भिमसेन थान), स्थलहरू | छलफल गराउने , यसको परिचय र महत्वको छलफल गराउने<br>● आफ्नो वडा भित्रका समुदायले अपनाउने देवाली, कुलपुजा,साकेला/साकेन्वा थानको स्थलगत अध्ययन अवलोकन (संभव भएमा) वा फोटो वा भिडियो देखाई यसको नाम र अवस्थितिको वारेमा छलफल गराउने | ● तपाइको वडा भित्रको ऐतिहासिक वजार/वस्तीको कुन हो? लेख्नुहोस् ।<br>● तपाइको वडा भित्रको कुनै २ ओटा ऐतिहासिक सम्पदाको नाम लेख्नुहोस् ।<br>● स्थानीय ऐतिहासिक सम्पदा र अवस्थितिको विच जोडा मिलाउ, खाली ठाँउ भर्न लगाएर | ७ |
| | ● **धार्मिक सम्पदा** | ● आफ्नो वडाभित्रका मानिसले अपनाउने धर्मको नाम र धार्मिक सम्पदाहरूको नाम , अवस्थिति बताउन | ● आफ्नो वडामा भएको धार्मिक स्थलहरू (मन्दिर, शिवालय, गुम्वा, चैत्य, चर्च, पूजा थान) | ● आफ्ने वडा भित्र भएको विभिन्न धर्मले अपनाउने धार्मिक झल्को दिने चाँड पर्वहरू, धार्मिक स्थलको तस्विर,फ्लेक्स, भिडियो देखाई छलफल गराउने,यसको नाम र अवस्थिति वारे बताउने ।<br>● आफ्नो वडा भित्रको कुनै मुख्य धार्मिक सम्पदाको वारेमा जानकारी, भिडियो, स्रोतव्यक्तिवाट जानकारी वा स्थलगत रूपमा अध्ययन अवलोकन गरी , यसमा सम्पदा प्रतिको आस्था र जनविश्वास सम्वन्धि सामान्य जानकारी बताउन, | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● तपाईको वडा भित्र वस्ने मानिसले कुन कुन धर्म अपनाउनु हुन्छ ? लेख्नुहोस्<br>● तपाईको वडामा पर्ने कुनै ३ ओटा धार्मिक सम्पदाको नाम लेख्नुहोस् ।<br>● वडा भित्र पर्ने धार्मिक सम्पदा र स्थल विचको जोडा मिलाउ, खाली ठाँउ भर, आदी गराउने ।<br>● वडा भित्र पर्ने मुख्य धार्मिक स्थलको नाम लेख्नुहोस् । यस सम्पदामा कहिले भक्तजनको भिड हुन्छ ? लेख्नुहोस् । | ७ |
| | ● **साँस्कृतिक सम्पदा** | ● वडाभित्र प्रचलित स्थानीय भेषभुषा र गरगहनाको पहिचान गर्न<br>● वडा भित्र प्रचलित स्थानीय खाना पहिचान गर्न | ● आफ्नो वडा भित्रका जातजातीहरूको जातिय भेषभुषा (ब्राहमण क्षेत्री, नेवार, राई, शेर्पा, तामाङ, मगर)<br>● आफ्नो वडा भित्रका जातजातीहरूको जातिय गरगहना (ब्राहमण क्षेत्री, नेवार, राई, शेर्पा, तामाङ, मगर ) | ● तपाईले आफ्नो घरमा चाड पर्व मनाउँदा, मेलाजात्रा को अवसरमा तपाई र घरका अन्य सदस्यहरूले कस्तो कस्तो पहिरन लगाउनु हुन्छ ? सोधि नाम वाताउन प्रेरित गर्ने<br>● आफ्नो वडा भित्रको विभिन्न जातजातीको आ-आफ्नो भेषभुषा झल्काउने फोटो, फ्लेक्स,भिडियो,वृतचित्र देखाई छलफल गराउने वा पर्व मेलमा अध्ययन भ्रमण गराउने जातीय अनुसारको फरक फरक भेषभुषा नाम छलफल गराउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● कुनै जातीले लगाउने २ भेषभुषाको नाम लेख्नुहोस्।<br>● कुनै ४ ओटा स्थानीय गरगहनाको नाम लेख्नुहोस्।<br>● विभिन्न जातीको मुख्य भेपभुषाको नाम लेख्नुहोस् ।<br>● वभिन्न जातीको मुख्य गरगहनाको नाम लेख्नुहोस् । | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • स्थानीय खाना पहिचान गर्न (ब्राहमण क्षेत्री, नेवार, राई, शेर्पा, तामाङ, मगर) | • आफ्ना वडा भित्र वसोवास गर्ने जातजातीको आ-आफ्नो भेषभुषमा लगाउने गरगहनाको फोटो,फ्लेक्स,भिडियो,वृतचित्र देखाई छलफल गराउने , कुन कुन जाती संग सम्वन्धित रहेको छ ? छलफल गराउने<br>• तपाईले आफ्नो घरमा चाड पर्व, मेलाजात्रा र पहुनालाई सत्कार गर्दा कस्तो कस्तो परिकार पकाएर दिनु हुन्छ ? सोधि नाम बाताउन प्रेरित गर्ने<br>• वडा भित्र प्रचलित विभिन्न स्थानीय खानाको फोटोहरू देखाई वा चाडपर्व, मेला, जात्रा, अतिथि सत्कारमा तयार गरीने र प्रचलित नाम र कुन जात जाती संग सम्वन्धित छ ? छलफल गराउने , | • विभिन्न जातजाती र गरगहनाको विचको जोडा मिलाउ , खाली ठाँउ भर्ने जस्ता मुल्यांकन<br>• तपाईलाई मन पर्ने कुनै २ ओटा मौलिक खानाको नाम लेख्नुहोस् ।<br>• .....जातीको मुख्य स्थानीय खानाको नाम लेख्नुहोस् । | |
| **३. जातजाति, भाषाभाषी तथा चाडपर्व** | • **जातजाति** | • आफ्नो वडाभित्र बसोबास गर्ने जातजातिको नाम भन्न, लेख्न र छलफल गरी प्रस्तुत गर्न<br>• जातीय सद्भाव र सम्मान व्यक्त गर्न | • आफ्नो छिमेकी, अफू बसेको गाउँ/टोल र वडाको जातजातिको नाम<br>• जातीय संस्कार अनुसारका भिन्न संस्कृति बारे छलफल (छुट्टिने आधार : संस्कार, लवाइखवाइ, भेषभुषा आदि)<br>• जातीय सद्भाव र सम्मानजनक व्यवहार | • आफ्नो वडाभित्रका जातजातिहरूको नाम बताउन लगाउने, छलफल गरी प्रस्तुत गर्न लगाउने<br>• विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• समूह निर्माण गरी वडाका जातजातिहरूको नाम, भेषभुषा, चाडपर्व आदिको तालिका प्रस्तुत गर्न लगाउने<br>• कक्षा कार्य गराउदा मिश्रित समूह निर्माण गरी पारस्पारिक सद्भाव, सहकार्य र सहयोगको भावना विकास गर्ने<br>• समावेशी बसाइ व्यवस्थान मिलाउने<br>• समान अवसर र प्रोत्साहन प्रदान गर्ने<br>• आ-आफ्नो जातिअनुसार संस्कार, पहिरन, चाडपर्व आदि उल्लिखित तालिका निर्माण गरेर ल्याउने परियोजना कार्य प्रदान गर्ने | • प्रश्नोत्तर : तपाईंको वडाभित्र बसोबास गर्ने जातजातिको सूची तयार गरी प्रस्तुत गर्नुहोस् ।<br>• व्यवहार अवलोकन, प्रस्तुतीकरण, अभिलेखीकरण<br>• कार्यसञ्चयिका निर्माण<br>• रुजु सूची, श्रेणी मापन अथवा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• निर्माणात्मक मूल्याङ्कानका साधनहरूको प्रयोग<br>• मुख्य सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन गरी पृष्ठपोषण, थप सिकाइ अवसर तथा आवश्यकतानुसार निराकरणत्मक शिक्षणको रणनीति अपनाउने | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • **भाषाभाषी** | • आफ्नो वडाभित्र बोलिने भाषाहरूको सूची प्रस्तुत गर्न<br>• आफ्नो मातृभाषामा बोल्न ( घर तथा छिमेकमा) प्रेरित हुन | • आफ्नो गाउँ/टोल र वडाभित्र बोलिने भाषाहरूको नाम तथा विवरण<br>• आफूले बोल्ने भाषाको शुद्ध र शिष्ट (साइनो, सम्मान, नम्रता, शब्द चयन, बोल्ने शैली आदिमा शिष्टता) प्रयोग गर्ने अभ्यास<br>• आ-आफ्नो घरमा, छिमेकमा तथा साथीहरूसँग मातृभाषा प्रयोग गरी बोल्न प्रोत्साहन<br>• मातृभाषामा **नमस्कार, धन्यवाद, बाजे, बज्यै, बाबु, आमा, दिदी, बहिनी, दाजु, भाइ** बुझाउने शब्दहरू | • आफ्नो गाउँ/टोल र वडामा बोलिने भाषाहरूको नाम र सङ्ख्या, सो भाषा बोल्ने जातजातिको नाम, आदिको चर्चा गर्दै भाषाको परिचय दिने<br>• भाषाको काम बारे छलफल गर्ने<br>• बोल्दा शुद्ध उच्चारणमा ध्यान दिने<br>• सन्दर्भ दिई शिष्ट बोल्ने अभ्यास पालैपालो गराउने (जस्तै : कुनै अतिथिसँगको भेटमा बोलिने भाषाशैली वा आफूभन्दा सानासँग बोलिने शिष्ट भाषाशैली आदि)<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• मातृभाषामा **नमस्कार, धन्यवाद, बाजे, बज्यै, बाबु, आमा, दिदी, बहिनी, दाजु, भाइ** बुझाउने शब्दहरू कक्षामा उपस्थित विद्यार्थीकै सहयोगमा वा शिक्षक आफैले नेपालीमा, अङ्ग्रेजीमा तथा विभिन्न स्थानीय मातृभाषाहरूमा अनुवाद गरी प्रस्तुत् गरी आ-आफ्नो मातृभाषाप्रति जागरुक गराउने<br>• नेपाली भाषाभन्दा फरक मातृभाषा बोल्ने विद्यार्थीलाई आफ्नो मातृभाषामा कुनै एक वाक्य बोल्न लगाएर अरुलाई पनि यसरी नै बोल्न सक्छौ भनी नमुना प्रस्तुत गरी प्रोत्साहित गर्ने | • व्यवहार अवलोकान, रुजुसूची, श्रेणीमापन वा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• प्रश्नोत्तर : तपाईंको वडाभित्रका मानिसहरूले बोल्ने भाषाहरूको नाम बताउनुहोस् ।<br>• कार्यसञ्चयिका निर्माण<br>• निर्माणात्मक मूल्याङ्कनका अन्य साधनहरू प्रयोग गर्ने<br>• मुख्य सिकाइउपलब्धिमा आधारित मूल्याङ्कन गर्ने | ८ |
| | • **चाडपर्व** | • आफ्नो वडाभित्रका मानिसहरूले मनाउने चाडपर्वहरूको सूची बनाई प्रस्तुत गर्न | • आफ्नो गाउँ/टोलमा मनाइने विभिन्न चाडपर्वहरूको विवरण<br>• आफ्नो गाउँ/टोल र वडामा बसोबास गर्ने मानिसहरूले मनाउने मुख्य चाडपर्वहरूको नाम, मनाउने तरिका र मनाउने महिना/गते/वार/तिथि/अवसरबारे छलफल<br>• अवसर मिलाएर स्थानीय चाडपर्वहरूमा सहभागिता | • विभिन्न चाडपर्व मनाउँदै गरेको चित्र, तस्विर, पत्रिकाको कटिङ आदि देखाउँदै चिन्न लगाउने<br>• विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने (जस्तै : आफूले आफ्नो वा कसैको चाडपर्वमा सहभागि हुँदाको अनुभव वर्णन .....)<br>• सम्भव भएसम्म विभिन्न सम्बन्धित भिडियो प्रस्तुत गरी छलफ गराउने<br>• आफ्नो वडाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने प्रमुख चाडपर्वहरूको नाम, मनाउने तरिका र समय आदिका बारेमा छलफल गर्ने ( विद्यार्थी केन्द्रित बनाउने)<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने | • प्रश्नोत्तर : तपाईंको वडाबासीले मनाउने प्रमुख पाँच ओटा चाडपर्वको नाम भन्नुहोस् । ती कुनकुन अवसरमा मनाइन्छन् ?<br>• व्यवहार अवलोकन, प्रस्तुतीकरण, अभिलेखीकरण<br>• कार्यसञ्चयिका निर्माण<br>• निर्माणात्मक मूल्याङ्कनका साधनहरूको प्रयोग | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **४. आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय तथा प्रविधि** | • **आर्थिक क्रियाकलाप** | • आफ्नो वडाभित्रका मानिसहरूको मुख्य आयस्रोतका क्षेत्रहरूसँग परिचित हुन | • स्थानीय नगदेबालीहरू जस्तै : खुर्सानी खेती, टमटर खेती, तरकारी, अलैची, सुन्तला, आलु, रुद्राक्ष ..... आदि<br>• रोजगारी जस्तै : स्वदेशी र विदेशी<br>• घरेलु उद्योग जस्तै : सिलाइकटाइ, बाख्रा पालन, कुखुरा पालन .... आदि<br>• कृषि, व्यापार ... आदि | • विद्यार्थीहरूलाई आफ्नो वडाभित्र गरिने आयआर्जनका मुख्य पेसा तथा व्यवसायहरूको सूची कापीमा टिप्न लगाउने र पालैपालो प्रस्तुत गराउने र छलफल गराउने , शिक्षकले निचोड प्रदान गरी धारणाको विकास गराउने<br>• घरमा वा अरुलाई सोधेर वडाभित्र गरिने मुख्य आयआर्जनका तरिका र क्षेत्रहरूको नाम लेखेर ल्याउने परियोजना कार्य प्रदान गरी परीक्षण गर्ने | • प्रश्नेत्तर : तपाईंको वडामा उत्पादन गरिने कुनै तीन ओटा नगदेबालीको नाम भन्नुहोस् । घरेलु उद्योगभित्र कस्ता उद्योगहरू पर्दछन् ?<br>• छलफल गराई व्यवहार अवलोकन गर्ने<br>• परियोजना परीक्षण गर्ने | १० |
| | • **स्थानीय पेसा, व्यवसाय** | • आफ्नो वडाभित्र बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका पेसा तथा व्यवसायहरूको जानकारी राखी आयआर्जनमा अपनाइने विभिन्न पेसा तथा व्यवसायहरूको सूची बनाउन | • आफ्नो वडाभित्रका मानिसहरूले अपनाउँदै अएका पेसा व्यवसायहरू जस्तै : कृषि, व्यापार, उद्योग, रोजगारी आदि<br>• कृषिअन्तर्गत : खाद्यान्न, तरकारी, पशुपंक्षी पालन, फलफूल, माछा, मौरी आदि<br>• अन्यको पनि त्यस्तै । | • शिक्षकले विभिन्न पेसा व्यवसायको सूची प्रस्तुत गरी छलफल गर्ने<br>• विद्यार्थीलाई आ-आफ्नो अनुभवका आधारमा कृषि, व्यापार, उद्योग र रोजगारीसम्बन्धी सूची बनाउन लगाई प्रस्तुत गराउने, शिक्षकले आवश्यक सहयोग, उत्प्रेरण र अवसर प्रदान गर्ने | • विद्यार्थीको प्रस्तुतीकरणको अवलोकन गरी मूल्याङ्कन गर्ने<br>• मौखिक तथा लिखित प्रश्नेत्तर गर्ने | १० |
| | • **स्थानीय प्रविधि** | • आफ्ना वरपर र वडास्तरीय रैथाने प्रविधिहरू ( जाँतो, ढिकी, मोही पार्ने, विस्कुन सुकाउने, दुना, टपरी गाँस्ने, गुन्द्री, सुकुल, पिरा बुन्ने, कोल (उःखु र तोरी पेल्ने), पिङ (लिङ्गे र रोहोटे, हलो बनाउने) को परिचय दिई महत्त्व बताउन | • आफ्ना वरपर र वडास्तरीय रैथाने प्रविधिहरू ( जाँतो, ढिकी, मोही पार्ने, विस्कुन सुकाउने, दुना, टपरी गाँस्ने, गुन्द्री, सुकुल, पिरा बुन्ने, कोल (उःखु र तोरी पेल्ने), पिङ (लिङ्गे र रोहोटे, हलो बनाउने) को परिचय र महत्त्व | • बालबालिकालाई आफ्ना वरपर र वडास्तरीय प्रयोग हुने रैथाने प्रविधि (जाँतो, ढिकी, मोही पार्ने, विस्कुन सुकाउने, दुना, टपरी गाँस्ने, गुन्द्री, सुकुल, पिरा बुन्ने, कोल (उःखु र तोरी पेल्ने), पिङ (लिङ्गे र रोटे, हलो बनाउने) बारेमा के कति जानकारी रहेछ सोध्ने, स्पष्ट भन्न नसकेमा वास्तविक बस्तुको अवलोकन गराएर, फोटो, भिडियो देखाएर अभिनय गरेर,गर्न लगाएर स्पष्ट पार्ने | • १. कोल (उःखु र तोरी पेल्ने) को चित्र बनाएर र बुदाँगत रूपमाफरक छुट्याउनुहोस्<br>• दुना र टपरीमा के फरक छ ?<br>• यस्तै सन्बन्धित प्रश्नहरू सोध्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **५. स्थानीय संरचना र विशिष्ट व्यक्तित्व** | • **स्थानीय संरचना** | • आफ्नो प्रदेश, जिल्ला, नगरपालिका र वडाहरू बताउन | • आफ्नो प्रदेश, जिल्ला, नगरपालिका र वडाहरू | • भोजपुर जिल्लाको सबै स्थानयि तह छुट्याउन लगाउने,नाम लेखन लगाउने, र वडाहरू पनि प्रष्ट पार्ने | • निम्न प्रश्नहरूको आधारमा मूल्यांकन गर्नुहोस् :<br>• १.भोजपुर नगरपालिकामा कतिओटा वडाहरू छन् ? | ८ |
| | • **विशिष्ट व्यक्तित्व** | • आफ्नो नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष र सबै वडा सदस्यहरूको नाम बताउन र चिन्न<br>• आफ्नो विद्यालयका संस्थापक ,घरेडीदाता, पूर्व र वर्तमान वि.व्य.स. अध्यक्ष , शि. अ. संघ अध्यक्षको नाम बताउन | • आफ्नो नगर प्रमुख,उपप्रमुख, वडाध्यक्ष र सबै वडा सदस्यहरू<br>• आफ्नो विद्यालयका संस्थापक,घरेडीदाता,पूर्व र वर्तमान वि.व्य.स. अध्यक्ष, शि. अ. संघ अध्यक्ष | • भोजपुर नगरपालिकाका नगर प्रमुख, उपप्रमुख र वडाध्यक्षहरूको नाम प्रश्नोत्तर,छलफल विधिबाट प्रष्ट पारी दिने<br>• आफ्नो विद्यालयका संस्थापक,घरेडीदाता,पूर्व र वर्तमान वि.व्य.स. अध्यक्ष , शि. अ. संघ अध्यक्ष फोटो,भिडियो,प्रत्यक्ष भेटघाट र नामावलीबाट प्रष्ट पार्ने | • निम्न प्रश्नहरूको आधारमा मूल्यांकन गर्नुहोस् :<br>१.भोजपुर नगरपालिकाका नगर प्रमुख, उपप्रमुखको नाम भन्नुहोस् ।<br>२. तपाईको वडाध्यक्ष र सदस्यहरूको नाम लेख्नुहोस् ।<br>३. तपाईको विद्यालय सँस्थापक र पूर्व वि.व्य.स. अध्यक्षको नाम लेख्नुहोस् । | १० |
| **६. स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि** | • **स्थानीय पूर्वाधार विकास** | • स्थानीय स्तरका महत्वपूर्ण भवन, यातायात, सञ्चार र पर्यटन पूर्वाधारहरू पहिचान गर्न<br>• सुरक्षित पूर्वाधारको महत्व बताउन | • महत्वपूर्ण स्थानीय पूर्वाधारहरू<br>• सुरक्षित पूर्वाधार | • विद्यार्थीहरूलाई आफ्नो क्षेत्रमा रहेका महत्वपूर्ण भवनहरू, बाटोघाटो, सञ्चार माध्यम, पर्यटन पूर्वाधार आदिको अवलोकन गर्न लगाई भोजपुर नगरपालिका भित्रका अन्य महत्वपूर्ण पूर्वाधारहरू शिक्षकले उपयुक्त विधिको प्रयोग गरी जानकारी गराउने ।<br>• चित्र, चार्ट आदिको प्रयोग गरी सुरक्षित पूर्वाधारको महत्वका बारेमा कक्षामा छलफल गराउने । | • मौखिक तथा लिखित प्रश्नोत्तर<br>• व्यवहार अवलोकन<br>• निरन्तर मूल्याङ्कनका विविध साधनहरूको प्रयोग | १२ |
| | • **सूचना तथा सञ्चार** | • आफ्नो परिवारका सदस्यहरू र विद्यालयको सम्पर्क नम्बर बताउन | • विद्यालयमा फोन गरौं | • विद्यार्थीहरूलाई आफ्ना परिवारका सदस्यहरूको फोन नम्बर सङ्कलन गरेर ल्याउन लगाउने र शिक्षकको मोबाइलमार्फत कुनै एक सदस्यलाई फोन गर्न लगाउने ।<br>• विद्यार्थीहरूलाई आफ्नो विद्यालय, विद्यालयका प्रधानाध्यापक र कक्षा शिक्षकको फोन नम्बर याद गर्न लगाई बिदा आदिको जानकारी फोनमार्फत गर्न प्रोत्साहित गर्ने । | • व्यवहारिक अभ्यास र अवलोकन<br>• प्रश्नोत्तर<br>• निरन्तर मूल्याङ्कन | ८ |
| | • **प्रकोप तथा विपद् व्यवस्थापन** | • आफु वसेको क्षेत्रमा हुने विपदका कारणहरू पहिचान गर्न | • विपदबारे बुझौं | • बनजंगल फडानी, असन्तुलित बाटो निर्माण, प्राकृतिक स्रोतसाधनको अत्याधिक दोहन आदि मानवीय कारण र अन्य प्राकृतिक कारणबाट | • लिखित तथा मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **७. प्रकोप तथा विपद् व्यवस्थापन** | | ● विपदबाटवाट हुने धनजनको क्षति बताउन<br>● आफ्नो वरिपरि घट्न सक्ने विपद् तथा जोखिमबाट सुरक्षित रहने उपायहरूको अवलम्बन गर्न | | विपद आइलाग्ने कुरा सिकारुलाई उदाहरण सहित प्रस्ट्याउने ।<br>● यस्ता विपद् न्युनीकरणका तरिकाहरू सिकारुकै संलग्नतामा अभिनय तथा प्रश्नोत्तर विधिद्धारा स्पष्ट पारीदिने ।<br>● आवश्यकतानुसार अन्य सिकाइ सहजीकरणका विधिहरूलाई प्रयोग गरी तोकिएको सिकाइ सक्षमता प्राप्त गर्न सहज हुने विषयवस्तुबारे स्पष्ट पार्ने । | ● निरन्तर मूल्याङ्कनका साधनहरूको प्रयोग | |
| | | ● सुरक्षित वासस्थान र सुरक्षित विद्यालय चिन्न, | ● सुरक्षित बनौं | ● विपद् वा अन्य प्रकोपबाट बच्न सर्वप्रथम त व्यक्ति स्वयम् सजग भइ सुरक्षाका तरिकाहरू अपनाउनुपर्दछ भन्ने कुरा उदाहरणद्धारा प्रस्ट्याउने,<br>● विपदबारे सजग हुने, सुरक्षाका उपायहरू अपनाउने, बाढी पहिरो, चटयाङ, कोरोना, या अन्य सम्भावित विपदको सहि आँकलन गरी सो सम्बन्धमा अपनाउनुपर्ने सुरक्षाको मापदण्डबारे सिकारुलाई सूसूचित गर्ने,<br>● सुरक्षित वासस्थान र सुरक्षित विद्यालयका आवश्यक सर्तहरू सोदाहरण सिकारुलाई प्रस्तुत गर्ने । | ● प्रश्नोत्तर<br>● अभ्यासात्मक क्रियाकलाप मूल्यांकन<br>● व्यवहार अवलोकन | ७ |
| **८. स्थानीय नैतिक मूल्य मान्यता र व्यावहारिक लेखन सिप** | ● **सामाजिक मूल्यमान्यता र सदाचार** | ● आफ्नो समुदायको विविधताबारे जानकारी प्राप्त गरी उक्त विविधताको सम्मान गर्न<br>● आफ्नो समुदायमा पालन गर्नुपर्ने आचरणबारे जानकारी प्राप्त गरी दैनिक जीवनमा अवलम्बन गर्न<br>● मानिसमा हुनुपर्ने सदगुणहरूको जानकारी प्राप्त गरी वैयक्तिक जीवनमा अनुसरण गर्न | ● समुदायका विभिन्न धर्म, जात, चाडपर्व र पेसाको इज्जत<br>● व्यक्तिगत तथा सामुदायिक आचरण र तिनको पालना<br>● मानवीय सदगुणको पालना | ● उपयुक्त तस्विर, श्रव्यदृष्य सामग्रीको प्रयोग वा छलफलको माध्यमबाट आफ्नो समुदायका धर्म, जात, पेसा, चाडपर्व जस्ता विविधताका विषयमा स्पष्ट पार्दै समुदायका विविधताबाट हुने फाइदाबारे जानकारी गराउने ।<br>● व्यक्तिको सामाजिकीकरण र व्यक्तित्व विकासमा सहयोगी आचरणहरू जस्तै आपसी विस्वास, सामुहिक भावना र पारस्परिक सहयोग, इमान्दारिता, शिष्टतापूर्ण र संयमित व्यवहार, सामाजिक सदभाव, मानवीय मर्यादाको सम्मान, परोपकार आदिले कायम गरेको सामाजिक सुसम्वन्धको चर्चा गर्ने र उक्त आचरण पालनाका लागि अभिप्रेरित गर्ने । | ● मौखिक तथा लिखित प्रश्नोत्तर<br>● व्यवहार अवलोकन<br>● शिक्षक निर्देशित परियोजना कार्य<br>● अभिभावक भेटघाट र निरन्तर मूल्याङ्कन | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● मानवमा हुनुपर्ने सदगुण, असल चालचलन र बानीहरू (इमानदारिता, समयपालना, स्वावलम्बन, शिष्टता, सकारात्मक सोच जस्ता असल प्रवृतिहरू) को परिचय गराउँदै आफूमा त्यस्ता सदगुणहरू भए नभएको स्वमूल्याङ्कन गराउने र विभिन्न आदर्श व्यक्तिको उदाहरण दिँदै सदगुण विकासका लागि प्रेरित गर्ने । | | |

**कक्षा : ४**

| विषय क्षेत्र | एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. भौगोलिक परिचय** | ● **भौगोलिक परिचय** | ● भोजपुर नगरपालिका भित्रका विभिन्न वडाहरूको सिमाना बताउन<br>● भोजपुर नगरपालिका भित्रका विभिन्न वडाहरूको भौगोलिक अवस्था (खोलानाला, छाँगा, दह, डाँडाकाँडा, भीर, बाटो, वनजङ्गल) को पहिचान गर्न र नाम बताउन | ● भोजपुर नगरपालिका भित्रका विभिन्न वडाहरूको सिमाना<br>● भोजपुर नगरपालिका भित्रका विभिन्न वडाहरूको भौगोलिक अवस्था (खोलानाला, छाँगा, दह, डाँडाकाँडा, भीर, बाटो, वनजङ्गल) | ● विद्यार्थीहरूलाई प्रर्दशन विधिको माध्यमबाट भोजपुर नगरपालिकाको नक्सामा आफनो र अन्य वडाहरूको सिमाना छुट्याउन सहजीकरण गर्ने<br>● वडाहरूको भौगोलिक अवस्था (खोलानाला, छाँगा, दह, डाँडाकाँडा, भीर, बाटो, वनजङ्गल) को स्पष्टता पार्न प्रश्नोत्तर,छलफल र खोज विधि प्रयोग गर्ने | ● निम्न प्रश्नको आधारमा मूल्यांकन गर्नुहोस् ।<br>१. भोजपुर नगरपालिकाको नक्सामा आफ्नो र नगरपालिका भित्रका विभिन्न वडाहरूको सिमाना छुट्याउनु होस् ।<br>२. वडाहरूको भौगोलिक अवस्थाको तल दिएका जस्तै प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क. भोजपुर नगरपालिका भित्रका सबैभन्दा प्रसिद्ध छाँगा कुन हो र कहाँ पर्दछ ?<br>ख.धुपी,चाँप,साल र खयर पाइने कहाँ कहाँ पर्दछ ? | १० |
| **२. ऐतिहासिक, साँस्कृतिक, धार्मिक र** | ● **ऐतिहासिक सम्पदा** | ● आफ्नो पालिका भित्रका प्रमुख ऐतिहासिक सम्पदाहरूको नाम , अवस्थिति,नामकरणको ऐतिहासिकता बताउन ( | ● आफ्नो पालिका भित्रको ऐतिहासिक वजार,स्थलहरू (टक्सार, भोजपुर वजार, दावाँ, आम्तेक, हेलौछा, वोखिम, भैंसीपखा) | ● तपाईको नाम कसले राखेको सोध्नु भएको छ ? नामको अर्थ के हो ? थाहाँ छ ? छलफल गराउने<br>● कुनै मानिसको नाम जस्तै ठाँउ विशेषको नाम रहनुको पछाडि त्यहाँ पनि ऐतिहासिक तथ्यहरू रहेको हुन्छ भनी प्रष्ट बनाउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● तपाईको पालिका भित्रको ऐतिहासिक मुख्य स्थलहरू कुन कुन हो ? लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **पर्यटकिय सम्पदा** | | टक्सार, भोजपुर वजार, दावाँ, आम्तेक, हेलौछा, वोखिम, भैंसीपंखा) | | ● आफ्नो पालिका भित्रकको ऐतिहासिक (टक्सार, भोजपुर वजार, दावाँ, आम्तेक, हेलौछा, वोखिम, भैंसीपखा),फ्लेक्स,,चित्र देखाई छलफल गराई यसको नाम र कुन स्थानमा छ अवस्थिमा छ? छलफल गराउने, ऐतिहासिक महत्त्व, सामान्य परिचय भिडियो, वृतचित्र वा स्थलगत अध्ययन अवलोकन भ्रमण वाट गर्न सकिने । | ● टक्सार नामकरणको ऐतिहासिकता लेख्नुहोस् ।<br>● ऐतिहासिक सम्पदा र यसको प्रसिद्धको कारण विच जोडामिलाउ, खाली ठाँउ जस्ता विधिवाट मूल्यांकन गर्ने ।<br>● हेलौछाको एतिहासिक परिचय लेख्नुहोस्। | ६ |
| | ● **धार्मिक सम्पदा** | ● आफ्नो पालिका भित्रको धर्मावलम्वीहरूको जनसांख्यिक र प्रमुख धार्मिक सम्पदाहरूको नाम र अवस्थिति बताउन | ● पालिका भित्रको धर्मावलम्विहरूको जानसंख्यिक तथ्याङ्क र प्रमुख धार्मिक सम्पदाहरूको नाम र ,अवस्थिति (सिद्धकाली, वौद्धविहार, कालिका देवी, रणेश्वर शिवालय, सरस्वती गुफा, देवाध्यालिङ गुम्वा,नर्पायको गुम्वा, हिमालयन रिन्छेन छ्योलिङ बौद्ध गुम्बा, छरछरे पखुवादेवी, सिंहदेवी मन्दिर, गुप्तेश्वर महादेव, सिद्धमहाराजको मन्दिर,पेमाध्यालिङ गुम्वा, जाल्पादेवी मन्दिर सिद्धेश्वर,कालिका देवीथान हेलौछा, करुणामय मन्दिर, कालिकादेवी कोटडाँडा, राधाकृष्ण मन्दिर ,विद्याधरी अजिमा मन्दिर,कृष्ण मन्दिर, भिमसेन मन्दिर, पञ्चकन्या देवीको मन्दिर , पशुपतिनाथ सेती वगर, त्रिपुरेश्वर महादेव | ● तपाईको विचारमा कुन धर्मालम्विहरू संख्या वढि रहेको होला ? भनि उत्सुकाता जगाउदै भोजपुर नगरपालिका भित्रको धर्मालम्विहरूलाई बताउने जनसांख्यिक अवस्था देखाउने चार्ट वा तालिकावाट प्रष्ट पार्ने<br>● तपाईले आफ्नो पालिका भित्र रहेका प्रमुख धार्मिक सम्पदा मन्दिर, गुम्वा, विहार, चैत्य, चर्चको नाम सुन्नु भएको छ ? भनि विद्यार्थीवाट आएको नाम सेतोपाटीमा टिपोट गरी कुन स्थानमा रहेको छ ? छलफल गराउने ।<br>● पालिका भित्रका धार्मिक सम्पदाको सुची र अवस्थिति जानाउने तालिका ,फोटो , वृतचित्र वा भिडियो देखाई प्रष्ट पार्ने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● भोजपुर नगरपालिकामा कुन धर्मालम्विको जनसंख्या धेरै छ ?<br>● तपाईको पालिका भित्र पर्ने कुनै ४ ओटा प्रमुख धार्मिक सम्पदाको सुची वनाउनुहोस् ?<br>● विभिन्न धार्मिक सम्पदाको नाम र अवस्थिति विचको जोडा मिलाउ , खाली ठाँउ भर्ने जस्ता मुल्यांकन | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तिलाहार,कालिका मन्दिर गुप्तेश्वर,बलेश्वर महादेव,पञ्चवुद्ध चैत्य) | | | |
| | ● साँस्कृतिक सम्पदा | ● आफ्नो पालिकाभित्रको प्रचलित स्थानीय गीत तथा नृत्यको पहिचान गर्न<br>● वालन र संगीनीको सामान्य साँस्तृतिक परिचय र महत्व बताउन | ● प्रचलित स्थानीय गीत तथा नृत्यको पहिचान गर्न (व्राहम्ण क्षेत्री, नेवार,राई, शेर्पा, तामाङ,मगर,गुरुङ)<br>● वालन र संगीनी नाच | ● तपाईले आफ्नो चाड पर्व ,जात्रा,मेलामा गाउने मौलिक गीत र नृत्य के गर्नु भएको देख्नु भएको छ ? अनि तपाई पनि सहभागी हुनु भएको छ ? प्रश्न राखी विभिन्न जातीको मौलिक गित र नृत्यको छलफल गराउने<br>● पालिका भित्रका जातजातीलेको मौलिक गित र नृत्य झल्काउने फोटो, भिडियो,वा वृतचित्र जस्ता सामाग्री वा तालिकाहरू प्रस्तुत गराउदै (व्राहम्ण क्षेत्री, नेवार, राई, शेर्पा, तामाङ, मगर, गुरुङ) समुदायको मौलिक गीत र नृत्य बताउने ।<br>● नृत्य वालन, संगीनि कुन कुन समुदाय र जातिले कस्तो अवसरमा मनाउने गर्दछन् ? देख्नु भएको छ ? भनि प्रश्न राखी छलफल गराउने वालन र संगिनी भिडियो फुटेज, वृतचित्र, वा संभव भएमा अध्यास गराउने , | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● शेर्पा सुदायको कुनै एक नृत्यको नाम लेख्नुहोस् ।<br>● विभिन्न जातजाती र मौलिक नृत्यको विचको जोडा मिलाउ , खाली ठाँउ भर्ने जस्ता मुल्यांकन साधान<br>● वालनको छोटो परिचय दिनुहोस् ।<br>● संगिनी नाच भनेको के हो ? | ५ |
| | ● पर्यटकीय स्थल | ● आफ्ना पालिका भित्रको मुख्य पर्यटकीय सम्पदाहरूको नाम र अवस्थिति बताउन | ● पालिका भित्रका मुख्य पर्यटकीय क्षेहहरू ( सुन्तले, वाघखोर, धापखर्क, मुन्धुम पदमार्गको प्रवेस मार्ग, टक्सार एयरपोर्ट,सरस्वती गुफा, धापखर्क, कैलास डाँडा,अरुण डाँडा, गुप्तेश्वरको तिन छाँगे झर्ना, पाल्लेधारा, धर्मशाला, नाग दह,थामडाँडा, भ्यू टावर, रक गार्डेन, महभिर हनुमाने ,भिमसेन डाँडा, डल्ले चुली ) | ● तपाई घुम्न जानु भएको छ ? कुन ठाँउमा ? जस्ता प्रश्न राखी विद्यार्थीहरूले भनेको पर्यटकीय क्षेत्रको नाम र अवस्थिति टिपोट गर्ने<br>● पालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रको संभव भए सम्मको फोटो, भिडियो वा वृतचित्र जस्ता सामाग्री वा तालिकाहरू नाम र अवस्थिति बताउने । | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● तपाईको पालिकामा पर्ने कुनै ४ ओटा पर्यटकीय सम्पदाको नाम लेख्नुहोस् ।<br>● कैलास डाँडा कति नं वडामा पर्दछ ?<br>● पर्यटकीय सम्पदा र अवस्थिति विचको जोडा मिलाउ , खाली ठाँउ भर्ने जस्ता मूल्यांकन साधान | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३. जातजाति, भाषाभाषी तथा चाडपर्व** | • **जातजाति** | • आफ्नो पालिकाभित्र बसोबास गर्ने सबै जातजातिको विवरण प्रस्तुत गर्न<br>• जातीय सद्भाव र सम्मान व्यक्त गर्न | • आफ्नो गाउँ/टोल, वडा र पालिकाभित्र बसोबास गर्ने जातजातिहरूको नाम, जातिगत समूह (आदिवासी जनजाति, ब्राह्मण-क्षेत्री, , दलित समुदाय र अन्य आदि) तथा उक्त जातिहरूको सामान्य परिचय<br>• जातीय सद्भाव र सम्मान | • आफ्नो वडा र पालिकाभित्रका जातजातिहरूको नाम बताउन लगाउने, छलफल गरी प्रस्तुत गर्न लगाउने<br>• विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• समूह निर्माण गरी वडाका जातजातिहरूको नाम, भेषभुषा, चाडपर्व आदिको तालिका प्रस्तुत गर्न लगाउने<br>• कक्षा कार्य गराउदा मिश्रित समूह निर्माण गरी पारस्पारिक सद्भाव, सहकार्य र सहयोगको भावना विकास गर्ने<br>• समावेशी बसाइ व्यवस्थान मिलाउने<br>• समान अवसर र प्रोत्साहन प्रदान गर्ने<br>• पाठ शीर्षकसँग मिल्ने विषयमा परियोजना कार्य प्रदान गर्ने (व्यक्तिगत वा सामुहिक) | • प्रश्नोत्तर : भोजपुर नगरपालिकाभित्र कुनकुन जातजातिहरूको बसोबास रहेको छ ? ती जातजातिलाई जातिगत समूह (आदिवासी जनजाति, ब्राह्मण-क्षेत्री, , दलित समुदाय र अन्य) मा विभाजन गरी सूची प्रस्तुत गर्नुहोस् ।<br>• व्यवहार अवलोकन, प्रस्तुतीकरण, परियोजना कार्य मूल्याङ्कन, अभिलेखीकरण<br>• रुजु सूची, श्रेणी मापन अथवा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• निर्माणात्मक मूल्याङ्कानका साधनहरूको प्रयोग<br>• मुख्य सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन गरी पृष्ठपोषण, थप सिकाइ अवसर तथा आवश्यकतानुसार निराकरणत्मक शिक्षणको रानीति अपनाउने | ४ |
| | • **भाषाभाषी** | • आफ्नो पालिकाभित्रका समुदायले बोल्ने भाषाहरूको सूची प्रस्तुत गर्न<br>• आफ्नो मातृभाषामा बोल्न ( घर तथा छिमेकमा) प्रेरित हुन | • आफ्नो वडा तथा पालिकाभित्र बोलिने भाषाहरूको नाम तथा विवरण<br>• आफूले बोल्ने भाषाको शुद्ध र शिष्ट (साइनो, सम्मान, नम्रता, शब्द चयन, बोल्ने शैली आदिमा शिष्टता) प्रयोग गर्ने अभ्यास | • आफ्नो वडा र पालिकामा बोलिने भाषाहरूको नाम र सङ्ख्या, सो भाषा बोल्ने जातजातिको नाम आदिको चर्चा गर्दै भाषाको परिचय र महत्त्व बारे छलफल गर्ने<br>• भाषाको काम बारे छलफल गर्ने<br>• बोल्दा शुद्ध उच्चारणमा ध्यान दिने<br>• सन्दर्भ दिई शिष्ट बोल्ने अभ्यास पालैपालो गराउने (जस्तै : कुनै अतिथिसँगको भेटमा बोलिने भाषाशैली वा आफूभन्दा सानासँग बोलिने शिष्ट भाषाशैली आदि) | • व्यवहार अवलोकान, रुजुसूची, श्रेणीमापन वा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• प्रश्नोत्तर गर्ने<br>• कार्यसञ्चयिका निर्माण<br>• निर्माणात्मक मूल्याङ्कनका अन्य साधनहरू प्रयोग गर्ने<br>• मुख्य सिकाइउपलब्धिमा आधारित मूल्याङ्कन गर्ने | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ● आ-आफ्नो घरमा, छिमेकमा तथा साथीहरूसँग मातृभाषा प्रयोग गरी बोल्न प्रोत्साहन<br>● मातृभाषाका **नमस्कार, धन्यवाद, शुभकामना, बाजे, बज्यै, आमा, बाबु, दाजु, भाइ, दिदी, बहिनी, काका, मामा** शब्दहरू | ● सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>● मातृभाषाका नमस्कार, धन्यवाद, शुभकामना, बाजे, बज्यै, आमा, बाबु, दाजु, भाइ, दिदी, बहिनी, काका, मामा शब्दलाई कक्षामा उपस्थित विद्यार्थीकै सहयोगमा वा शिक्षक आफैले नेपालीमा, अङ्ग्रेजीमा तथा विभिन्न स्थानीय मातृभाषाहरूमा अनुवाद गरी प्रस्तुत् गरी आ-आफ्नो मातृभाषाप्रद्धढतज ागरुक गराउने<br>● नेपाली भाषाभन्दा फरक मातृभाषा बोल्ने विद्यार्थीलाई आफ्नो मातृभाषामा कुनै एक वाक्य बोल्न लगाएर अरुलाई पनि यसरी नै बोल्न सक्छौ भनी नमुना प्रस्तुत गरी प्रोत्साहित गर्ने | | |
| | ● **चाडपर्व** | ● आफ्नो पालिकाभित्रका समुदायले मनाउने प्रमुख स्थानीय चाडपर्वहरूको सूची प्रस्तुत गर्न<br>● लिम्बू जातिको धाननाच र च्याप्रुङ नाच तथा गुरुङ जातिको तमुल्होसारको सामान्य परिचय प्रस्तुत गर्न | ● पालिकाभित्रका विभिन्न जातजाति अनुसारका स्थानीय मौलिक चाडपर्वहरूको विवरण<br>● वडा र पालिकाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने मुख्य चाडपर्वहरूको नाम तथा मनाउने महिना/गते/वार/तिथि/अवसर बारे छलफल<br>● लिम्बू जातिको धाननाच र च्याप्रुङ नाच तथा गुरुङ जातिको तमुल्होसारको सामान्य परिचय<br>● अवसर मिलाएर स्थानीय चाडपर्वहरूमा सहभागिता | ● विभिन्न चाडपर्व मनाउँदै गरेको चित्र, तस्विर, पत्रिकाको कटिङ आदि देखाउँदै चिन्न लगाउने<br>● विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने (जस्तैं : आफूले आफ्नो वा कसैको चाडपर्वमा सहभागि हुँदाको अनुभव वर्णन .....)<br>● सम्भव भएसम्म विभिन्न सम्बन्धित भिडियो प्रस्तुत गरी छलफ गराउने<br>● आफ्नो वडा र पालिकाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने प्रमुख चाडपर्वहरूको नाम, मनाउने तरिका र समय - महिना/गते/वार/तिथि/अवसर) आदिका बारेमा छलफल गर्ने (विद्यार्थी केन्द्रित बनाउने)<br>● लिम्बू जातिको धाननाच र च्याप्रुङ नाच तथा गुरुङ जातिको तमुल्होसारको सामान्य परिचयसहित छलफल गरी सामान्य परिचय बताउन लगाउने<br>● सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने | ● प्रश्नोत्तर : आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने मुख्य पाँच ओटा चाडपर्वहरूको नाम बताउनुहोस्<br>● लिम्बू जातिको धान नाच र च्याप्रुङ नाचमा के भिन्नता छ ?<br>● तमुल्होसार कस्ले कसरी मनाउँछ ?<br>● व्यवहार अवलोकन, प्रस्तुतीकरण, अभिलेखीकरण<br>● कार्यसञ्चयिका निर्माण<br>● निर्माणात्मक मूल्याङ्कनका साधनहरूको प्रयोग<br>● रुजु सूची, श्रेणीमापन, रुब्रिक्स निर्माण गरी प्रयोग | ६ |
| **४. आर्थिक क्रियाकलाप, स्थानीय पेसा,** | ● **आर्थिक क्रियाकलाप** | ● आफ्नो वडा र पालिकाभित्रका मानिसहरूको कृषिमा आधारित मुख्य | ● आफ्नो वडा र भोजपुर नगरपालिका भित्रका मानिसहरूको कृषिमा | ● शिक्षकले नगरपालिकाभित्रका मानिसहरूको कृषिमा अधारित मुख्य आयस्रोतका क्षेत्रहरूको सूची प्रस्तुत गरी छलफल तथा थपघट गर्ने/गराउने | ● लिखित तथा मौखित प्रश्नेत्तर<br>● भोजपुर न.पा.मा टमटरको मुख्य उत्पादन क्षेत्र कहाँ छ ? | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **व्यवसाय तथा प्रविधि** | | आयस्रोतका क्षेत्रहरूको सूची प्रस्तुत गर्न | अधारित मुख्य आयस्रोतका क्षेत्रहरूको सूची | ● विद्यार्थीलाई सो सूची निर्माण गर्न लगाई कृषि पेसामा भएको आफ्नो अनुभव भन्न लगाउने<br>● शिक्षकले सफल कृषि उद्यमीहरूको आयआर्जनका कथा/अनुभव सुनाउने जस्तै : पारपानीको टमटर खेती, दाँवाको सुन्तला, बोखिमको तरकारी खेती, अन्य विभिन्न कृषि फर्महरू .... आदि । | ● भोजपुर न.पा.भित्र टमटर जस्तै आयस्रोत दिने अन्य खेतीहरूको नाम भन्नुहोस् ।<br>● प्रस्तुति अवलोकन<br>● परियोजना कार्य दिई परीक्षण | |
| | ● **स्थानीय पेसा, व्यवसाय** | ● आफ्नो वडा र पालिकाभित्र बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका विभिन्न पेसा तथा व्यवसायहरूको वर्गीकरण गर्न | ● पेसा-व्यवसायको वर्गीकरण तालिका<br>● कृषि : नगदे बाली, खाद्यान्न बाली, पशुपंक्षी पालन<br>● व्यापार व्यवसाय<br>● उद्योग<br>● रोजगारी : स्वदेशी र विदेशी | ● शिक्षकले विभिन्न पेसा तथा व्यवसायहरूको वर्गीकरण गरिएको चार्ट प्रस्तुत गरी छलफल गर्ने<br>● पेसा व्यवसायको महत्त्व र आवश्यकता बारे छलफल<br>● आफ्नो रुचिको पेसा व्यवसायका बारेमा छलफल | ● प्रश्नोत्तर<br>● अवलोकन<br>● परियोजना परीक्षण | ९ |
| | ● **स्थानीय प्रविधि** | ● नगरपालिका तथा जिल्ला स्तरीय रैथाने प्रविधिहरू ( नाङलो ,डालो ,फिपी, घुम, भुने, थुन्से, भकारी, छपनी, पेचा, फूर्लुङ, पेरुङ्गो बुन्ने, चँदारो ( ठेका, ठेकी, हर्पे, कठुवा, मदानी बनाउने), को परिचय दिई महत्त्व बताउन<br>● भोजपुरे खुकुरी चिन्न र इतिहास बताउन<br>● भोजपुरे खुकुरीको विगत र वर्तमान अवस्थाबारे फरक बताउन | ● नगरपालिका तथा जिल्ला स्तरीय रैथाने प्रविधिहरू : नाङलो ,डालो , फिपी, घुम, भुने, थुन्से, भकारी, छपनी, पेचा, फूर्लुङ, पेरुङ्गो बुन्ने, चँदारो (ठेका, ठेकी, हर्पे, कठुवा, मदानी आदिको परिचय र महत्त्व<br>● भोजपुरे खुकुरीको इतिहास<br>● भोजपुरे खुकुरीको विगत र वर्तमान अवस्था | ● विद्यार्थीलाई नगरपालिका तथा जिल्ला स्तरीय रैथाने प्रविधिहरू ( नाङलो, डालो, फिपी, घुम, भुने, थुन्से, भकारी, छपनी, पेचा, फूर्लुङ, पेरुङ्गो बुन्ने, चुवादरो ( ठेका, ठेकी, हर्पे, कठुवा, मदानी बनाउने) को बारेमा के कति जानकारी रहेछ सोध्ने, स्पष्ट भन्न नसकेमा वास्तविक बस्तुको अवलोकन गराएर, फोटो ,भिडियो देखाएर अभिनय गरेर, गर्न लगाएर स्पष्ट पार्ने<br>● माथि उल्लेखित रैथाने प्रविधिको महत्त्व सूचिबद्ध प्रस्तुत गरी स्पष्ट पार्ने<br>● विद्यार्थीहरूलाई भोजपुरे खुकुरीको बारेमा के जानकारी छ भनेर सोध्ने, उनीहरूको जवाफको आधारमा सिकाइ सहजीकरण सुरु गर्ने<br>● भोजपुरे खुकुरीको इतिहास प्रदर्शन र छलफल विधिबाट विशेषता सहित प्रष्ट पार्ने<br>क.भोजपुर नगरपालिका वडा नं. ४ वोखिमका महेन्द्रबहादुर विश्वकर्माका पूर्खाहरूबाट **बुदना** जातका भोजपुरे खुकुरी स्थानीय रैथाने फलाम र प्रविधिबाट बन्ने गर्दथ्यो भनी फोटोको माध्यमबाट प्रष्ट पारीदिने | ● नाङलो, डालो, फिपी, घुम, भुने, थुन्से, भकारी, छपनी, पेचा, फूर्लुङ, पेरुङ्गो बुन्ने, चुवादरो ( ठेका, ठेकी, हर्पे, कठुवा, मदानी बनाउने) को कुनै दुई दुई ओटा महत्त्व बताउनुहोस् ।<br>● खुकुरी प्रकार र महत्त्व बताउनुहोस् | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • ख. भोजपुरे खुकुरी विगतमा **बुदना** स्थानीय रैथाने फलाम र प्रविधिबाट र वर्तमानमा विभिन्न प्रकारका आयातित खुकुरी रहेको बताईदिने<br>• भोजपुरे खुकुरीले प्राप्त गरेको लोकप्रियता बारे छलफल गराउने | | |
| **५. स्थानीय संरचना र विशिष्ट व्यक्तित्व** | • **स्थानीय संरचना** | • जिल्लाभित्रका स्थानीय तहहरूको सङ्ख्या र नामको सूची बनाउन | • जिल्लाभित्रका स्थानीय तहहरूको सङ्ख्या र नाम | • भोजपुर जिल्लाको नक्सा प्रर्दशन गरी स्थानीय तह कतिओटा छन् भनी प्रश्न गर्ने,आएको उत्तर सँग तुलना गराई र नाम बताई अवलोकन गर्न,भन्न र लेख्न लगाउने | • निम्न प्रश्नको आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• १.भोजपुर जिल्लामा कतिओटा स्थानीय तहहरू छन् ?<br>• २. भोजपुर जिल्लामा कतिओटा नगरपालिकाहरू छन् ? | ६ |
| | • **विशिष्ट व्यक्तित्व** | • मुख्यमन्त्री, नगर प्रमुख र उपप्रमुखको नाम बताउन र चिन्न<br>• जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखको नाम बताउन<br>• आफ्नो वडामा रहेका राजनीतिक,सामजिक,शैक्षिक क्षेत्रमा योगदान दिने व्यक्तिहरूको नाम चिन्न र बताउन | • मुख्यमन्त्री, नगर प्रमुख र उपप्रमुख<br>• जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख<br>• आफ्नो वडामा रहेका राजनीतिक,सामजिक,शैक्षिक क्षेत्रमा योगदान दिने व्यक्तिहरू | • विद्यार्थीहरूलाई प्रदेशको मुख्यमन्त्री, जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख, नगर प्रमुख र उपप्रमुखका को फोटो देखाउदैं चिन्न लगाउने,उनीहरूको उत्तरलाई नाम सहितको सूचिसँग तुलना गर्न लगाई प्रष्ट पार्ने<br>• आफ्नो वडामा रहेका राजनीतिक,सामजिक,शैक्षिक क्षेत्रमा योगदान दिने व्यक्तिहरूको नाम र योगदान तालिकामा प्रस्तुत गरी व्याख्यान,प्रश्नोत्तर र छलफल विधि अपनाई स्पष्ट पार्ने | • निम्न प्रश्नको आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• १.प्रदेश नं. १ को मुख्यमन्त्रीको नाम के हो ?<br>• २.तपाईको वडामा रहेका कुनै एकजना शैक्षिक क्षेत्रमा योगदान गर्ने व्यक्तिको नाम र योगदान लेख्नुहोस् | १० |
| **६. स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि** | • **स्थानीय पूर्वाधार विकास** | • स्थानीय स्तरमा रहेका शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि आदि क्षेत्रका महत्त्वपूर्ण पूर्वाधारहरू अवलोकन गरी सुरक्षित रहे नरहेको यकीन गर्न | • स्थानीय पूर्वाधारहरू<br>• सुरक्षित पूर्वाधार | • विद्यार्थीहरूलाई आफ्नो क्षेत्रमा रहेका शैक्षिक संस्था, स्वास्थ्य संस्था, खेलमैदान, कृषि फाराम आदिको अवलोकन गर्न लगाई भोजपुर नगरपालिका भित्रका अन्य महत्त्वपूर्ण पूर्वाधारहरू शिक्षकले उपयुक्त विधिको प्रयोग गरी जानकारी गराउने ।<br>• चित्र, चार्ट आदिको प्रयोग गरी सुरक्षित पूर्वाधारका बारेमा स्पष्ट पार्दै आफ्नो क्षेत्रमा रहेका महत्त्वपूर्ण पूर्वाधारहरू सुरक्षित रहे नरहेको यकीन गर्न लगाउने । | • लिखित तथा मौखिक प्रश्नोत्तर<br>• अवलोकन<br>• निरन्तर मूल्याङ्कनका साधनहरूको प्रयोग | ६ |
| | • **जनशक्ति विकास** | • आफ्नो वरपर रहेका विभिन्न क्षेत्रका मौजुदा जनशक्ति पहिचान गर्न | • स्थानीय जनशक्ति | • विद्यार्थीहरूलाई आफ्नो क्षेत्रभित्र विभिन्न पेसा तथा व्यवसायमा संग्लग्न प्राविधिक तथा अप्राविधिक जनशक्ति पहिचान गर्न लगाउने । | • छलफल, प्रश्नोत्तर, अवलोकन आदि | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● चित्र, चार्ट आदि उपयुक्त सामाग्रीका माध्यमबाट स्थानीय जनशक्तिका बारेमा थप स्पष्ट पारिदिने । | | |
| | ● **सूचना तथा सञ्चार** | ● आफ्नो परिवार, विद्यालय र वडाअन्तर्गतका निकायहरूको सम्पर्क नम्बर बताउन | ● फोन गरौँ | ● विद्यार्थीहरूलाई आफ्ना परिवारका सदस्यहरू, विद्यालयका शिक्षकहरू र आफ्नो वडा कार्यालय लगायतका फोन नम्बरहरू सङ्कलन गर्न लगाई विभिन्न समस्या, गुनासो र सूचनाहरू ती निकायहरूलाई फोनमार्फत जानकारी गराउन प्रोत्साहन गर्ने । शिक्षकको फोनमार्फत आवश्यक प्रयोगात्मक कार्य समेत गर्ने । | ● व्यवहार अवलोकन<br>● प्रयोगात्मक कार्य<br>● निरन्तर मूल्याङ्कन | ५ |
| **७. प्रकोप तथा विपद् व्यवस्थापन** | ● **विपद् रोकथाम तथा व्यवस्थापन** | ● विपदहरू (सरुवा रोगहरू, बाढिपहिरो आदि) का कारण, असर र यसबाट बच्ने उपायहरू बताउन,<br>● प्रकोप तथा विपदबाट सुरक्षित रहने उपायहरूको अवलम्बन गर्न | ● विपदको असर र बच्ने उपाय | ● कोरोना, झाडा पखाला लगायतका महामारी, बाढी पहिरो, चट्याङ, आगलागी, भुकम्प आदि विपदहरूको प्रमुख कारण भनेको मानवीय गलत क्रियाकलाप र वातावरणीय गडबढी हो र यसले जनधनको धेरै क्षति हुने कुरा उदाहरण सहित प्रस्ट्याउने ।<br>● विपद व्यवस्थापनको सन्दर्भमा विपद् अघि, विपदको समय र विपद पछि गर्नुपर्ने व्यवस्थापकीय पक्षहरूको बारेमा सिकारुलाई समुचित जानकारी गराउने ।<br>● आवश्यकतानुसार अन्य सिकाइ सहजीकरणका विधिहरूलाई प्रयोग गरी तोकिएको सिकाइ सक्षमता प्राप्त गर्न सहज हुने विषयवस्तुबारे स्पष्ट पार्ने । | ● प्रश्नोत्तर<br>● कक्षा सहभागिता<br>● लिखित वा मौखिक परीक्षा<br>● निरन्तर मूल्याङ्कन | ६ |
| | | ● सुरक्षित वासस्थान (घर र विद्यालय) को आवश्यकता र महत्त्व बताउन,<br>● सुरक्षित विद्यालयको परिचय दिन र फाइदाहरू चिन्न । | ● सुरक्षित वासस्थान, सुरक्षित विद्यालय | ● सुरक्षित आवास मापदण्डको प्रयोग गरी घर तथा विद्यालय निर्माण गर्दा हामी सुरक्षित हुन सक्छौ, तसर्थ सुरक्षित वासस्थान हाम्रो लागि आवश्यक र महत्त्वपूर्ण छ भन्ने कुराको जानकारी गराउने,<br>● सुरक्षित वासस्थान र सुरक्षित विद्यालयका आवश्यक सर्तहरू सोदाहरण सिकारुलाई प्रस्तुत गर्ने । | ● प्रश्नोत्तर<br>● कक्षा सहभागिता<br>● लिखित वा मौखिक परीक्षा<br>● निरन्तर मूल्याङ्कन | ६ |
| **८. स्थानीय नैतिक मूल्य मान्यता र** | ● **स्थानीय नैतिक मूल्य मान्यता** | ● समुदायका विविधताप्रति सम्मान प्रकट गर्न<br>● सत्य, धर्म, प्रेम, शान्ति र अहिंशालाई मानवीय मूल्यका | ● विविधताको सम्मान<br>● मानवीय मूल्य<br>● आत्मानुशासनको आवश्यकता र महत्त्व | ● स्थानीय स्तरमा रहेका लिङ्ग, जात, धर्म, वर्ण, पेसा, शारीरिक क्षमता लगायतका विविधताका बारेमा प्रश्नोत्तर विधिका माध्यमबाट छलफल गराउँदै विविधताको विशिष्टता, उपयोग र महत्त्व | ● मौखिक तथा लिखित प्रश्नोत्तर<br>● व्यवहार अवलोकन<br>● परियोजना कार्यको मूल्याङ्कन<br>● अभिभावक भेटघाट | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **व्यावहारिक लेखन सिप** | | रूपमाग्रहण गरी व्यवहारमा आत्मसात गर्न<br>● आत्मानुशासनको अर्थ, आवश्यकता र महत्त्वबारे जानकार भई दैनिक जीवनमा अवलम्बन गर्न | ● स्वव्यवस्थापन | बताइदिने । स्थानीय स्तरका विविधताका स्वरुप खोजी गर्न लगाउने, विविधताप्रति सकारात्मक धारण विकास गर्दै विविधतालाई गौरवका रूपमाप्रस्तुत गरिएका वाल सन्दर्भ सामग्री र श्रव्यदृष्य सामग्रीको खोजी गरी प्रदर्शन गर्ने ।<br>● सत्य, धर्म, प्रेम, शान्ति र अहिंशालाई मानवीय मूल्यका रूपमापरिचय दिई छलफल, प्रश्नोत्तर, परियोजना कार्य, प्रेरक सामग्रीहरूको प्रस्तुतीकरण आदि क्रियाकलापका माध्यमबाट उक्त मूल्यहरूलाई व्यवहारमा आत्मसात गर्न प्रेरित गर्ने ।<br>● दैनिक जीवनमा आत्मानुशासनको आवश्यकता र महत्त्व प्रष्ट पार्दै प्रश्नोत्तर र छलफलका आधारमा निष्कर्षको प्रस्तुतीकरण गर्ने ।<br>● उपयुक्त सामग्री र विधि प्रयोग गरी स्वव्यवस्थापनको अर्थ र उपयोगिताका बारेमा प्रस्तुतीकरण गर्दै स्वव्यवस्थापन र अनुशासनमा ध्यान दिन प्रेरित गर्ने । | ● निरन्तर मूल्याङ्कन | |

**कक्षा : ५**

| विषय क्षेत्र | एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. भौगोलिक परिचय** | ● **भौगोलिक परिचय** | ● भोजपुर नगरपालिका भित्रको होचो र अग्लो ठाउँको नाम भन्न र चिन्न<br>● भोजपुर नगरपालिका भित्र पाइने वनस्पति, जीवजन्तु, पंक्षीको वर्गीकरण गर्न<br>● भोजपुर नगरपालिका भित्र रहेका डाँडाकाँडा, खोलानाला, छाँगा र बनस्पतिको महत्त्व बताउन | ● भोजपुर नगरपालिकाको भित्रको होचो र अग्लो ठाउँ<br>● भोजपुर नगरपालिका भित्र पाइने बनस्पति, जीवजन्तु, पंक्षीको वर्गीकरण<br>● भोजपुर नगरपालिका भित्र रहेका, डाँडाकाँडा, खोलानाला, छाँगा र बनस्पतिको महत्त्व | ● धरातलीय स्वरुप र उचाइको परिचय दिदैं प्रर्दशन विधिको माध्यमबाट भोजपुर नगरपालिका भित्रको होचो र अग्लो ठाउँ तथ्य सहित स्पष्ट पार्ने<br>● बनस्पति,जीवजन्तु,पंक्षीको वर्गीकरण चार्टबाट प्रष्टयाउने<br>● डाँडाकाँडा,खोलानाला,छाँगा र बनस्पतिको महत्त्व बारे व्याख्यान,छलफल,प्रर्दशन र खोज विधि ( चार्ट,तालिका,भिडियो) प्रयोग गर्ने र दुई दुईजनाको समूह बनाई बुँदागत रूपमा प्रस्तुत गर्न लगाउने | ● निम्न उल्लेखित दिइए जस्तै प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>१.धरातलीय उचाइ कहाँबाट नापिन्छ ?<br>२.मयूर कुन ठाउँमा पाईन्छ ?<br>३.खोलाको दूई दुईओटा आर्थिक र पर्यावरणीय महत्त्व बताउनुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा | • ऐतिहासिक सम्पदा | • भोजपुर वजारको ऐतिहासिक परिचय, महत्व र संरक्षणका उपायहरू वताउन | • भोजपुर नामकरणको ऐतिहासिकता<br>• भोजपुरको प्रसिद्ध खुकुरीको प्रख्याती<br>• सिद्धकाली मन्दिर,सात धारा | • भोजपुर बजारको ऐतिहासिक पक्षलाई समेटेर वनाएको वृतचित्र, फोटोहरू, फुटेज भिडियो वा संभव भएमा स्रोत व्यक्ति ( जानकार व्यक्ति) हरूलाई ल्याई छलफल गराउने ।<br>• भोजपुर वजारलाई चिनाउने ऐतिहासिक पक्षहरू के के रहेको छन् भनि सिद्धकाली मन्दिर,सात धारा,खुकुरीको प्रख्यातीको वारेमा विद्यार्थीहरूलाई फोटो, भिडियो, वृत्तचित्र देखाई छलफल गराई प्रष्ट पार्ने ।<br>• संभव भएमा स्रोत व्यक्ति ( जानकार व्यक्तित्व) लाई कक्षाकोठामा आमन्त्रण गरी छलफल गराउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• भोजपुरको नामकरणको ऐतिहासिकता लेख्नुहोस् ।<br>• भोजपुरलाई प्रसिद्ध गराउने कुनै २ पक्ष लेखी छोटकरीमा लेख्नुहोस् । | ६ |
| | • धार्मिक सम्पदा | • भोजपुर नगरपालिका भित्रको शेर्पा समुदाय र तामाङ्ग समुदायको प्रमुख गुम्वाहरूको धार्मिक परिचय वताउन | • शेर्पा समुदायको प्रमुख गुम्वा : ज्याङ छुप छयोलिङ गुम्वा, पेमा छयोलिङ गुम्वा<br>• तामाङ्ग समुदायको प्रमुख गुम्वाहरू : साङगे छयोलिङ गुम्वा, हिमालय महायानी विश्वशान्ति वौद्ध गुम्वा | • शेर्पा समुदायको प्रमुख गुम्वा ज्याङ छुप छयोलिङ गुम्वा, पेमा छयोलिङ गुम्वाको वारेमा फोटोहरु, फुटेज भिडियो वा संभव भएमा स्थलगत अध्ययन आवलोकन भ्रमण गराए मन्दिरको परिचय, धार्मिक आस्था, भक्तजनहरुको विशेष कुन कुन वेलामा वढि भिडभाड रहन्छ छलफल तथा स्रोत व्यक्तिवाट जानकारी दिने ।<br>• तामाङ्ग समुदायको प्रमुख गुम्वाहरू साङगे छयोलिङ गुम्वा, हिमालय महायन विश्वशान्ति वौद्ध गुम्वाको वारेमा वृतचित्र, फोटोहरु, फुटेज भिडियो वा संभव भएमा स्थलगत अध्ययन अवलोकन भ्रमण गराए गुम्वाकोको परिचय, धार्मिक आस्था, भक्तजनहरूको विशेष कुन कुन वेलामा वढि भिडभाड रहन्छ छलफल तथा स्रोत व्यक्तिवाट | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• ज्याङ छुप छयोलिङ गुम्वाको स्थापना कहिले भएको हो ?<br>• गुम्वामा कुन समयमा धर्मालम्विहरूको भिड हुन्छ ?<br>• हिमालय महायानी विश्वशान्ति वौद्ध गुम्वागुम्वाको छोटो परिचय लेख्नुहोस् । | ६ |
| | • साँस्कृतिक सम्पदा | • पालिका भित्र प्रचलित स्थानीय बाजाहरू पहिचान गर्न<br>• वनदेवी नाच , ठाकठुके नाच र धार्मिक महत्व वताउन | • (ब्राह्मण क्षेत्री, नेवार,राई, शेर्पा, तामाङ,मगर,गुरुङ) समुदायमा प्रचलित मौलिक वाजाहरू<br>• वनदेवी नाच र ठाकठुके नाच | • तपाईको घरमा वा छिमेकमा तपाईले पर्व, मेला , जात्रामा कुन कुन बाजा बजाएको देखेको छौ ? भनि प्रश्न गरी उनीहरूवाट आएको वाजाहरू टिपोट गर्दै जाने<br>• भोजपुर नगरपालिका भित्रको (ब्राहम्ण क्षेत्री, नेवार,राई, शेर्पा, तामाङ,मगर,गुरुङ) समुदायमा प्रचलित स्थानिय मौलिक वाजाहरूको छलफल गराई जानकारी गराउने ।<br>• तपाईले ठाकठुके नाच देख्नु भएको छ ? कहिले देख्नु भएको ? यो कुन जातीले विशेष गरी मनाउनु जात्रा हो ? जस्ता प्रश्न राखी पालिका | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• राई समुदायको प्रमुख मौलिक २ वाजाको नाम लेख्नुहोस् ।<br>• खिं वाजा कुन जाती संग सम्वन्धित छ ?<br>• लाखे नाचको छोटो परिचय लेख्नुहोस् ।<br>• ठाकठुके नाच कसरी नाचिन्छ ? छोटकरीमा लेख्नुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | भित्र नेवार समुदायमा प्रचलित लाखे नाच वारेमा जानकार व्यक्तिलाई कक्षा कोठामा आमन्त्रण वा संभव भएमा जात्राको अवलोकन गराउने वा भिडियो देखाई नाच्ने विधि , अवसरको वारेमा जानकारी गराउने ।<br>● वनदेवी नाच कुन जाती संग सम्वन्धित होला ? प्रश्न राखी यस नाचको वारेमा फोटो ,भिडियो वाट छलफल गराई नेवार समुदायको मौलिक नाच भएको बताउने । | | |
| | ● **पर्यटकीय स्थल** | ● सिद्धमहाराजको मन्दिर र सरस्वती गुफा पर्यटकीय परिचय र महत्व वताउन | ● सिद्धमहाराजको मन्दिर<br>● सरस्वती गुफा | ● सिद्धमहाराजको मन्दिर सम्वन्धि भिडियो, फोटो वा संभव भएमा स्थलगत अध्ययन अवलोकन भ्रमण गराई यसको धार्मिक महत्त्व र परिचय गराउने<br>● सरस्वती गुफा पुगेको वा सुनेको छ भनी प्रश्न राख्दै सरस्वती गुफा सम्वन्धि भिडियो, फोटो वा संभव भएमा स्थलगत अध्ययन अवलोकन भ्रमण गराई यसको धार्मिक महत्त्व र भौगोलिक परिचय, विशेषताहरूको बारेमा छलफल गराई परिचय गराउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● सिद्धमहाराजको मन्दिरको ऐतिहासिक परिचय लेख्नुहोस् ।<br>● सरस्वती गुफाको भौगोलिक विशेषता लेख्नुहोस् ।<br>● सरस्वती गुफा पर्यटकीय संभावना वोकेका स्थल हो । किन ? | ५ |
| **३. जातजाति, भाषाभाषी तथा चाडपर्व** | ● **जातजाति** | ● आफ्ने पालिकाभित्र बसोबास गर्ने सबै जातजातिको परिचय र मुख्य बसोबास क्षेत्र प्रस्तुत गर्न<br>● जातीय सद्भाव र सम्मान व्यक्त गर्न | ● आफ्नो गाउँ/टोल, वडा र पालिकाको जातजातिको परिचय (नाम, सांस्कृतिक विशेषता (संस्कार, भेषभुषा, गरगहना, साँस्कृतिक बाजाहरू), बसोबास क्षेत्र, मुख्य पेसा आदि)<br>● पालिकाभित्रका जातजातिहरूको मुख्य बसोबास क्षेत्रहरू ( गाउँ/टोल/वडा) को पहिचान<br>● जातीय सद्भाव, सम्मान तथा सम्मिलन | ● आफ्नो पालिकाभित्रका जातजातिहरूको नाम र मुख्य बासोबास क्षेत्र बताउन लगाउने, छलफल गरी प्रस्तुत गर्न लगाउने<br>● विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने<br>● सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>● कक्षा कार्य गराउदा मिश्रित समूह निर्माण गरी पारस्पारिक सद्भाव, सहकार्य र सहयोगको भावना विकास गर्ने<br>● समावेशी बसाइ व्यवस्थान मिलाउने<br>● समान अवसर र प्रोत्साहन प्रदान गर्ने<br>● एक हप्ताको समय दिएर प्रत्येकले आफू बसेको वडामा बसोबास गर्ने जातजातिहरू (ब्राह्मण-क्षेत्री, आ.ज., दलित, अन्य) को सूचीगत तालिका विवरण निर्माण गरेर ल्याउने परियोजना कार्य प्रदान गर्ने | ● प्रश्नोत्तर : भोजपुर न.पा.मा शेर्पा र गुरुङ जातिको मुख्य बसोबास गर्नै ठाउँ कुनकुन हुन ?<br>● व्यवहार अवलोकन, प्रस्तुतीकरण, परियोजना कार्य मूल्याङ्कन, अभिलेखीकरण<br>● रुजु सूची, श्रेणी मापन अथवा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>● निर्माणात्मक मूल्याङ्कानका साधनहरूको प्रयोग<br>● मुख्य सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन गरी पृष्ठपोषण, थप सिकाइ अवसर तथा आवश्यकतानुसार | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | निराकरणत्मक शिक्षणको रणनीति अपनाउने | |
| | • भाषाभाषी | • आफ्नो पालिकाभित्रका समुदायले बोल्ने भाषाहरूको स्थिति (प्रयोगको अवस्था) बताउन<br>• आफ्नो मातृभाषामा बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन | • आफ्नो वडा तथा पालिकाभित्र बोलिने भाषाहरूको नाम तथा विवरण र ती भाषाको प्रयोग स्थिति<br>• आफूले बोल्ने भाषाको शुद्ध र शिष्ट (साइनो, सम्मान, नम्रता, शब्द चयन, बोल्ने शैली आदिमा शिष्टता) प्रयोग गर्ने अभ्यास<br>• आ-आफ्नो घरमा, छिमेकमा तथा साथीहरूसँग मातृभाषा प्रयोग गरी बोल्न प्रोत्साहन<br>• विभिन्न मातृभाषामा **म, हामी, तपाईं, घर , विद्यालय** शब्दहरू | • आफ्नो वडा र पालिकामा बोलिने भाषाहरूको नाम र सङ्ख्या, सो भाषा बोल्ने जातजातिको नाम, आदिको चर्चा गर्दै भाषाको परिचय र महत्त्व बारे छलफल गर्ने<br>• आपसी सम्पर्क भाषा, सञ्चारको माध्यम भाषा, शिक्षाको माध्यम भाषा तथा मातृभाषाबीच तुलनात्मक छलफल गर्ने/गराउने<br>• वडा र पालिकाभित्र बढी बोलिने भाषाहरू (वक्ता सङ्ख्याका आधारमा) को सूची प्रस्तुत गरी छलफल गर्ने<br>• बोल्दा शुद्ध उच्चारणमा ध्यान दिने<br>• सन्दर्भ दिई शिष्ट बोल्ने अभ्यास पालैपालो गराउने (जस्तै : कुनै अतिथिसँगको भेटमा बोलिने भाषाशैली वा आफूभन्दा सानासँग बोलिने शिष्ट भाषाशैली आदि)<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• दैनिक प्रयोगको कुनै शब्दलाई कक्षामा उपस्थित विद्यार्थीकै सहयोगमा वा शिक्षक आफैले नेपालीमा, अङ्ग्रेजीमा तथा विभिन्न स्थानीय मातृभाषाहरूमा अनुवाद गरी प्रस्तुत् गरी आ-आफ्नो मातृभाषाप्रति जागरुक गराउने<br>• नेपाली भाषाभन्दा फरक मातृभाषा बोल्ने विद्यार्थीलाई आफ्नो मातृभाषामा कुनै एक वाक्य बोल्न लगाएर अरुलाई पनि यसरी नै बोल्न सक्छौ भनी नमुना प्रस्तुत गरी प्रोत्साहित गर्ने<br>• विभिन्न मातृभाषामा **म, हामी, तपाईं, घर , विद्यालय** शब्दहरू बताउन लगाउने/बताइदिने | • व्यवहार अवलोकान, रुजुसूची, श्रेणीमापन वा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• प्रश्नोत्तर गर्ने, परीक्षा लिने<br>• कार्यसञ्चयिका निर्माण<br>• निर्माणात्मक मूल्याङ्कनका अन्य साधनहरू प्रयोग गर्ने<br>• मुख्य सिकाइउपलब्धिमा आधारित मूल्याङ्कन गर्ने | ६ |
| | • चाडपर्व | • आफ्ना पालिकाभित्रका समुदायले मनाउने स्थानीय प्रमुख | • वडा र पालिकाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने मुख्य चाडपर्वहरूको नाम | • विभिन्न चाडपर्व मनाउँदै गरेको चित्र, तस्विर, पत्रिकाको कटिङ आदि देखाउँदै चिन्न लगाउने | • प्रश्नोत्तर : सोनाम र ग्याल्बु ल्होसारमा रहेका भिन्नताहरू बताउनुहोस् । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | चाडपर्वहरूको सामान्य परिचय बताउन<br>● तामाङको सोनाम ल्होसार, शेर्पाको ग्याल्पो ल्होसार र ङ्‍युङ्‍ने ब्रतको परिचय र विशेषता बताउन | तथा मनाउने महिना/गते/वार/तिथि/ अवसर बारे छलफल<br>● तामाङको सोनाम ल्होसार र शेर्पाको ग्याल्पो ल्होसार र ङ्‍युङ्‍ने ब्रतको परिचय र विशेषता<br>● अवसर मिलाएर स्थानीय चाडपर्वहरूमा सहभागिता | ● विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने (जस्तैः : आफूले आफ्नो वा कसैको चाडपर्वमा सहभागि हुँदाको अनुभव वर्णन आदि)<br>● सम्भव भएसम्म विभिन्न सम्बन्धित भिडियो प्रस्तुत गरी छलफ गराउने<br>● आफ्नो वडा र पालिकाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने प्रमुख चाडपर्वहरूको नाम, मनाउने तरिका र समय ( महिना/गते/वार/तिथि/अवसर) आदिका बारेमा छलफल गर्ने (विद्यार्थी केन्द्रित बनाउने)<br>● तमाङ जातिको सोनाम ल्होसार, शेर्पा जातिको ग्याल्पो ल्होसार, को बारेमा छलफल गरी परिचय, विशेषता र महत्त्व बताउन/लेखेर प्रस्तुत गर्न लगाउने<br>● सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>● | ● व्यवहार अवलोकन, प्रस्तुतीकरण, अभिलेखीकरण<br>● कार्यसञ्चयिका निर्माण<br>● निर्माणात्मक मूल्याङ्कनका साधनहरूको प्रयोग<br>● रुजु सूची, श्रेणीमापन, रुब्रिक्स निर्माण गरी प्रयोग | |
| **४. आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय तथा प्रविधि** | ● **आर्थिक क्रियाकलाप** | ● आफ्नो पालिकाभित्रका मानिसहरूको मुख्य आयस्रोतका क्षेत्रहरू पहिचान गरी मितव्ययिता र बचत गर्ने उपायहरू बताउन | ● पालिका भित्रका मानिसहरूको मुख्य आयस्रोतका क्षेत्रहरूको तालिका/चार्ट<br>● मितव्ययिताका उपाय र महत्त्व<br>● बचत गर्ने उपाय र महत्त्व | ● शिक्षकले आफ्ना पालिका भित्रका मानिसहरूका मुख्य आयस्रोतका क्षेत्रहरूको तालिका/चार्ट प्रस्तुत गरी छलफल गराउने<br>● उदाहरणका माध्यमबाट मितव्ययिता, यसको आवश्यकता र महत्त्व बारे छलफल गर्ने<br>● बचत गर्ने बानीका बारेमा छलफल गरी यसका फाइदाहरू बताइदिने<br>● खुत्रुके बचतको परिचय प्रस्तुत गर्ने | ● व्यवहार अवलोकन<br>● प्रश्नोत्तर<br>● रुब्रिक्स निर्माण गरी मूल्याङ्कन गर्ने | ७ |
| | ● **स्थानीय पेसा, व्यवसाय** | ● आफ्नो वडा र पालिकाभित्र बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका पेसा तथा व्यवसायको जानकारी राखी प्रमुख नगदे बालीको सूची बनाउन | ● पेसा व्यवसायको विवरण<br>● पालिकाभित्र गरिने प्रमुख नगदे बालीहरू : डल्ले खुर्सानी, टमटर, तरकारी बालीहरू, अलैची, अम्लिसो, सुन्तला, कागती, रुद्राक्ष, लसुन, प्याज, अदुवा, आलु, एभोकार्डो, किबि आदि । | ● शिक्षकले सम्बन्धित चार्ट/तालिका मार्फत पेसा व्यवसायका बारेमा छलफल तथा प्रस्तुतीकरण गर्ने<br>● आफ्नो गाउँमा र पालिकाभित्र हुने प्रमुख नगदे बालीहरूको सूची सहित छलफल गराउने<br>● उक्त नगदे बाली उत्पादनका मुख्य भौगालिक क्षेत्र बारे चर्चा गर्ने<br>● तीमध्ये आफूलाई मनपर्ने बाली कुन हो ? भनी प्रश्न गर्ने | ● प्रश्नोत्तर<br>● प्रमुख नगदे बालीहरूको सूची बनाउन लगाई परीक्षण गर्ने<br>● विद्यार्थीलाई आफ्नो रुची क्षेत्र भन्न लगाउने | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • **स्थानीय प्रविधि** | • माटोजन्य रैथाने प्रविधि ( गमला, मक्कल, घैला, घैटा, मटिया/सोराई, धुपौरो, खुत्रुके, हाँडी) चिन्न र नाम बताउन<br>• माटोजन्य रैथाने प्रविधिको महत्त्व, उपादेताय बताउन<br>• माटोजन्य रैथाने प्रविधिको अवलम्वन गर्दा सिर्जना हुने रोजगारी र स्वरोजगारीले आर्थिक समुन्नतिमा पार्ने प्रभाव बारे बताउन | • माटोजन्य रैथाने प्रविधि ( गमला, मक्कल, घैला, घैटा, मटिया/सोराई) धुपौरो, खुत्रुके, हाँडी) को पहिचान<br>• माटोजन्य रैथाने प्रविधिको महत्त्व, उपादेयता<br>• माटोजन्य रैथाने प्रविधिबाट रोजगारी र स्वरोजगारीको अवस्था | • विद्यार्थीलाई माटोजन्य रैथाने प्रविधि (गमला, मक्कल, घैला, घैटा, मटिया/सोराई) धुपौरो, खुत्रुके, हाँडी) को बारेमा के कति जानकारी रहेछ सोध्ने, स्पष्ट भन्न नसकेमा वास्तविक बस्तुको अवलोकन गराएर,फोटो,भिडियो देखाएर अभिनय गरेर,गर्न लगाएर स्पष्ट पार्ने<br>• सन्दर्भ सामग्रीको सहायताले माटोजन्य रैथाने प्रविधिको महत्त्व,उपादेहीता र आर्थिक समुन्नतीमा पार्ने प्रभाव बारे स्पष्ट पार्ने | • गमला, मक्कल, घैला, घैटा, मटिया/सोराई) धुपौरो, खुत्रुके, हाँडीको ३/३ ओटा महत्त्व लेख्नुहोस् ।<br>• माटोजन्य रैथाने प्रविधिबाट आर्थिक समुन्नतीमा कस्तो प्रभाव पर्दछ ? | ९ |
| **५. स्थानीय संरचना र विशिष्ट व्यक्तित्व** | • **स्थानीय संरचना** | • वडा कार्यालयबाट नागरिकलाई प्रवाह गर्ने सेवाहरूको सूची बनाउन | • नगरपालिकाले नागरिकलाई प्रवाह गर्ने सेवाहरू | • वडा कार्यालयबाट नागरिकलाई प्रवाह गर्ने सेवाहरूको सूची प्रस्तुत गरी स्पष्ट पार्ने | • निम्न प्रश्नको आधारमा मूल्यांकन गर्नुहोस :<br>१.नागरिकलाई प्रवाह गर्ने सेवाहरूको सूचि तयार पार्नुहोस् | ६ |
| | • **विशिष्ट व्यक्तित्व** | • राज्य पुनर्सरचना पछिको पहिलो राष्ट्रपति, आफ्नो प्रदेशको पहिलो मुख्यमन्त्री, पहिलो नगर प्रमुख र उपप्रमुखको नाम बताउन<br>• आफ्नो वडामा रहेका प्रशासनिक,कला,साहित्य र खेलकुद क्षेत्रमा योगदान दिने व्यक्तिहरूको नाम चिन्न र बताउन<br>• शिक्षाप्रेमी व्यक्तित्व सिलशोभा ताम्राकारको योगदान बताउन | • नेपालको पहिलो राष्ट्रपति, आफ्नो प्रदेशको पहिलो मुख्यमन्त्री, पहिलो नगर प्रमुख र उपप्रमुख<br>• आफ्नो वडामा रहेका प्रशासनिक,कला,साहित्य र खेलकुद क्षेत्रमा योगदान दिने व्यक्तिहरू<br>• शिक्षाप्रेमी व्यक्तित्व सिलशोभा ताम्राकार | • विद्यार्थीहरूलाई नेपालको पहिलो राष्ट्रपति, आफ्नो प्रदेशको पहिलो मुख्यमन्त्री, पहिलो नगर प्रमुख र उपप्रमुखको फोटो प्रर्दशन गर्दै समूहगत र व्यक्तिगत रुपमा चिन्न लगाउने, दुई दुईजनाको समूह बनाई बुँदागत रुपमा प्रस्तुत गर्न लगाउने र उनीहरूको प्रस्तुती अनुसार सूचि देखाउदै छलफल गराई प्रष्ट पारी दिने<br>• आफ्नो वडामा रहेका प्रशासनिक,कला,साहित्य र खेलकुद क्षेत्रमा योगदान दिने व्यक्तिहरूको नाम र योगदानको सूचिका आधारमा प्रष्ट पारी दिने<br>• शिक्षाप्रेमी व्यक्तित्व सिलशोभा ताम्राकारको योगदान प्रर्दशन, व्याख्यान,छलफल र खोज विधिबाट सहजीकरण गर्ने र वक्तृत्वकला प्रतियोगिता पनि सञ्चालन गर्ने | निम्न प्रश्नको आधारमा मूल्यांकन गर्नुहोस :<br>१. नेपालको पहिलो राष्ट्रपति को हुन ?<br>२. आफ्नो वडामा रहेका प्रशासनिक,कला,साहित्य र खेलकुद क्षेत्रमा योगदान दिने व्यक्तिहरूको नाम र योगदानको सूचि तयार पार्नुहोस्<br>३.शिक्षाप्रेमी तथा समाजसेवी सिलशोभा ताम्राकारको योगदान पाँचओटा बुँदामा लेख्नुहोस् । | १० |
| **६. स्थानीय पूर्वाधार, जनशक्ति** | • **स्थानीय पूर्वाधार विकास** | • सुरक्षित एवम् दिगो पूर्वाधार विकासको महत्त्व बताउन, | • पूर्वाधार विकासको महत्त्व<br>• सुरक्षित विद्यालय | • स्थानीय पूर्वाधारहरू किन सुरक्षित हुनुपर्छ, भन्ने विषयमा विद्यार्थीहरू बिच छलफल गराई चित्र, चार्ट, क्षेत्रभ्रमण आदिका माध्यमबाट सुरक्षित एवम् | • छलफल र प्रश्नोत्तर<br>• लिखित तथा मौखिक परीक्षा<br>• निरन्तर मूल्याङ्कन | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **विकास तथा सूचना प्रविधि** | | ● विद्यालय निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू र सुरक्षित बनाउने तरिका बताउन,<br>● स्थानीय रैथाने सिपहरू पहिचान गर्न | ● पूर्वाधार निर्माणका रैथाने सिपहरू | दिगो पूर्वाधार विकासको महत्त्वबारे स्पष्ट पारिदिने ।<br>● सुरक्षित विद्यालय निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरूका बारेमा छलफल गराउँदै विद्यालयमा रहँदा अपनाउनु पर्ने सुरक्षाका उपायहरूका बारेमा स्पष्ट पारिदिने ।<br>● परम्परादेखि चलिआएका पूर्वाधार निर्माणका सिप एवम् प्रविधिहरू (इँटा बनाउने, काठ काट्ने, ढुङ्गा माटोको गारो लगाउने, छाना छाउने आदि) उपयुक्त विधि प्रयोग गरी पहिचान गर्न लगाउने । | | |
| | ● **जनशक्ति विकास** | ● स्थानीय क्षेत्रको विकासका लागि चाहिने विभिन्न क्षेत्रका जनशक्तिहरू यकिन गर्न | ● विकास र जनशक्ति | ● स्थानीय क्षेत्रको समग्र विकासका लागि विभिन्न प्रकारका जनशक्तिहरू (प्राविधिक, अप्राविधिक, दक्ष, अर्धदक्ष, अदक्ष आदि) को आवश्यकता पर्ने कुरालाई जोड दिँदै भोजपुर नगर क्षेत्रको विकासका लागि चाहिने विभिन्न क्षेत्रका मौजुदा र अपुग जनशक्तिको यकिन गर्न सहयोग गर्ने । | ● छलफल र प्रश्नोत्तर<br>● लिखित तथा मौखिक परीक्षा<br>● निरन्तर मूल्याङ्कन | ६ |
| | ● **सूचना तथा सञ्चार** | ● अत्यावश्यक सेवाका महत्त्वपूर्ण फोन नम्बरहरू बताउन | ● अत्यावश्यक सेवा | ● विद्यार्थीहरूलाई अत्यावश्यक सेवाका (प्रहरी, एम्बुलेन्स, दमकल, टेलिफोन, खानेपानी, विद्युत आदि) महत्त्वपूर्ण फोन नम्बरहरू सङ्कलन गर्न लगाई विभिन्न समस्या, गुनासो र सूचनाहरू ती निकायहरूलाई फोनमार्फत जानकारी गराउन प्रोत्साहन गर्ने । | ● व्यवहार अवलोकन<br>● प्रयोगात्मक अभ्यास | ५ |
| **७. प्रकोप तथा विपद् व्यवस्थापन** | ● **विपद् रोकथाम तथा व्यवस्थापन** | ● प्राकृतिक विपदहरू: भूकम्प, आँधि, हुरी, आगलागि, चट्याङ आदि विपत न्यूनीकरणका उपायहरू र यसबाट बच्ने उपायहरू बताउन,<br>● प्रकोप तथा विपद न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गर्न, | ● विपद् व्यवस्थापन | ● विपद्बाट बच्न स्वस्थ जीवनशैली र सावधानी अपनाउनु पर्दछ र भुकम्प, आँधिहुरी, आगलागि, चटयाङ, कोरोना महामारी आदि विपतबाट बच्न पनि हामीले स्वास्थ्य र सुरक्षाको मापदण्डको समुचित प्रयोग गर्नुपर्दछ भन्ने कुरा सिकारुलाई बुझाउने ।<br>● विपद व्यवस्थापनमा अपनाउनुपर्ने उपायहरूबारे अभ्यासात्मक क्रियाकलाप गराउने ।<br>● विपद पहिले, विपदको समयमा र विपद पछि अपनाउनुपर्ने उपायहरूबारे सिकारुलाई सुसूचित गर्ने । | ● छलफल र प्रश्नोत्तर<br>● लिखित तथा मौखिक परीक्षा<br>● व्यवहार अवलोकन<br>● निरन्तर मूल्याङ्कन | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ● सुरक्षित विद्यालयको आवश्यकता र महत्त्व बताउन,<br>● विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, धारा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित बनाउने उपायहरू पहिचान गरी अवलम्बन गर्न । | ● सुरक्षात्मक उपायहरू | ● सुरक्षित विद्यालयको परिचय, आवश्यकता र महत्त्व बुझ्न, सुरक्षित वासस्थान पहिचान गर्न सिकारुलाई सक्षम बनाउने सन्दर्भमा परियोजना कार्य, सामुदायिक कार्य, अवस्था अवलोकन जस्ता सिकाइ सहजीकरणको विधिहरूलाई उपयोगमा ल्याउन सकिन्छ ।<br>● सुरक्षित वासस्थान र सुरक्षित विद्यालयका आवश्यक सर्तहरू सोदाहरण सिकारुलाई प्रस्तुत गर्ने । | ● प्रश्नोत्तर<br>● व्यवहार अवलोकन<br>● अभ्यासात्मक क्रियाकलाप मूल्याङ्कन | ६ |
| **८. स्थानीय नैतिक मूल्य मान्यता र व्यावहारिक लेखन सिप** | ● **स्थानीय नैतिक मूल्य मान्यता** | ● सत्य, धर्म, प्रेम, शान्ति र अहिंसालाई मानवीय मूल्यका रूपमाग्रहण गरी व्यवहारमा आत्मसात गर्न<br>● सादा जीवन उच्च विचारको आदर्शबारे जानकारी प्राप्त गरी अनुसरण गर्न<br>● अनुशासन र सकारात्मक सोचसँग परिचित हुँदै दैनिक जीवनमा सोको उपयोग गर्दै जान | ● सत्य, धर्म, प्रेम, शान्ति र अहिंशा<br>● सादा जीवन उच्च विचार<br>● अनुशासन र सकारात्मक सोच | ● सत्य, धर्म, प्रेम, शान्ति र अहिंशाले समाज र राष्ट्रलाई पार्ने सकारात्मक प्रभावका सम्बन्धमा छलफल, प्रश्नोत्तर, परियोजना कार्य, प्रेरक सामग्रीहरूको प्रस्तुतीकरण आदि क्रियाकलापका माध्यमबाट उक्त मूल्यहरूलाई व्यवहारमा आत्मसात गर्न प्रेरित गर्ने ।<br>● सादा जीवन उच्च विचारको धारणालाई उदाहरण सहित स्पष्ट गर्ने र सो सम्बन्धी आदर्श उदाहरणहरूको प्रस्तुति गर्दै सोको अवलम्बन गर्न प्रेरित गर्ने ।<br>● समूहकार्य, छलफल आदिका माध्यमबाट घरपरिवार र विद्यालयमा अनुशासनको महत्त्व स्पष्ट पार्दै अनुशासित बन्न अभिप्रेरित हुने कथा र श्रव्यदृष्य तथा अन्य सन्दर्भ सामग्री प्रस्तुतीकरण गर्ने ।<br>● सकारात्मक सोचका उदाहरण प्रस्तुत गर्दै सकारात्मक सोचको परिचय गराउने र विद्यार्थीहरूलाई थप उदाहरणहरू प्रस्तुत गर्न लगाउने । | ● मौखिक तथा लिखित प्रश्नोत्तर<br>● व्यवहार अवलोकन<br>● परियोजना कार्यको मूल्याङ्कन<br>● अभिभावक भेटघाट<br>● निरन्तर मूल्याङ्कन आदि | १० |

**कक्षा : ६**

| **विषय क्षेत्र** | **एकाइ** | **सिकाइ उपलब्धि** | **विषयवस्तु** | **मुख्य सिकाइ क्रियाकलाप** | **सम्भावित मूल्याङ्कन प्रक्रिया** | **कार्यघण्टा** |
|---|---|---|---|---|---|---|
| **१. भौगोलिक परिचय** | ● **भौगोलिक परिचय** | ● भोजपुर नगरपालिकाको भौगोलिक अवस्थिति (अक्षांश, | ● भोजपुर नगरपालिकाको भौगोलिक अवस्थिति ( | ● ग्लोब, विश्व, नेपाल, भोजपुर जिल्ला र भोजपुर नगरपालिकाको नक्सालाई प्रर्दशन विधिको प्रयोग | ● तल दिएका जस्तै प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नुहोस् | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | देशान्तर, कुल क्षेत्रफल) बताउन<br>● आफ्नो पालिका भित्रका विभिन्न वडाहरूमा रहेका वनस्पति, जीवजन्तु, पंक्षी, खोलानाला, छाँगा, दह, सडक सञ्जाल र मुख्य बस्तीको नाम र ठेगान बताउन<br>● भोजपुर नगरपालिकाको नक्सा अवलोकन गरी सिमाना छुट्याउन | अक्षांश,देशान्तर,कुल क्षेत्रफल)<br>● आफ्नो पालिका भित्रका विभिन्न वडाहरूमा रहेका (वनस्पति, जीवजन्तु, खोला, छाँगा, सडक सञ्जाल र मुख्य बस्ती)<br>● भोजपुर नगरपालिकाको नक्सा | गरी अक्षांश र देशान्तरको प्रयोगात्मक धारणा दिने, त्यसपछि भोजपुर नगरपालिकाको अक्षांश,देशान्तर,कुल क्षेत्रफल स्पष्ट पार्ने<br>● आफ्नो पालिका भित्रका विभिन्न वडाहरूमा रहेका वनस्पति, जीवजन्तु, खोला, छाँगा, सडक सञ्जाल र मुख्य बस्ती) को को फोटो, सूचि र तालिकाबाट प्रष्ट पार्ने<br>● भोजपुर नगरपालिका भित्रका विभिन्न वडाहरूमा रहेका सघन बस्तीहरूका बारेमा नक्साको माध्यमबाट प्रष्ट पार्ने<br>● भोजपुर नगरपालिकाको नक्सा अवलोकन गरी सिमाना छुट्याउन समूह विभाजन गरी,अभ्यासमा जोड दिने | १. भोजपुर नगरपालिकाको अक्षांश र देशान्तर कति कति रहेको छ ?<br>२. भोजपुर नगरपालिकाको कुल क्षेत्रफल कति रहेको छ ?<br>३.आफ्नो पालिका भित्रका विभिन्न वडाहरूमा रहेका वनस्पति, जीवजन्तु ,खोला, छाँगा, सडक सञ्जाल र मुख्य बस्ती) को सूचिबद्ध गर्न लगाई छलफल गराउने<br>४.भोजपुर नगरपालिकाको पूर्व र दक्षिणमा कुन कुन स्थानीय तहहरू पर्दछन् ? | १० |
| **२. ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा** | ● **ऐतिहासिक सम्पदा** | ● दिंला वजारको ऐतिहासिक परिचय,महत्व वताउन | ● वालागुरु षडानन्दको शिक्षामा योगदान<br>● राम मन्दिर र रुद्राक्ष<br>● स्थानीय पर्व मेला वाला चतुर्दसी र रामनवमी मेला | ● वालागुरुसंग सम्बन्धित वृतचित्र, फोटोहरू, फुटेज भिडियोवाट उहाँले तत्कालिन समयमा समाजको रुपान्तरणको लागी पुऱ्याउनु भएको षडानन्द विद्यालय स्थापना लगाएतको योगदान छलफल गराई बताउने ।<br>● दिंलाको प्रख्यात वाला चतुर्दसी र रामनवमी मेलाको ऐतिहासिक र धार्मिक महत्त्व झल्कावउने भिडियो, वृतचित्र वाट छलफल गराई प्रष्ट पार्ने ।<br>● धार्मिक महत्त्व वोकेको रुद्रक्षको देखेको छौ ? यसको रोप्ने वा सुरु दिंला वजार वाट नै भएको हो । भनि छलफल गराई बताउने । | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● समाजमा ज्योती छर्न वालागुरु षडानन्दको योगदानहरू लेख्नुहोस् ।<br>● दिंलाको स्थानीय पर्व मेला वाला चर्तुदशी मेलाको धार्मिक महत्व लेख्नुहोस् ।<br>● रुद्राक्षको छोटो ऐतिहासिक परिचय लेख्नुहोस् । | ५ |
| | ● **धार्मिक सम्पदा** | ● शाक्यमुनि विहारको धार्मिक परिचय, महत्व र संरक्षणका उपायहरू वताउन | ● शाक्यमुनि विहारको ऐतिहासिकता<br>● शाक्यमुनि विहारको धार्मिक महत्त्व<br>● संरक्षणका उपायहरू | ● शाक्यमुनि विहारको वारेमा वृतचित्र, फोटोहरू, फुटेज भिडियो वा संभव भएमा स्थलगत अध्ययन आवलोकन भ्रमण गराए विहारको ऐतिहासिकता वारेमा छलफल गराई जानकारी गराउने ।<br>● शाक्यमुनि विहामा वौद्ध धर्मालम्विहरूको धार्मिक आस्था र महत्त्ववारेमा जानकार स्रोत व्यक्ति वा उपयुक्त सामाग्रीको प्रयोगवाट छलफल गराई जानकारी गराउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● शाक्यमुनि विहारको ऐतिहासिक परिचय लेख्नुहोस् ।<br>● शाक्यमुनि विहारमा सद्धालु भक्तजनको कुन समयमा वढि भिडभाड हुन्छ ? किन ? | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● शाक्यमुनि विहारको ऐतिहासिक महत्त्वको सम्पदाको हाम्रो पहिचान भएको वारेमा छलफल गराउदै यसलाई संरक्षण गर्ने उपायहरू छलफल गराई बताउने । | ● शाक्यमुनि विहारलाई संरक्षण गर्न सकिने कुनै ४ ओटा उपायहरू लेख्नुहोस् । | |
| | ● **साँस्कृतिक सम्पदा** | ● आफ्नो पालिका भित्रका जातिय तथा परम्परागत मौलिक खानाहरूको पहिचान गर्न र महत्व वताउन<br>● स्याव्रु नाच, सेलो नाच्न र धार्मिक महत्व वताउन | ● नेवार, राई, शेर्पा, तामाङ, मगर, गुरुङ समुदायमा प्रचलित स्थानिय खाना नेवार (क्वाटी, भ्वे, समेवजी, लखामरी,वोमरी, योमरी,चटामरी, मा मरी), राई (वाचिपा, किनिमा,न्वागी खाने,सिस्नोको दाल), शेर्पा (खाप्सियो, रिल्दक, सेरगेम), तामाङ (सातु, थुक्पा/खोले) मगर ( वनतरुल,)<br>● स्याव्रु नाच, सेलो नाच्न | ● तपाईको घरमा मौलिक खानाहरू के के वन्छ ? नामहरू टिप्दै कुन कुन अवसरमा वनाईन्छ ? विद्यार्थीको समुहमा छलफल गराई वताउन प्रेरित गराउने ।<br>● विद्यार्थीहरूवाट आउन छुटेको समुदायको मौलिक खानाको भिडियो, फोटो वा सुची प्रस्तुत गरी नेवार( क्वाटी, भ्वे, समेवजी, लखामरी,वोमरी, योमरी,चटामरी, मा मरी), राई ( वाचिपा, किनिमा,न्वागी खाने, सिस्नोको दाल ), शेर्पा ( खाप्सियो, रिल्दक,सेरगेम) ,तामाङ ( सातु, थुक्पा/खोले ) मगर( वनतरुल ,)माघे संक्रान्तिमा तरुल,साउन १५ मा खिर, असार १५ मा दहि चिउरा , मंसिर १५ मा न्वागी (सिमल चामल) समुदायको आफ्नो मौलिक खाना यसको विशेष महत्वको वारेमा कुन अवसरमा पकाईन्छ यसको वारेमा छलफल द्वारा प्रष्ट पार्ने<br>● शेर्पा समुदायले नाच्ने मुख्य नाच कुन हो ? प्रश्न गर्दै लोहसारमा नाच्ने मुख्य नाच कुन हो ? भनि स्याव्रु नाच रहेको वताउने ।<br>● स्याव्रु नाच शेर्पा समुदायले कुन अवसरमा कसरी नाचिन्छ ? भनि छलफल गराई भिडियो, फोटो वा वृतचित्र जस्ता सामाग्री वा संभव भएमा स्थलगत अवलोकन गराई नाचको परिचय , नाच्ने विधिको छलफल गराई वताउने ।<br>● तामाङ समुदायले नाच्ने मुख्य नाच कुन हो ? प्रश्न गर्दै सोनाम लोहसारमा नाच्ने मुख्य नाच कुन हो ? भनि सेलो नाच रहेको वताउने ।<br>● सेलो नाच तामाङ समुदायले कुन अवसरमा कसरी नाचिन्छ ? भनि छलफल गराई भिडियो, फोटो वा वृतचित्र जस्ता सामाग्री वा संभव भएमा | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>● नेवार समुदायको कुनै ४ मौलिक खानाको सुची वनाउनुहोस् । योमरी मौलिक खानाको छोटो परिचय दिनुहोस् ।<br>● शेर्पा समुदायको कुनै ३ ओटा मौलिक खाना नाम लेख्नुहोस् । ति मध्ये कुनै एक खानाको परिचय दिनुहोस् ।<br>● राई समुदायको कुनै ३ ओटा मौलिक खाना नाम लेख्नुहोस् । ति मध्ये कुनै एक खानाको परिचय दिनुहोस् ।<br>● स्याव्रु नाच कुन जाति संग संवन्धित छ ? यसको छोटो परिचय लेख्नुहोस् ।<br>● सेलो नाच कुन जाति संग संवन्धित छ ? यो नाच कुन अवसरमा नाचिन्छ लेख्नुहोस् । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | स्थलगत अवलोकन गराई नाचको परिचय, नाच्ने विधिको छलफल गराई वताउने । | | |
| | • पर्यटकीय स्थल | • सुन्तले क्षेत्रको पर्यटकिय परिचय, महत्व र सम्वर्धनका उपायहरू वताउन | • पालिका भित्रको पर्यटकिय क्षेत्र सुन्तले, वाघखोर, धापखर्क र थाम डाँडा भ्यू टावर<br>• संरक्षणका प्रयास र उपायहरू | • सुन्तले , वाघखोर , धाप खर्क क्षेत्रको वारेमा तयार पारिएका वृतचित्र,फुटेज भिडियो, फोटो वा संभव भएमो स्थलगत अध्ययन अवलोकन गराई यस क्षेत्रवाट देखिने मनोरम दृष्य, सुन्दरता,भ्यू टावर, पर्यटकिय महत्त्व बताउने<br>• सुन्तले पर्यटकीय क्षेत्रको विकास र संर्वधनमा भएको कार्यहरूको छलफल गराउने<br>• सुन्तले पर्यटकीय क्षेत्रको विकास र संर्वधनमा के के संरक्षणको उपायहरू हुन सक्छन ? प्रश्न राखी विद्यार्थीवाट आएको उपाय टिपोट गर्दै उपयाहरू बताउने । | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• सुन्तले डाँडाको पर्यटकिय महत्व छोटकरीमा लेख्नुहोस्।<br>• तपाईलाई सुन्तले पर्यटकिय क्षेत्रको मन परेको कुनै ३ कुराहरू लेख्नुहोस् ।<br>• सुन्तले पर्यटकीय क्षेत्रको संवर्धनका कुनै ४ उपायहरू लेख्नुहोस् ।<br>• तपाईले सुन्तले पर्यटकिय क्षेत्रको संरक्षण र प्रचार प्रसारमामा गर्न सक्ने कुनै २ कार्यहरू उल्लेख गर्नुहोस् । | ४ |
| **३. जातजाति, भाषाभाषी तथा चाडपर्व** | • **जातजाति** | • जनसाङ्ख्यिक अवस्थितिका आधारमा पालिका भित्र बसोबास गर्ने जातजातिको परिचय प्रस्तुत गर्न<br>• नेपाली समाजको बहुजातीय विशेषता बोध गरी जातीय सद्भाव र सम्मान व्यक्त गर्न | • आफ्नो पालिकाको जातजातिको विवरण ( ब्राह्मण-क्षेत्री, आ.ज., दलित, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक आदि)<br>• पालिकाभित्रका जातजातिको मुख्य बसोबास क्षेत्रहरू ( गाउँ/टोल/वडा)<br>• पालिकाभित्रका जातजातिमध्ये जनसङ्ख्याको बाहुल्यताका आधारमा जनसाङ्ख्यिक बाहुल्यता (पहिलो, दोस्रो, तेस्रो आदि)<br>• जातीय सद्भाव, सम्मान र सहयोग | • पालिकाभित्रका जातजातिहरूको जनसाङ्ख्यिक विवरण प्रस्तुत गरी छलफल गराउने<br>• विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• स्तम्भचित्र, वृत्तचित्र तथा विभिन्न रेखाचित्रका माध्यमबाट पालिकाको जनसाङ्ख्यिक अवस्थिति प्रस्तुत गर्ने/गराउने<br>• कक्षा कार्य गराउदा मिश्रित समूह निर्माण गरी पारस्पारिक सद्भाव, सहकार्य र सहयोगको भावना विकास गर्ने<br>• समावेशी बसाइ व्यवस्थान मिलाउने<br>• समान अवसर र प्रोत्साहन प्रदान गर्ने<br>• सम्बन्धित परियोजना कार्य दिने | • प्रश्नोत्तर : जनसङ्ख्याका आधारमा भोजपुर न.पा.मा कुनकुन जातिहरूको बाहुल्यता रहेको छ ?<br>• व्यवहार अवलोकन, प्रस्तुतीकरण, परियोजना कार्य मूल्याङ्कन, अभिलेखीकरण, परीक्षा<br>• रुजु सूची, श्रेणी मापन अथवा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• निर्माणात्मक मूल्याङ्कानका साधनहरूको प्रयोग<br>• मुख्य सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन गरी पृष्ठपोषण, थप सिकाइ अवसर तथा आवश्यकतानुसार | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | निराकरणत्मक शिक्षणको रणनीति अपनाउने | |
| | • भाषाभाषी | • आफ्नो पालिका र जिल्लाभित्र बोलिने भाषाहरूको सूची तयार गर्न<br>• सबै स्थानीय मातृभाषाहरूको सम्मान गर्न<br>• आफ्नो मातृभाषाको महत्त्व बोध गरी बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन | • आफ्नो पालिका तथा जिल्लाभित्र बोलिने भाषाहरूको नाम तथा विवरण<br>• विभिन्न मातृभाषा/भाषाहरूको महत्त्व बारे छलफल<br>• आफूले बोल्ने भाषाको शुद्ध र शिष्ट (साइनो, सम्मान, नम्रता, शब्द चयन, बोल्ने शैली आदिमा शिष्टता) प्रयोग गर्ने अभ्यास<br>• आ-आफ्नो घरमा, छिमेकमा तथा साथीहरूसँग मातृभाषा प्रयोग गरी बोल्न प्रोत्साहन<br>• आफ्नो मातृभाषामा **म, हामी, तपाईं, घर, विद्यालय, हिजो, आज, भोलि** शब्दहरू | • आफ्नो पालिका र जिल्लाभित्र बोलिने भाषाहरूको नाम र सङ्ख्या, सो भाषा बोल्ने जातजातिको नाम, आदिको चर्चा गर्दै नेपालको संविधानमा भएको भाषासम्बन्धी प्रावधानका बारेमा छलफल गर्ने<br>• सबै भाषा उत्तिकै महत्त्पूर्ण हुन्छन् भन्ने धारणा दिने<br>• बोल्दा शुद्ध उच्चारणमा ध्यान दिने<br>• सन्दर्भ दिई शिष्ट बोल्ने अभ्यास पालैपालो गराउने (जस्तै : कुनै अतिथिसँगको भेटमा बोलिने भाषाशैली वा आफूभन्दा सानासँग बोलिने शिष्ट भाषाशैली आदि)<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• आफ्नो मातृभाषामा **म, हामी, तपाईं, घर, विद्यालय, हिजो, आज, भोलि** शब्दहरूलाई कक्षामा उपस्थित विद्यार्थीकै सहयोगमा वा शिक्षक आफैले नेपालीमा, अङ्ग्रेजीमा तथा विभिन्न स्थानीय मातृभाषाहरूमा अनुवाद गरी प्रस्तुत् गरी आ-आफ्नो मातृभाषाप्रति जागरुक गराउने<br>• नेपाली भाषाभन्दा फरक मातृभाषा बोल्ने विद्यार्थीलाई आफ्नो मातृभाषामा कुनै एक वाक्य बोल्न लगाएर अरुलाई पनि यसरी नै बोल्न सक्छौ भनी नमुना प्रस्तुत गरी प्रोत्साहित गर्ने | • व्यवहार अवलोकान, रुजुसूची, श्रेणीमापन वा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• प्रश्नोत्तर गर्ने, परीक्षा लिने<br>• कार्यसञ्चयिका निर्माण<br>• निर्माणात्मक मूल्याङ्कनका अन्य साधनहरू प्रयोग गर्ने<br>• मुख्य सिकाइउपलब्धिमा आधारित मूल्याङ्कन गर्ने<br>• मातृभाषा छुट्टै हुनेका लागि आफ्नो मातृभाषामा बोल्न लगाउने | ५ |
| | • चाडपर्व | • आफ्ना पालिकाभित्रका समुदायले मनाउने स्थानीय प्रमुख चाडपर्वहरूको जानकारी राखी सहभागी हुन र मुख्य विशेषताहरू बताउन<br>• ब्राह्मण-क्षेत्रीको तीज, मातातीर्थ औँसी, कुशे औँसी र मगरको षष्ठि पूजा तथा | • पालिकाभित्रका विभिन्न जातजातिअनुसारका स्थानीय मौलिक चाडपर्वहरूको विवरण<br>• ब्राह्मण-क्षेत्रीको तीज, मातातीर्थ औँसी, कुशे औँसी र मगरको षष्ठि पूजा तथा माघेसंक्रान्तिको | • विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने (जस्तै : आफूले आफ्नो वा कसैको चाडपर्वमा सहभागि हुँदाको अनुभव वर्णन .....)<br>• सम्भव भएसम्म विभिन्न सम्बन्धित भिडियो प्रस्तुत गरी छलफ गराउने<br>• आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने प्रमुख चाडपर्वहरूको नाम, मनाउने तरिका र समय ( | • प्रश्नोत्तर,<br>• तीजको साँस्कृतिक महत्त्व भन्नुहोस् । हाल यस पर्वमा आएका विकृतिहरू केके छन् ?<br>• मगर जातिमा माघेसंक्रान्ति पर्वको महत्त्व बताउनुहोस् ।<br>• व्यवहार अवलोकन, प्रस्तुतीकरण, अभिलेखीकरण | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | माघेसंक्रान्तिको परिचय र महत्त्व बताउन | सामान्य परिचय र महत्त्व<br>● अवसर मिलाएर स्थानीय चाडपर्वहरूमा सहभागिता | महिना/गते/वार/तिथि/अवसर) आदिका बारेमा छलफल गर्ने (विद्यार्थी केन्द्रित बनाउने)<br>● ब्रह्मण-क्षेत्रीको तीज, मातातीर्थ औँसी, कुशे औँसी र मगरको षष्ठि पूजा तथा माघेसंक्रान्तिको बारेमा छलफल गरी परिचय बताउन/लेखेर प्रस्तुत गर्न लगाउने<br>● सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने | ● कार्यसञ्चयिका निर्माण<br>● निर्माणात्मक मूल्याङ्कनका साधनहरूको प्रयोग<br>● रुजु सूची, श्रेणीमापन, रुब्रिक्स निर्माण गरी प्रयोग | |
| **४. आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय तथा प्रविधि** | ● **आर्थिक क्रियाकलाप** | ● आफ्नो वडा र पालिकाभित्र आर्थिक क्रियाकलाप गर्ने बैंक, वित्तीय संस्था, सहकारी संस्था, बचत समूह तथा आमा समूहहरूको नाम र ठेगाना बताउन<br>● खुत्रुके बचत गर्ने बानिको विकास गर्न | ● आफ्नो वडामा रहेका विभिन्न, बचत समूह, आमा समूह, सहकारी संस्थाहरू<br>● आफ्नो पालिकाभित्र रहेका विभिन्न बैंक तथा वित्तीय संस्थाहरू<br>● खुत्रुके बचत | ● आफ्नो वडामा रहेका विभिन्न, बचत समूह, आमा समूह, सहकारी संस्थाहरूको नाम र ठेगाना भएको चार्ट प्रस्तुत गरी छलफल गराउने<br>● आफ्नो पालिकाभित्र रहेका विभिन्न बैंक तथा वित्तीय संस्थाहरूको नाम र ठेगाना भन्न, लेख्न र चिन्न सक्ने बनाउन आवश्यक छलफलका क्रियाकलापहरू सञ्चालन गर्ने<br>● नजिकका बैंक तथा वित्तीय संस्थाहरूको भ्रमण गराउने<br>● खुत्रुके ल्याएर देखाउँदै बचत गर्ने तरिका प्रदर्शन गराउने, विद्यार्थीलाई माटोको खुत्रुके छुन र प्रयोग गर्न लगाउने | ● प्रश्नोत्तर<br>● भोजपुर न.पा.भित्र कुनकुन बैंकहरू छन् ?<br>● लिखित तथा मौखित परीक्षा<br>● प्रस्तुतीकरण अवलोकन<br>● परियोजना कार्य दिई परीक्षणा | ६ |
| | ● **स्थानीय पेसा, व्यवसाय** | ● आफ्नो वडा र पालिकाभित्र सञ्चालित विभिन्न व्यावसायिक कार्य, उद्यम-व्यवसाय र फर्महरू (कृषि, सहकारी तथा अन्य) को नाम, ठेगाना र प्रमुख उत्पादित वस्तुको सूची तयार पार्न | ● आफ्नो वडा र पालिकाभित्रका प्रमुख उद्यम व्यवसाय तथा कृषि फर्महरू | ● शिक्षकले आफ्नो वडा र पालिकाभित्रका प्रमुख उद्यम व्यवसाय तथा कृषि फर्महरूको नाम, ठेगाना र त्यसबाट उत्पादित वस्तु भएको चार्ट प्रस्तुत गर्ने<br>● आफ्नो नजिकको त्यस्ता व्यवसाय र फर्महरूको सूची बनाएर ल्याउने परियोजना कार्य प्रदान गर्ने | ● प्रश्नोत्तर<br>● परियोजना कार्य परीक्षण<br>● व्यवहार अवलोकन | ७ |
| | ● **स्थानीय प्रविधि** | ● गुन्द्रुक, सिन्की (सुक्खा तरकारी) बनाउने रैथाने प्रविधिको पहिचान गर्न र बताउन<br>● गुन्द्रुक, सिन्की (सुक्खा तरकारी) बनाउने रैथाने | ● गुन्द्रुक, सिन्की (सुक्खा तरकारी) बनाउने रैथाने प्रविधिको पहिचान<br>● महत्त्व, त्यसको आर्थिक महत्त्व | ● विद्यार्थीहरूलाई गुन्द्रुक, सिन्की (सुक्खा तरकारी) बनाउने रैथाने प्रविधिको बारेमा के कति जानकारी रहेछ सोध्ने, स्पष्ट भन्न नसकेमा वास्तविक बस्तुको अवलोकन गराएर ,फोटो ,भिडियो देखाएर अभिनय गरेर, गर्न लगाएर स्पष्ट पार्ने<br>● गुन्द्रुक,सिन्की (सुक्खा तरकारी) बनाउने रैथाने प्रविधिको महत्त्व, उपादेहीता बताउने | ● गुन्द्रुक, सिन्की लाई किन सुक्खा तरकारी भनिएको हो ?<br>● गुन्द्रुक, सिन्की (सुक्खा तरकारी) बनाउने रैथाने प्रविधिको महत्त्व, उपादेयता बताउनुहोस् । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रविधिको महत्व, उपादेयता बताउन<br>● गुन्द्रुक, सिन्की (सुक्खा तरकारी) बनाउने रैथाने प्रविधिको अवलम्वन गर्दा सिर्जना हुने रोजगारी र स्वरोजगारीले आर्थिक समुन्नतिमा पार्ने प्रभावको चर्चा गर्न | | ● गुन्द्रुक, सिन्की (सुक्खा तरकारी) बनाउने रैथाने प्रविधिको अवलम्वन गर्दा सिर्जना हुने रोजगारी र स्वरोजगारीले आर्थिक समुन्नतिमा पार्ने प्रभावको बारेमा छलफल गराउने | ● गुन्द्रुक, सिन्की (सुक्खा तरकारी) बनाउने रैथाने प्रविधिबाट सिर्जना हुने रोजगारी र स्वरोजगारीको प्रभाव व्याख्या गर्नुहोस् । | |
| **५. स्थानीय संरचना र विशिष्ट व्यक्तित्व** | ● **स्थानीय संरचना** | ● स्थानीय तहको कार्यकारिणी अधिकारहरूको सूची बनाई प्रस्तुत गर्न<br>● नगरपालिकामा रहेका सेवा प्रवाह गर्ने शाखाहरूको नाम बताउन | ● स्थानीय तहको कार्यकारिणी अधिकारहरू<br>● नगरपालिकामा रहेका सेवा प्रवाह गर्ने शाखाहरू | ● नेपालको संविधानको अनुसूचि ८ मा उल्लेखित स्थानीय तहको कार्यकारिणी अधिकारहरू सूचीबद्ध रूपमाप्रस्तुत गरी व्याख्यान र छलफल विधि प्रयोग गरी स्पष्ट पार्ने<br>● नगरपालिकामा सेवा प्रवाह गर्ने शाखाहरूको सूचि दुई दुईजनाको समूह बनाई बुँदागत रूपमाप्रस्तुत गर्न लगाउने | ● निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् :<br>१. स्थानीय तहको कार्यकारिणी अधिकारहरू कहाँ व्यवस्था गरेको छ ?<br>२.स्थानीय तहको कार्यकारिणी अधिकारहरू मध्ये कुनै पाँचओटा बताउनुहोस् | ६ |
| | ● **विशिष्ट व्यक्तित्व** | ● आफ्नो जिल्लामा कायम रहेको संघीय संसद सदस्य सङ्ख्या, प्रदेश संसद सदस्य सङ्ख्या र उक्त स्थानमा वहाल रहेका सांसद ( माननीय) हरूको नाम बताउन<br>● जिल्ला भित्रका कला, साहित्य, खेलकुद क्षेत्रमा योगदान दिने व्यक्तित्वको नाम र योगदान बताउन<br>● अल्ट्रा धाविका मीरा राईको परिचय र योगदान बताउन | ● संघीय संसद सदस्य<br>● प्रदेश संसद सदस्य<br>● जिल्ला भित्रका कला, साहित्य, खेलकुद क्षेत्रमा योगदान दिने व्यक्तित्व<br>● अल्ट्रा धाविका मीरा राईको परिचय र योगदान | ● संघीय संसद र प्रदेश संसद को परिचय दिदैं उक्त संसदहरूमा रहने सदस्य संख्याका बारेमा जानकारी दिई भोजपुर जिल्लाबाट प्रतिनिधित्व गर्ने संसद सदस्यहरूको बारेमा परिचित गराउने<br>● जिल्ला भित्रका कला, साहित्य, खेलकुद क्षेत्रमा योगदान दिने व्यक्तित्वको नाम र उनीहरूको योगदानका बारेमा सूचिबद्ध गरी छलफल गराउने<br>● अल्ट्रा धाविका मीरा राईको परिचय र योगदान बारे प्रर्दशन,प्रश्नोत्तर,व्याख्यान विधिबाट स्पष्ट पार्ने<br>● वक्तृत्व प्रतियोगिता गराई प्रष्ट पार्ने | ● निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् :<br>१.भोजपुर जिल्लालाई संघीय र प्रदेश संसद का लागि कति निर्वाचन क्षेत्रमा विभाजन गरेको छ ?<br>२. भोजपुर जिल्लाका कला, साहित्य क्षेत्रमा योगदान दिने कुनै दुईजना व्यक्तित्वको नाम र योगदान उल्लेख गर्नुहोस्<br>३. अल्ट्रा धाविका मीरा राईले खेलकुद क्षेत्रमा पुर्‍याउनु भएको योगदानले के सन्देश दिएको छ ? लेख्नुहोस् | ८ |
| **६. स्थानीय पूर्वाधार, जनशक्ति** | ● **स्थानीय पूर्वाधार विकास** | ● पूर्वाधार निर्माणका प्रमुख मापदण्डहरू बताउन | ● पूर्वाधार निर्माणका मापदण्डहरू | ● विभिन्न क्षेत्रका पूर्वाधारहरू जस्तै भवन, सडक, पुल, होमस्टे, रिसोर्ट, सिँचाइ आदि निर्माण गर्दा अपनाउनुपर्ने आधारभूत मापदण्डहरूका बारेमा छलफल, प्रदर्शन, पुस्तकालय अध्ययन, क्षेत्रभ्रमण | ● प्रश्नोत्तर<br>● लिखित तथा मौखिक परीक्षा<br>● अवलोकन | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विकास तथा सूचना प्रविधि | | | | जस्ता उपयुक्त विधिको प्रयोग गरी सहजीकरण गर्ने । | | |
| | • जनशक्ति विकास | • सिपमूलक तालिम र दक्ष जनशक्तिको महत्व बुझ्न<br>• स्थानीय स्तरका रैथाने प्राविधिक जनशक्ति पहिचान गर्न | • सिपमूलक तालिम र दक्ष जनशक्ति<br>• रैथाने प्राविधिक जनशक्ति | • कुनै क्षेत्रको समग्र विकासका लागि दक्ष जनशक्तिको महत्व चार्ट, भिडियो आदि उपयुक्त सामाग्रीको प्रयोग गरी प्रस्ट्याउँदै आफ्नो रुचिको सिपमूलक तालिम लिन प्रोत्साहन गर्ने ।<br>• भोजपुर नगर क्षेत्रभित्रका रैथाने प्राविधिक जनशक्ति जस्तै घर बनाउने, धातुका विभिन्न सामाग्रीहरू बनाउने, कृषि तथा पशुपालनसम्बन्धी काम, छाला तथा कपडासम्बन्धी काममा संलग्न प्राविधिक जनशक्ति पहिचान गर्न लगाई त्यस्ता रैथाने प्राविधिक पेसाहरूलाई व्यवसायीकरण गर्न प्रोत्साहन गर्ने । | • मौखिक तथा लिखित प्रश्नोत्तर<br>• परियोजना कार्य<br>• निरन्तर मूल्याङ्कनका साधनहरूको प्रयोग | ५ |
| | • सूचना तथा सञ्चार | • अत्यावश्यक सेवाका लागि छुट्याइएका फोन नम्बरहरूमा आवश्यक सूचना दिन | • अत्यावश्यक सेवा | • विद्यार्थीहरूलाई अत्यावश्यक सेवाका (प्रहरी, एम्बुलेन्स, दमकल, टेलिफोन, खानेपानी, विद्युत आदि) महत्वपूर्ण फोन नम्बरहरू सङ्कलन गर्न लगाई विभिन्न समस्या, गुनासो र सूचनाहरू ती निकायहरूलाई फोनमार्फत जानकारी गराउन लगाउने । | • व्यवहार अवलोकन<br>• अन्तरवार्ता<br>• प्रश्नोत्तर | ५ |
| ७. प्रकोप तथा विपद् व्यवस्थापन | • विपद् रोकथाम तथा व्यवस्थापन | • स्थानीय स्तरमा आइपर्ने विपदहरू पहिचान गर्न<br>• सुरक्षित वसोवास र सुरक्षित आवासका मापदण्डहरू बताउन<br>• प्राकृतिक एवम् मानवसिर्जित प्रकोपहरू बिच फरक छुट्याउन र पूर्वसावधानी अपनाउन | • स्थानीय विपदहरू र बच्ने उपायहरू<br>• विपद व्यवस्थापनका उपायहरू: | • स्थानीय स्तरमा घट्न सक्ने तथा घटिरहेका विपदहरू जस्तै बाढिपहिरो, आगलागी, आँधीहुरी, हिमपात आदि र यसबाट बच्ने उपायहरूको बारेमा सिमुलेसन, प्रयोगात्मक कार्यहरू, प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ ।<br>• विपद हुनु अघि, विपदका समय र विपदपछिको अवस्थामा गर्नुपर्ने व्यवस्थापकीय पक्षहरूका बारेमा परियोजनामा आधारित क्रियाकलापहरू, सामुदायिक कार्यहरू आदि उपयुक्त विधिका माध्यमबाट विपद् व्यवस्थापनका उपायहरूबारे सहजीकरण गर्ने । | • प्रश्नोत्तर<br>• सिकारुको व्यवहार प्रदर्शन<br>• कक्षा कार्य<br>• लिखित या मौखिक जानकारी आदि | ५ |
| | • सुरक्षित विद्यालय | • विद्यालयमा सुरक्षित रहने उपायहरू अवलम्बन गर्न | • विद्यालयलाई सुरक्षित बनाउने तरिका | • सुरक्षित विद्यालय के हो ? यसको आवश्यकता किन पर्छ ? विद्यालयलाई के कसरी सुरक्षित बनाउन सकिन्छ ? कक्षाकोठा, खेलमैदान, | • लिखित वा मौखिक अभिव्यक्ति<br>• विद्यार्थीको अनुभव प्रदर्शन<br>• परियोजना कार्य आदि | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ● विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, धारा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित बनाउने उपायहरू | शौचालय, चमेना गृह लगायत दैनिक सम्पर्कमा आइरहने स्थानहरूमा आफ्नो सुरक्षाका लागि अपनाउनुपर्ने उपायहरूबारे प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप या अन्य सान्दर्भिक विधि तथा प्रविधिलाई उपयोगमा ल्याउन सकिन्छ । | | |
| **८. स्थानीय नैतिक मूल्य मान्यता र व्यावहारिक लेखन सिप** | ● **स्थानीय नैतिक मूल्य मान्यता** | ● सामाजिक, साँस्कृतिक रूपमामान्यता प्राप्त र निषेधित मूल्यहरूबारे जानकारी प्राप्त गर्दै सामाजिक परिवेश अनुकुल मूल्य मान्यताहरूको अवलम्बन गर्न<br>● सार्वजनिक स्थलहरूमा पालन गर्नुपर्ने अनुशासनको बारेमा बताउन<br>● आत्म संयम र आत्मनियन्त्रण बारे परिचित भई सोको अवलम्वन गर्दै जान<br>● सार्वजनिक सम्पत्तिबारे जानकारी प्राप्त गरी सार्वजनिक सम्पत्तिको संरक्षणमा भूमिका निर्वाह गर्न | ● हाम्रा नैतिक मूल्य मान्यता र सदाचार<br>● सामाजिक विकृति, विसंगति र कुप्रथाहरूको न्यूनीकरण<br>● सार्वजनिक स्थलहरूमा पालना गर्नुपर्ने अनुशासन<br>● आत्मसंयम, आत्मनियन्त्रण र सकारात्मक सोच<br>● सार्वजनिक सम्पत्तिको संरक्षण | ● नैतिक मूल्यमान्यता र सदाचारका उदाहरणहरू प्रस्तुत गर्दै हामीले अवलम्बन गर्नुपर्ने नैतिक मूल्य मान्यता र सदाचारको सूची प्रस्तुत गरी थप छलफल गराउने ।<br>● सामाजिक सांस्कृतिक रूपमामान्यता प्राप्त र निषेधित व्यवहारहरूको सूची छलफल विधिबाट तयार पारी अनैतिक र आपराधिक कार्यलाई निरुत्साहित गर्ने उपायहरूको बारेमा छलफल र यस्ता कार्य न्यूनीकरणमा भूमिका पहिचान गर्न सहयोग गर्ने ।<br>● सार्वजनिक स्थलहरूमा के कस्ता नियम तथा अनुशासनको पालना गर्नुपर्छ भन्ने सम्बन्धमा छलफल गराउँदै सार्वजनिक स्थल अनुसार अनुशासन पाालनाका लागि  प्रेरित गर्ने ।<br>● आत्मसंयम, आत्मनियन्त्रण र सकारात्मक सोचका उदाहरणहरू प्रस्तुत गर्दै यिनीहरूको सकारात्मक प्रभावका बारेमा उपयुक्त विधिको प्रयोग गरी स्पष्ट पार्ने र यस किसिमका गुणहरू विकासका लागि प्रेरित गर्ने ।<br>● सार्वजनिक सम्पत्तिको परिचय र सोको संरक्षण सम्वन्धमा छलफल गरी संरक्षण गर्न अभिप्रेरित हुने सामग्रीको समेत प्रस्तुतीकरण गर्ने । | ● मौखिक तथा लिखित प्रश्नोत्तर<br>● व्यवहार अवलोकन<br>● परियोजना कार्यको मूल्याङ्कन<br>● अभिभावक भेटघाट, निरन्तर मूल्याङ्कन आदि | ७ |
| | ● **व्यावहारिक लेखन सिप** | ● स्थानीय स्तरका विभिन्न सेवा प्रदायक संघसंस्थाहरूद्वारा जारी फाराम भर्न<br>● स्थानीय स्थरमा नगद वा अन्य वस्तुहरूको भुक्तानी गर्दा गरिने भरपाई लेख्न | ● फाराम भर्ने<br>● भरपाई लेखन | ● नगरपालिका तथा वडा कार्यालय, टेलिकम, खानेपानी, बैङ्क तथा वित्तीय संस्था, विद्यालय आदिद्वारा प्रदान गरिने विभिन्न सेवा प्राप्त गर्न उक्त संस्थाहरूबाट जारी विभिन्न फारामका नमुनाहरू सङ्कलन गरी गराई प्रयोगात्मक विधिबाट ती फारामहरू भर्न अभ्यास गराउने । | ● प्रयोगात्मक कार्य<br>● व्यवहार अवलोकन<br>● निरन्तर मूल्याङ्कन आदि | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● भरपाई लेखनको नमुना प्रस्तुत गरी विभिन्न सन्दर्भका कारोबारहरूमा गरिने भरपाई लेखनका पर्याप्त अभ्यासहरू गराउने । | | |
| **९. स्वस्थ्य जीवनशैली** | ● **स्वस्थ र पोषिलो खाना** | ● स्वस्थ र पोषिलो खाना चिन्न र प्रयोग गर्न<br>क.रैथाने खाजाहरू मकैं,भटमास,सातु ,कोदो,फापर,गहुँको रोटी,आलु,पिडालु,सकरखण्ड,जाउली,स्कुस,फर्सी)<br>ख.खाना गहुँ,जौं,फाँपर,कोदो,मकैं,धान, गेडागुडी,दाल र साँगसब्जी)<br>ग.दुध,दही मोही,ध्यू,मह<br>● जङ्क फूडबाट सर्तक रहन<br>क.प्लाष्टिकजन्य जस्तै :चकलेट,चाउचाउ,विस्कुट,<br>● ख.चिसो पेय पदार्थ | ● स्वस्थ र पोषिलो खानाको प्रयोग<br>● जङ्क फूड | ● दैनिक रुपमा प्रयोग गर्ने खानाको सूचि प्रस्तुत गर्न लगाउने, स्वस्थ र पोषिलो खानासँग तुलना गर्ने<br>● स्वस्थ ,पोषिलो खाना र तरकारी<br>क.रैथाने खाजाहरू मकैं,भटमास,सातु ,कोदो,फापर,गहुँको रोटी,आलु,पिडालु,सकरखण्ड,जाउली,स्कुस,फर्सी)<br>ख.खाना गहुँ,जौं,फाँपर,कोदो,मकैं,धान,गेडागुडी,दाल र साँगसब्जी)<br>ग.फलफूल -(अम्वा,नास्पती,केरा,आँप)<br>घ.दुध,दही मोही,ध्यू,मह र स्वच्छ पिउने पानीको तालिकागत प्रयोग गर्न प्रेरीत गर्ने<br>● स्वस्थ र पोषिलो खानाको विशेषताहरू बताई दिने<br>● जङ्क फूडबाट मानव जीवनमा पर्ने असरको जानकारी गराउदैं सधैं सर्तक रहन प्रेरीत गर्ने<br>क.प्लाष्टिकजन्य जस्तै :चकलेट,चाउचाउ,विस्कुट,<br>● ख.चिसो पेय पदार्थ<br>● विद्यालयमा घरायसी खाजाको प्रयोग गर्न प्रोत्साहन गर्ने | ● निम्न प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस्<br>१. तपाईले प्रयोग गर्ने दुईओटा खानाहरूको नाम भन्नुहोस्<br>२.विद्यार्थीले प्रयोग गर्ने खाजाको अवलोकन गर्ने | ५ |
| | ● **योग तथा ध्यान** | ● योग तथा ध्यानको परिचय दिन, अवलम्वन गर्न) सूर्य नमस्कार, ओम उच्चारण, पद्म मुद्रा, ज्ञान मुद्रा, भ्रामरी, अनुलोम विलोम, कपालभाती ) | ● योग तथा ध्यानको परिचय तथा अवलम्वन | ● योग तथा ध्यान गरेको फोटो, भिडियो देखाउने<br>● शिक्षकले प्रयोगात्मक रुपमा देखाउने, दिद्यार्थीहरूलाई सिकाउने (सूर्य नमस्कार, ओम उच्चारण, पद्म मुद्रा, ज्ञान मुद्रा, भ्रामरी, अनुलोम विलोम, कपालभाती )<br>● योग र ध्यानका फाइदाहरू बताई दिने<br>● घरमा विहान विहान नियमति योग र ध्यान गर्न प्रोत्साहित गर्ने | ● योग तथा ध्यानका आसनहरू अवलोकन गरी आवश्यकता अनुसार पृष्ठपोषण दिने | ५ |

**कक्षा : ७**

| विषय क्षेत्र | एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. भौगोलिक परिचय** | • **भौगोलिक परिचय** | • भोजपुर नगरपालिकाको भौगोलिक अवस्थिति (आ आफ्नो वडाहरूको होचो र अग्लो ठाउँ, क्षेत्रफल) बताउन<br>• आफ्नो पालिका भित्रका विभिन्न वडाहरूमा रहेका सामुदायिक वन, मुख्य बस्ती, व्यापारिक केन्द्र, पर्यटन क्षेत्र र खेतीयोग्य क्षेत्रहरू पत्तालगाउन<br>• आफ्नो पालिका भित्रका विभिन्न वडाहरूमा रहेका सामुदायिक वन, मुख्य बस्ती, व्यापारिक केन्द्र, पर्यटन क्षेत्र र खेतीयोग्य क्षेत्रहरूको महत्व दर्शाउन | • भोजपुर नगरपालिकाको भौगोलिक अवस्थिति<br>• भोजपुर नगरपालिका भित्रका विभिन्न वडाहरूमा रहेका (सामुदायिक वन, मुख्य बस्ती,व्यापारिक केन्द्र र खेतीयोग्य क्षेत्र) | • भोजपुर नगरपालिकाको नक्सा देखाउदैं भौगोलिक अवस्थिति (आआफ्नो वडाहरूको होचो र अग्लो स्थान कहाँ होला भनी जिज्ञासा राख्ने,आएका उत्तरहरूको बारेमा छलफल गराउने र स्पष्ट पार्ने ,क्षेत्रफलको सूचि प्रस्तुत गरी विद्यार्थीहरूलाई टिपोट गर्न लगाई भन्न लगाउने<br>• भोजपुर नगरपालिकाको नक्साको सहायताबाट विभिन्न वडाहरूमा रहेका (सामुदायिक वन,मुख्य बस्ती, व्यापारिक केन्द्र र खेतीयोग्य क्षेत्र)को सुचि तथा तालिकामा प्रर्दशन गर्दै टिपोट गर्न लगाउने र भन्न ,नक्सामा देखाउन लगाउने साथै दुई दुईजनाको समूह बनाई बुँदागत रूपमाप्रस्तुत गर्न लगाउने | • निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस्<br>क. आ आफ्नो वडाहरूको होचो र अग्लो ठाउँ बताउनुहोस् ।<br>ख.तपाईको वडाको क्षेत्रफल कति रहेको छ ?<br>ग. भोजपुर नगरपालिका भित्रका पाँचओटा मुख्य मुख्य व्यापारिक केन्द्र,पर्यटन क्षेत्रको नाम र ठाउँ उल्लेख गर्नुहोस् । | १० |
| **२. ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा** | • **ऐतिहासिक सम्पदा** | • टक्सार वजारको ऐतिहासिक पक्षहरूको परिचय, महत्व वताउन | • टक्सारको नामकरणको ऐतिहासिक<br>• डोली सिक्का कट्ने<br>• धातु जन्य सामाग्री उत्पादन<br>• टक्सारको एतिहासिक सम्पदा शाक्यमुनि विहार ,अजिमा मन्दिर, रणेश्वर शिवालय, कालिका देवीथान, करुणामय मन्दिर, वलेश्वर महादेव, भिमसेन स्थान | • टक्सार वजार किन नामकरण गरियो होला ? यसको एतिहासिकता सुनेको छौं ? भनि विद्यार्थीहरूलाई उनिहरूले सुनेको पक्षलाई प्रस्तुत गर्ने अवसर र सहयोग गरी टक्सार नामरणको ऐतिहासिकतालाई बताउने ।<br>• टक्सारमा टक (सिक्का) काटिने गरेको पक्षलाई जोड्दै कुन समयमा कति कति पैसाको मुल्यको कसरी सिक्का काटिन्थ्यो छलफल गराई भिडियो, फोटो वा वृतचित्र जस्ता सामाग्री वा संभव भएमा स्थलगत अवलोकन गराई ऐतिहासिक पक्षलाई बताउने ।<br>• टक्सारमा कुन कुन धातुजन्य सामाग्री निर्माण गरिन्छ ? भनि विद्यार्थीहरूवाट आएको नामलाई | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• टक्सार नामकरणको ऐतिहासिक पक्ष लेख्नुहोस् ।<br>• टक्सारमा कुन समयमा डोली सिक्का काट्ने व्यवस्था थियो ? यसको वारेमा छोटकरीमा उल्लेख गर्नुहोस् ।<br>• छोटकरीमा लेख्नुहोस्<br>क) अजिमा मन्दिर ख) रणेश्वर शिवालय<br>• टक्सारको घरेलु धातु उद्योगवाट कस्ता कस्ता धातुका सामाग्री उत्पादन गरिन्छ ? सुचि तयार गर्नुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | टिपोट गरी यस घरेलु उद्योग ऐतिहासिक पक्षको वारेमा बताउने ।<br>• टक्सारमा ऐतिहासिक मठ मन्दिर ,गुम्वा चर्चको वारेमा (शाक्यमुनि विहार ,अजिमा थान, रणेश्वर शिवालय, कालिका देवीथान, करुणामय मन्दिर, वलेश्वर महादेव, भिमसेन स्थान) को भिडियो, फोटो वा वृतचित्र जस्ता सामाग्री वा संभव भएमा स्थलगत अवलोकन गराइ छलफल गराई यसको वारेमा बताउने ।<br>• स्थलगत भ्रमण गराई टक्सारको ऐतिहासिक सम्पदाको वारेमा भ्रमण प्रतिवेदन वनउन लागउने । | • ऐतिहासिक स्थल टक्सारको भ्रमण प्रतिवेदन तयार गर्नुहोस् । | |
| | • **धार्मिक सम्पदा** | • साल्पापोखरीको धार्मिक, साँस्कृतिक परिचय, महत्व र सम्वर्धनका उपायहरू वताउन | • साल्पा पोखरीको भौगोलिक परिचय<br>• साल्पा पोखरीको प्राकृतिक सौन्दर्याता र जैविक विविधता<br>• सल्पा पोखरीको धार्मिक महत्त्व<br>• साल्पा सिलिछो पोखरीको संरक्षणका उपायहरू | • साल्पा पोखरीको वारेमा विद्यार्थीहरूलाई सुनेको वा पुगेको भएमा कक्षामा अनुभव वा जानकारी प्रस्तुत गर्न प्रेरित गर्ने<br>• साल्पा पोखरीको प्राकृतिक सुन्दरता र यहाँ पाईने वनस्पति ,जडीवुटी आदी सम्वन्धित भिडियो, फोटो वा वृतचित्र जस्ता सामाग्री वा स्रोत व्याक्ति हरू संग छलफल गराई भौगोलिक अवस्थितिको वारेमा छलफल गराई बताउने ।<br>• साल्पा पोखरीसंग सम्वन्धित भिडियो, फोटो वा वृतचित्र जस्ता सामाग्री वा स्रोत व्याक्ति हरू संग छलफल गराई भौगोलिक अवस्थितिको वारेमा छलफल गराई बताउने ।<br>• साल्पा पोखरीसंग किराँत समुदायको धार्मिक श्रद्धा र आस्था सम्वन्धित भिडियो, फोटो वा वृतचित्र जस्ता सामाग्री वा स्रोत व्याक्ति हरू संग छलफल गराई धार्मिक महत्त्व वारेमा छलफल गराई बताउने ।<br>• साल्पा पोखरी भोजपुर जिल्ला चिनारी र किराँत समुदायको धार्मिक आस्थाको स्थललाई संरक्षण गर्न के के गर्न पर्छ ? भनि विद्यार्थीहरूको छलफल गराई संरक्षणको सुचि तयार गर्न लगाउने । | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• साल्पा पोखरी कुन स्थानमा अवस्थित रहेको छ ?<br>• साल्पा पोखरीको धार्मिक महत्व छोटकरीमा लेख्नुहोस् ।<br>• साल्पा पोखरीको संवर्धनका कुनै ४ उपायहरू लेख्नुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • **साँस्कृतिक सम्पदा** | • लाखे नाच र कृष्ण रथ यात्राको धार्मिक परिचय, महत्व र संरक्षणको उपायहरू<br>• जातीय विशेपता झल्काउने संस्तृतिक महत्वका वस्तु तथा परम्परा वताउन | • नेवार जातीको लोखे नाच र कृष्ण रथ यात्रा परिचय र महत्त्व<br>• नेवार जातीको लोखे नाच र कृष्ण रथ यात्राको संरक्षणको उपायहरू<br>• सांस्कृतिक महत्त्वका वस्तु तथा परम्परामा विनायो, चिण्डो, सुकुन्दा, वेल विवाह, कठुवा, पोङ, जनै सुपारी) | • भोजपुरमा कुन कुन स्थानमा लाखे जात्रा निकालिन्छ? प्रश्न राखी नेवार समुदायले कुन तिथि मा कहिले देखी कहिले सम्म नाचिन्छ ?लाखे नाचको भिडियो, वृतचित्र वा अध्ययन अवलोकन गराउने भोजपुर मा मनाईने लाखे नाच र धार्मिक महत्वको वारेमा उल्लेख गरी आफ्नो साथीलाई चिठि लेख्न लगाउने ,<br>• कृष्ण रथ यात्राको ,महत्त्व वारेमा भिडियो फुटेज, वृतचित्र, वा संभव भएमा स्थालगत अध्ययन अवलोकन गराएर जानकारी गराउने<br>• लाखे नाच र कृष्ण रथ यात्रालाई संरक्षण गर्ने उपायहरू के के होला ? प्रश्न राखी विद्यार्थीहरूको छलफलवाट आएको बुँदा टिपी सूची तयार गर्न लागाउने ।<br>• किराँत समुदायमा प्रचलित वाजा विनायो र संस्कारमा प्रयोग हुने प्रमुख वस्तु चिण्डोको सम्वन्धित भिडियो फुटेज वा वृतचित्र वा फोटो वा स्रोत व्यक्तिसंग छलफल गराई परिचय र महत्त्व बताउने<br>• नेवारी समुदायको कन्याहरूमा हुने वेल विवाह र संस्कारमा प्रयोग हुने प्रमुख वस्तु सुकुन्दाको म्वन्धित भिडियो फुटेज वा वृतचित्र वा फोटो वा स्रोत व्यक्तिसंग छलफल गराई परिचय र महत्त्व बताउने<br>• शेर्पा समुदायको संस्कारमा प्रयोग हुने प्रमुख वस्तु कठुवासंग सम्वन्धित भिडियो फुटेज वा वृतचित्र वा फोटो वा स्रोत व्यक्तिसंग छलफल गराई परिचय र महत्त्व बताउने<br>• तामाङ समुदायको संस्कार पोङसंग सम्वन्धित भिडियो फुटेज वा वृतचित्र वा फोटो वा स्रोत व्यक्ति संग छलफल गराई परिचय र महत्त्व बताउने<br>• ब्राहम्ण क्षेत्री समुदायको संस्कार जनै सुपारी संग सम्वन्धित भिडियो फुटेज वा वृतचित्र वा फोटो वा | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• लाखे जत्रा मनाउने कहिले देखी कहिले सम्म मनाईन्छ ?<br>• कृष्ण रथ यात्राको धार्मिक महत्व छोटकारीमा उल्लेख गर्नुहोस् ।<br>• चिण्डो कुन जाती संग सम्वन्धित छ ? यसको कुनै दुई महत्वहरू उल्लेख गर्नुहोस् ।<br>• वेल विवाह भनेको के हो ?<br>• पोङ कुन जाती संग सम्वन्धित छ ? यसको कुनै दुई महत्वहरू उल्लेख गर्नुहोस् । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | स्रोत व्यक्ति संग छलफल गराई परिचय र महत्त्व बताउने | | |
| | • **पर्यटकीय सम्पदा** | • टेम्के ,मैयुङ र सिलिचोङ पहाडको पर्यटकीय परिचय, महत्व र सम्वर्द्धनका उपायहरू वताउन | • टेम्केको पर्यटकिय परिचय र महत्त्व<br>• मैयुङको पर्यटकीय परिचय र महत्त्व<br>• सिलिचोङ पर्यटकीय परिचय र महत्त्व<br>• मैयुङको पर्यटकीय परिचय र महत्त्व<br>• टेम्के,मैयुङ र सिलिचुङ पहाडको सम्वर्द्धनका उपायहरू | • टेम्के क्षेत्रको वारेमा तयार पारिएका वृतचित्र,फुटेज भिडियो, फोटो वा संभव भएमो स्थलगत अध्ययन अवलोकन अध्ययन अवलोकन गराई यस क्षेत्रवाट देखिने भौगोलिक मनोरम दृष्य, प्राकृतिक सौन्र्दता, जैविक विविधताहरूलाई छलफल गराई बताउने<br>• मैयुङ क्षेत्रको वारेमा तयार पारिएका वृतचित्र,फुटेज भिडियो, फोटो वा संभव भएमो स्थलगत अध्ययन अवलोकन अध्ययन अवलोकन गराई यस क्षेत्रवाट देखिने भौगोलिक मनोरम दृष्य, प्राकृतिक सौन्दर्यता, जैविक विविधताहरूलाई छलफल गराई बताउने<br>• भोजपुर जिल्लाको सवै भन्दा अग्लो पहाड कुन हो ? प्रश्न राखी सिलिचोङ पहाडको क्षेत्रको वारेमा तयार पारिएका वृतचित्र,फुटेज भिडियो, फोटो वा संभव भएमा स्रोत व्यक्तिसंगको छलफल गरी भौगोलिक मनोरम दृष्य, प्राकृतिक सौन्र्दता, जैविक विविधता वारेमा प्रष्ट पारी बताउने<br>• अध्ययन अवलोकन अध्ययन अवलोकन गराई यस क्षेत्रवाट देखिने भौगोलिक मनोरम दृष्य, प्राकृतिक सौन्र्दता, जैविक विविधताहरूलाई छलफल गराई बताउने<br>• टेम्के ,मैयुङ र सिलिचोङ पहाडको भोजपरको प्रमुख पर्यटकीय पहाडलाई कसरी सम्वर्धन, प्रचार प्रसार प्रसार गर्ने उपायहरू के के होला ? भनि प्रश्न राखी छलफल गरी सुचि तयार गर्ने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• टेम्के ,मैयुङ र सिलिचोङ पहाडको पर्यटकिय क्षेत्रलाई समेटेर भोजपुरको कुनै रेडियोलाई समाचार तयार गर्नुहोस् ।<br>• भोजपुरको सवैभन्दा अग्लो पहाड कुन हो ?<br>• सिलिचोङ पहाडको पर्यटकीय सौन्दर्यताको छोटकरीमा उल्लेख गर्नुहोस् ।<br>• टेम्के,मैयुङ र सिलिचुङ पहाडको सम्वर्धनका कुनै ४ उपायहरू लेख्नुहोस् । | ४ |
| **३. जातजाति, भाषाभाषी तथा चाडपर्व** | • **जातजाति** | • आफ्नो पालिका र जिल्लाभित्र बसोबास गर्ने जातजातिहरूको सूची तयार गर्न | • आफ्नो पालिकाभित्र बसोबास गर्ने जातजातिहरूको परिचय<br>• आफ्नो जिल्लाभित्र बसोबास गर्ने जातजातिको विवरण (ब्राह्मण-क्षेत्री, | • पालिका र जिल्लाभित्र बसोबास गर्ने जातजातिहरूको सूची प्रस्तुत गरी छलफल गराउने, तुलना गर्ने<br>• जिल्लाका जातजातिहरूको चार्ट प्रस्तुत गरी छलफल गर्ने/गराउने (ब्राह्मण-क्षेत्री, आ.ज., | • प्रश्नोत्तरः भोजपुर जिल्लाको कुनकुन ठाउँमा लोपोन्मुख, सीमान्तकृत र अल्पसङ्ख्यक जातिको बसोबास रहेको छ ? व्यवहार अवलोकन, प्रस्तुतीकरण, परियोजना कार्य | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • नेपाली बहुजातीय विशेषता बोध गरी जातीय सद्भाव र सम्मान व्यक्त गर्न | आ.ज., दलित, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक आदि)<br>• जातीय सद्भाव, सम्मान र सहयोग | दलित, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक आदि)<br>• विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• कक्षा कार्य गराउदा मिश्रित समूह निर्माण गरी पारस्पारिक सद्भाव, सहकार्य र सहयोगको भावना विकास गर्ने<br>• समावेशी बसाइ व्यवस्थान मिलाउने<br>• समान अवसर र प्रोत्साहन प्रदान गर्ने<br>• सम्बन्धित परियोजना कार्य दिने | मूल्याङ्कन, अभिलेखीकरण, परीक्षा<br>• रुजु सूची, श्रेणी मापन अथवा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• निर्माणात्मक मूल्याङ्कानका साधनहरूको प्रयोग<br>• मुख्य सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन गरी पृष्ठपोषण, थप सिकाइ अवसर तथा आवश्यकतानुसार निराकरणत्मक शिक्षणको रणनीति अपनाउने | |
| | • **भाषाभाषी** | • आफ्नो पालिका र जिल्लाभित्र बोलिने भाषाहरूको सूची बनाई ती भाषाको सघन प्रयोग क्षेत्रको सङ्केत गर्न<br>• सबै स्थानीय मातृभाषाहरूको सम्मान गर्न<br>• आफ्नो मातृभाषाको महत्त्व बोध गरी बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन | • आफ्नो पालिका तथा जिल्लाभित्र बोलिने भाषाहरूको नाम तथा विवरण<br>• आफ्नो पालिका तथा जिल्लाभित्रका विभिन्न भाषाहरू बोलिने मुख्य सघन क्षेत्रहरू (गाउँ, वडा, पालिका)<br>• विभिन्न मातृभाषा/भाषाहरूको महत्त्व बारे छलफल<br>• आफूले बोल्ने भाषाको शुद्ध र शिष्ट (साइनो, सम्मान, नम्रता, शब्द चयन, बोल्ने शैली आदिमा शिष्टता) प्रयोग गर्ने अभ्यास<br>• आ-आफ्नो घरमा, छिमेकमा तथा साथीहरूसँग मातृभाषा प्रयोग गरी बोल्न प्रोत्साहन | • आफ्नो पालिका र जिल्लाभित्र बोलिने भाषाहरूको नाम र सङ्ख्या, सो भाषा बोल्ने जातजातिको नाम, आदिको चर्चा गर्दै नेपालको संविधानमा भएको भाषासम्बन्धी प्रावधानका बारेमा छलफल गर्ने<br>• सबै भाषा उत्तिकै महत्त्पूर्ण हुन्छन् भन्ने धारणा दिने<br>• जिल्लामा भाषा, वक्ता र प्रयोग क्षेत्र उल्लेखित चार्ट प्रस्तुत गरी छलफल गर्ने<br>• सन्दर्भ दिई शिष्ट बोल्ने अभ्यास पालैपालो गराउने (जस्तै : कुनै अतिथिसँगको भेटमा बोलिने भाषाशैली वा आफूभन्दा सानासँग बोलिने शिष्ट भाषाशैली आदि)<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• आफ्नो मातृभाषामा **आउनु, जानु, खानु, बस्नु, पढ्नु, लेख्नु** शब्दहरूलाई कक्षामा उपस्थित विद्यार्थीकै सहयोगमा वा शिक्षक आफैले नेपालीमा, अङ्ग्रेजीमा तथा विभिन्न स्थानीय मातृभाषाहरूमा अनुवाद गरी प्रस्तुत् गरी आ-आफ्नो मातृभाषाप्रति जागरुक गराउने<br>• नेपाली भाषाभन्दा फरक मातृभाषा बोल्ने विद्यार्थीलाई आफ्नो मातृभाषामा कुनै एक वाक्य | • व्यवहार अवलोकान, रुजुसूची, श्रेणीमापन वा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• प्रश्नोत्तर गर्ने, परीक्षा लिने<br>• कार्यसञ्चयिका निर्माण<br>• निर्माणात्मक मूल्याङ्कनका अन्य साधनहरू प्रयोग गर्ने<br>• मुख्य सिकाइउपलब्धिमा आधारित मूल्याङ्कन गर्ने<br>• मातृभाषा छुट्टै हुनेका लागि आफ्नो मातृभाषामा बोल्न लगाउने<br>• | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • आफ्नो मातृभाषामा **आउनु, जानु, खानु, बस्नु, पढ्नु, लेख्नु** शब्दहरू | बोल्न लगाएर अरुलाई पनि यसरी नै बोल्न सक्छौ भनी नमुना प्रस्तुत गरी प्रोत्साहित गर्ने | | |
| | • **चाडपर्व** | • आफ्ना पालिकाभित्रका समुदायले मनाउने स्थानीय प्रमुख चाडपर्वहरूको जानकारी, सहभागिता र महत्व बोध गन<br>• नेवार जातिले मनाउने लाखे जात्रा, यमरी पुन्ही र इसाइ धर्मावलम्बीले मनाउने क्रिस्मसको परिचय र विशेषता बताउन | • पालिकाभित्रका विभिन्न जातजातिअनुसारका स्थानीय मौलिक चाडपर्वहरूको विवरण<br>• नेवार जातिले मनाउने लाखे जात्रा, खाइसल्हू, यमरी पुन्ही र इसाइ धर्मावलम्बीले मनाउने क्रिस्मसको परिचय र विशेषताहरू<br>• अवसर मिलाएर स्थानीय चाडपर्वहरूमा सहभागिता | • विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने (जस्तै : आफूले आफ्नो वा कसैको चाडपर्वमा सहभागि हुँदाको अनुभव वर्णन .....)<br>• सम्भव भएसम्म विभिन्न सम्बन्धित भिडियो प्रस्तुत गरी छलफ गराउने<br>• आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने प्रमुख चाडपर्वहरूको नाम, मनाउने तरिका र समय ( महिना/गते/वार/तिथि/अवसर) आदिका बारेमा छलफल गर्ने (विद्यार्थी केन्द्रित बनाउने)<br>• नेवार जातिले मनाउने लाखे जात्रा, खाइसल्हू, यमरी पुन्ही र इसाइ धर्मावलम्बीले मनाउने क्रिस्मसको परिचय र विशेषता बारेमा छलफल गरी परिचय, विशेषता र महत्व बताउन/लेखेर प्रस्तुत गर्न लगाउने<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• | • प्रश्नोत्तर, व्यवहार अवलोकन, प्रस्तुतीकरण, अभिलेखीकरण<br>• कार्यसञ्चयिका निर्माण<br>• निर्माणात्मक मूल्याङ्कनका साधनहरूको प्रयोग<br>• रुजु सूची, श्रेणीमापन, रुब्रिक्स निर्माण गरी प्रयोग<br>• | ७ |
| **४. आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय तथा प्रविधि** | • **आर्थिक क्रियाकलाप** | • आफ्नो वडा र पालिकाभित्र आर्थिक क्रियाकलाप गर्ने बैंक, वित्तीय संस्था, सहकारी संस्था, बचत समूह तथा आमा समूहहरूको सेवाप्रवाह बताउन<br>• खुत्रुके बचत गर्ने बानिको निरन्तरता दिन | • आफ्नो वडा र पालिकाभित्र आर्थिक क्रियाकलाप गर्ने बैंक, वित्तीय संस्था, सहकारी संस्था, बचत समूह तथा आमा समूहहरूको सामान्य परिचय, तिनीहरूले दिने सेवाका प्रकार<br>• खुत्रुके बचत | • आफ्नो वडा र पालिकाभित्र आर्थिक क्रियाकलाप गर्ने बैंक, वित्तीय संस्था, सहकारी संस्था, बचत समूह तथा आमा समूहहरूको सामान्य परिचयसहित, तिनीहरूले दिने सेवाका प्रकारका बारेमा छलफल गराउने<br>• खुत्रुके बचतका बारेमा समीक्षा तथा आफ्नो अनुभव वर्णन गर्न लगाउने | • प्रश्नोत्तर<br>• लिखित तथा मौखिक परीक्षा<br>• परियोजना कार्य दिई परीक्ष ागर्ने | ६ |
| | • **स्थानीय पेसा, व्यवसाय** | • आफ्नो वडा र पालिकाभित्र सञ्चालित विभिन्न व्यावसायिक कार्य, उद्यम-व्यवसाय र फर्महरू (कृषि, | • आफ्नो वडा र पालिकाभित्र सञ्चालित विभिन्न व्यावसायिक कार्य, उद्यम- | नजिक तथा नमुनालायक उद्यम व्यवसाय तथा व्यावसायिक फर्महरूको अवलोकन भ्रमण गराई प्रतिवेदन लेख्न लगाउने | • प्रतिवेदन परीक्षण<br>• भ्रमणको विषय बारे मौखिक वर्णन गर्न लगाई अवलोकन<br>• अनुभव वर्णन | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहकारी तथा अन्य) को अवलोकन गरी जानकारी हासिल गर्न | व्यवसाय र फर्महरू (कृषि, सहकारी तथा अन्य) | • आफूलाई मनपर्ने पेसा तथा व्यवसायका बारेमा अनुच्छेद लेख्न गलाई प्रस्तुत गराउने | | |
| | • **स्थानीय प्रविधि** | • खुकुरी र करुवा बनाउने रैथाने प्रविधिको पहिचान गरी बताउन<br>• खुकुरी र करुवा बनाउने रैथाने प्रविधिको महत्त्व र उपादेयता बताउन<br>• खुकुरी र करुवा बनाउने रैथाने प्रविधिको अवलम्वन गर्दा सिर्जना हुने रोजगारी र स्वरोजगारीले व्यक्ति, समाज र राष्ट्रको आर्थिक समुन्नतिमा पार्ने प्रभावको चर्चा गर्न | • खुकुरी र करुवा बनाउने रैथाने प्रविधिको परिचय<br>• खुकुरी र करुवा बनाउने रैथाने प्रविधिको महत्त्व, उपादेयता<br>• खुकुरी र करुवा बनाउने रैथाने प्रविधिको आर्थिक महत्त्व | • खुकुरी र करुवा बनाउने रैथाने प्रविधिको बारेमा के कति जानकारी रहेछ सोध्ने, वास्तविक बस्तुको अवलोकन गराएर, फोटो, भिडियो देखाएर अभिनय गरेर, गर्न लगाएर स्पष्ट पार्ने<br>• खुकुरी र करुवा बनाउने रैथाने प्रविधिको महत्त्व, उपादेयता सूचिबद्ध बताउने, लेख्न र भन्न लगाउने<br>• खुकुरी र करुवा बनाउने रैथाने प्रविधिको अवलम्वन गर्दा सिर्जना हुने रोजगारी र स्वरोजगारीले व्यक्ति, समाज र राष्ट्रको आर्थिक समुन्नतिमा पार्ने प्रभाव बारेमा प्रष्ट पार्न प्रश्नोत्तर, छलफल र बुँदा टिपोट गराउने | • लिखित र मौखिक रूपमाप्रश्नोत्तर गर्ने<br>• भोजपुरे खुकुरी किन लोकप्रिय छ ?<br>• खुकुरी र करुवा बनाउने रैथाने प्रविधिको महत्त्व, उपादेयता बताउनुहोस् ।<br>• खुकुरी र करुवा बनाउने रैथाने प्रविधिबाट सिर्जना हुने रोजगारी र स्वरोजगारीको प्रभाव व्याख्या गर्नुहोस् ।<br>• तपाईको वडा र नगरपालिकामा सञ्चालित खुकुरी तथा करुवा बनाउने उद्योगहरूको विवरण प्रस्तुत गर्नुहोस् ।<br>• तपाईको वडा र नगरपालिकामा सञ्चालित खुकुरी र करुवा बनाउने उद्योगहरूको भ्रमण गरी मध्ये कुनै एउटाको बारेमा प्रतिवेदन प्रस्तुत गर्नुहोस् | ७ |
| **५. स्थानीय संरचना र विशिष्ट व्यक्तित्व** | • **स्थानीय संरचना** | • स्थानीय तहको कार्यपालिकाको गठन प्रक्रिया बारे बताउन<br>• नगरपालिकामा सेवा प्रवाह गर्ने शाखाहरू (शिक्षा, कृषि, स्वास्थ्य) को नाम र काम बताउन) | • स्थानीय तहको कार्यपालिकाको गठन प्रक्रिया<br>• नगरपालिकामा सेवा प्रवाह गर्ने शाखाहरू( शिक्षा,कृषि,स्वास्थ्य) को नाम र काम | • स्थानीय तहको कार्यपालिकाको गठन प्रक्रिया व्याख्यान र भूमिका अभिनय विधिबाट प्रष्ट पार्ने<br>• नगरपालिकामा सेवा प्रवाह गर्ने शाखाहरू( शिक्षा,कृषि,स्वास्थ्य) को नाम र काम के के होला भनी जिज्ञासा राख्ने,आएका जवाफसँग तुलना गरी सूचिको व्याख्या गरी पढन र लेख्न लगाउने | • निम्न प्रश्नको आधारमा मूल्यांकन गर्नुहोस् :<br>१. स्थानीय तहको कार्यपालिकामा कति सदस्य हुन्छन् ?<br>२. नगरपालिकामा सेवा शिक्षा शाखाको काम के के होला ? | ६ |
| | • **विशिष्ट व्यक्तित्व** | • जिल्ला भित्रका शैक्षिक, सामाजिक क्षेत्रमा योगदान दिने व्यक्तित्वहरूको नाम र योगदान बताउन | • जिल्ला भित्रका शैक्षिक,सामाजिक क्षेत्रमा योगदान दिने व्यक्तित्वहरू | • भोजपुर जिल्ला भित्रका शैक्षिक,सामाजिक क्षेत्रमा योगदान दिने व्यक्तित्वहरूको नाम र योगदानको सूचि प्रस्तुत गरी छलफल गराउने | • निम्न प्रश्नको आधारमा मूल्यांकन गर्नुहोस् :<br>१. भोजपुर जिल्ला भित्रका सामाजिक क्षेत्रमा योगदान दिने | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • समाजसेवी नारदमणी थुलुङ्को परिचय र योगदान बताउन | • समाजसेवी नारदमणी थुलुङको जीवनी | • समाजसेवी नारदमणी थुलुङको फोटो देखाई उहाँ को हुनुहोला,उहाँले राजनीतिक,सामाजिक,शैक्षिक क्षेत्रमा पुर्‍याउनु भएको योगदान के के होलान ? भनी जिज्ञासा राख्ने,आएका जवाफसँग तुलना गरी आवश्यकता अनुसार बुँदागत व्याख्या गरी पढन र लेख्न लगाउने<br>• वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने | कुनै दुईजना व्यक्तित्वहरूको नाम र योगदानको सूचि तयार पार्नुहोस्<br>२. समाजसेवी नारदमणी थुलुङको योगदानको सूचि तयार पार्नुहोस् । | |
| **६. स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि** | • **स्थानीय पूर्वाधार विकास** | • सुरक्षित घर निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू बताउन | • सुरक्षित घर | • भुकम्प, बाढीपहिरो, हावाहुरी आदिबाट सुरक्षित भई कसरी घर निर्माण गर्न सकिन्छ भन्ने विषयमा चित्र, भिडियो, आदि उपयुक्त विधिको प्रयोग गरी विद्यार्थीहरूलाई छलफलमा सहभागी गराउने र निष्कर्ष निकाल्ने ।<br>• विद्यार्थीहरूले हाल बसोबास गरिरहेको घर सुरक्षित भए नभएको विषयमा यकिन गर्न लगाई असुरक्षित भए अभिभावकसँग सुरक्षित बनाउने उपायका बारेमा कुरा गर्न प्रोत्साहित गर्ने । | • मौखिक तथा लिखित प्रश्नोत्तर<br>• परियोजना कार्यको मूल्याङ्कन<br>• व्यवहार अवलोकन आदि | ४ |
| | • **जनशक्ति विकास** | • स्थानीय स्तरका सिपमूलक तालिम प्रदायक निकायहरू पहिचान गर्न | • सिपमूलक तालिम प्रदायक निकायहरू | • स्थानीय स्तरमा सिपमूलक तालिम प्रदायक सरकारी तथा गैरसरकारी निकायहरू (प्राविधिक तथा बहुप्राविधिक शिक्षालयहरू, नगरपालिका, स्थानीय संघ संस्थाहरू आदि) पहिचान गर्न लगाउने र चार्ट, क्षेत्रभ्रमण आदि उपयुक्त माध्यमबाट स्थानीय स्तरका सिपमूलक तालिम प्रदायक निकायहरू र तिनीहरूले प्रदान गर्ने तालिमका बारेमा बताइदिने । | • मौखिक तथा लिखित प्रश्नोत्तर<br>• परियोजना कार्य<br>• प्रतिवेदन मूल्याङ्कन | ५ |
| | • **सूचना तथा सञ्चार** | • अत्यावश्यक सेवाका सूचनाहरू सम्प्रेषण गर्ने तरिकाहरू बताउन<br>• फोन गरी अत्यावश्यक सेवाका सूचनाहरू सम्प्रेषण गर्न | • सूचना सम्प्रेषणका तरिकाहरू<br>• सूचना सम्प्रेषणमा टेलिफोनको प्रयोग | • स्थानीय रेडियो, पत्रपत्रिका, वेबसाइट आदिका माध्यमबाट अत्यावश्यक सेवाका सूचनाहरू प्राप्त गर्ने र आफ्ना समस्या, गुनासो तथा सूचनाहरू टेलिफोन, इमेल आदिका माध्यमबाट सम्प्रेषण गर्ने तरिकाहरू बताइदिने ।<br>• विद्यार्थीहरूलाई अत्यावश्यक सेवा (प्रहरी, एम्बुलेन्स, दमकल, टेलिफोन, खानेपानी, विद्युत आदि) का महत्वपूर्ण फोन नम्बरहरू सङ्कलन गर्न लगाई विभिन्न समस्या, गुनासो र सूचनाहरू ती | • व्यवहार अवलोकन<br>• प्रश्नोत्तर<br>• प्रयोगात्मक अभ्यास | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | निकायहरूलाई फोनमार्फत जानकारी गराउन लगाउने । | | |
| ७. प्रकोप तथा विपद् व्यवस्थापन | • **विपद् रोकथाम तथा व्यवस्थापन** | • प्रकोप एवम् विपद व्यवस्थापनका उपायहरू बताउन<br>• जीवन सुरक्षाका लागि अपनाउनुपर्ने सुरक्षात्मक उपायहरू अपनाउन | • विपद व्यवस्थापनका उपायहरू<br>• जीवन सुरक्षाका लागि अपनाउनुपर्ने सुरक्षात्मक प्रावधान | • विपद व्यवस्थापनपूर्व अपनाउनुपर्ने सावधानी र सुरक्षाका विभिन्न सान्दर्भिक उपाहरूको बारेमा छलफल तथा अन्तरक्रिया, भिडियो क्लिप्स प्रस्तुत गरी आवश्यक उपायहरूबारे सिकारुलाई बताइदिने । | • प्रश्नोत्तर<br>• सिकारुको व्यवहार प्रदर्शन<br>• कक्षा कार्य<br>• लिखित या मौखिक जानकारी आदि | ५ |
| | • **सुरक्षित बसाइ व्यवस्थापन** | • घर तथा विद्यालय सुरक्षा तथा सुरक्षित बसाइ व्यवस्थापनमा ध्यान दिन | • घर तथा विद्यालय सुरक्षा तथा सुरक्षित बसाइ व्यवस्थापन | • घर तथा विद्यालय सुरक्षा तथा सुरक्षित बसाइ व्यवस्थापन, सहज र सुरक्षित वसाइ सम्बन्धमा सिमुलेसन, प्रयोगात्मक कार्यहरू, प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ । | • प्रश्नोत्तर<br>• सिकारुको व्यवहार प्रदर्शन<br>• कक्षा कार्य<br>• लिखित या मौखिक जानकारी आदि | ५ |
| ८. स्थानीय नैतिक मूल्य मान्यता र व्यावहारिक लेखन सिप | • **स्थानीय नैतिक मूल्य मान्यता** | • पेसागत र व्यवसायिक नैतिकताको बारेमा बताउन<br>• सामाजिक सञ्जालको परिचय, महत्व र उपयोगिता बताउन<br>• असल संस्कारका बारेमा जानकार भई अनैतिक कार्यबाट शतर्क रहन<br>• श्रमप्रति सकारात्मक धारणाको विकास गर्न | • पेसागत र व्यवसायिक नैतिकता<br>• सामाजिक सञ्जाल<br>• असल संस्कार<br>• श्रमप्रति सम्मान | • विभिन्न पेसा/व्यवसायहरूको सूची प्रस्तुत गर्दै उक्त पेसा/व्यवसायमा अपनाउनु पर्ने नैतिक नियमहरूबारे छलफल गर्दै पेसागत/ व्यवसायिक नैतिकताका बारेमा बताइदिने ।<br>• सामाजिक सञ्जालहरूका बारेमा उदाहरण सहित छलफल गर्दै सामाजिक सञ्जालको महत्व, उपयोगिता र यस्ता सञ्जाल प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरूका बारेमा छलफल गराउने ।<br>• असल संस्कार भएका व्यक्तिहरूका उदाहरण, वा विभिन्न श्रव्यदृष्य सामग्रीका माध्यमबाट व्यक्तिका असल संस्कार/कार्यव्यवहारका बारेमा छलफल गराउने ।<br>• स्थानीय स्तरमा गरिने विभिन्न प्रकारका श्रमहरूका बारेमा जानकारी दिने, श्रमको महत्व, श्रम र उत्पादन बिचको सम्बन्ध आदिका विषयमा छलफल गर्दै सबै किसिमका श्रमप्रति सम्मान गर्न अभिप्रेरित गर्ने । | • मौखिक तथा लिखित प्रश्नोत्तर<br>• व्यवहार अवलोकन<br>• परियोजना कार्यको मूल्याङ्कन<br>• अभिभावक भेटघाट<br>• निरन्तर मूल्याङ्कन आदि | ७ |
| | • **व्यावहारिक लेखन सिप** | • वडा कार्यालय, नगरपालिका लगायतका निकायहरूबाट विभिन्न सेवा प्राप्त गर्न | • निवेदन लेखन<br>• बैंक चेकबुक र भौचर | • औपचारिक निवेदनका नमुना प्रस्तुत गरी भोजपुर नगरपालिका तथा यस अन्तर्गतका निकायहरू, स्थानीय विभिन्न संघ संस्था, विद्यालय लगायतका निकायहरूमा विभिन्न सन्दर्भमा लेखिने व्यक्तिगत | • प्रयोगात्मक कार्य<br>• व्यवहार अवलोकन<br>• परियोजना कार्य | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विभिन्न सन्दर्भमा लेखिने निवेदन लेख्न | | वा सार्वजनिक सरोकारका निवेदनहरू लेख्न व्यक्तिगत र सामूहिक रूपमाअभ्यास गराउने ।<br>● स्थानीय स्तरका बैंक तथा वित्तीय संस्थाहरूबाट जारी गरिएका चेकबुक तथा भौचरका नमुना सङ्कलन गरी भर्ने अभ्यास गराउने । | ● निरन्तर मूल्याङ्कन आदि | |
| **९. स्वस्थ जीवनशैली** | ● **स्वस्थ र पोषिलो खाना** | ● स्वस्थ र पोषिलो खाना चिन्न र प्रयोग गर्न<br>क.रैथाने खाजाहरू मकैं,भटमास,सातु ,कोदो,फापर,गहुँको रोटी,आलु,पिडालु,सकरखण्ड,जाउली,स्कुस,फर्सी)<br>ख.खाना गहुँ,जौं,फाँपर,कोदो,मकैं,धान, गेडागुडी,दाल र साँगसब्जी)<br>ग.दुध,दही मोही,ध्यू,मह<br>● जङ्क फूडबाट सर्तक रहन<br>क.प्लाष्टिकजन्य जस्तै :चकलेट,चाउचाउ,विस्कुट,<br>● ख.चिसो पेय पदार्थ | ● स्वस्थ र पोषिलो खानाको प्रयोग<br>● जङ्क फूड | ● दैनिक रुपमा प्रयोग गर्ने खानाको सूचि प्रस्तुत गर्न लगाउने, स्वस्थ र पोषिलो खानासँग तुलना गर्ने<br>● स्वस्थ ,पोषिलो खाना र तरकारी<br>क.रैथाने खाजाहरू मकैं,भटमास,सातु ,कोदो,फापर,गहुँको रोटी,आलु,पिडालु,सकरखण्ड,जाउली,स्कुस,फर्सी)<br>ख.खाना गहुँ,जौं,फाँपर,कोदो,मकैं,धान,गेडागुडी,दाल र साँगसब्जी)<br>ग.फलफूल -(अम्वा,नास्पती,केरा,आँप)<br>घ.दुध,दही मोही,ध्यू,मह र स्वच्छ पिउने पानीको तालिकागत प्रयोग गर्न प्रेरीत गर्ने<br>● स्वस्थ र पोषिलो खानाको विशेषताहरू बताई दिने<br>● जङ्क फूडबाट मानव जीवनमा पर्ने असरको जानकारी गराउदैं सधैं सर्तक रहन प्रेरीत गर्ने<br>क.प्लाष्टिकजन्य जस्तै :चकलेट,चाउचाउ,विस्कुट,<br>● ख.चिसो पेय पदार्थ<br>● विद्यालयमा घरायसी खाजाको प्रयोग गर्न प्रोत्साहन गर्ने | ● निम्न प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस्<br>१. तपाईले प्रयोग गर्ने दुईओटा खानाहरूको नाम भन्नुहोस्<br>२.विद्यार्थीले प्रयोग गर्ने खाजाको अवलोकन गर्ने | ५ |
| | ● **योग तथा ध्यान** | ● योग तथा ध्यानको परिचय दिन, अवलम्वन गर्न)सूर्य नमस्कार, ओम उच्चारण, पद्म मुद्रा, ज्ञान मुद्रा, पद्मासन, भ्रामरी, अनुलोम विलोम, कपालभाती ) | ● योग तथा ध्यानको परिचय तथा अवलम्वन | ● योग तथा ध्यान गरेको फोटो,भिडियो देखाउने<br>● शिक्षकले प्रयोगात्मक रुपमा देखाउने,दिद्यार्थीहरूलाई सिकाउने(सूर्य नमस्कार, ओम उच्चारण ,पद्म मुद्रा, ज्ञान मुद्रा, पद्मासन, भ्रामरी, अनुलोम विलोम, कपालभाती )<br>● योग र ध्यानका फाइदाहरू बताई दिने<br>● घरमा विहान विहान नियमति योग र ध्यान गर्न प्रोत्साहित गर्ने | ● योग तथा ध्यानका आसनहरू अवलोकन गरी आवश्यकता अनुसार पृष्ठपोषण दिने | ५ |

कक्षा : ८

| विषय क्षेत्र | एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. भौगोलिक परिचय** | • **भौगोलिक परिचय** | • भोजपुर जिल्लाको भौगोलिक अवस्थिति र विशेषता( अक्षांश, देशान्तर, कुल क्षेत्रफल, होचो र अग्लो ठाउँ,) को वर्णन गर्न<br>• भोजपुर जिल्लाको मुख्य डाँडाहरूको उचाई (टेम्के, मैयूङ, सिलिचुङ) भीर, नदी, पोखरी, छाँगा, जलविद्युत उत्पादित तथा सम्भावित क्षेत्र, सडक, मुन्धुम ट्रेल बस्ती, व्यापारिक केन्द्र, विमानस्थल, शैक्षिक सँस्था, अस्पताल, खेतीयोग्य ठाउँ, जडीबुटी, फलफूल खेती, वन, पर्यटकीय, डाँडा, खोला, छाँगा र चरन क्षेत्र)को नाम र ठेगाना बताउन<br>• भोजपुर जिल्लाको स्थानीय तहहरूको नाम, केन्द्र र क्षेत्रफलको पहिचान गरी विश्लेषण गर्न | • भोजपुर जिल्लाको भौगोलिक अवस्थिति र विशेषता (अक्षांश, देशान्तर, कुल क्षेत्रफल, होचो र अग्लो ठाउँ)<br>• भोजपुर जिल्लाको मुख्य डाँडाहरूको उचाई(टेम्के, मैयूङ, सिलिचुङ) भीर, नदी, पोखरी, छाँगा, जलविद्युत उत्पादित तथा सम्भावित क्षेत्र, बस्ती, व्यापारिक केन्द्र, विमानस्थल, शैक्षिक सँस्था, अस्पताल, खेतीयोग्य ठाउँ, जडीबुटी, फलफूल खेती, वन, पर्यटकीय, डाँडा, खोला, छाँगा र चरन क्षेत्र)<br>• भोजपुर जिल्लाको स्थानीय तहहरूको नाम,केन्द्र र र क्षेत्रफलको पहिचान | • भोजपुर जिल्लाको नक्सा देखाउदैं भौगोलिक अवस्थिति र विशेषता (अक्षांश,देशान्तर) को जानकारी गराउने साथै सबै स्थानीय तहको सूचिबद्ध भएको क्षेत्रफल जोड्न लगाई कुल क्षेत्रफल प्रष्टयाउने<br>• भोजपुर जिल्लाको होचो र अग्लो ठाउँ कहाँ होला भनी जिज्ञासा राख्ने, आएका उत्तरहरूको बारेमा छलफल, खोज गराउने र उचाइ सहित स्पष्ट पार्ने<br>• भोजपुर जिल्लाको निम्न अनुसारको तथ्यहरू सूचि, तालिका, भिडियो, फोटो, अवलोकन, स्थलगत अध्ययन, खोज, छलफलबाट प्रष्ट पार्ने<br>• क. मुख्य डाँडाहरूको उचाइ (टेम्के, मैयूङ, सिलिचुङ)<br>• ख.भीर,न दी,पोखरी,छाँगा, जलविद्युत उत्पादित तथा सम्भावित क्षेत्र,<br>• ग.बस्ती, व्यापारिक केन्द्र, विमानस्थल,अ,<br>• घ.खेतीयोग्य ठाउँ,जडीबुटी,फलफूल खेती,वन,पर्यटकीय,डाँडा,खोला,छाँगा र चरन क्षेत्र)<br>• स्थानीय तहहरूको नाम,केन्द्र र क्षेत्रफल आदि । | • निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस्<br>क. भोजपुर जिल्लाको अक्षांश, देशान्तर, बताउनुहोस्<br>ख. भोजपुर जिल्लाको कुल क्षेत्रफल कति रहेको छ ?<br>ग. भोजपुर जिल्लाको होचो र अग्लो ठाउँ कुन कुन हो,उचाई सहित बताउनुहोस्<br>घ.निम्न डाँडाहरूको उचाई बताउनुहोस<br>टेम्के,मैयूङ, सिलिचुङ)<br>ङ.विशेषता र महत्व बताउनुहोस्<br>१. सडक र मुन्धुम ट्रेल<br>२. जडीबुटी, फलफूल खेती<br>च. भोजपुर जिल्लाको<br>.स्थानीय तहहरूको नाम र केन्द्र तालिकामा देखाउनुहोस्<br>छ. भोजपुर जिल्लाको<br>.स्थानीय तह क्षेत्रफलको आधारमा सानोबाट ठूलो क्रमश बताउनुहोस् | १० |
| **२. ऐतिहासिक, साँस्कृतिक ,धाार्मिक र पर्यटकीय सम्पदा** | • **ऐतिहासिक सम्पदा** | • हतुवागढीको ऐतिहासिक परिचय, संरक्षण र प्रचार प्रसारको उपायहरू | • हतुवागढीको ऐतिहासिक परिचय<br>• हतुवागढीको गढी र दरवार<br>• हतुवागढीको संरक्षण र प्रचार प्रसारको उपायहरू | • हतुवागढी कसरी नामकरण गरियो होला ? यसको एतिहासिकता सुनेको छौं ? भनि विद्यार्थीहरूलाई उनिहरूले सुनेको पक्षलाई प्रस्तुत गर्ने अवसर र सहयोग गरी हतुवागढी नामरणको ऐतिहासिकतालाई बताउने ।<br>• हतुवागढीको ऐतिहासिक परिचयको भिडियो, वृतचित्र वा स्थलगत अध्ययन अवलोकन भ्रमण वा स्रोत व्याक्ति संग छलफल गराई ऐतिहासिक परिचय बताउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• हतुवा गढीको ऐतिहासिकतालाई छोटकरीमा उल्लेख गर्नुहोस् ।<br>• हतुवाको गढीको ऐतिहासिक परिचय लेख्नुहोस् ।<br>• हतुवागढी कुन स्थान रहेका पर्दछ ? | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • हतुवागढीको गढी र दरवारको भिडियो, वृतचित्र वा स्थलगत अध्ययन अवलोकन भ्रमण वा स्रोत व्याक्ति संग छलफल गराई ऐतिहासिक परिचय बताउने<br>• हतुवागढीको गढीको संरक्षण र प्रचार प्रसार प्रसारको उपयहरूको वारेमा छलफल गरी सुची तयार वनाउने | • हतुवागढी लाई संरक्षण गर्ने कुनै चार उपायहरू उल्लेख गर्नुहोस् । | |
| | • **धार्मिक सम्पदा** | • सिद्धकाली मन्दिरको धार्मिक परिचय,महत्व,सम्वर्धन र प्रचार प्रसारको उपायहरू वताउन | • सिद्धकाली मन्दिरको धार्मिक परिचय<br>• सिद्धकाली मन्दिरको धार्मिक महत्व<br>• सिद्धकाली मन्दिरको संरक्षण, सम्वर्धन उपायहरू | • सिद्धकाली मन्दिरको गएको छौ ? यसको वारेमा विद्यार्थीहरू संग छलफल गराई सिद्धकाली मन्दिरको वृत चित्र, फोटोहरू, फुटेज भिडियो वा संभव भएमा स्थलगत अध्ययन अवलोकन भ्रमण गराए परिचय गराउने<br>• सिद्धकाली मन्दिरको धार्मिक महत्त्व र आस्था, यस को वारेमा छलफल गराउने<br>• सिद्धकाली मन्दिरको संरक्षण र संवर्धनको उपयहरूको वारेमा छलफल गरी सुची तयार वनाउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• सिद्धकाली मन्दिरको धार्मिक परिचय, महत्व उल्लेख गर्दै आफ्नो साथीलाई चिठि लेखी भ्रमण गर्न आउनको लागी चिठि लेख्नुहोस् ।<br>• सिद्धकाली मन्दिरको धार्मिक महत्व छोटकरीमा उल्लेख गर्नुहोस् ।<br>• तपाईले सिद्धकाली मन्दिरको संरणमा र संवर्धनमा गर्न सकने कुनै ३ प्रयासहरू उल्लेख्न गर्नुहोस् । | ५ |
| | • **साँस्कृतिक सम्पदा** | • साकेला/साकेन्वा नाच र धार्मिक महत्व वताउन<br>• डवली मेलाको ऐतिहासिक परिचय र महत्व बताउन | • साकेला/साकेन्वा नाच परिचय, महत्व<br>• साकेला/साकेन्वाको धार्मिक महत्व<br>• डवली मेला | • साकेला/साकेन्वा नाच नाचे वा देखोको छौ ? यो कहिले कुन समुदायले नाचिन्छ ? प्रश्न राखी विद्यार्थीहरूलाई आफ्नो अनुभव र जानकारी बताउन प्रेरित गर्ने<br>• साकेला/साकेन्वा नाच र यसमा गाउने सिलीको वृत चित्र, फोटोहरू, फुटेज भिडियो देखाई छलफल गराई कक्षामा साकेला/साकेन्वा नाच नाच्न शिक्षक विद्यार्थी को सहभागितामा नाच्ने र यसको विधि बताउने<br>• साकेला/साकेन्वा नाचको धार्मिक महत्त्व वारेमा छलफल गराई जानकारी गराउने<br>• भोजपुरमा लाग्ने गरेको डवली मेलाको वारेमा सुनेका छौ ? प्रश्न गरी छलफल गराउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• साकेला नाच कुन जाती संग सम्वन्धित रहेको छ ?<br>• किरात समुदायमा साकेला नाचको महत्व छोटकरीमा उल्लेख गर्नुहोस् ।<br>• भोजपुरको डवली मेला ऐतिहासिक मेला भएको कुरा उल्लेख गर्दै भोजपुर नगरपालिकाका प्रमुखलाई डवली मेला लगाउने व्यवस्थाको माग गर्दै निवेदन लेख्नुहोस् । | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • ऐतिहासिक मेला डवली मेलाको भिडियो, वृतचित्र वा फोटो देखाई यस मेलाको लाग्ने समय , हुने आर्थिक कारोवारहरू वारेमा छलफल गराई बताउने<br>• ऐतिहासिक डवली मेला संरक्षण र संवर्धनको उपयहरूको वारेमा छलफल गरी सुची तयार वनाउने<br>• | • | |
| | • **पर्यटकीय सम्पदा** | • मुन्धुम पद मार्गको विकास क्रम, पर्यटकीय परिचय, महत्व, संरक्षण, सम्वर्धनको उपायहरू वताउन | • मुन्धुम पद मार्गको विकास क्रम<br>• मुन्धुम पद मार्गको परिचय<br>• मुन्धुम पद मार्गको पर्यटकिय महत्त्व<br>• मुन्धुम पद मार्गको संरक्षण,सम्वर्धन र प्रचार प्रसारको उपायहरू | • मुन्धुम पद मार्गको वारेमा सुनेको वा पद यात्रा गरेको छौ ? यसको वारेमा के थाहा छ भनि छलफल गराउने<br>• मुन्धुम पद मार्गको विकास क्रम र अवधारणाको वारेमा छलफल वा भिडियो, वृतचित्र वा फोटो वा अध्ययन अवलोकन भ्रमण वा स्रोत व्यक्तिहरू संग छलफल गराई बताउने<br>• मुन्धुम पद मार्गकोको परिचय दिने र यसले समेट्ने भोजपुर जिल्ला भित्रका मुख्य पर्यटकिय क्षेत्रको भौगोलिक सुन्दरता, प्राकृतिक सौन्दर्यता र जैविक विविधताको वारेमा भिडियो, वृतचित्र वा फोटो वा स्थलगत अध्ययन अवलोकन गराइ छलफलवाट बताउने<br>• मुन्धुम पद मार्गको संरक्षण र संवर्धनको उपयहरूको वारेमा छलफल गरी सुची तयार वनाउने | निम्न प्रश्नहरूका आधारमा मूल्यांकन गर्नुहोस् ।<br>• मुन्धुम पद मार्गले भोजपुर जिल्ला भित्र समेट्ने चार मुख्य पर्यटकिय क्षेत्रहरू लेख्नुहोस् ।<br>• मन भुलाउने पर्यटकीय क्षेत्र मुन्धुम पद मार्ग शीर्षकमा कनै पत्रिकालाई समचार तयार गर्नुहोस् ।<br>• मुन्धुम पद मार्गको संरक्षण गर्ने कुनै ४ उपायहरू उल्लेख गर्नुहोस् । | ४ |
| **३. जातजाति, भाषाभाषी तथा चाडपर्व** | • **जातजाति** | • आफ्नो पालिका र जिल्लाभित्र बसोबास गर्ने जातजातिको जनसाङ्ख्यिक अवस्था प्रस्तुत गर्न<br>• नेपाली बहुजातीय विशेषता बोध गरी जातीय सद्भाव र सम्मान व्यक्त गर्न | • आफ्नो पालिकाभित्र बसोबास गर्ने जातजातिहरूको विवरण<br>• आफ्नो जिल्लाभित्र बसोबास गर्ने जातजातिको विवरण<br>• जिल्लााभित्रका जातजातिमध्ये जनसङ्ख्याको बाहुल्यताका आधारमा जनसाङ्ख्यिक | • पालिका र जिल्लाभित्र बसोबास गर्ने जातजातिहरूको सूची प्रस्तुत गरी छलफल गराउने, तुलना गर्ने<br>• जिल्लाका जातजातिहरूको चार्ट प्रस्तुत गरी छलफल गर्ने/गराउने (ब्राह्मण-क्षेत्री, आ.ज., दलित, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक आदि)<br>• विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने<br>• जनसङ्ख्याको बाहुल्यताका आधारमा जिल्लाको जातिगत क्रम (पहिलो, दोस्रो, तेस्रो आदि) मिलाई प्रस्तुत गर्न लगाउने | • प्रश्नोत्तर, व्यवहार अवलोकन, प्रस्तुतीकरण, परियोजना कार्य मूल्याङ्कन, अभिलेखीकरण, परीक्षा<br>• रुजु सूची, श्रेणी मापन अथवा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• निर्माणात्मक मूल्याङ्कानका साधनहरूको प्रयोग<br>• मुख्य सिकाइ उपलब्धिमा आधारित मूल्याङ्कन गरी | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बाहुल्यता (पहिलो, दोस्रो, तेस्रो आदि)<br>• जिल्लाभित्रका लोपोन्मुख र सीमान्तकृत जातजातिको नाम र बसोबास क्षेत्र/गाउँ/पालिका आदिको पहिचान<br>• जातीय सद्भाव, सम्मान र सहयोग | • जिल्लाभित्रका लोपोन्मुख र सीमान्तकृत जातजाति र उनीहरूको बसोबास क्षेत्र खोजी प्रस्तुत गर्न लगाउने (शिक्षकले सहयोग गर्ने)<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• कक्षा कार्य गराउदा मिश्रित समूह निर्माण गरी पारस्पारिक सद्भाव, सहकार्य र सहयोगको भावना विकास गर्ने<br>• समावेशी बसाइ व्यवस्थान मिलाउने<br>• समान अवसर र प्रोत्साहन प्रदान गर्ने<br>• सम्बन्धित परियोजना कार्य दिने | पृष्ठपोषण, थप सिकाइ अवसर तथा आवश्यकतानुसार निराकरणत्मक शिक्षणको रणनीति अपनाउने | |
| | • **भाषाभाषी** | • आफ्नो पालिका र जिल्लाभित्र बोलिने भाषाहरूको जानकारी राखी भाषाको महत्त्व बोध गर्न<br>• सबै स्थानीय मातृभाषाहरूको सम्मान गर्न<br>• आफ्नो मातृभाषाको महत्त्व बोध गरी बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन | • आफ्नो पालिका तथा जिल्लाभित्र बोलिने भाषाहरूको नाम तथा विवरण<br>• विभिन्न मातृभाषा/भाषाहरूको महत्त्व बारे छलफल<br>• आफ्ना जिल्लाका लोपोन्मुख भाषाहरूको संरक्षणका उपायहरू<br>• आफूले बोल्ने भाषाको शुद्ध र शिष्ट (साइनो, सम्मान, नम्रता, शब्द चयन, बोल्ने शैली आदिमा शिष्टता) प्रयोग गर्ने अभ्यास<br>• आ-आफ्नो घरमा, छिमेकमा तथा साथीहरूसँग मातृभाषा प्रयोग गरी बोल्न प्रोत्साहन<br>• आफ्नो मातृभाषामा **अध्यक्ष, आउनु, जानु, खानु,** | • आफ्नो पालिका र जिल्लाभित्र बोलिने भाषाहरूको नाम र सङ्ख्या, सो भाषा बोल्ने जातजातिको नाम, आदिको चर्चा गर्दै भाषाको महत्त्व बारेमा छलफल गर्ने<br>• सबै भाषा उत्तिकै महत्त्पूर्ण हुन्छन् भन्ने धारणा दिने<br>• विभिन्न मातृभाषा बोल्ने अतिथि वक्तालाई कक्षामा बोलाई बोल्न लगाई मातृभाषा बोल्न प्रेरित गर्ने<br>• विभिन्न मातृभाषाहरूको संरक्षणका उपायहरू<br>• सन्दर्भ दिई शिष्ट बोल्ने अभ्यास पालैपालो गराउने (जस्तै : कुनै अतिथिसँगको भेटमा बोलिने भाषाशैली वा आफूभन्दा सानासँग बोलिने शिष्ट भाषाशैली आदि)<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने<br>• आफ्नो मातृभाषामा **अध्यक्ष, आउनु, जानु, खानु, बस्नु, पढ्नु, लेख्नु, आरामै छ ? ठीक छ । बेठीक छ** । शब्दहरूलााई कक्षामा उपस्थित विद्यार्थीकै सहयोगमा वा शिक्षक आफैले नेपालीमा, अङ्ग्रेजीमा तथा विभिन्न स्थानीय मातृभाषाहरूमा अनुवाद गरी प्रस्तुत् गरी आ-आफ्नो मातृभाषाप्रति जागरुक गराउने | • व्यवहार अवलोकान, रुजुसूची, श्रेणीमापन वा रुब्रिक्स निर्माण गरी प्रयोग गर्ने<br>• प्रश्नोत्तर गर्ने, परीक्षा लिने<br>• कार्यसञ्चयिका निर्माण<br>• निर्माणात्मक मूल्याङ्कनका अन्य साधनहरू प्रयोग गर्ने<br>• मुख्य सिकाइउपलब्धिमा आधारित मूल्याङ्कन गर्ने<br>• मातृभाषा छुट्टै हुनेका लागि आफ्नो मातृभाषामा बोल्न लगाउने | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | **बस्नु, पढ्नु, लेख्नु, आरामै छ ? ठीक छ । बेठीक छ ।** शब्दहरू | • नेपाली भाषाभन्दा फरक मातृभाषा बोल्ने विद्यार्थीलाई आफ्नो मातृभाषामा कुनै एक वाक्य बोल्न लगाएर अरुलाई पनि यसरी नै बोल्न सक्छौ भनी नमुना प्रस्तुत गरी प्रोत्साहित गर्ने | | |
| | • **चाडपर्व** | • आफ्नो पालिकाभित्रका समुदायले मनाउने स्थानीय प्रमुख चाडपर्वहरूको जानकारी, सहभागिता तथा महत्व बोध गरी सम्मान गर्ने<br>• राई जातिको उधौली, उभौली र नुवाङ्गी पर्वको परिचय तथा वर्णन गर्न | • पालिकाभित्रका विभिन्न जातजातिअनुसारका स्थानीय मौलिक चाडपर्वहरूको विवरण<br>• राई जातिको उधौली, उभौली र नुवाङ्गी पर्वको परिचय तथा वर्णन<br>• अवसर मिलाएर स्थानीय चाडपर्वहरूमा सहभागिता | • विद्यार्थीको पूर्वज्ञानलाई उपयोग गर्ने (जस्तै : आफूले आफ्नो वा कसैको चाडपर्वमा सहभागि हुँदाको अनुभव वर्णन .....)<br>• सम्भव भएसम्म विभिन्न सम्बन्धित भिडियो प्रस्तुत गरी छलफ गराउने<br>• आफ्नो पालिकाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने प्रमुख चाडपर्वहरूको नाम, मनाउने तरिका र समय ( महिना/गते/वार/तिथि/अवसर) आदिका बारेमा छलफल गर्ने (विद्यार्थी केन्द्रित बनाउने)<br>• राई जातिको उधौली, उभौली र नुवाङ्गी पर्वको बारेमा छलफल गरी परिचय, विशेषता र महत्व बताउन/लेखेर प्रस्तुत गर्न लगाउने<br>• सान्दर्भिक शैक्षिक सामग्री (श्रव्य, दृश्य, श्रव्य-दृश्य) को सङ्कलन तथा निर्माण गरी प्रयोग गर्ने | • प्रश्नोत्तर : उधौली र उभौली पर्वको वर्णन गर्नुहोस् ।<br>• व्यवहार अवलोकन, प्रस्तुतीकरण, अभिलेखीकरण<br>• कार्यसञ्चयिका निर्माण<br>• निर्माणात्मक मूल्याङ्कनका साधनहरूको प्रयोग<br>• रुजु सूची, श्रेणीमापन, रुब्रिक्स निर्माण गरी प्रयोग | ७ |
| **४. आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय तथा प्रविधि** | • **आर्थिक क्रियाकलाप** | • स्थानीय वित्तीय संस्थाहरूमा खाता खोल्ने, बचत गर्ने र आवश्यक परे ऋण लिई व्यवसाय गर्ने तरिकाहरू बताउन<br>• खुत्रुके बचत गर्ने बानिको निरन्तरता दिन | • स्थानीय वित्तीय संस्थाहरूमा खाता खोल्ने, बचत गर्ने र आवश्यक परे ऋण लिई व्यवसाय गर्ने तरिकाहरू<br>• खुत्रुके बचत | • स्थानीय वित्तीय संस्थाहरूमा खाता खोल्ने, बचत गर्ने र आवश्यक परे ऋण लिई व्यवसाय गर्ने तरिकाहरू बारे चार्ट, तालिका आदिका सहायताले छलफल तथा प्रस्तुतीकरण गर्ने | • लिखित तथा मौखिक परीक्षा<br>• प्रश्नोत्तर<br>• परीयोजना कार्य दिई परीक्षण<br>• प्रस्तुतीकरण अवलोकना | ६ |
| | • **स्थानीय पेसा, व्यवसाय** | • आफ्नो वडा र पालिकाभित्र सञ्चालित विभिन्न व्यावसायिक उद्यम-व्यवसाय हेरी आफ्नो अनुकूल व्यवसायका लागि आफ्नो परिवारलाई उत्प्रेरित गर्ने र सहभागी हुने | • वडा र पालिकाभित्रका व्यावसायिक उद्यम व्यवसायहरू<br>• आफूलाई मन पर्ने तथा घरपरिवार संलग्न उद्यम व्यवसायहरू | • आफूलाई मन पर्ने पेसा व्यवसायको छनोटका बारेमा छलफल गराई शिक्षकले अवश्यक सुझाव प्रदान गर्ने<br>• आफ्नो घरको काम वा घरको व्यावसायिक कार्यमा आवश्यकता अनुसार सरिक भई सहयोग गर्ने बारे छलफल तथा उत्प्रेरणा प्रदान गर्ने | • लिखित तथा मौखिक परीक्षा<br>• प्रश्नोत्तर<br>• परीयोजना कार्य दिई परीक्षण<br>• प्रस्तुतीकरण अवलोकना | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • नजिकैको वा नमुनालायक व्यावसायिक फर्महरूको अवलोकन भ्रमण गराउने र प्रतिवेदन लेख्न लगाउने | | |
| | • **स्थानीय प्रविधि** | • ढाका बुनाई रैथाने प्रविधि ( टोपी, गलबन्दी, खाडी, कोगटी) को पहिचान गरी बताउन<br>• सिलाइ कटाइ उद्यमको पहिचान गर्न र बताउन<br>• ढाका बुनाइ रैथाने प्रविधि ( टोपी, गलबन्दी, खाडी, कोगटी) को महत्त्व र उपादेयता बताउन<br>• ढाका बुनाई रैथाने प्रविधि ( टोपी, गलबन्दी, खाडी, कोगटी) को अवलम्वन गर्दा सिर्जना हुने रोजगारी र स्वरोजगारीले आर्थिक समुन्नतिमा पार्ने प्रभावको वर्णन गर्न<br>• सिलाइ कटाइ उद्यमबाट सिर्जना हुने रोजगारी र स्वरोजगारीले व्यक्ति, समाज र राष्ट्रको आर्थिक समुन्नतिमा पार्ने प्रभावको वर्णन गन | • ढाका बुनाई रैथाने प्रविधि ( टोपी, गलबन्दी, खाडी, कोगटी) को पहिचान<br>• सिलाइ कटाई उद्यमको पहिचान<br>• ढाका बुनाई रैथाने प्रविधि ( टोपी, गलबन्दी, खाडी, कोगटी) रैथाने प्रविधिको महत्त्व, उपादेयता<br>• ढाका बुनाई रैथाने प्रविधि ( टोपी, गलबन्दी, खाडी, कोगटी) रैथाने प्रविधिको आर्थिक प्रभाव<br>• सिलाइ कटाई उद्यमबाट आर्थिक समुन्नतीमा पार्ने प्रभाव<br>• ढाका बुनाई रैथाने प्रविधि ( टोपी, गलबन्दी, खाडी, कोगटी) को अवलम्वन गर्दा सिर्जना हुने रोजगारी र स्वरोजगारीले आर्थिक समुन्नतीमा पार्ने प्रभावको चर्चा | • ढाका बुनाई रैथाने प्रविधिको बारेमा के कति जानकारी रहेछ सोध्ने, स्पष्ट भन्न नसकेमा वास्तविक बस्तुको अवलोकन गराएर ,फोटो, भिडियो देखाएर अभिनय गरेर, गर्न लगाएर स्पष्ट पार्ने<br>• सिलाइ कटाई उद्यमको बारेमा बताउने<br>• ढाका बुनाई रैथाने प्रविधि (टोपी, गलबन्दी, खाडी, कोगटी) रैथाने प्रविधिको महत्त्व, उपादेहीता बारे छलफल गराउने<br>• ढाका बुनाई रैथाने प्रविधि (टोपी,ग लबन्दी ,खाडी, कोगटी) को अवलम्वन गर्दा सिर्जना हुने रोजगारी र स्वरोजगारीले आर्थिक समुन्नतिमा पार्ने प्रभाव बारे व्याख्या, छलफल गर्ने गराउने<br>• सिलाइ कटाई उद्यमबाट सिर्जना हुने रोजगारी र स्वरोजगारीले व्यक्ति, समाज र राष्ट्रको आर्थिक समुन्नतिमा पार्ने प्रभावको बारेमा छलफल गराउने | • ढाका बुनाईलाई किन रैथाने प्रविधि भनिन्छ ?<br>• सिलाइ कटाई उद्यम भनेको के हो ?<br>• टोपी, गलबन्दी, खाडी, कोगटीले कसरी मौलिकता झल्काउँछ ?<br>• ढाका बुनाईको आर्थिक महत्त्व कस्तो रहेको छ ?<br>• सिलाइ कटाई उद्यमको पाँचओटा आर्थिक महत्त्व के के छन् ? बताउनुहोस् ।<br>• तपाईको वडा र नगरपालिकामा सञ्चालित ढाका बुनाई र सिलाइ कटाई उद्यमको विवरण प्रस्तुत गर्नुहोस् ।<br>• तपाईको वडा र नगरपालिकामा सञ्चालित ढाका बुनाई र सिलाइ कटाई उद्योगहरूको भ्रमण गरी मध्ये कुनै एक, एकको बारेमा प्रतिवेदन प्रस्तुत गर्नुहोस् | ७ |
| **५. स्थानीय संरचना र विशिष्ट व्यक्तित्व** | • **स्थानीय संरचना** | • स्थानीय तह आर्थिक कार्य प्रणालीको बारेमा बताउन<br>• नगरपालिकामा सेवा प्रवाह गर्ने शाखाहरू (प्राविधिक, योजना) को नाम र काम बताउन | • स्थानीय आर्थिक कार्य प्रणाली(नेपालको संविधान भाग १९)<br>• नगरपालिकामा सेवा प्रवाह गर्ने शाखाहरू (प्राविधिक, योजना)को नाम र काम | • व्याख्यान,प्रर्दशन,खोज विधिको प्रयोग गरी स्थानीय आर्थिक कार्य प्रणालीको सहजीकरण गर्ने<br>• नगरपालिकामा सेवा प्रवाह गर्ने शाखाहरू( प्राविधिक,योजना)को नाम र कामको तालिका दुई दुईजनाको समूह बनाई बुँदागत रूपमाप्रस्तुत गर्न लगाउने | • निम्न अनुसारको प्रश्नको आधारमा मूल्यांकन गर्नुहोस् :<br>क.कर भन्नाले के बुझिन्छ ?<br>ख.स्थानीय सञ्चित कोष भनेको के हो ? कसरी तयार हुन्छ ?<br>ग. नगरपालिकामा रहेको योजना शाखाले गर्ने कुनै दुईओटा कामहरू लेख्नुहोस् | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • **विशिष्ट व्यक्तित्व** | • जिल्ला भित्रका राजनीतिक क्षेत्रमा योगदान दिने व्यक्तित्वहरूको नाम र योगदान बताउन<br>• राजनीतिक व्यक्तित्व रामप्रसाद राईको परिचय दिन र योगदान बताउन | • जिल्ला भित्रका राजनीतिक क्षेत्रमा योगदान दिने व्यक्तित्वहरू<br>• राजननीतिक व्यक्तित्व रामप्रसाद राईको जीवनी | • भोजपुर जिल्ला भित्रका राजनीतिक क्षेत्रमा योगदान दिने व्यक्तित्वहरूको नाम र योगदानको सूचि प्रस्तुत गरी छलफल गराउने<br>• राजनीतिक व्यक्तित्व रामप्रसाद राईको फोटो देखाई उहाँ को हुनुहोला,उहाँले राजनीतिक क्षेत्रमा पुर्याउनु भएको योगदान के के होलान ? भनी जिज्ञासा राख्ने,आएका जवाफसँग तुलना गरी आवश्यकता अनुसार बुँदागत व्याख्या गरी पढन र लेख्न लगाउने<br>• वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने | • निम्न अनुसारको प्रश्नको आधारमा मूल्यांकन गर्नुहोस् :<br>१. भोजपुर जिल्ला भित्रका राजनीतिक क्षेत्रमा योगदान दिने कुनै दुईजना व्यक्तित्वहरूको नाम र योगदानको सूचि तयार पार्नुहोस्<br>२.राजननीतिक व्यक्तित्व रामप्रसाद राईको योगदान बुँदागत रूपमाउल्लेख गर्नुहोस् । | ८ |
| **६. स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि** | • **स्थानीय पूर्वाधार विकास** | • भुकम्प प्रतिरोधी संरचना र भवन संहिताको महत्व बताउन | • भुकम्प प्रतिरोधी संरचना भवन संहिता | • वि.स. २०७२ साल लगायतका भुकम्पबाट भएका क्षतिसम्बन्धी फोटो तथा भिडियो प्रदर्शन गर्दै भुकम्प प्रतिरोधी संरचना निर्माणको महत्वबारे छलफल चलाउने र भवन तथा अन्य संरचना निर्माण गर्दा भुकम्प प्रतिरोधी बनाउन ध्यान दिनुपर्ने कुरामा जोड दिँदै आफ्नो क्षेत्रमा हुने निर्माण कार्य भुकम्प प्रतिरोधी बनाउन खबरदारी गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।<br>• भोजपुर नगरपालिका लगायतका निकायबाट जारी गरिएको भवन संहिताका प्रमुख प्रावधानहरूका बारेमा विद्यार्थीहरूलाई उपयुक्त विधिको प्रयोग गरी जानकारी गराउने । | • लिखित तथा मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य<br>परीक्षा | ४ |
| | • **जनशक्ति विकास** | • सिप प्रमाणीकरण प्रक्रिया बताउन | • सिप प्रमाणीकरण प्रक्रिया | • अनौपचारिक माध्यमबाट प्राप्त सिप, वैदेशिक रोजगारका क्रममा सिकेका सिप र परम्परागत पेसासम्बन्धी सिप सरकारले तोकेका विभिन्न निकायहरूबाट प्रमाणीकरण गर्न सकिने व्यवस्था रहेको जानकारी गराउँदै आफूँ वा आफ्नो परिवारका कुनै सदस्यसँग त्यस्तो कुनै सिप भएमा प्रमाणीकरणको प्रक्रियामा गई स्वरोजगार बन्न प्रोत्साहन गर्ने । | • लिखित तथा मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य<br>परीक्षा | ५ |
| | • **सूचना तथा सञ्चार** | • फोन, इमेल, वेवसाइट र स्थानीय सञ्चार माध्यमबाट अत्यावश्यक सूचनाहरू आदानप्रदान गर्न | • सूचना आदानप्रदान | • स्थानीय रेडियो, पत्रपत्रिका, सम्बन्धित निकायका वेबसाइट आदिका माध्यमबाट अत्यावश्यक सेवाका सूचनाहरू प्राप्त गर्ने र आफ्ना एवम् आफूले देखेका समस्या, गुनासो तथा सूचनाहरू टेलिफोन, | • लिखित तथा मौखिक प्रश्नोत्तर<br>• परियोजना कार्य<br>व्यवहार अवलोकन | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | इमेल आदिका माध्यमबाट सम्प्रेषण गर्ने तरिकाहरू बताइदिने र आवश्यकताअनुसार अभ्यासात्मक क्रियाकलापहरू गर्ने ।<br>• विद्यार्थीहरूलाई अत्यावश्यक सेवा (प्रहरी, एम्बुलेन्स, दमकल, टेलिफोन, खानेपानी, विद्युत आदि) का महत्वपूर्ण फोन नम्बरहरू सङ्कलन गर्न लगाई विभिन्न समस्या, गुनासो र सूचनाहरू ती निकायहरूलाई फोनमार्फत जानकारी गराउन प्रोत्साहित गर्ने । | | |
| **७. प्रकोप तथा विपद् व्यवस्थापन** | • **विपद् रोकथाम तथा व्यवस्थापन** | • विपद न्युनीकरण र व्यवस्थापनका उपायहरू बताउन<br>• विपद व्यवस्थापनका रैथाने अभ्यासहरू खोजी गर्न | • विपद न्युनिकरण र व्यवस्थापन<br>• विपद व्यवस्थापनका रैथाने अभ्यासहरू | • विपद न्युनिकरणका लागि स्वास्थ्य र सुरक्षाका उपायहरूको अवलम्बन, कोरोना भाइरस लगायतका अन्य महामारी तथा विभिन्न खालका विपद व्यवस्थापनमा ध्यान दिनुपर्ने उपायहरूको बारेमा सिमुलेसन, प्रयोगात्मक कार्यहरू, प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ ।<br>• सान्दर्भिक विषयवस्तुहरूको प्रस्तुति गर्दै चट्यांगबाट बच्ने, रोगब्याधी तथा बाढिपहिरो, भुकम्प जस्ता विपदहरूबाट बच्न र विपद व्यवस्थापन गर्न अपनाउनुपर्ने उपायहरूको खोजी र प्रयोग गर्न उत्प्रेरित गर्ने ।<br>• सामुदायिक कार्य, क्षेत्र भ्रमण, भिडियो फुटेज तथा अन्य सामग्रीहरूको प्रस्तुति गर्दै विपद व्यवस्थापनका रैथाने अभ्यासहरूबारे सिकारुलाई सुसूचित गर्ने । | • प्रश्नोत्तर<br>• सिकारुको व्यवहार प्रदर्शन<br>• परियोजना कार्य<br>• कक्षा कार्य<br>लिखित या मौखिक जानकारी आदि | ५ |
| | • **सुरक्षित बसोबास र सडक सुरक्षा** | • सुरक्षित घर, विद्यालय र सडक मापदण्ड पालना गर्न | • सुरक्षित स्थानमा एकीकृत वस्तिको अवधारणा<br>• सडक सुरक्षाका उपायहरू | • खेतीयोग्य जमिन प्लटिंग गरी बसोबासको लागि बिक्री तिवरण गर्ने प्रवृत्ति विरुद्धको अभियान, सामुहिक र सुरक्षित वस्ति, वसोबास सुरक्षाका उपायहरूको बारेमा प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप या अन्य सान्दर्भिक विधि तथा प्रविधिलाई उपयोगमा ल्याई सहजीकरण गर्ने ।<br>• सवारी चालक र यात्रुले सडक प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरूका बारेमा प्रदर्शन, छलफल, प्रश्नोत्तर आदि क्रियाकलाप अपनाउने । | • लिखित वा मौखिक अभिव्यक्ति<br>• विद्यार्थीको अनुभव प्रदर्शन<br>परियोजना कार्य आदि | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **८. स्थानीय नैतिक मूल्य मान्यता र व्यावहारिक लेखन सिप** | • **स्थानीय नैतिक मूल्य मान्यता** | • सामाजिक, धार्मिक, साँस्कृतिक र राजनीतिक रूपमा निषेधित नैतिक मूल्य मान्यताहरूबारे जानकारी प्राप्त गर्दै अनैतिक कार्यबाट सतर्क रहन<br>• आत्मानुशासन र सकारात्मक सोचको विकासमा सहयोग पुर्याउने स्थानीय अभ्यासहरूसँग आफ्नो वैयक्तिक जीवनको तादाम्यता कायम गरी सोको अनुसरण गर्न | • धर्मका साझा मान्यता<br>• अनैतिक र आपराधिक कार्यहरूको न्यूनीकरण<br>• असल समाज निर्माणमा अनुशासनको महत्त्व<br>• स्थानीय समुदायका असल नैतिक अभ्यासहरू | • स्थानीय धार्मिक विविधताको पृष्ठभूमि जानकारी गराउँदै सबै धर्मका साझा मान्यताका विषयमा छलफल, टिपोट र प्रस्तुतीकरण गराउँदै धर्मका साझा मान्यतालाई बुँदागत रूपमाप्रस्तुत गरी विद्यार्थीबाट आएका विषयलाई पूर्णता दिने ।<br>• नैतिक र अनैतिक/आपराधिक कार्यहरूको सूची विद्यार्थीहरूबाट प्रस्तुत गर्न लगाउँदै भ्रष्टाचार, साइबर अपराध लगायतका अनैतिक/आपराधिक कार्यहरूका बारेमा छलफल गराउँदै उक्त प्रकारका कार्यलाई निरुत्साहित गर्ने सन्दर्भ सामग्रीहरूको खोजी गरी प्रस्तुत गर्ने ।<br>• उपयुक्त सन्दर्भ सामग्रीका माध्यमबाट असल समाजका विषेषता, असल समाज निर्माणमा अनुशासनको महत्त्व, असल समाजमा असल सामाजिक संस्कृतिको भूमिका आदि विषयमा छलफल गराउँदै असल समाज र असल सामाजिक संस्कृति निर्माणका लागि प्रेरित गर्ने ।<br>• परियोजना कार्यका माध्यमबाट स्थानीय समुदायका असल नैतिक अभ्यासहरू खोजी गर्न लगाई प्रस्तुत गर्न लगाउने । | • मौखिक तथा लिखित प्रश्नोत्तर<br>• व्यवहार अवलोकन<br>• परियोजना कार्यको मूल्याङ्कन<br>• अभिभावक भेटघाट<br>निरन्तर मूल्याङ्कन आदि | ७ |
| | • **व्यावहारिक लेखन सिप** | • सार्वजनिक सरोकारका विषयमा बैठक बसी निर्णय (माइन्युट) लेख्न | • बैठक निर्णय लेखन | • औपचारिक बैठक बस्ने तरिका बैठकका निर्णयहरू लिपिबद्ध गर्ने तरिका आदिका विषयमा उपयुक्त विधिको प्रयोग गरी प्रस्तुतीकरण दिने ।<br>• विद्यालयसँग सरोकार राख्ने कुनै विषयमा विद्यार्थीहरूको बैठक आयोजना गरी प्रयोगात्मक विधिबाट निर्णय लेखनको अभ्यास गराउने ।<br>• विद्यार्थीहरूलाई विभिन्न सन्दर्भहरू दिई भूमिका निर्वाहका माध्यमबाट विभिन्न स्थानीय सरोकारका विषयहरूमा बैठक बस्ने र बैठकका निर्णयहरू लेख्ने अभ्यासहरू गराउने । | • प्रयोगात्मक अभ्यास<br>• व्यवहार अवलोकन<br>• परियोजना कार्य<br>• निरन्तर मूल्याङ्कन आदि | ७ |
| **९. स्वस्थ जीवनशैली** | • **स्वस्थ र पोषिलो खाना** | • स्वस्थ र पोषिलो खाना चिन्न र प्रयोग गर्न<br>क.रैथाने खाजाहरू मकैं,भटमास,सातु | • स्वस्थ र पोषिलो खानाको प्रयोग<br>• जङ्क फूड | • दैनिक रुपमा प्रयोग गर्ने खानाको सूचि प्रस्तुत गर्न लगाउने, स्वस्थ र पोषिलो खानासँग तुलना गर्ने<br>• स्वस्थ ,पोषिलो खाना र तरकारी | • निम्न प्रश्नहरूको आधारमा मूल्याङ्कन गर्नुहोस्<br>१. तपाईले प्रयोग गर्ने दुईओटा खानाहरूको नाम भन्नुहोस् | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ,कोदो,फापर,गहुँको रोटी,आलु,पिडालु,सकरखण्ड,जाउली,स्कुस,फर्सी)<br>ख.खाना<br>गहुँ,जौं,फाँपर,कोदो,मकैं,धान, गेडागुडी,दाल र साँगसब्जी)<br>ग.दुध,दही मोही,ध्यू,मह<br>● जङ्ग फूडबाट सर्तक रहन<br>क.प्लाष्टिकजन्य जस्तै :चकलेट,चाउचाउ,विस्कुट,<br>● ख.चिसो पेय पदार्थ | | क.रैथाने खाजाहरू मकैं,भटमास,सातु, कोदो, फापर, गहुँको रोटी, आलु, पिडालु, सकरखण्ड, जाउली, स्कुस, फर्सी)<br>ख.खाना<br>गहुँ,जौं,फाँपर,कोदो,मकैं,धान,गेडागुडी,दाल र साँगसब्जी)<br>ग.फलफूल -(अम्वा,नास्पती,केरा,आँप)<br>घ.दुध, दही, मोही, ध्यू, मह र स्वच्छ पिउने पानीको तालिकागत प्रयोग गर्न प्रेरीत गर्ने<br>● स्वस्थ र पोषिलो खानाको विशेषताहरू बताई दिने<br>● जङ्क फूडबाट मानव जीवनमा पर्ने असरको जानकारी गराउदैं सधैं सर्तक रहन प्रेरीत गर्ने<br>क.प्लाष्टिकजन्य जस्तै : चकलेट, चाउचाउ, विस्कुट आदि<br>ख.चिसो पेय पदार्थ<br>● विद्यालयमा घरायसी खाजाको प्रयोग गर्न प्रोत्साहन गर्ने | २.विद्यार्थीले प्रयोग गर्ने खाजाको अवलोकन गर्ने | |
| | ● **योग तथा ध्यान** | ● योग तथा ध्यानको परिचय दिन, अवलम्वन गर्न) सूर्य नमस्कार, ओम उच्चारण, पद्म मुद्रा, ज्ञान मुद्रा, पद्मासन, वज्रासन, भ्रामरी, अनुलोम विलोम, कपालभाती ) | ● योग तथा ध्यानको परिचय दिन,अवलम्वन गर्न | ● योग तथा ध्यान गरेको फोटो,भिडियो देखाउने<br>● शिक्षकले प्रयोगात्मक रुपमा देखाउने,दिद्यार्थीहरूलाई सिकाउने) सूर्य नमस्कार, ओम उच्चारण, पद्म मुद्रा, ज्ञान मुद्रा, पद्मासन, वज्रासन, भ्रामरी, अनुलोम विलोम, कपालभाती )<br>● योग र ध्यानका फाइदाहरू बताई दिने<br>● घरमा विहान विहान नियमति योग र ध्यान गर्न प्रोत्साहित गर्ने | ● योग तथा ध्यानका आसनहरू अवलोकन गरी आवश्यकता अनुसार पृष्ठपोषण दिने | ५ |

## १०. सिकाइ सहजीकरण प्रक्रिया

यस स्थानीय पाठ्यक्रम 'हाम्रो भोजपुर नगरपालिका'ले ९ वटा बिभिन्न विषय क्षेत्रलाई समेटेको छ। यसमा समाबेश भएका विषय सामग्रीहरूलाई विषयको प्रकृति, उपलब्ध शैक्षिक सामग्री तथा विद्यार्थीहरूको रुचि समेतका आधारमा विभिन्न शिक्षण विधि अपनाउनु पर्दछ । विषयबस्तुको व्यबहारिक ज्ञान दिन बिषयको प्रकृति अनसार अध्ययन, अवलोकन भ्रमण र निरीक्षणका काममा लगाउनु पर्छ । विद्यार्थीमा रहेको रचनात्मक तथा सिर्जनात्मक क्षमता प्रस्फुटन हुने गरी व्यवहारिक ढङ्गले निर्धारित ढाँचाको कार्ययोजना बनाएर सिकाउनु पर्ने हुन्छ। यसका लागि बिभिन्न बिधि अबलम्बन गरेर सिकाउनु आवश्यक हुन्छ। यस सम्बन्धी केही नमुना विधिहरू यसप्रकार छन् :

**प्रश्नोत्तर विधि**

बिषयबस्तुको परिधिमा रहेर शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबीच प्रश्नोत्तर विधिको उपयोग गरेर सिकाइन्छ। विद्यार्थीमा ज्ञान तहको सीप विकासका लागि यो बिधि प्रयोग गर्न सकिन्छ।

**प्रदर्शन विधि**

बिषयबस्तुको केन्द्रमा रहेर विद्यार्थीलाई ज्ञान सीप र धारणा बसाउन सहयोग गर्ने वा पुग्ने गरी प्रदर्शन बिधिको प्रयोगबाट सिकाइ गतिविधि अगाडि बढाइन्छ।

**समस्या समाधान विधि**

बिषयबस्तुको केन्द्रमा रहेर समस्या दिने र उक्त समस्याको समाधान गर्न सिकाउने गतिविधि यसमा अबलम्बन गरिन्छ।

**अवलोकन विधि**

विषयवस्तुको प्रकृतिका आधारमा अबलोकन गर्न सकिने र मिल्ने भए अबलोकनका माध्यमबाट सिकाउने गरिन्छ।

**छलफल विधि**

समुहमा वा व्यक्तिका बीच परस्पर छलफल गर्न लगाई सिकाइ क्रियाकलाप सम्पन्न गर्न प्रेरित गर्ने बिधि नै छलफल विधि भएकोले वास्तविक तथ्य सङ्कलन गर्न छलफल बिधिको उपयोग गरेर सिकाइन्छ।

**अभिनय विधि**

चरित्र चित्रण तथा व्यक्तित्वसँग सम्बन्धित सामग्री भए अभिनय विधिबाट सिकाइन्छ।

**खोज विधि**

सिकाइ क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउन उपयोग हुने अर्को प्रमुख बिधिको रूपमा खोज विधिलाई लिइन्छ। खोज विधिमा सामग्रीको खोजलाई उच्च प्राथमिकता दिइन्छ।

**परियोजना कार्य विधि**

परियोजना कार्य विधिको प्रयोगले कुनै पनि कार्य समूहमा वा एकल तरिकाबाट सम्पन्न गरिन्छ। बिषयबस्तुको प्रकृति, बिद्यार्थीको उमेर समुह, सिकाइ स्तर, स्थानीय परिबेशजस्ता पक्षमा यस विधिमा बिशेष ख्याल गर्नु पर्दछ।

**घटना अध्ययन विधि**

घटना अध्ययनमा समाजका सामाजिक विषयसँग सम्बद्ध घटनाहरू पर्दछन् । यसमा विविध बिषयबस्तुहरू पर्न सक्छन् । विषयबस्तुको प्रकृति अनुसार तिनको अध्ययन गरी चित्त बुभ्दो निष्कर्षमा पुग्ने गरी घटनाहरूको अध्ययन र निचोड निकाल्न प्रेरित गर्ने र सोही आधारमा घटनाको व्यवस्थापन गर्न सिकाउनु नै घटना अध्ययन विधि हो ।

**क्षेत्र भ्रमण**

क्षेत्र भ्रमण अन्तर्गत विद्यार्थीहरूले आफ्नो पाठ्यबस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी प्रत्यक्ष रूपमा विषयको अनुसन्धनात्मक अध्ययन गर्दछन् । यस्ता भ्रमणले शिक्षक तथा विद्यार्थी दुबैलाई नियमित रूपमा कक्षाकोठामा हुने पठनपाठनबाट बाहिर जाने मौका प्रदान गर्ने हुँदा छुट्टै अनुभव र आनन्द दिन्छ । यसका निम्नानुसारका ३ मुख्य चरणहरू हुन्छन् :

**पहिलो चरण:** यस चरणमा भ्रमणको तयारी हुन्छ जसअन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई बिषयबस्तु तथा गन्तव्यको परिचय गराई आवश्यक तयारी गर्दछन् ।

**दोस्रो चरण:** यस चरणमा शिक्षकको नेतृत्वमा विद्यार्थीहरू निर्दिष्ट गन्तव्य (क्षेत्र) मा पुग्दछन् र अबलोकन तथा अन्तरक्रिया गर्दछन् ।

**तेस्रो चरण:** भ्रमण सकिएपछि आउने यस चरणमा सहभागीले भ्रमणबाट प्राप्त तथ्यतथ्याङ्कका विषयमा छलफल गरी निष्कर्ष निकाल्छन् । यसका अतिरिक्त शिक्षकले बिद्यार्थीहरूलाई बिभिन्न प्रश्न सोधी उत्तर खोज्ने र छलफल गर्ने पनि गर्दछन् ।

**मस्तिष्क मन्थन:**

विद्यार्थीलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो । यसका चरणहरू निम्न छन्:

**प्रथम चरण:** सम्पूर्ण कक्षालाई मस्तिष्क मन्थनका विषयमा जानकारी गराउने ।

**दोस्रो चरण:** समस्या वा पाठ बुझिने गरी बताउने ।

**तेस्रो चरण:** निश्चित समय तोकेर बिद्यार्थीलाई समस्या समाधान गर्न लगाउने ।

**चौथो चरण:** समस्या समाधानका उपाय बताउन विद्यार्थीलाई प्रेरित गर्ने विचारलाई सम्मान गर्न भन्ने थप कुरा राख्न भन्ने ।

**पाँचौ चरण:** उनीहरूले भनेका कुरा टिप्ने ।

**छैटौ चरण:** अन्तमा विद्यार्थीलाई एक्लाएक्लै वा समूहमा बिचार मन्थन गर्न लगाउने ।

**जिग्सअ विधि**

जिग्सअ विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृसमूह रहन्छ । विज्ञसमूह मातृसमूह र मातृसमूह बिज्ञसमूह भएर आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रियागत चरण यसप्रकार छन् :

**पहिलो चरण:** बिज्ञ समूहका लागि शिक्षकद्वारा प्रश्न निर्माण गरिन्छ । हरेक समूहका लागि प्रश्न सेट तयार गरिन्छ र प्रश्न बनाउँदा तोकिएको पाठ्यांशबाट बनाइन्छ ।

**दोस्रो चरण:** शिक्षकले ४/५ जनाको समूह बनाई विद्यार्थीलाई मात्र समूहमा बस्न लगाउने । - एक आपसमा घुलमिल हुने र सौहार्दपूर्ण व्यवहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने ।

**तेस्रो चरण:** शिक्षकले मात्र समूहका विद्यार्थीलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तिमा एक एक जनालाई विज्ञ समूहमा नेताको रूपमाछनोट गर्ने ।

**चौथो चरण:** शिक्षकले प्रत्येक समुहलाई आफ्नो समुहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञसमूहमा रहेर प्राप्त गरेको सूचना मातृसमूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

**पाँचौ चरणः** विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समयभित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नो बिज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता पाउँछ ।

**<u>सोच जोडीमा छलफल आदान प्रदान (Think, Pair -Share)</u>**

समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाब बढाइ पाठप्रति उत्सुकता जगाउन यो बिधि उपयोगी मानिन्छ । सिर्जनशील छलफल गर्न र चिन्तन बिकास गर्न यो विधि अबलम्बन गरिन्छ । यसका चरणहरू निम्न छन् :

**पहिलो चरण**: शिक्षकले दिएका प्रश्नका बिषयमा तोकिएको समयभित्र सोच बिचार गर्ने ।

**दोस्रो चरणः** आफ्ना जोडीसँग छलफल गरेर साझा बिचार बनाउने ।

**तेस्रो चरणः** सबै जोडीले आफ्नो बिचार सबैसँग प्रस्तुत गर्ने । प्रस्तुत भएका विचार टिपोट गर्ने ।

## ११. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

आधारभूत तह कक्षा १-३ मा पूर्ण रूपमा निरन्तर मूल्याङ्कन पद्धति अवलम्बन गरिने छ । कक्षा ४-८ मा ५० प्रतिशत भारको निरन्तर मूल्याङ्कन र ५० प्रतिशत भारको आवधिक परीक्षाका लागि छुट्याई विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ । पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन
शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ ।
निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, प्रश्नोत्तर, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ ।
विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनलाई आधार बनाउनुपर्ने हुन्छ । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । अपेक्षित सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई थप सहयोग गर्नुपर्दछ । यसरी सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको विषयक्षेत्र अध्ययनको अवसर प्रदान गर्नुपर्ने हुन्छ ।

### ११.१ विद्यार्थी मूल्याङ्कन प्रक्रिया (कक्षा १–३)

यस तह (कक्षा १-३) मा पूर्ण रूपमा निरन्तर मूल्याङ्कन पद्धति अवलम्बन गरिने छ । मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका प्रत्येक विषयक्षेत्रको अध्ययन पूरा गरेपछि एकाइगत मूल्याङ्कन गरी विद्यार्थीको अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई भन्दा कक्षाकार्यलाई नै बढी जोड दिनुपर्ने हुन्छ । विषयको प्रकृति र विद्यार्थीको स्तरलाई ध्यानमा राखी उनीहरूलाई बोझ नपर्ने गरी गृहकार्य वा परियोजना कार्य दिन सकिने छ । शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ ।

## निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग

१ **रुब्रिक्स र श्रेणी मापन** : विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स र श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ ।

२ **व्यवहार अवलोकन फाराम** : विद्यार्थीले सम्पादन गर्ने व्यवहार, प्रस्तुतीकरण कौशल, प्रयोग सिप तथा व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणीमापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ ।

३ **शिक्षकको अभिलेख** : प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तर, प्रदर्शित व्यवहारकुशल सिपहरू, पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको भनी शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नु पर्ने छ ।

४ **कक्षा परीक्षा** : पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा लिन सकिने छ ।

५ **मौखिक प्रश्नोत्तर** : शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन् । यसको नतिजा अभिलेखीत गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्लेख गर्नुपर्ने छ ।

## विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमाहासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advance) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल भई माथिल्लोस्तरको उपलब्धि समेत हासिल गरेको |

## विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख

प्रत्येक विद्यार्थीका लागि कक्षागत रूपमा निम्नानुसारको अभिलेख फाराम निर्माण गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने छ । प्रत्येक एकाइको शिक्षणपश्चात मुख्य सिकाइ उपलब्धिलाई हेरेर केकत्ति उपलब्धि पूरा भयो ? भनी विभिन्न उपयुक्त साधनहरू (अवलोकन, प्रश्नोत्तर, रुजुसूची, श्रेणी मापन, रुब्रिक्स, परियोजना कार्य, लिखित अभिव्यक्ति, मौखिक अभिव्यक्ति, अभिभावक प्रतिक्रिया आदि) को माध्यमबाट मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्ने छ । उपलब्धिको मूल्याङ्कन गर्दा माथिको उपलब्धिस्तर मापन तालिका वमोजिम उपलब्धि केकत्ति हासिल भयो ? भन्ने आधारमा क्रमशः १, २, ३, ४ अङ्क निम्न तालिकामा उल्लेख गर्ने र विद्यार्थीको उपलब्धि १ र २ भएका थप सहायता शिक्षण गरेर थप सहायतापछिको मूल्याङ्कनको उपलब्धिमा ३ वा ४ पुऱ्याएर मात्र अर्को एकाइमा प्रवेश गराउनुपर्ने छ । विद्यार्थीको उपलब्धिको लक्ष्य ४ हुने छ । उक्त उपलब्धिमा प्राप्त अङ्कलाई एकाइगत वा बहुएकाइगत वा समग्र एकाइगत रूपमा निर्धारित सूत्रअनुसार विद्यार्थीको अक्षराङ्कन ग्रेड निर्धारण गरिने छ ।

<u>उदाहरणका लागि</u>

**कक्षा :** १ **विषय :** स्थानीय पाठ्यक्रम **विद्यार्थीको नाम :**

| एकाइ | मुख्य सिकाइ उपलब्धि | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| **भौगोलिक परिचय** | ● आफू बसेको ठाउँको नाम र ठेगाना बताउन<br>● आफ्नो वरपरको खोलानाला, डाँडाकाँडा , बाटो चिन्न र नाम बताउन | | | | | |
| **ऐतिहासिक सम्पदा** | ● आफ्नो घरको ऐतिहासिक सम्पदाहरूको नाम बताउन | | | | | |
| **साँस्कृतिक सम्पदा** | ● आफ्नो घर र वरपरका मानिसले अपनाउने धर्मका नाम बताउन<br>● आफ्नो घर र वरपरका मानिसले अपनाउने धर्मका धार्मिक स्थल बताउन | | | | | |
| **धार्मिक सम्पदा** | ● आफ्नो घरपरिवार र छिमेकमा प्रयोग गरिने भेषभूषा र गरगहनाको नाम बताउन<br>● आफ्नो घर र छिमेकमा भएका स्थानीय बाजाहरूको नाम बताउन | | | | | |
| **जतजाति** | ● आफ्नो परिवार र छिमेकीको जातजाति बताउन<br>● जातीय सद्भाव र सम्मान व्यक्त गर्न | | | | | |
| **भाषाभाषी** | ● आफ्नो घरमा र छिमेकमा बोलिने भाषाहरू चिन्न<br>● आफ्नो मातृभाषा चिन्न | | | | | |
| **चाडपर्व** | ● आफ्नो परिवार र छिमेकीले मनाउने चाडपर्वको नाम बताउन | | | | | |
| **आर्थिक क्रियाकलाप** | ● आफ्नो परिवारको आम्दानी र खर्चका क्षेत्रहरू बताउन | | | | | |
| **स्थानीय पेसा तथा व्यवसाय** | ● आफ्नो परिवारका सदस्यहरूको पेसा बताउन | | | | | |
| **स्थानीय प्रविधि** | ● आफ्नो घरमा प्रयोग हुने रैथाने प्रविधिहरू (जाँतो, ढिकी, ओखली, सेल रोटी पोल्ने, मोहीपार्ने, विसकुन सुकाउने, दुना, टपरी गाँस्ने, गुन्द्री, सुकुल, पिरा बुन्ने) चिन्न र नाम बताउन | | | | | |
| **स्थानीय संरचना** | ● आफू बसेको वडा नं. बताउन | | | | | |
| **विशिष्ट व्यक्तित्व** | ● आफ्नो बाबु, आमा, अन्य अभिभावक तथा छिमेकका मान्नुपर्ने व्यक्तिहरूको नाम बताउन | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **स्थानी पूर्वाधार विकास** | • स्थानीय स्तरका विभिन्न पूर्वाधारहरूको पहिचान गर्न,<br>• पूर्वाधार क्षेत्रको विकासमा आवश्यक जनशक्तिको नाम बताउन | | | | | |
| **सूचना तथा सञ्चार** | • आफ्ना अभिभावकहरूको सम्पर्क फोन नम्बर बताउन | | | | | |
| **प्रकोप तथा विपद व्यवस्थान** | • घर तथा विद्यालय वरपर घट्ने विपदहरूका नाम बताउन,<br>• विपद्बाट सुरक्षित हुने उपायहरू बताउन, | | | | | |
| **स्थानीय नैतिक मूल्यमान्यता** | • आफ्नो घर परिवार र विद्यालयमा शिष्टाचार सहित अभिवादनको प्रयोग गर्न,<br>• आफूले पालना गर्नुपर्ने सामान्य व्यक्तिगत सकारात्मक आचरणहरू बताउन, | | | | | |

उपर्युक्त अनुसारको तालिका बनाई प्रत्येक कक्षाका लागि प्रत्येक विद्यार्थीको मूल्याङ्कन अभिलेख विद्यालयले वा सम्बन्धित विषय शिक्षकले छपाई गरी प्रयोग गर्नुपर्ने छ ।

**विद्यार्थीको समग्र उपलब्धि प्रतिशत निकाल्ने सूत्र**

$$\text{थिमगत वा एकाइगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको सङ्ख्या}} \times १००$$

विद्यार्थीको समग्र उपलब्धि प्रतिशतलाई निम्नअनुसारको अक्षरात्मक स्तरमा विद्यार्थीको समग्र उपलब्धिको प्रतिवेदन तयार गर्नुपर्ने छ :

| उपलब्धि | प्रतिशत अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| ० – २० | E | ज्यादै कमजोर (Far below from basic) |
| २० – ४० | D | कमजोर (Below basic) |
| ४० – ६० | C | सामान्य (Basic) |
| ६० – ७५ | B | राम्रो (Above basic) |
| ७५ – ९० | A | उच्च (Proficient) |
| ९० – १०० | A+ | उत्कृष्ट (Advanced) |

## ११.२ **विद्यार्थी मूल्याङ्कन (कक्षा ४–८)**

कक्षा ४-८ मा ५० प्रतिशत भारको निरन्तर मूल्याङ्कन र ५० प्रतिशत भारको आवधिक परीक्षाका लागि छुट्याई विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ । विद्यार्थी मूल्याङ्कनका लागि आन्तरिक (निर्माणात्मक) र आवधिक ( निर्णयात्मक) दुवै मूल्याङ्कन पद्धतिको अवलम्बन गर्नुपर्ने छ । आन्तरिक मूल्याङ्याकनका लागि अवश्यकता अनुसार विभिन्न मूल्याङ्कनका साधनहरूको उपयोग गर्नु पर्ने छ भने आवधिक मूल्याङ्कनका लागि निर्धारित विशिष्टीकरण तालिका अनुसार परीक्षा लिनुपर्ने छ ।

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा आन्तरिक मूल्याङ्कनबाट र अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

**आन्तरिक मूल्याङ्कन (कक्षा ४-८)**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेख गर्नुपर्छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेख गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ३ | प्रयोगात्मक/परियोजना | १६ |
| ४ | त्रैमासिक परीक्षाहरू | १० |
| | जम्मा | ५० |

उपर्युक्त अनुसार सहभागिताका लागि सम्बन्धित विद्यार्थीको हाजिरी रजिस्टर र कक्षाकार्यमा सहभागिताको पक्षलाई हेरेर मूल्याङ्कन गर्नुपर्ने छ । मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरका लागि पाठ्यक्रमको सम्बन्धित विषयक्षेत्रअन्तर्गतको एकाइका लागि तोकिएको सिकाइ उपलब्धिलाई हेरेर सो पूरा भएनभएको आधारमा स्तर निर्धारण गर्ने र प्रयोगात्मक/परियोजनाका लागि प्रत्येक एकाइमा कम्तिमा एउटा परियोजना वा प्रयोगात्मक कार्य दिई त्यसको मूल्याङ्कन गरेर सोको अभिलेखका आधारमा अङ्क प्रदान गर्ने र ५/५ पूर्णाङ्क भारको दुई ओटा त्रैमासिक परीक्षाहरू सञ्चालन गर्नुपर्ने छ । मूल्याङ्कनका पक्षलाई विशिष्टिकृत गर्नका लागि राष्ट्रिय पाठ्यक्रम कक्षा ४-८ को मूल्याङ्कन खण्डका प्रावधानलाई अनुशरण गर्न सकिने छ ।

## निर्माणात्मक मूल्याङ्कनका सम्भावित साधनहरु र प्रयोग

१ **रुब्रिक्स र श्रेणी मापन :** विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स र श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ ।

२ **व्यवहार अवलोकन फाराम :** विद्यार्थीले सम्पादन गर्ने व्यवहार, प्रस्तुतीकरण कौशल, प्रयोग सिप तथा व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणीमापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ ।

३ **शिक्षकको अभिलेख :** प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तर, प्रदर्शित व्यवहारकुशल सिपहरू, पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको भनी शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नु पर्ने छ ।

४ **कक्षा परीक्षा :** पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा लिन सकिने छ

५ **मौखिक प्रश्नोत्तर :** शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन् । यसको नतिजा अभिलेखीत गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्लेख गर्नुपर्ने छ ।

**आवधिक मूल्याङ्कन (कक्षा ४–८)**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान, बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तया गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

## विशिष्टीकरण तालिका

## आधारभूत तह (कक्षा ६–८) विशिष्टीकरण तालिका (सैद्धान्तिक)

**विषय** : स्थानीय पाठ्यक्रम(हाम्रो भोजपुर नगरपालिका)

| एकाइ क्षेत्र | घन्टी | ज्ञान,बोध | | | प्रयोगात्मक तथा खोजमूलक सिप | | | समालोचनात्मक चिन्तन सिप | | | अभिवृत्ति | | | प्रश्न सङ्ख्या | | | अङ्क भार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | ५० | वार्षिक आवधिक परीक्षामा ५० अङ्क र आन्तरिक मूल्याङकन ५० अङ्क गरी जम्मा १०० अङ्क हुने छ । |
| १ | | १ | | | | १ | | | | | | | | १ | १ | | ५ | |
| २ | | | | | १ | | १ | | | | | | | १ | | १ | ८ | |
| ३ | | | १ | | | | | | | | १ | | | १ | १ | | ५ | |
| ४ | | | | | | | | १ | | १ | | | | १ | | १ | ८ | |
| ५ | | १ | | | | | | | १ | | | | | १ | १ | | ५ | |
| ६ | | | १ | | | | | | | | | | | | १ | | ४ | |
| ७ | | | | | | | | १ | १ | | | | | १ | १ | | ५ | |
| ८ | | | | | | | | | | | १ | १ | | १ | १ | | ५ | |
| ९ | | | | | १ | १ | | | | | | | | १ | १ | | ५ | |
| **जम्मा** | | **२** | **२** | | **२** | **२** | **१** | **२** | **२** | **१** | **२** | **१** | | **८** | **७** | **२** | **५०** | |

| प्रश्नको संख्या | प्रश्नको संख्या र अङ्कभार | समय |
|---|---|---|
| अति सङ्क्षिप्त उत्तर आउने | ८ प्रश्न X १ अङ्क = ८अङ्क | १४.४ मि. |
| सङ्क्षिप्त उत्तर आउने | ७ प्रश्न X ४ अङ्क = २८ अङ्क | ५०.४ मि. |
| लामो उत्तर आउने | २ प्रश्न X ७ अङ्क = १४ अङ्क | २५.२ मि. |
| | **१७ प्रश्न = ५० अङ्क** | **जम्मा ९० मिनेट** |

## आन्तरिक मूल्याङ्कनका साधन/पक्षहरुलाई निम्नानुसार प्रयोग गर्न सकिने छ :

- **सिर्जनात्मक कार्य :** कथा, कविता, गीत, वक्तृत्वकला, संवाद, भूमिका अभिनय, चिठी,सम्पादकीय आदि ।
- **सिपमूलक कार्य :** सूची, तालिका, स्तम्भचित्र, वृत्तचित्र, समय रेखा, नक्सा, योजना, प्रश्नावली, प्रतिवेदन आदि निर्माण ।
- **खोजमूलक कार्य :** अवलोकन, अन्तर्वार्ता, तथ्याङ्क सङ्कलन, समाचार सङ्कलन, विश्लेषण आदि ।
- **सामुदायिक कार्यमा सहभागिता :** विभिन्न सामुदायिक कार्य (बाटो, चौतारो, धारा, विद्यालय आदि : निर्माण र सरसफाइ, अरूलाई सहयोग गर्ने, विवाह, व्रतबन्ध जस्ता कार्यमा सहयोग र सहभागिता आदि)
- **नमुना व्यवहार प्रदर्शन :** नेतृत्व लिने, मिलेर काम गर्ने, अरूप्रति सहिष्णु हुने, समन्वय गर्ने, उल्लेखनीय प्रतिभा प्रदर्शन गर्ने, समाजमा उत्कृष्ट व्यवहार प्रदर्शन आदि ।
- **पुनश्च :** विद्यार्थीले गरेका कार्यको नियमित रूपमा अभिलेख राखी सोका आधारमा मूल्याङ्कन गर्नुपर्दछ ।

# आधारभूत तह (कक्षा ४–५) विशिष्टीकरण तालिका (सैद्धान्तिक)

**विषय** : स्थानीय पाठयक्रम (हाम्रो भोजपुर नगरपालिका)

| एकाइ क्षेत्र | घन्टी | ज्ञान, बोध | | | प्रयोगात्मक तथा खोजमूलक सिप | | | समालोचनात्मक चिन्तन सिप | | | अभिवृत्ति | | | प्रश्न सङ्ख्या | | | अङ्क भार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | ५० | वार्षिक आवधिक परीक्षामा ५० अङ्क र आन्तरिक मूल्याङकन ५० अङ्क गरी जम्मा १०० अङ्क हुने छ। |
| १ | | १ | | | | १ | | | | | | | | १ | १ | | ५ | |
| २ | | | | | १ | १ | १ | | | | | | | १ | १ | १ | ८ | |
| ३ | | | १ | १ | | | | | | | १ | | | १ | १ | १ | ५ | |
| ४ | | | १ | | १ | | | १ | | १ | | १ | | १ | २ | १ | १२ | |
| ५ | | १ | | | | | | | १ | | | | | १ | १ | | ५ | |
| ६ | | | १ | | | | | | | | | | | | १ | | ४ | |
| ७ | | | | | | | | १ | १ | | | | | १ | १ | | ५ | |
| ८ | | | | | | | | | | | १ | १ | | १ | १ | | ५ | |
| **जम्मा** | | **२** | **३** | **१** | **२** | **२** | **१** | **२** | **२** | **१** | **२** | **२** | | **८** | **९** | **३** | **५०** | |

| **प्रश्नको संख्या** | **प्रश्नको संख्या र अङ्कभार** | **समय** |
|---|---|---|
| अति सङ्क्षिप्त उत्तर आउने | ८ प्रश्न X १ अङ्क =८अङ्क | १४.४ मि. |
| सङ्क्षिप्त उत्तर आउने | ९ प्रश्न X ३ अङ्क = २७ अङ्क | ४८.६ मि. |
| लामो उत्तर आउने | ३ प्रश्न X ५ अङ्क = १५ अङ्क | २७ मि. |
| | **२० प्रश्न = ५० अङ्क** | **जम्मा ९० मिनेट** |

**आन्तरिक मूल्याङ्कनका साधन/पक्षहरुलाई निम्नानुसार प्रयोग गर्न सकिने छ :**

- **सिर्जनात्मक कार्य** : कथा, कविता, गीत, वक्तृत्वकला, संवाद, भूमिका अभिनय, चिठी,सम्पादकीय आदि ।
- **सिपमूलक कार्य** : सूची, तालिका, स्तम्भचित्र, वृत्तचित्र, समय रेखा, नक्सा, योजना, प्रश्नावली, प्रतिवेदन आदि निर्माण ।
- **खोजमूलक कार्य** : अवलोकन, अन्तर्वार्ता, तथ्याङ्क सङ्कलन, समाचार सङ्कलन, विश्लेषण आदि ।
- सामुदायिक कार्यमा सहभागिता : विभिन्न सामुदायिक कार्य (बाटो, चौतारो, धारा, विद्यालय आदि : निर्माण र सरसफाइ, अरूलाई सहयोग गर्ने, विवाह, व्रतबन्ध जस्ता कार्यमा सहयोग र सहभागिता आदि)
- **नमुना व्यवहार प्रदर्शन :** नेतृत्व लिने, मिलेर काम गर्ने, अरूप्रति सहिष्णु हुने, समन्वय गर्ने, उल्लेखनीय प्रतिभा प्रदर्शन गर्ने, समाजमा उत्कृष्ट व्यवहार प्रदर्शन आदि ।
- **पुनश्च :** विद्यार्थीले गरेका कार्यको नियमित रूपमा अभिलेख राखी सोका आधारमा मूल्याङ्कन गर्नुपर्दछ ।
- उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई अक्षरात्मक स्तरमा विद्यार्थीको समग्र उपलब्धिको प्रतिवेदन तथा ग्रेड निर्धारण आधारभूत तह (कक्षा ४-८) को राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको मापदण्डअनुसार गर्नुपर्ने छ ।

## १२. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यो पाठ्यक्रम भोजपुर नगरपालिकाको निर्णयअनुसार तोकिएबमोजिम कार्यान्वयन हुने छ। पाठ्यक्रम कार्यान्वयनमा ल्याउनु अगाडि पाठ्यक्रम प्रबोधीकरण गरिने छ। सम्बन्धित विषय शिक्षकलाई कम्तिमा सात दिनको अभिमूखीकरण तालिम सञ्चालन गर्नुपर्ने छ। कक्षा १-३ सम्म विद्यार्थीले आफ्नो सम्बन्धित वडाभित्रका विषयवस्तुहरू समेटिएकाले पाठ्क्रममा सहयोगी सन्दर्भ सामग्री राखिएको छैन । त्यसका लागि सम्बन्धित विषय शिक्षकले विद्यालय रहेको वडाभित्रका सम्बन्धित धेरै विषयवस्तु र सूचनाहरू आफै खोज तथा सङ्कलन गर्नुपर्ने छ। कक्षा ४-८ का लागि केही सीमित सहयोगी सन्दर्भ सामग्री पाठ्यक्रमको अन्त भागमा समावेश गरिएको छ तर पर्याप्त छैन। पाठ्यक्रममै सबैकुरा अटाउन सकिने अवस्था हुँदैन । पाठ्यक्रमलाई मात्र आधार मानेर शिक्षण गर्नुपर्ने भएकाले यो स्थानीय पाठ्यक्रमको प्रभावकारि कार्यान्वयन हुने कुरा सम्बन्धित विषय शिक्षकको हातमा छ। सम्बन्धित सन्दर्भ पाठ्यसामग्री अथवा पाठ्यपुस्तकको विकास गर्न सकेमा कार्यान्वयनको पाटो सहज हुने देखिन्छ।

## १३. पाठ्यक्रम परिमार्जन

यो पाठ्यक्रम आवश्यकता र औचित्यका आधारमा भोजपुर नगरपालिकाको निर्णय अनुसार परिमार्जन तथा परिवर्तन गर्न सकिने छ।

## सन्दर्भ सामग्री


१. गुरागाईं, देवकुमारी, शर्मा, रामचन्द्र (२०७०). *स्थानीय पाठ्यक्रम विकास तालिम मोड्युल. भक्तपुर* : शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

२. टमोट, काशीनाथ (सम्पाः २०७२). *खिकामाछ्जा टक्सार (द्विशतवार्षिक महोत्सव स्मारिका).* भाजपुर : द्विशतवार्षिक टक्सार महोत्सव आयोजक समिति ।

३. तमु (प्हच्यु), चित्रबहादुर (२०६८). *तमू क्युई लुब छ्युई.* काठमाडौं : विकासका लागि कार्यसमूह नेपाल ।

४.पन्त, सुदर्शन (२०७२). *नेपालको संविधान २०७२.* काठमाडौं : एस.पि. प्रकाशन ।

५. बज्राचार्य, गणेश (२०६६). *टक्सार (एक चिनारी).* भोजपुर : यशोधरा माध्यमिक विद्यालय टक्सार ।

६. लामा (पाखिन) (२०५३), सन्तबीर. *तम्बा कइतेन व्हाई रिम्ठिम् (तामाङका पुर्ख्यौली रीतिथिति र गीत).* काठ्माडौं : रत्न पुस्तक भण्डार ।

७. लुइटेल, शङ्करराज, पोखेल, हरिप्रसाद, देवकोटा, दुर्गाराज (२०७८). *कालामइको पहिचान स्थानीय पाठ्यक्रम कक्षा (१-८).* सिन्धुली : कमलामाई नगरपालिका ।

८. पाठ्यक्रम विकास केन्द्र (२०७६). *आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६.* सानोठिमी भक्तपुर : नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र ।

९. पाठ्यक्रम विकास केन्द्र (२०७६). *आधारभूत शिक्षा पाठ्यक्रम २०७६ (कक्षा ४-५) (परीक्षणका लागि).* सानोठिमी भक्तपुर : नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र ।

१०. पाठ्यक्रम लेखन तथा सम्पादन समूह (२०७७). *नामुना स्थानीय पाठ्यक्रम २०७७. विराटनगर,* सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ ।

११. पाठ्यक्रम विकास केन्द्र (२०७७). *आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७.* सानोठिमी भक्तपुर : नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र ।

१२. स्थानीय पाठ्यक्रम निर्माण समिति (२०७८). *हाम्रो विराटनगर (स्थानीय पाठ्यक्रम कक्षा १-५).* मोरङ : विराटनगर महानगरपालिका ।

## अनुसूची १

## आवश्यकता पहिचान तथा विषयवस्तु सङ्कनका लागि प्रश्नावली तथा अन्तर्वार्तामार्फत सम्पर्क गरिएका संस्था तथा व्यक्तिहरूको विवरण

१. भोजपुर नगरपालिकाभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरू जम्मा - ४५ ओटा

२. भाजपुर नगरपालिकाभित्र सञ्चालित सबै संस्थागत विद्यालयहरू जम्मा - ५ ओटा
३. नेपाल आदिबासी जनजाति महासंघ, जिल्ला समिति, भोजपुर
४. किरात राई यायोक्खा जिल्ला समिति, भोजपुर
५. तामाङ घेदुङ संघ जिल्ला समिति, भोजपुर
६. शेर्पा संघ जिल्ला समिति, भोजपुर
७. मगर संघ जिल्ला समिति, भोजपुर
८. नेव : दय : दबू : जिल्लाकार्य समिति, भोजपुर
९. श्री तीर्थकुमार राई , अध्यक्ष : शिक्षक महासंघ जिल्ला समिति, भोजपुर
१०. श्री पर्शराम तिवारी, संयोजक : नागरिक समाज, भोजपुर
११.श्री नरेन्द्र थापा, अध्यक्ष, वि.व्य. स.
१२. श्री रमेश शाक्य, अध्यक्ष, वि.व्य.स.
१३. श्री सिताराम श्रेष्ठ, पूर्व जिल्ला शिक्षा अधिकारी
१४. श्री गणेश बज्राचार्य, पूर्व प्रधानाध्यापक
१५. श्री कमलप्रसाद राई, पूर्व प्रधानाध्यापक
१६. श्री टेक बहादुर खड्का, पूर्व स्रोतव्यक्ति
१७. श्री ध्रुवलाल श्रेष्ठ, अध्यक्ष, उद्योग वाणिज्य संघ भोजपुर
१८. श्री मोक्तान भाइ (शेरबहादुर तामाङ) , अग्रज लेखक तथा साहित्यकार
१९. श्री गणेश श्रेष्ठ, समाजसेवी
२०. श्री भरत ताम्राकार, समाजसेवी
२१. श्री प्रेम शाक्य , समाजसेवी
२२. श्री दुर्गा रणपहेली, समाजसेवी
२३. श्री रोहित विश्वकर्म, समाजसेवी
२४. श्री सम्भना धौलाकोटी, समाजसेवी
२५. श्री कटक बहादुर विष्ट, शिक्षक
२६. श्री अमृका ताम्राकार, शिक्षक
२७. श्री खोमराज धमला, शिक्षक
२८. श्री शिव प्रधान, शिक्षक
२९. श्री हर्कराज शेर्पा, शिक्षक
३०. श्री रक्तम राई , शिक्षक
३१. श्री भवकृष्ण मोक्तान, समाजसेवी
३२. श्री कैलाश कुमार आले, नगरप्रमुख
३३. श्री ममिता राई , नगर उपप्रमुख
३४. श्री सुरेन्द्र राई, प्रमुख प्रशासकीय अधिकृत
३५.श्री विष्णु भुजेल, वडाध्यक्ष
३६. श्री कुमार राई, वडाध्यक्ष
३७. श्री. कमल थुलुङ, वडाध्यक्ष
३८. श्री प्रेम बहादुर भण्डारी, वडाध्यक्ष
३९. श्री जस बहादुर राई, वडाध्यक्ष
४०. श्री शैलेन्द्र कार्की, वडाध्यक्ष
४१. श्री जय बहादुर तामाङ, वडाध्यक्ष
४२. श्री गोपाल कार्की , वडाध्यक्ष

४३. श्री राम बहादुर तामाङ, वडाध्यक्ष
४४. श्री सुविन्द्र राई, वडाध्यक्ष
४५. श्री असोक राई, वडाध्यक्ष
४६. श्री कुमार प्रसाद श्रेष्ठ, वडाध्यक्ष
४७. श्री जगत तामाङ, समाजसेवी
४८. श्री तुलबहादुर सुब्बा, समाजसेवी
४९. श्री हिमाल विक्रम कुरुङमाङ लिम्बू (पाँचथर)
५०. श्री महेन्द्र वि.क., खुकुरी उद्यमी
५१. श्री कर्ण पुलामी, बुद्धिजिवी
५२. श्री देवकुमार शाक्य, (टक्सार)
५३. श्री झकन बहादुर गुरुङ, उपप्राध्यापक, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर
५४. श्री उत्तम सिं राई, उपप्राध्यापक, भोजपुर बहुमुखी क्याम्पस, भोजपुर
५५. श्री पाविहाङ राई, समाजसेवी
५६. श्री केशर बल तामाङ, बुद्धिजिवी
५७. श्री भवकृष्ण तामाङ, समाजसेवी
५८. श्री रत्नकुमार राई, समाजसेवी

अनुसूची २ (प्रश्नावली)

भोजपुर नगरपालिका, भोजपुर
नगर शिक्षा समिति
स्थानीय पाठ्यक्रम निर्माण कार्यदल (२०७८)

(आवश्यकता/तथ्याङ्क तथा सूचनास्रोत सङ्कलन प्रश्नावली)

नमस्कार,

कृपया, भोजपुर नगरपालिका अन्तर्गतका विद्यालय (कक्षाः १-८) का लागि निर्माण तथा कार्यान्वयन हुने स्थानीय पाठ्यक्रमको पाठ्यवस्तु चयन तथा आवश्यकता पहिचान प्रयोजनका लागि यो प्रश्नावली मार्फत तपाईंको अमूल्य सुझावको अपेक्षा गर्दै सहयोगको लागि हार्दिक अनुरोध छ । स्थानीय पाठ्यक्रम निर्माणमा बाहेक अन्य प्रयोजनमा यो सूचना प्रयोग गरिने छैन ।

क) तपाईंको नाम : .............................. ख) ठेगाना : ..........................ग) कार्यक्षेत्र : ......................
घ) सम्पर्क नं............................. ङ) हस्ताक्षर : ............................

---

१. भोजपुर नगरपालिकाको भौगोलिक क्षेत्रभित्र पर्ने प्रमुख स्थलहरू तथा पर्यावरणीय पक्षसँग सम्बन्धित निम्न कुरा के के छन् ?

तपाईंको वडामा रहेका प्रमुख खोला, झरना तथा पोखरीहरूको नाम र ठेगाना

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

तपाईंको वडामा रहेका प्रमुख पर्वत (डाँडा), गुफा तथा बन क्षेत्रहरूको नाम र ठेगाना

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

तपाईंको वडामा रहेको उक्त वन क्षेत्रमा पाइने प्रमुख प्राणीहरू (सरीसृप समेत) तथा पंक्षीहरूको नाम र बासस्थान

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

२. स्थानीय पाठ्यक्रममा समावेश गर्न योग्य नगरपालिका तथा जिल्ला भित्रका विशिष्ट व्यक्तिहरू को को हुनुहुन्छ, होला ?

ऐतिहासिक, सामाजिक/साँस्कृतिक तथा राजनीतिक क्षेत्रका विशिष्ट व्यक्तिहरू

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

शैक्षिक तथा प्रशासनिक क्षेत्रका विशिष्ट व्यक्तिहरू

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................

खेलकुद तथा कला-साहित्य क्षेत्रका विशिष्ट व्यक्तिहरू

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................

३. तपाईंको वडा/नगरपालिका क्षेत्रभित्र पर्ने प्रमुख ऐतिहासिक, साँस्कृतिक र धार्मिक स्थल तथा सम्पदाहरू कुनकुन रहेका छन् ?

तपाईंको वडा/नगरपालिका क्षेत्रभित्र पर्ने प्रमुख ऐतिहासिक स्थल/सम्पदाहरूको नाम र ठेगाना

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................

तपाईंको वडा/नगरपालिका क्षेत्रभित्र पर्ने प्रमुख साँस्कृतिक क्षेत्र/सम्पदाहरूको नाम र ठेगाना

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................

तपाईंको वडा/नगरपालिका क्षेत्रभित्र पर्ने प्रमुख धार्मिक स्थल/सम्पदाहरूको नाम र ठेगाना

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................

४. तपाइँको जानकारी अनुसार तपाईंको वडा/नगरपालिकामा बसोबास गर्ने जात-जातिका साँस्कृतिक अवस्था र विशेषताहरू के कस्ता रहेका छन् ?

स्थानीय भेषभुषा/गरगहनाहरूको नाम र सम्बन्धित जाति

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................

| गीतहरू (जातिसमेत) | बाजाहरू (जातिसमेत) | नृत्यहरू (जातिसमेत) |
|---|---|---|
| ....................... | ....................... | ....................... |
| ....................... | ....................... | ....................... |

आदर सत्कारका स्थानीय मौलिक चलनहरू (जातिसमेत)

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................

स्थानीय मौलिक खानपान तथा तौरतरिकाहरू (जातिसमेत)

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

५. तपाईंको वडा/नगरपालिका क्षेत्रभित्र पर्ने प्रमुख पर्यटकीय स्थलहरू कुन कुन रहेका छन् ?

<u>प्रमुख घुम्न लायक स्थलहरू</u>

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

<u>प्रमुख वनभोज स्थलहरू</u>

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

<u>प्रमुख रिसोर्ट तथा गार्डेनहरू</u>

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

<u>सम्भावित पर्यटकीय स्थलहरू</u>

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

६. तपाईंको जानकारी अनुसार तपाईंको वडामा कुन कुन जातिहरूको बसोबास रहेको छ ?

<u>जात-जातिको नाम</u> बसोबास क्षेत्र/वडा नं. जात-जातिको नाम बसोबासक्षेत्र/वडा नं.
१...................... ....................... ३........................ ........
२....................... ........................ ४...................... ..........

७. तपाईंको जानकारी अनुसार तपाईंको वडा/नगरपालिका क्षेत्र भित्र कुन कुन भाषाहरू बोलिन्छन् ?

१..................२..................३................. ४................... ५.................. ६...................

८. तपाईंको वडा/नगरपालिका क्षेत्र भित्र मनाइने प्रमुख चाडपर्वहरू कुन कुन हुन् ?

<u>किरात धर्मावलम्बी समुदायले मान्ने स्थानीय चाडपर्वहरू</u>

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

<u>हिन्दू धर्मावलम्बी समुदायले मान्ने स्थानीय चाडपर्वहरू</u>

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

बौद्ध धर्मावलम्बी समुदायले मान्ने स्थानीय चाडपर्वहरू

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

नेवार समुदायले मान्ने स्थानीय चाडपर्वहरू

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

इसाई धर्मावलम्बी समुदायले मान्ने स्थानीय चाडपर्वहरू

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

अन्य समुदायले मान्ने चाडपर्वहरू

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

९. तपाईंको वडा/नगरपालिका क्षेत्रभित्र हुने प्रमुख आर्थिक क्रियाकलापहरू के के छन् ?

| खाद्यान्न बालीहरू | प्रमुख नगदे बालीहरू | कृषि फर्महरूको नाम र ठेगाना (पशु, पंक्षि, माछा, माहुरी, फलफूल) |
|---|---|---|
| ………………… | ………………… | ……………………………………………………………………… |
| ………………… | ………………… | ……………………………………………………………………… |

| पेसा तथा रोजगारी/स्वरोजगारीको नाम | उद्योग, व्यापार तथा व्यवसायको नाम |
|---|---|
| ……………………………… | ……………………………………… |
| ……………………………… | ……………………………………………… |

स्थानीय हाटबजारको नाम र लाग्ने तिथि/गते/बार

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

स्थानीय खानी तथा प्राकृतिक स्रोतहरूको नाम र पाइने स्थान

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

१०. तपाईंको वडा/नगरपालिका क्षेत्रभित्र भएका रैथाने/स्थानीय कला, सिप तथा प्रविधिहरू के कस्ता रहेका छन् ?

विगतमा भएका रैथाने कल, सिप तथ प्रविधिहरूको नाम

ढुङ्गा/माटोबाट बन्ने काठबाट बन्ने बाँस/चोयाबाट बन्ने धागोबाट बन्ने परालजन्य धातुजन्य

| | | | | |
|---|---|---|---|---|
| ………………… | …………….. | …………………….. | ……………… | ……………. |
| …………………….. | …………….. | …………………… | ……………… | ……………. |

वर्तमानमा अपनाउँदै गरिएका रैथाने कला, सिप तथा प्रविधिहरू

ढुङ्गा/माटोबाट बन्ने काठबाट बन्ने बाँस/चोयाबाट बन्ने धागोबाट बन्ने परालजन्य धातुजन्य

| | | | | |
|---|---|---|---|---|
| …………………….. | …………….. | …………………….. | ……………… | ……………. |
| …………………….. | …………….. | …………………….. | ……………… | ……………. |

१०. तपाईंको विचारमा अब बन्ने स्थानीय पाठ्यक्रममा कुन कुन र कस्ता प्रकोप तथा विपद्हरूको व्यवस्थापनसम्बन्धी विषयवस्तु समावेश गर्न जरुरी देख्नुहुन्छ ?

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

११. तपाईंको विचारमा स्थानीय पूर्वाधार विकाससम्बन्धी के कस्ता विषयवस्तु समेटिनु पर्ने सल्लाह दिनुहुन्छ ?

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

१२. तपाईंको विचारमा जनशक्ति विकाससम्बन्धी के कस्ता विषयवस्तु समेटिनु पर्ने सल्लाह दिनुहुन्छ ?

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

१३. माथि सोधिएका विषयवस्तुबाहेक छुटेका वा स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने भनी तपाईंलाई लागेका महत्त्वपूण विषयवस्तुहरू भएमा सुझावका लागि अनुरोध छ ।

……………………………………………………………………………………………………
……………………………………………………………………………………………………
……………………………………………………………………………………………………

सहयोगका लागि धन्यवाद !

# अनुसूची ३

## सम्बन्धित विषय शिक्षकका लागि सहयोगी स्रोत सामग्री

### भोजपुर जिल्लाको  ऐतिहासिक चिनारी तथा नामाकरण

**भौगोलिक अवस्थिति**

**क) अक्षांश**

- २७ डिग्री १० मिनेट २१ सेकेण्ड,  देशाान्तर : ८७ डिग्री ०२ मिनेट ५३ सेकेण्ड, कुल क्षेत्रफल : १५०७ व.कि.मी.(५८२वर्ग मील),   सबैभन्दा अग्लो ठाउँ : सिलिचुङ ४१५३ मी.(१३६२५ फीट) ,  सबैभन्दा होचो स्थान : हसनपुर_ १५३ मी.(५०२ फीट)
- भोजपुर जिल्लाको पुरानो नाम सिद्धपुर थियो ।
- यस जिल्लाको प्रसिद्ध धार्मिक स्थल सिद्धकालीको नामबाट यसको नामाकरण भएको हुन सक्दछ ।
- सिद्धपुरबाट भोजपुर नामकरण हुनुमा आसपासको जङ्गल (देउराली वरपर) मा भोजपत्रको रुखहरू प्रशस्त थिए र  यसको नाम भोजपुर रहन गएको हो । (स्रोत : शेरबहादुर मोक्तान)
- पृथ्वीनारायण शाहले माझ किराँत विजय गर्दै आउँदा यस ठाउँलाई जितेपछि जितेको खुशियालीमा ठूलो भोज खाएको र बाँकी रहेको भोज यही ठाँउमा पुरेर गएको हुनाले यसको नाम सिद्धपुरबाट भोजपुर रहन गएको हो भन्ने मत पनि छ ।

**ख) भोजपुर जिल्लाका स्थानीय तहहरू**

**भोजपुर जिल्लाका स्थानीय तहहरूको विवरण**

| क.स. | स्थानीय तह | जनसंख्या | क्षेत्रफल | वडा संख्या |
|---|---|---|---|---|
| १ | भोजपुर नगरपालिका | २८,१०७ | १५९.५२ | १२ |
| २ | षडानन्द नगरपालिका | ३१,६१२ | २४१ | १४ |
| ३ | हतुवागढी गाउंपालिका | २०,४०४ | १४२.६१ | ९ |
| ४ | रामप्रसादराई गाउँपालिका | १८,८४८ | १५८.८३ | ८ |
| ५ | आमचोक गाउँपालिका | १८,७२० | १८४.८९ | १० |
| ६ | टेम्केमैयूङ गाउंपालिका | १७,९११ | १७३.४१ | ९ |
| ७ | अरुण गाउंपालिका | १७,६८७ | १५४.७६ | ७ |
| ८ | पैवादुङ्मा गाउँपालिका | १५,३९४ | ११८.८६ | ६ |
| ९ | साल्पासिलिछो  गाउँपालिका | १३,१११ | १९३.३३ | ६ |
| **जम्मा** | | **१८२,४५९** | **१५०७** | **८१** |

***स्रोत :*** *तथ्याङ् कार्यालय ,भोजपुर*

## भोजपुर नगरपालिकाको भौगोलिक अवस्थिति

अक्षांश २७ डिग्री ४६ मिनेट उत्तरदेखि २८ डिग्री ५३ मिनेट उत्तरी अक्षांशसम्म र देशान्तर ८६ डिग्री ५३ मिनेट पूर्वदेखि ८७ डिग्री १७ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ। भोजपुर नगरपालिकाको कुल क्षेत्रफल १५९.५२ व.कि.मी. रहेको छ। यस नगरपालिकाको सबैभन्दा अग्लो ठाउँ भोजपुर न.पा. - २ हेलौंछाको तेर्सेवर्से र गुप्तेश्वर विचको डाँडा समुद्री सतहबाट २६८० मी. र सबैभन्दा होचो ठाउँ भोजपुर न.पा. - १२ टक्सारको टोङटोङेमुनि पिखुवा खोला किनार सालबिसौनी ४४० मी.रहेको छ।

### भोजपुर नगरपालिकाको विवरण

| वडा न. | घरधुरी | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|
| १ | ३०९ | १४०७ | १९.०८ |
| २ | ५६३ | २७९४ | २०.७७ |
| ३ | ४२० | २००८ | १७.३१ |
| ४ | ६१७ | ३३६४ | १७.४७ |
| ५ | ६६६ | ३५६६ | १६ |
| ६ | ५३६ | १८१३ | ४.०३ |
| ७ | ४१९ | १६७१ | २.२९ |
| ८ | २५० | १२९१ | ४.७५ |
| ९ | ३२१ | १६१५ | २.३८ |
| १० | ५३२ | २६४४ | १८.२८ |
| ११ | ४२२ | २३५४ | १६.४४ |
| १२ | ७९८ | ३५७३ | २०.७२ |
| जम्मा | ५८५३ | २८१०० | १५९.५२ |

***स्रोत :*** *भोजपुर नगर प्रोफाइल, २०७५*

## राजनीतिक अवस्था

### भोजपुर नगरपालिका

- भोजपुर नगरपालिका प्रदेश नं. १ अन्तरगत भोजपुर जिल्लामा अवस्थित रहेको छ।
- साविकका ८ गाविसहरू : हैलौछा, गुप्तेश्वर, सिद्धेश्वर, बोखिम, भोजपुर, भैंसिपंखा, आम्तेक, टक्सार समावेश गरी बनाइएको यस नगरपालिकालाई १२ ओटा वडामा विभाजन गरिएको छ।

**भोजपुर नगरपालिकाको जनसाङ्ख्यिक र सामाजिक विवरण :**

| भौगोलिक विवरण | | जनसांख्यिक विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नंवर | गाउँ | घर संख्या | महिला | पूरुष | जम्मा | लैङ्गिक अनुपात | औषत परिवार संख्या |
| १ | भामराङ्ग डाडवोखिम | ३०९ | ६६४ | ७४३ | १४०७ | ०८९. | ४५५. |
| २ | हेलौछा | ५६३ | १३०८ | १४८६ | २७९४ | ०८८. | ४९६. |
| ३ | गुप्तेश्वर | ४२० | १००८ | १००० | २००८ | १०१. | ४७८. |
| ४ | सिद्देश्वर | ६१७ | १६०५ | १७५९ | ३३६४ | ०९१. | ५४५. |
| ५ | वोखिम | ६६६ | १७८९ | १७७७ | ३५६६ | १०१. | ५३५. |
| ६ | पालुवाभोजपुर- | ६३६ | ९२९ | ८८४ | १८१३ | १०५. | २८५. |
| ७ | भोजपुर | ४१९ | ८२६ | ८४५ | १६७१ | ०९८. | ३९९. |
| ८ | पोखरे- दुम्सिका | २५० | ६३६ | ६५५ | १२९१ | ०९७. | ५१६. |
| ९ | काफ्ले - भोजुर | ३२१ | ८०८ | ८०७ | १६१५ | १. | ५०३. |
| १० | भैसिपंखा | ५३२ | १३०६ | १३३८ | २६४४ | ०९८. | ४९७. |
| ११ | आम्तेक | ४२२ | ११६८ | ११८६ | २३५४ | ०९८. | ५५८. |
| १२ | टक्सार | ७९८ | १८४० | १७३३ | ३५७३ | १०६. | ४४८. |
| | जम्मा | ५९५३ | १३८८७ | १४२१३ | २८१०० | ०९८. | ४७२. |

| भौगोलिक विवरण | | सामाजिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नंवर | गाउँ | जनजाति | व्रामण क्षेत्रि | दलित | हिन्दु | वौद्ध | किरात | इसाइ | अन्य |
| १ | भामराङ्ग - डाडवोखिम | १५१३ | ३२८ | १२७ | ७१३ | १११४ | ० | ० | ३८ |
| २ | हेलौछा | १८६२ | ५१० | ४५ | ५०४ | ७२२ | ६३६ | ९ | १ |
| ३ | गुप्तेश्वर | १५८८ | ७२७ | १०७ | २१६१ | ४९ | १८६ | २६ | ० |
| ४ | सिद्देश्वर | १३४६ | १५९३ | ४६८ | २८२१ | १०६ | ३८७ | ० | ० |
| ५ | वोखिम | २४५४ | ९०८ | १८४ | २४४१ | ८९८ | ६०८ | ४० | ० |
| ६ | पालुवा- भोजपुर | १०६९ | ६२१ | २३६ | १२९७ | ३२८ | ३०१ | ० | ० |
| ७ | भोजपुर | १४४८ | २७४ | २७६ | ९२३ | ५४५ | ५२२ | ८ | ० |
| ८ | पोखरे- दुम्सिका | ७५९ | ४६८ | २२ | ६०६ | २०८ | १९७ | ० | ० |
| ९ | काफ्ले - भोजुर | ८२४ | २७९ | ४१ | ७०७ | ५५९ | १९३ | २ | ० |
| १० | भैसिपंखा | २६६८ | १४८ | ११८ | ७६९ | ४१० | १३९७ | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | आम्तेक | १९०० | १०३५ | ४३० | १८०३ | ३४२ | ९२४ | ५ | ० |
| १२ | टक्सार | २८०३ | ११२३ | ३५० | ३५२० | १३ | २ | २९ | ० |
| | जम्मा | २०२३४ | ८०१४ | २४०४ | १८२६५ | ५२९४ | ५३५३ | ११९ | ३९ |

स्रोत : भोजपुर नगरपालिका

## भोजपुर जिल्ला

- संघ - १ निर्वाचन क्षेत्र र प्रदेश - २ निर्वाचन क्षेत्र रहेको छ ।
- स्थानीय तह ९ ओटा (नगरपालिका २ , गाउँपालिका ७ र जम्मा ८१ वडा )

**धरातलीय अवस्था**

- भोजपुर नगरपालिका  पहाडी भूभागमा अवस्थित छ ।
- यहाँ धरातलीय विविधता लेक, वेसी, डाँडाकाँडा रहेको छ ।

**प्राकृतिक सम्पदा**

- नगरपालिकालाई मूल प्रवाह क्षेत्र बनाएर अविरल बगिरहने पिखुवा, सेरा, घट्टे खोलाहरू यहाँको मुख्य प्राकृतिक जलसम्पदाहरू हुन् ।
- सिंचाइको मुख्य श्रोतको रुपमा रहेको पिखुवा, सेरा, घट्टे खोलाहरू लगायतका खोलाबाट यस क्षेत्रको जमिनमा सिंचाइ सेवा उपलब्ध हुने गरेको छ ।
- जैविक विविधताका हिसाबले मध्यम हावापानीमा पाइने वनस्पतिहरूमा पाखनवेद, चिराइतो, लौठ सल्लो पर्दछन् ।
- चरा चुरुङ्गी तथा जनावरहरूमा कालिज, डाँफे, मयूर, चिल, गिद्ध, काग, बाज, भ्याकुर, कस्तुरी, भालु, घोरल, झारल, बाँदर, स्याल, ढुकुर, झारल, फ्याउरो, भंगेरा, काँडे भ्याकुर, मुख्य रुपमा पाइन्छन् ।
- यस नगरपालिकाको माथिल्लो र तल्लो भागका स्थानमा वन तथा खर्कहरू रहेका छन् ।
- यस नगरपालिकाको उत्तर तर्फको सुन्तले, बाघखोर, ओखलीडाँडा जस्ता सुन्दर डाँडाहरू र त्यहाँबाट हिमालको दृश्यावलोकन गर्न पाइन्छ ।
- तल्लो खोला क्षेत्रमा बालुवा, ढुङ्गा लगायतका खनिजहरू यस क्षेत्रमा पाइन्छ । .

**सप्तधारा सम्पदा**

- भोजपुर बजारको काखमा अवस्थित रहेको छ ।
- सात ओटा धाराबाट समानान्तर रुपमा निरन्तर अमृततुल्य पानी बगिरहन्छ ।
- नजिकै एक तला माथि तीन ओटा र एक तला मुनि चार ओटा धाराहरू पनि छन् ।

**तीनधारा सम्पदा**

- टक्सार बजारको काखमा अवस्थित रहेको छ।
- तीन ओटा धाराबाट समानान्तर रुपमा अमृततुल्य पानी निरन्तर बगीरहन्छ।

**धार्मिक सम्पदा**

## सिद्धकाली मन्दिर

- सिद्धकाली मन्दिर भोजपुर नगरपालिका ९ मा अवस्थित भोजपुर जिल्लाको प्रमुख शक्ति पिठको रुपमा रहेको,
- वि.स. ११६७ साल तिरको कुरा, सिकारीले सिकार खेल्ने क्रममा पिखुवा खोलामा मृग देखेर खेदाउँदै आउँदा मृग हालको सरस्वाती गुफा टक्सारमा आई छिरेको र मृगलाई पछ्याउँदै जाँदा सिकारीलाई मृगले भेष बदली हालको सिद्धकाली मन्दिरको महादेव गुफाअगाडि भगवतीको रुपमा दर्शन दिनु भएको,
- सिकारीहरू बिरामी भएपछि सोही स्थानमा सिद्धकाली भगवतीको पूजा आरधाना गर्न सुरू गरिएको जनश्रुति,
- भाकल गरी पूजापाठ गरेमा भाकल मनोकांक्ष पूरा हुने जनविश्वास
- मन्दिरमा पूजाका लागि दैनिक श्रद्धालु आउने त्यसमा पनि विशेष रुपमा अषाढ शुक्ल एकादशी, कार्तिक शुक्ल एकादशी, मार्ग कृष्ण चर्तुदशी (वालाचतुर्दशी), दशैंको नवरात्र अवधिभर विशेष भीड हुने,
- सिद्धकाली मन्दिर परिसर एक धार्मिक सहिष्णुताको रुपमा रहेको छ किनभने एउटै स्थानमा हिन्दू धर्मावलम्वीको सिद्धकाली मन्दिर र वौद्ध धर्मावलम्वीको गरुण गुम्वा रहेको,
- सिद्धकाली मन्दिर, गणेश मन्दिर, लक्ष्मीनारायण, सरस्वती मन्दिर, सत्यनारायण , महादेव गुफा र सिद्धकालीको मन्दिर भएको सोही डाँडामा गरुण वौद्ध गुम्वा पनि रहेको,
- भोजपुर वजार र टक्सारको मनोरम दृश्य अवलोकन गर्न सकिने सिद्धकाली मन्दिरको शिरको रुपमा कैलाश डाँडा रहेको,
- पर्यटकीय डाँडा कैलाश डाँडामा हाल शिवको धातुको ठूलो मुर्ति स्थापना हुँदै,

*(स्रोत : सागर ढकाल ,सिद्धकाली मन्दिर पुजारी र शेरवहादुर मोक्तान, भोजपुर)*

**रणेश्वर शिवालय (टक्सार)**

- ऐतिहासिक टक्सार बजार भोजपुर १२ मा अवस्थित
- वि.स. १९७६ मा साविक टक्सार १ निवासी रणध्वज कार्कीको अगुवाइमा शैव धर्मको प्रचार प्रसार गर्न स्थापित

- धार्मिक सहिष्णुताको रुपमा रहेको
- शिवरात्री, ऋषि पञ्चमी, रामनवमीमा पूजा र भजन गाईने
- वि.स. १९७७ मा प्रभुनाथ कोईरालाले तीन धारा सुरक्षा र शिवालयलाई खाली पाखो जग्गा खरिद गरी सल्लाको विरुवा रोपी शिवालय गुठीलाई प्रदान गरिएको (हाल तिनधारा सल्लेरी वन )

*(स्रोत : टक्सार (एक चिनारी ), लेखन तथा सम्पादन गणेश वज्राचार्य)*

**करुणामय तथा पञ्चबुद्ध चैत्य (टक्सार)**

- ऐतिहासिक टक्सार वजार भोजपुर १२ मा अवस्थित
- करुणमयको मृत्तिका मूर्ति स्थापना
- यसको अग्रभागमा रत्न चैत्य रहेको
- वि.स. २०१८ मा पद्म महाविहार स्थापना गरी शाक्य तथा बज्रचार्याहरूको चुडाकर्म संस्कार सुरु

*(स्रोत : टक्सार (एक चिनारी ), लेखन तथा सम्पादन गणेश वज्राचार्य)*

**विद्याधरी अजीमा (टक्सार)**

- शाक्य वंशीय हस्तकला विद्‌ले तान्त्रिक विधिबाट हत्केलामा मोहनी वंशीकरण मन्त्रबाट काठमाण्डौंको स्वयम्भूबाट ल्याई प्रतिस्थापन
- अजिमाले विभिन्न रोग व्याधी र महामारीबाट मानव जगतको रक्षा गर्ने जनविश्वास

*(स्रोत : टक्सार (एक चिनारी ), लेखन तथा सम्पादन गणेश वज्राचार्य)*

**ज्याङ छुप छ्योलिङ गुम्वा (नरपायाँ)**

- भोजपुर नगरपालिका २, नरपायाँमा अवस्थित
- शेर्पा समुदायको पुरानो मध्यको एक गुम्वा
- स्थापना वि.स. २०३२ ।

*(स्रोत : हर्कराज शेर्पा प्र.अ. धापखर्क प्रा.वि.धापखर्क )*

**पेमा छ्योलिङ गुम्वा (पानीटेयाङ्की)**

- भोजपुर नगरपालिका ९, पानीट्याङ्कीमा अवस्थित
- शेर्पा समुदायको गुम्बा मानिने यो गुम्बाको स्थापना वि.स. २०५६ ।

*(स्रोत : हर्कराज शेर्पा प्र.अ. धापखर्क प्रा.वि.धापखर्क )*

**साङ्गे छ्योलिङ गुम्बा (पोखरे)**

- भोजपुर नगरपालिका ८, पोखरेमा अवस्थित
- वि.स. १९६२ वैशाख पूर्णिमाको दिन स्थापना

*(स्रोत : सेरवहादुर मोक्तान भोजपुर र केशर वल काठमाण्डौं)*

**हिमालयन महायान विश्वशान्ति वौद्ध गुम्वा (काफ्ले)**

- भोजपुर नगरपालिका ९, काफ्लेमा अवस्थित
- वि.स. २०४९ मा स्थापना
- जग्गा व्यवस्थापन गरी सात रोपनी क्षेत्रफलमा गुरु योजना वनाएको

*(स्रोत : शेरवहादुर मोक्तान, भोजपुर र म्हेन्दो स्मारिका विश्वशान्ति बौद्ध गुम्वा*

## ऐतिहासिक सम्पदा

**टक्सारको ऐतिहासिकता**

- वि.स. १८७० को दशकमा भोजपुरमा तामा र फलाम खानीको उत्खनन् गरी प्रशोधन भएको,
- राजा गीर्वाणयुद्ध विक्रम शाह र जनरल भिमसेन थापाको पालामा वि.स. १८७२ मा टक्सार खानी अड्डाको स्थापना,
- टक्सार अड्डाबााट तामाको डोली पैसा एक तोलाको एक पैसा, दुई तोलाको दुई पैसा र पाँच पैसा ढ्याक काटिने गरेको,
- टक्सार अड्डा भएकोले यस ठाउँको नाम टक्सार भएको,
- भोजपुरको १७ थुम मध्ये एक थुम खिका नाम गरेको राजाको राज्य भएकोले टक्सार र यस क्षेत्रलाई पहिला खिकामाछा थुम भनिन्थ्यो ।

*(स्रोत : टक्सार (एक चिनारी ), लेखन तथा सम्पादन गणेश वज्राचार्य)*

**भोजपुरे खुकुरीको इतिहास**

- भोजपुर नगरपालिका वडा नं. ४ वोखिमका महेन्द्रबहादुर विश्वकर्माका पूर्खाहरूबाट बुदुना जातका भोजपुरे खुकुरी स्थानीय रैथाने फलाम र प्रविधिबाट बन्ने गर्दथ्यो ।
- वि.स. २०१३ साल माघ १२ गते राजा महेन्द्र भोजपुर सवारी हुँदा भोजपुरे खुकुरी चढाए वापत सिंहबहादुर विश्वकर्मा (बोखिम) ले राजाबाट बक्सिस् स्वरुप नगद इनाम प्राप्त गरेका थिए ।
- अहिले पनि उनका छोरा महेन्द्रबहादुर विश्वकर्मा र नाती ज्ञानेन्द्र विश्वकर्माबाट महेन्द्र खुकुरी उद्योगको नामबाट आफ्नै थाकथलोमा रैथाने प्रविधिबाट खुकुरी उत्पादन भइरहेको छ ।

- "भोजपुरे बुदुना खुकुरीबाट भोजपुरको नाम प्रसिद्ध भएको हो । यसको विशेषता छोटो हुनाले छरितो र सतङ्गो हुँदा दोस्रो विश्वयुद्ध साथै त्यस्तै अन्य युद्धमा ज्यादै उपयोगी भएको साथै छोटो भएपनि गहकिलो कदका कारण बल पर्ने, स्थानी खानी (टेम्के आसपास) बाट निर्मित धातुबाट बन्ने भएकाले लाग्ने हुने आदि छुट्टै विशेषताका कारण भोजपुरे खुकुरीले लोकपृयता पाएको हो । उहिले यहाँका राईहरूको घरमा पनि आफूलाई चाहिने खुकुरी आदि हतियार आफै बनाउने परम्परा थियो ।"

-

*पाबिहाङ राई, भोजपुर*

**शाक्यमुनि विहार (टक्सार)**

- स्थापना वि.स.१९९३ पौष ३० शुक्लपक्ष तृतीयाको दिन
- ऐतिहासिक टक्सार वजार भोजपुर १२ मा अवस्थित
- भिक्षु महाप्रज्ञाको नेतृत्वमा स्थानीय उपासक-उपासिकाको सहयोगमा स्थापना
- नेपालको पहिलो थेरवादी वौद्ध विहार
- विहारमा बौद्ध पर्व, अष्टमी, आमावस्या र पूर्णिमाको दिन बुद्ध पूजा, ज्ञानमाला भजन, दाफा भजन तथा प्रवचनहरू हुने गरेको ।

*(स्रोत : टक्सार (एक चिनारी ), लेखन तथा सम्पादन गणेश वज्राचार्य तथा बौद्ध प्रज्ञा शाक्यमुनि विहार हिरकोत्तर जयन्ती)*

**डवली मेला**

- वि.सं. १९४२ ताकावाट धान्यपूर्णिमा (मंसिरे पूर्णिमा) को दिन सिद्धकाली मन्दिरको गुप्तेश्वर गुफामा ठूलो संख्याका धर्मावलम्वीहरूले धार्मिक पूजा गरी गाईको दुध चढाउने र मेला सोही दिनबाट हजारौंको संख्यामा उपस्थित भई सुरु भएको हो भन्ने मौखिक जानकारी,
- डवली मेला सुरुको केही वर्ष टक्सारमा ( हाल पुराने डवली) पछि शान्ति सुरक्षा जस्ता कारणले भोजपुरमा लगाउन थालिएको,
- मेलामा ताप्लेजुङको ओलाङचुङ गोला, संखुवासभा, भोजपुर, खोटाङ, सोलुखम्वु, ओखलढुङ्गाका सर्वसाधरणहरूसमेत व्यापार, भेटघाट र मनोञ्जनका लागि आउने गरेको,
- धान्य पूर्णिमादेखि सुरुमा केही वर्ष ३ दिन, ७ दिन , १५ दिन र  पछि एक महिना सम्म लगातर मेला लाग्ने गरेको
- मेलामा व्यापारीक रुपमा घोडा, खच्चड, राडी , पाखी, गलैंचा, चुरु ,रेडी, मुगाको फेटा, भोजपुरे खुकुरी मेलाको आकर्षक रहने गरेको,
- यो ऐतिहासिक मेला हाल भोजपुरमा लाग्दैन ।

*स्रोत : शेरबहादुर मोक्तान, भोजपुर)*

**वोखिम नामकरण**

- खोटाङ हलेसिका शशिमुन्धुम सिद्ध रुवालुङ नामको व्यक्तिले यस क्षेत्रमा दुःख दिने राक्षसलाई वध गरी रक्षा गरेको र उनलाई यहि घरजम गराई वसाइएको बेलाबखतमा उनका भाईहरू खोटाङ्बाट भेट्न आउने गर्दा उनलाई कहाँ आएको भनी सोध्दा बान्तावा भाषामा बउ भनेको दाजुको र खिम घर हुन्छ दाजुको घर आएको भनी बताएको बउखिमबाट बोखिम रहेको भन्ने किम्वदन्ति छ ।

*(स्रोत : किरात राई बान्तावा खेङ्युङ बोखिम वंशावली, भोजपुर)*

**हेलौछा नामकरण**

- परापूर्वकालमा यस क्षेत्रलाई ठूलो जङ्गलले वरिपरिबाट घेरेको थियो । त्यसैले बादरले असाध्यै धेरै दुःख दिई सताउने गरेकोले राई भाषाका अनुसार हेलावा भनेको बादर र छा भनेको नाच्ने बादर हुन्छ । हेलवाछा शव्द अपभ्रम्स भई हेलौछा भएको भन्ने किंवदन्ति रहेको छ ।

***- स्रोत : कटक बहादुर विष्ट, हेलौछा***

**भैँसीपंखा नामकरण**

- वर्तमान भोजपुर नगरपालिका वडा नं. १०, भैँसीपंखा , साविक भैँसीपंखा गा.वि.स. , त्यसभन्दा पहिलाको पञ्चायती व्यवस्थाको प्रशासनिक इकाइको नाम पनि भैँसीपंखा नै रहेको तथ्य चाहिँ कागजी लिखतहरुमा भेटिन्छन् । भैँसीपंखाको नामाकरणका बारेमा यकिन तथ्यगत इतिहाँस त छैन तर पनि यहाँका किम्बदन्तीअनुसार यस क्षेत्रको भूगोलमा परापूर्व कालमा पशुपालनको उर्वरा भूमि थियो, त्यसताका जाँगरिला कृषकका भैँसी पालन पेशा खुब फस्टाएको थियो । भैँसीको बथान चर्नका लागि निकै माथि लेकका खर्कसम्म पुर्याइन्थ्यो ।

- एक दिन भैँसीका बथान चरनबाट फर्कने क्रममा वर्षासँगै आएको खोलापहिराले सो भैँसीका बथानका भैँसीहरु धेरै हताहती भयो । केही भैँसीहरु मात्र बाँच्यो । मरेको भैँसीहरु ढुङ्गा माटाले किचिएर बावर रोटी जस्ता चेप्टो देखिएको थियो । राई भाषीहरुले अद्यापि ‘चेप्टिनु’ लाई ‘पेप्किनु’ र ‘रोटी’ लाई ‘पेम्पाक’ भन्दछन् । केही वरपर बस्तीका मानिसहरुले सो बेला राई भाषामा भैँसी पेम्पाक भएको ठाउँ भएको हुनाले यस स्थानलाई नै ‘भैँसीपेम्पाक’ भन्न थालियो । स्थानीयको बोलीमा यो शब्द क्रमश : अपभ्रंश हुँदै जाँदा ‘भैँसीपेम्प’ , ‘भैँसीपम्प’, ‘भैँसीपन्क’ र ‘भैँसीपंख’, ‘भैँसीपंखा’ बनेको र कुनै शासन व्यवस्थाको भौगोलिक तथा प्रशासनि विभाजनमा यसै ‘भैँसीपंखा’ नामाकरण गरी केही भूगोल विस्तार गरिएको भन्ने भनाइ किम्बदन्तीको रुपमा रहेको छ ।

*- स्रोत : रत्नम राई, भैँसीपंखा*

**आम्तेकको नामकरण**

- सेन वंशी राजाहरुको शासन र पृथ्वीनारायण शाहको एकीकरण अभियान बिचको समयमा ससाना खण्डमा बिभाजित नेपाली भुखण्डमा भुइटाकुरे राजा र रजौटा अनेकौ गढी र थुममा बिभाजित भएको अवस्थामा हतुवागढीको अधिनमा भोजपुरको टक्सार, कोटडाडा (कोटगढी) केन्द्र बनाई शासन गर्ने व्याक्ति खिखाम किरात थिए । उनको छोरा नाति सन्तानमध्ये आङ्तेप भन्ने नामका एक भाइले टक्सारको पैयापानी भन्ने ठाउबाट आफूले दलबल सहित हालको आम्तेकको पितौला भन्ने ठाउमा आई प्रथम बसोबास गरेका हुन् भन्ने जनस्रुति रहेको छ । किरात भाषामा साना खाले बासलाई पिङ

भनिन्थ्यो र ला भनेको घारी भन्ने अर्थ लाग्दथ्यो । सानाखाले बासको घारीलाई पिङ्ला भनियो र त्यसैबाट पिङ्ला हुदै पितौला हुन गयो । पछि उनै आङ्तेप किरातका नामबाट यस भुमिको नाम आङ्तेप हुदै आम्तेक हुन गएको भन्ने विश्वास गरिन्छ । किरातहरुको बैरखति प्रथा अनुसार वाह्रौ पुस्ता पछि ती बंश जोड्ने कि कुटुम्बरी हुने भन्ने मान्यतालाई आधार मानी आङ्तेप किरातका सन्तानले पुस्ताका आधारमा मुमिहाङ, दिलुन्छा, खाम्लुङ, मान्डुपा नामाकरण राखी बंश मङखालका आधारमा नया किरातीहरुको पाछा विकास गरे र एक अर्का पाछामा विहेबारी गर्न सुरु गरे । तीनै पाछाहरुको कुल देवता पुज्ने तरिका र समाहितमा पनि एकरुपता रहेको र अन्य पाछाका किरातहरु यस भुमिमा पछि मात्र आएका हुन् भन्ने विश्वास छ । प्राचीन अवस्थामा जङ्गली भुमिमा प्रथम मानव वस्ती बसाउने व्यक्ति आङ्तेप किरातको नामबाट आम्तेक रहन गएको हो ।

स्रोत : रामकुमार राई, भु.पु. प्रधानाध्यापक देवीथान मा.वि., आम्तेक

**सिद्धमहाराजको मन्दिर**

- भोजपुर नगरपालिका ४ दाँवामा पर्दछ ।
- धेरै पहिला सिद्धटार क्षेत्रमा गाईवस्तु पालन गर्ने गोठालेसँग दिउँसोको सयममा जोगी प्रकट भई दहीं मागेको तर गोठालेले दिउँसोको समयमा दहीं दिन नमिल्ने कुरा बताएपछि जोगी हिडेको तर गोठालोको सबै गाईवस्तुहरू हराएको,
- सपनामा जोगीले ल्याएको त्रिशुल र लठ्ठी त्यहीं देखेको र विपनीमा पनि सोही स्थानमा फेला परे पछि ती जोगी नभएर सिद्धमहारा हुनुहुँदो रहेछ भनी उक्त त्रिशुल राखी देवस्थल विकास गरिएको र यसको नाम सिद्धमहाराजको मन्दिर भनियो र यस मन्दिरको नामबाट सिद्धेश्वर र सिद्धेश्वर माध्यमिक विद्यालयको नामकरण गरिएको किंवदन्ति रहेको छ ।

*(स्रोत : टेकवहादुर खड्का, पूर्व स्रोत व्यक्ति,दाँवा भोजपुर)*

**गुप्तेश्वर महादेव गुफा**

- भोजपुर नगरपालिका ३ बलौटे नजिक पर्दछ ।
- गुप्तेश्वर गुफामा शिवरात्री, बालाचतुर्दशीमा सतवीज छर्ने मेला लाग्ने
- यसै गुफाको नामबाट गुप्तेश्वर नामकरण गरिएको विश्वास गरिन्छ ।

*(स्रोत : टेकवहादुर खड्का, पूर्व स्रोत व्यक्ति,दाँवा भोजपुर)*

**दिंला**

- षडानन्द नगरपालिकाको मुकाम केन्द्र,
- शैक्षिक जागरण र विकासको अग्रणी स्थान,
- आवाल ब्रह्मचारी षडानन्द अधिकारी (वि.स. १८९२ -१९७३) को जन्म स्थान,

- बालागुरु षडानन्दले वि.स. १९३२ मा नेपालको इतिहासमा जनस्तरबाट सञ्चालित पहिलो संस्कृत पाठशाला दिंलामा स्थापना
- रुद्राक्षको प्रमुख उत्पादन क्षेत्र,
- बालागुरु षडानन्दले षडेश्वर, राममन्दिर, १०८ प्रजातिको वगैंचा स्थापना ।

*(स्रोत : प्रा. लालनाथ सुवेदी)*

**हतुवागढी**

- भोजपुर सदरमुकामदेखि दक्षिण हतुवागढी गाँउपालिका नामाङ्कित किरात राईहरूको ऐतिहासिक दरवार क्षेत्र,
- पृथ्वीनारायण शाहको नेपाल एकीकरणपूर्व किरात राई जातिले राजकाज गरेको स्थल/क्षेत्र,
- अटल सिंह राईको ऐतिहासिक विशाल दरवार स्थल र त्यसको भग्नावशेष छ ।

## साँस्कृतिक सम्पदा

**जनै सुपारी**

- ब्राह्मण-क्षेत्री समुदयका विवाहको लागि केटा र केटीको मञ्जुर भएपछि केटा पक्षबाट २ ओटा सुपारी, २ जनै र केटी पक्षबाट २ ओटा सुपारी, २ जनै पूजा गरी बेहुला र बेहुलीबीच साटासाट गरी विवाहको पक्का गर्ने कार्य

*(स्रोत : सागर ढकाल, सिद्धकाली मन्दिर पुजारी )*

**तीन चुला पूजा**

- किरात राई जातिमा मुन्धुमी दर्शनअनुरार सृष्टिकर्ता भनेको आमाबुबा वा पितापूर्खा हुन् । तीन चुलामा पिता पूर्खाहरूको खाना खाने, खाना दिने र पुज्ने नयाँ बाली पाकेपछि पूर्खालाई चढाउने वा सम्झने चलनलाई तीन चुला पूजा

*(स्रोत :किरात राई वान्तावा खिम केन्द्रिय कार्य समिति)*

**ल्होसार**

- ल्हो (बर्ष), छार (नयाँ) अर्थात बौद्ध धर्मावलम्वीहरुले ल्होसारलाई प्रमुख चाड नयाँ बर्षका रुपमा मान्ने गर्दछन् ।
- अघिल्लो बर्षलाई सकुशल बिदा गरी नयाँ बर्षलाई स्वागत गर्दै बर्षभरी सुख, शान्ति र प्रगतिको कामनाका साथ ईष्टमित्र, नरनाताबीच आशीर्वाद, शुभकामना आदन प्रदान गरी हर्षोल्लासका साथ मनाउने गरिन्छ ।

**तमु ल्होसार**

- गुरुङ समुदायले पौष शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म हर्षोल्लास साथ मान्दछन् ।

**सोनाम ल्होसार**

- तामाङ समुदायले माघ शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म हर्षोल्लास साथ मान्दछन् ।

**ग्याल्पो ल्होसार**

- शेर्पा समुदायले फाल्गुण शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म हर्षोल्लास साथ मान्दछन् ।

**पोङ**

- जाँड वा रक्सीले भरेको माटोको सानो घैटोलाई पोङ भनिन्छ । तामाङ जातिले आफ्नो संस्कार अनुसार कुनै कार्य सम्पादन गर्नका लागि अनुरोध गर्ने प्रमुख माध्यमका लागि पोङको प्रयोग गर्दछन् । पोङमा कोकोम्हेन्दो (टोटलाको फूल) ले दुच्छे (अमृत) चढाउने गरिन्छ । पोङको नाम कार्य सम्पादनको आधारमा फरक फरक हुन्छ ।

१. करज्येल पोङ = कन्यार्थमा लाग्ने पोङ

२. पोङ = कुनै कामकुरा पक्का भएको बेलामा खाने

३. सगुन = शुभकार्यमा दिने पोङ

४. स्यालगर = नम्र भई निवेदन गर्ने पोङ

५. कोरछयाङ = घुम्दै गाउँमा आउनेलाई दिने पोङ

६. रोछयाङ = साथी साथी भेट हुदाँ खाने पोङ

७. सोछयाङ = मराउ परेको घरमा खाने वा खुवाउने पोङ

८. डीपछयाङ = न्वारनमा खाने वा खुवाउने पोङ ।

*(स्रोत : तम्बा कइतेन ल्हाई रिमठिम, क.सन्तबीर लामा (पाखिन)*

**चिण्डो**

- यो किरात राई जातिको परम्परागत मौलिक तथा साँस्कृतिक सामग्री हो । यसभित्र सगुनका रुपमा रक्सी राखेर पितृकार्य तथा पूजा गर्दा, छोरीचेलीले कोसेली बोक्दा, कल्याहरूले केटी माग्नु जाँदा आदि हरेक साँस्कृतिक कर्यमा चिण्डोको प्रयोग गर्ने परम्परा रहेको पाइन्छ । यो लहरा जातको एक वनस्पतिमा फल्ने फल हो । त्यसलाई खोपेर भित्रको बियाँ फालेर रक्सी वा शुद्ध पानी बोकेर खाने चलन थियो । यसको आकार तल डल्लो, बीचमा समाउन हुनेगरी सागुरो भई माथि पुन : अलिकत्ति फुकेको र मुख माथि सानो चुच्चो भएको हुन्छ ।

**ठाकठुके नाच**

- विशेष नेवार जातिमा जोडिजोडि भई छोटो लौरो दुवै हातमा लिई मादल र झ्यालीको तालमा नाचिने ।

**कठुवा**

- शेर्पा समुदायले विशेष गरी विवाह, पूजा पाठमा रक्सी राख्न प्रयोग हुने काठको भाडो ।

**स्याप्रु नाच**

- शेर्पा समुदायले ल्होसार, विवाह लगाएतका अन्य कार्यमा नाचिने नाच ।

*(स्रोत : हर्कराज शेर्पा प्र.अ. धापखर्क प्रा.वि.धापखर्क )*

**बेल विवाह**

- नेवार समुदायमा सामान्यतः ५ वर्ष उमेर देखि ९ वर्ष बीचमा कन्याहरूको गरिने तीन विवाह संस्कारमध्ये पहिलो विवाह
- गुरु नकिं (ब्राह्मण समुदायको कन्या) ले बालिकालाई कपडा पहिराई, बेलको दानाको भेट्नोद्वारा तिन पटक सिउदोमा सिन्दुर लगाईन्छ ।

*(स्रोत : कोजु वंश परिचय, दाँवा भोजपुर)*

**सुकुन्दा**

- नेवारी समुदायको शुभकार्य विवाह, पूजा आदिमा दियो कलसको रुपमा प्रयोग गरिने धातुको पूजा सामग्री
- नेवारी समुदायमा विवाहमा वेहुला वा वेहुली अन्भाउदा अनिवार्य प्रयोग हुने

*(स्रोत : इन्द्रविर प्रधान, दाँवा भोजपुर)*

**अन्ति**

- नेवार समुदायमा भोजमा रक्सी बाँड्न प्रयोग हुने करुवा जस्तै लामो टुटि भएको धातुको भाडो

*(स्रोत : इन्द्रविर प्रधान, दाँवा भोजपुर)*

**विनायो**

- यो मालिङ्गो बाँसको कप्टेरालाई कपेर बनाइएको एक प्रकारको किराती बाजा हो ।

**तामाङ शेलो**

- तामाङ समुदायले डम्फू बजाएर आफनो भावना शेलोको माध्मबाट प्रस्तुत गर्दै शेलो नृत्य गर्दछन् ।

**डम्फू**

- डम्फू तामाङ जातिले प्रयोग गर्ने बाजा हो । यसको एकातिर छालाले मोरेको र अर्को पट्टी खाली हुन्छ । यसमा ३२ वटा किलाहरू हुन्छ । डम्फूको माथिल्लो भागमा चराको प्रतीक राखिएको हुन्छ । डम्फूको तालमा तामाङ शेलो (व्हाई) ल्होसार, विवाह, उत्सवमा गाएर शेलो नृत्यमा आफ्नो मौलिकता झल्काउने गर्दछन् । *स्रोत : मोक्तान भाई (शेरबहादुर तामाङ), भोजपुर*

**सेतो फेटा (राई)**

- किरात राई जातिमा आफ्ना विशिष्ट व्यक्तिहरू : नाक्छोङ, दोवा, कोङपि (कल्या), विवाहमा बेहुला अथवा मुख्य विशिष्टलाई शीरमा नयाँ सेतो कपडा (दुई वा तीन मिटर) ले माथि फुर्का निस्कने गरी फेटा गुथाउने परम्परा रहेको पाइन्छ। यसको अर्थ शीर/साया उँचो पार्ने तथा सम्मान गर्ने भन्ने हुन्छ। हाल यस परम्परा विभिन्न कार्यक्रमका अतिथिलाई पनि लगाइदिने प्रचलन विकास हुँदै आएको छ।

- *स्रोत : विष्णुकुमार राई, आमचोक*

**भोजपुर नगरपालिक भित्रका समुदाय र तिनको मौलिक गीत ,नृत्य, वाजागाजा**

| क्र.स. | समुदाय | गीत | नृत्य | वाजागाजा |
|---|---|---|---|---|
| १. | ब्रह्मण, क्षेत्री | वालन, संगिनी, | वालन,संगीनी | खैजडी,पञ्चेवाजा |
| २. | तामाङ | सेलो | सेलो | डम्फु |
| ३ | राई | सिली | साकेला/साकेन्वा | बिनायो,ढोल, झ्याम्टा |
| ४. | नेवार | दाफा भजन,ज्ञानमाला भजन, तवला भजन | लाखे नाच,वनदेवी नाच, धिमे नाच, ठाकठुके नाच | खिं, धाः, धिमे, टा, नायोखि, ख्वालमाल,भुस्या, सि ढोल |
| ५. | शेर्पा | स्याब्रु | स्याब्रु | टुङ्ना |
| ६. | मगर | मारुनी, सोरठी, | मारुनी, हुर्रा | मादल, झ्याम्टा, विनायो |
| ७. | गुरुङ | | | |
| ८. | लिम्वू | | | |

*स्रोत व्यक्तिहरू : श्री सागर ढकाल,. श्री हर्कराज शेर्पा, श्री जगत बहादुर तामाङ, श्री कर्ण पुलामी मगर, श्री विष्णुकुमार राई,. श्री भरत ताम्रकार*

**पोसाक**

दौरा, सुरुवाल, टोपी, फरिया, चोली, छिटको सारी,................

**गरगहनाहरु :**

शिरफूल,शिरबन्दी,जूनचिम्टी,मारवाडी,कानढुङग्री,ढुङ्ग्री,बुलाकी,सौभाग्य,तिलहरी,नौगेडी,कम्पनीहारी,जन्तर,कोप्चा,मट्टीमाला, काँकरीवियाँ,औठी,.......................

- *स्रोत : विभिन्न प्रश्नावली*

## पर्यटकीय सम्पदा

### सुन्तले क्षेत्र

- भोजपुर नगरपालिकाको प्रमुख पर्यटकीय क्षेत्र
- सुन्तले, बाघखोर र थामडाँडा, भ्यु टावरबाट मकालु हिमाल, कञ्चनजंघा लगायत संसारकै सवैभन्दा होचो उपत्यका लगायतका क्षेत्रहरूको अवलोकन गर्नसकिने,
- मुन्धुम पदमार्गले समेटेको क्षेत्र,
- यसको काखमा धापखर्क क्षेत्रको मनमोहक खर्क, सल्लेरी वन क्षेत्र, भोजपुरको मनोरम वनभोज क्षेत्र, शितलको खानी क्षेत्र आदि यसका विशेषता ।

### सरस्वती गुफा

- यो गुफा भोजपुर नगरपालिका वडा नं. १२ टक्सारमा अवस्थित छ ।
- प्राकृतिक र अद्भुत गुफा अजिमा मन्दिरको पूर्वपट्टी रहेको,
- विशाल ढुङ्गाहरूको बीचबाट प्रवेशद्वारदेखि निस्कने द्वारसम्म करिव १००० मिटर लामो लम्वाइ रहेको अनुभव स्थानीय शिक्षक श्री अमृका ताम्राकारको रहेको छ । त्यस ठाउँबाट पसेर भोजपुरको सिद्धकाली मन्दिरमा निस्कन सकिने सुरुङमार्ग रहेको किवदन्ति पाइन्छ ।
- वि.स.२००० मा टक्सार निवासी हर्कराज शाक्यले विशाल शिलामा खोपा बनाई गणेश र सरस्वतीको मूर्ति स्थापना तर पछि मूर्ति चोरी भएको भनाइ छ ।
- यसको परिसरमा पञ्च वुद्धको चैत्य रहेको र यससंगै रहेको पाटी भत्कि सकेको,
- विशेष गरी वसन्त पञ्चमीको **दिन पूजा, आराधना र बालबालिकाको अक्षराम्भ** गर्ने प्रचलन रहेको,

### मुन्धुम पदमार्ग

- मुन्धुम दर्शनमा आधारित पदमार्ग
- पद मार्ग खोटाङको तावा भञ्ज्याङदेखि भोजपुरको सिलिचोङ पहाडसम्मको कुल लम्वाइ १२० किलोमिटर (खप्टिएको लम्वाइ सहित ) र कुल लम्वाइ ८८ किलोमिटर रहेको र चौडाई २ मिटर रहेको,
- यसको अधिकांश भाग भोजपुर जिल्लाभित्र पर्ने,
- नेपालको १०० गन्तव्य सूचीमा परेको मनोरम पदमार्ग,
- पदमार्गले खोटाङ, भोजपुर, सोलुखुम्वु र संखुवासभा जिल्लामाको पर्यटन क्षेत्रलाई समेट्ने पर्ने
- खोटाङको २ (साकेला गाँउपालिका र केपिलासगढी गाँउपालिका) र भोजपुरको ४ पालिका (टेम्केमैयुङ गाँउपालिका, भोजपुर नगरपालिका, षडानन्द नगरपालिका, साल्पासिलिछो गाँउपालिका) को भूभागमा फैलिएको,
- पदमार्ग प्रदेश नं. १ को ३५ प्रतिशत, स्वीस सरकारको ३५ प्रतिशत र स्थानीय सरकारको ३० प्रतिशत लागत साझेदारीमा निमार्णधिन,
- यस पदमार्गले समेट्ने प्रमुख पर्यटकीय तथा धार्मिक स्थलहरू तावाभञ्ज्याङ, चखेवा, टेम्के, हाँसपोखरी, मैयुङ डाँडा, तारा खसेको पोखरी, सालपा पोखरी, सिलिचोङ पहाड आदि ।

*(स्रोत : मुन्धुम पदमार्ग अभियान्ता, खर्क गोठ संरक्षण समिति भोजपुर अध्यक्ष पाविहाङ राई )*

**टेम्के**

- मध्यपहाडी लोकमार्गले छोएको भोजपुर र खोटाङ जिल्लाको सिमानामा अवस्थित पर्यटकीय डाँडा
- टेम्केको उचाई समुन्द्रि सतहबाट ३१०० मिटर
- मुन्धुमी भाषामा रुङमाचोङ/रिमाचुङ भन्ने गरिन्छ । **रुङ**को अर्थ तल फुकेको र माथी सुकेको आकारमा माथी घुम्दै जानु र **चोङ** भनेको चुच्चो,
- झट्ट हेर्दा यसको आकार ट्याम्को आकारको जस्तो देखिने भएकोले पनि यसलाई टेम्के नामकरण गरिएको भनाई छ ।
- यसको चुचुरोवाट आठ हजार माथिका ५ ओटा हिमाल (कञ्चनजंघा, मकालु, सगरमाथा, ल्होत्से, चोयु ) , ३३ ओटा हिमश्रृंखला, तराईको समथर भाग अवलोकन गर्न सकिने ।
- वर्षको २ पटक ठूलो मेला बालाचतुर्दशी र रामनवमी मेला लाग्ने गर्दछ ।

*(स्रोत : टेम्केमैयुङ गाँउपालिका भोजपुर पार्श्व चित्र २०७४/०७५)*

**मैयुङ**

- अत्यान्तै मनमोहक प्राकृतिक सौन्दर्य बोकेको स्थल/पहाड/नागि,
- मुन्धुमी भाषामा **माङ्** (पितृ) र **युङ** (वसस्थान) बाट **मैयुङ** नमकरण भएको मानिने,
- यहाँ १७ प्रजातीको गुँरास पाइने,
- मैयुङको काखमा सुन्दर मनमोहक हाँसपोखरी अवस्थित छ ।

*(स्रोत : टेम्केमैयुङ गाँउपालिका भोजपुर पार्श्व चित्र २०७४/०७५)*

**सिलिचुङ**

- साल्पा सिलिछो ५ दोभानेमा पर्ने भोजपुर जिल्लाको सवैभन्दा अग्लो पहाड ( ४१५३ मिटर ),
- मुन्धुम पद मार्गको एक गन्तव्य स्थान,
- साल्पापोखरीको शिरको रुपमा रहेको,
- पहाडको टुप्पोबाट सगरमाथा, मकालु, कञ्चनजंघा लगायत हिमाल र हिमश्रृङखलालाई नजिकबाट अवलोकन गर्न सकिने,
- सूर्योदय र सुर्यास्तको मनोरम दृश्य तथा तराईको विभिन्न भाग नियाल्न सकिने ।

*(स्रोत : साल्पासिलिछो गाँउपालिका वृत्तचित्र, साल्पा सिलिचुङ महोत्सव २०६८ मुल आयोजक समिति वृत्तचित्र )*

**साल्पापोखरी**

- साल्पासिलिछो ५ दोभानेमा सिलिचोङ पहाडको काखमा रहेको ( ३४४३ मिटर )
- किरात राईहरूको पवित्र धाम, साथै हिन्दू र बौद्धको आस्थको धार्मिक स्थाल,
- अध्यात्मिक शक्ति प्राप्तिका लागि नाग्छुङ (राईको धामी), अन्य धामी-झाक्रि, मुन्धुमविद् सबैको तीर्थस्थल,
- वर्षमा चार पटक ठूलो मेला लाग्ने,
- कुलुङ भाषमा साल्पा भनेको लामो वा लाम्चो हुन्छ यसको आकार लाम्चो भएकोले साल्पा पोखरी नामकरण गरिएको,
- भाकल गरी पूजा गर्दा मनोकांक्ष प्राप्त हुने जनविश्वास रहेको छ ।

*(स्रोत : साल्पासिलिछो गाँउपालिका वृत्तचित्र, साल्पा सिलिचुङ महोत्सव २०६८ मुल आयोजक समिति वृत्तचित्र , आवधिक जिल्ला विकास योजना सोलुखुम्वु )*

## जातजाति, भाषाभाषी तथा चाडपर्व

**भोजपुर नगरपालिकाभित्र बसोबास गर्ने प्रमुख जातजातिहरू**

- **राई, क्षेत्री, तमाङ, नेवार, ब्राह्मण, शेर्पा, दलित समुदाय** (कामी, दमाई, सार्की), **मगर, भुजेल** (वडा नं ६, ७ मा बसोबास), **योगी** (कसुले/कपाली : वडा नं १२ मा बसोबास), **गुरुङ** (वडा नं २, ७ र १२ मा बसोबास), **लिम्बू** (वडा नं १, २, ७, १० र १२ मा बसोबास), **सुनुवार** (वडा नं ११ र ४ मा बसोबास), **जोगी** (वडा नं ४ मा बसोबास)

**भोजपुर नगरपालिकाभित्र बोलिने मुख्य भाषाहरू**

- नेपाली, नेपाल भाषा, शेर्पा, तामङ, बान्तावा (राई), साङपाङ (राई), दुङ्माली (राई), चाम्लिङ (राई), मगर, गुरुङ, लिम्बू ।

**विभिन्न भाषामा आधारभूत बोलचालका शब्दहरूको तालिका**

| नेपाली | नेपाल भाषा | शेर्पा | तामाङ | मगर | बान्तावा ( राई) | दुङ्माली (राई) | लिम्बू | गुरुङ |
|---|---|---|---|---|---|---|---|---|
| **नस्कार** | जोजलपा | टसिदेले | फ्याफुल्ला | झोर्ले | सेवा | सेउ | सेवारो | छ्याजलो |
| **स्वागतम्** | लसकुस | फेपरो नङ | ज्यावा डान्वा | | | | लङदाःक | छ्याँल्ले खो |
| **वधाइ** | लसहना | गासुवुल हिन | | | नुकोङ्ला सावानाम | साइचोक्मा | हाङसेभोना | |
| **शुभकामना** | भिन्तुना | गातेन | ज्यावा तावइ | मजुनछान्ग्यौ | | | नोइःत्छे | |
| **धन्यवाद** | सुभायः | धुजिछे | ज्यावा ताजिम | | आलाङ्ने | आलाङने | | ओर्छे |
| **घर** | छेँ | खाङ्बा | दिम | इम | खिम | खिम | हिम | धीं |
| **विद्यालय** | बोनेकुठी | लोण्डा | | | तायाखिम | टाइखिम | निसामहिम | लब्डा |
| **म** | ाजि | ङा | ङा | ङा | अङ्का | अङका | आङ्गा | ङ |
| **हामी** | ाझि | दाक्पु | राङ | कान | आन्काचि/ आन्कान | आन्काचे/ आन्कान | आन्छी/ आनी | डि/ङ्यो |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **तपाईं** | छँ पिँ | ख्योरङ | राङ्ला | नाँकु | खानानिन् | हनानिन् | खेने | क्योंमे |
| **आउनु** | वेयगु | दोङगु | ज्योन्गाउ | राँ : नि | बना/ठाङा/युवा | टबे/टबनिए | यु:मा/थाङमा | खब |
| **जानु** | वुनेगु | डोप | स्योगो | नुङ्नि | खारा | खडे | पेक्मा | |
| **खानु** | नयगु | साप | स्योलो | जेनि | चो/चानुम | चामा | चामा | चब |
| **बस्नु** | चोनेगु | देतु | सियुगो | डुनि | युङा | युङमा | युङमा | टिब |
| **लेख्नु** | चोयगु | टिकु | बृयु | रिक्नि | छाप्ता | छाप्मा | साप्मा | |
| **पढ्नु** | बोनेगु | लोपु | पडोले | पडिस्नि | खिप्ता | लोक्मा | निप्मा | खेब |
| **राम्रो/ठीक छ** | बाँला | लसे | ज्यावान ताजि | मजुङ्ले | नुयाङ | नुन्छ् | नुबावा | छ्याँब मो |
| **नराम्रो/बेठीक छ** | बाँमला | ीमन | अजेवा ताजि | मजुङ्माले | अत्याङ | | नुबाहोप | अछ्याँब मो |
| **हिजो** | म्हिगँ | दाङ | तिला | टिसमिङ | आखोमाङ | असे | मिप्मा | तेल |
| **आज** | थउँ | दारिङ | तिनि | छिनिङ | आइ | अइ | आइन | तीयाँ |
| **भोलि** | कोन्हे | सला | नङ्गार | पिहिन/पेउँराक | मङ्कोलेन | हमाइ | तान्दिक | प्हना/नागा |
| **आरामै छ ?** | मः फुला ? | थङवुरङ यिन ? | ज्यावान मुलाः ? | गेटमनले ? | नुमा लियाङ ? | अनुन्छ् | किनुर केवाबी ? | सबन् मो ? |
| **अध्यक्ष** | नायँ | छ्यक्चो | चोहो | काराङच | अढुवाटाङ | अढुवाटाङ | थोसुदिम्बा | |
| **आशीर्वाद** | | | छेरिंग | | | | हाङवा माङवा | |
| **बाजे** | आजु | प्पावा | आखे | बाज्यु | दिवा/कोपा | दिवा/कोपा | धेवा | वाज्यु |
| **बज्यै** | ऋजि | ग्गा | माम | बोज्यै | दिमा/कोमा | दिमा/कोमा | युमा | वजे |
| **मामा** | पाजु | अज्याङ | आसेङ | | आछुवा | कुरङपा | कुक्वा | अस्यों |
| **काका** | क्का | ऋउ | आगु/आँसु | बाउ | बाङा | अपङा/बाङा | फङा | वाच्यों |
| **आमा** | म | म्मा | आमा | मोइँ | मामा | ममा | मा | आमा |
| **बाबु** | बुवा | प्पा | आबा | वोइ | आपा/पापा | पपा | पा | आपा |
| **दाजु** | दाजु | अच्यु/चेचु | जोजो | डाजै | बब | अबु | फु | अघें |
| **भाइ** | ीकजा | नुप | चोन/आलै | | निछा | निछा | नुसाःबा | अल/ भय |
| **दिदी** | त्ता | अजि/आइ | नाना | डै | नाना | अना | नेः | अनें |
| **बहिनी** | केहें | नुम | आङा | बहिनि | निछामा | नुछि | नुसाःमा | अङ |
| | | | | | | | | |
| **एक** | | च्यिक/दाक पुजि | घिक | काट | अक् | | थिक | |
| **दुई** | | ङि | ङि | निस | ह्वा | | नेत | |
| **तीन** | | सुम | सोम | सोम | सुम | | सुम | |

मातृभाषिक स्रोत व्यक्तिहरू

- १. श्री प्रेम शाक्य, टक्सार - नेपाल भाषा
- २. श्री हर्कराज शेर्पा - शेर्पा भाषा
- ३. श्री जगत बहादुर तामाङ - तामाङ भाषा
- ४. श्री कर्ण पुलामी मगर - मगर भाषा
- ५. श्री विष्णुकुमार राई (आमचोक) - बान्तावा भाषा
- ६. श्री अर्जुन राई दुङ्माली - दुङ्माली भाषा
- ७. श्री तुल बहादुर सुब्बा (भोजपुर) र हिमाल विक्रम कुरुङमाङ (पाँचथर) - लिम्बू भाषा
- ८. गुरुङ भाषाका लागि - तमु (२०६८)

## चाडपर्वहरू

### धान नाच (लिम्बू)

- धाननाच लिम्बू जातिमा प्रचलित नाच हो । साथीभाइ, इष्टमित्र, नरनाता तथा विभिन्न व्यक्तिहरूसँगको भोटघाट भएको अवसरमा आपसमा हात समाएर पालाम गीत गाउँदै नाचिन्छ । यो नाच प्रायः कुटुम्बेरीसँग नाच्ने परम्परा रहेको पाइन्छ । धाननाच नाचेर विवाहनै गर्ने सम्मको सम्बन्धसमेत विकास हुने गर्दथ्यो । *( स्रोतः तुल ब. सुब्बा र हिमाल विक्रम कुरुङमाङ, पाँचथर)*

### च्याप्रुङ नाच (लिम्बू)

- यो नाच लिम्बू जातिको साँस्कृतिक परम्पराअनुसार ठूलो ढोल भिरेर ढोललाई हातले बजाउँदै नाचिने नाच हो । यो नाच विभिन्न शुभकार्यमा चेलीमाइतीबीच नाच्ने परम्परा रहेको छ । प्रयः ढोल पुरुषले बोक्ने र बजाउने गर्दछन् । *(स्रोतः तुल ब. सुब्बा र हिमाल विक्रम कुरुङमाङ, पाँचथर)*

### ङ्न्युङने ब्रत (शेपा)

- ङ्न्युङने ब्रत माहायान बौद्ध परम्पराअनुसार बुद्धजयन्ती, बद्धत्व प्राप्ती र महापरीनिर्माण जस्ता महत्त्वपूर्ण दिवसको उपलक्ष्यमा मनाइने धार्मिक पर्व हो । वैशाख शुक्लपक्षको परेवादेखि कृष्ण पक्षको परेवा तिथिसम्म अष्टशील लिएर १ दिन १२ बजे एक छाक भोजन गर्ने र अर्को दिन अष्टशील लिएर केही नखाई बोल्दा पनि नबोली अवाक भई शील पालना गर्ने परम्परा विशेष गरी शेर्पा जातिमा रहेको छ । अन्य बौद्धमार्गीहरूले पनि यसलाई अनुशरण गर्दछन् । जम्मा १६ दिनसम्म लगातार शील लिएर ब्रत बस्ने गरिन्छ । यसलाई सम्बन्धित समुदायले विशेष अवसर तथा पर्वकै रुपमा पनि लिने गर्दछन् । *(स्रोतः हर्कराज शेर्पा, प्र.अ. धापखर्क प्रा.वि.)*

### षष्ठी पूजा (मगर)

- दशैंमा सप्तमीभन्दा अघिल्लो दिन षष्ठी तिथिका दिन मगर समुदायमा विशेष पूजा गर्ने परम्परा रहेको छ । यसलाई षष्ठी पूजा पर्व भनेर पनि चिनिन्छ । चोखोनितो गरेर दुनामा खाने कुरा राखेर थानीबायुलाई चढाइन्छ । अदुवाको बोटैसमेत ल्याएर पितृहरूको नामबाट बोलाउँदै चढाउने, धुप लगाउने आदि गरेर पूजा सकेपछि घरमा कुखुराको मसु, दाल, साग, माछा आदि स्वादिष्ट भोजन तयार पारी सबै परिवारमा बसेर खाने परम्परा रहेको पाइन्छ । *(स्रोत : कर्ण पुलामी, अरुण गा.पा.)*

### लाखेजात्रा (नेवार)

- लाखेजात्रा नेवार समुदायले मनाउने पर्व हो । यो पर्व साउन महिनाको नाकपञ्चमीदेखि सुरु भई श्रीकृष्णजन्माष्टमीको दिन अन्त्य हुने परम्परा छ । लाखेजात्राको अवसरमा लामालामा दाह्रा भएको मखुण्डो, घण्टीको माला, रातो कपडाको फुर्का र रातै रङको भोषभुषामा लाखेलाई निकालिन्छ । लाखेसँगै एक ढटुवारे पनि रहन्छ । लाखे विभिन्न कौशलका साथ घर-घर, सडक तथा विशेष कार्यक्रम आदि ठाउँतिर नाच्दै र नचाउँदै हिडाइन्छ । लाखेलाई भैरवको प्रतिरूपका रूपमा लिने गरिन्छ । उर्जा, सङ्कट मोचन, रोग निवारण, स्वस्थ्य सुरक्षा आदिका लागि लाखेलाई विश्वास गरिन्छ । विरामी केटाकेटीलाई लाखे छुन लगाउने, मान्छे मरेको वर्ष दिन नपुगेका घरमा लाखे भित्राउने गरेर आरोग्यताको पुकारा गर्ने परम्परा रहेको पाइन्छ । *( स्रोत : प्रेम शाक्य, टक्सार)*

**योमरी पुन्ही (नेवार)**

- यो पर्व नेवार समुदायले मनाउने गर्दछन् । योमरी भन्नाले खाने एक परिकार बुझाउने र पुन्ही भन्नाले पूर्णिमालाई बुझाउँदछ । मंसिरे पूर्णिमाका दिन योमरी पुन्ही मनाइन्छ । उक्त दिन नयाँ बालीको चामलबाट बन्ने विभिन्न आकृतिहरू : गणेश, कुवेर, गणेशको वाहन मुसा आदिको मूर्ति बनाएर धानको ढिकुटि/भकारीमा राखेर पूजा गरिन्छ । उक्त अवसरमा तिल, सिलाम, खुवा आदिलाई चामलको पिठोमा मःमः पकाएजस्तै पकाएर योमरी बनाइन्छ र नजिकका नरनाता र छारीचेलीलाई बोलाएर दिने चलन रहेको पाइन्छ । *(स्रोत : प्रेम शाक्य, टक्सार)*

**उधौली (राई)**

- यो पर्व किरात राईहरूले मनाउने गर्दछन् । विशेष गरेर उधौली पर्व जाडो याम सुरु हुने महिना मंसिरमा पर्दछ । यस बेला आकाशमा कर्‍याङकुरूङ चराहरू हिमालदेखि मधेशतिर उधो उड्ने गर्दछन् । पाकेको अन्न थन्क्याउने र ती अन्नको सह बसोस्, फारो होस्, घुन-पुतली नलागोस् भन्ने विश्‍वासका साथ नलनाता, इष्टमित्र भेटघाट गर्ने र ढोल झ्याम्टा बजाउँदै साकेवा/साकेन्वा सिलि नाच्दै खुशियाली मनाउने गरिन्छ । विशेष गरेर मंसिरे पूर्णिमालाई मुख्य दिन मान्ने गरिन्छ । यस अवसरमा किरात राईहरूले साकेवा/साकेन्वा पूजा गरी कुखुराको भाले चढाउने प्रचलन रहेको पाइन्छ । घरमा निठा सेतो भाले निक्ल्यो भने साकेन्वालाई भन्ने मान्यता किरात राईहरूमा रहेको पाइन्छ । *(स्रोत : विष्णुकुमार राई, आमचोक)*

**उभौली (राई)**

- यो पर्व किरात राईहरूले मनाउने गर्दछन् । विशेष गरेर उभौली पर्व वर्षा याम सुरु हुने महिना वैशाख-जेठमा पर्दछ । यस बेला आकाशमा कर्‍याङकुरूङ चराहरू तराइदेखि हिमालतिर उभो उड्ने गर्दछन् । नयाँ अन्नबाली लाउने, लाएका बालीनाली राम्रो होस्, हुरीबतास र बाढी पहिलो नलागोस् भनी प्रकृतिको पूजा गर्ने गरिन्छ । नलनाता, इष्टमित्र भेटघाट गर्ने र ढोल झ्याम्टा बजाउँदै साकेवा/साकेन्वा सिलिमा नाच्दै खुशियाली मनाउने गरिन्छ । विशेष गरेर वैशाखे पूर्णिमालाई मुख्य दिन मान्ने गरिन्छ । यस अवसरमा किरात राईहरूले साकेवा/साकेन्वा पूजा गरी कुखुराको भाले चढाउने प्रचलन रहेको पाइन्छ । घरमा निठा सेतो भाले निक्ल्यो भने साकेन्वालाई भन्ने मान्यता किरात राईहरूमा रहेको पाइन्छ । साकेवा/साकेन्वा पूजामा खासगरी घर र परदेशमा रहेका परिवारजनमा आरोग्यता, पालेको पशुपंक्षी र बालीनालीको सुरक्षाका लागि आराधना गर्ने गरिन्छ । *(स्रोत : विष्णुकुमार राई, आमचोक)*

**नुवाङ्गी (राई)**

- नुवाङ्गी पर्वलाई नयाँ चलाउने पनि भनिन्छ । राई बान्तावा भाषामा **नङ्वा** भन्नाले नयाँ भन्ने हुन्छ । नङ्वा बाटै नुवाङ्गी भएको मानिन्छ । राईहरूले वर्षा याममा रोपेको खाद्यान्न बाली, फलफूल लगायत नयाँ फलेका चिजहरू सर्वप्रथम फल दिने प्रकृतिलाई चढाउने त्यस पछि आफ्ना पितृलाई चढाएर मात्र आफू ग्रहण गर्ने परम्परा किरात राईहरूमा रहेको पाइन्छ । त्यसलाई नुवाङ्गी चाड पनि भनिन्छ । राई जातिमा त्यस अवसरमा माटोमुनि फल्ने अदुवाको फूल, लहरामा फल्ने काक्रा, बोटमा फल्ने कोदो, मकै आदि चढाउने प्रचलन पाइन्छ । राई जातिबाहेक अन्य जातिले पनि नुवाङ्गी पर्व आ-आफ्नै तरिकाले मनाउने गर्दछन् । *(स्रोत : विष्णुकुमार राई, आमचोक)*

**हरितालिका तीज व्रत**

- यो विशुद्ध हिन्दू महिलाहरूको पर्व हो । माइतीले चेलीलाई बोलाउने, भेटघाट र सुख-दुःख साट्ने, मिठो मक्वान (दर) खाने, व्रत बस्ने, रातो लुगा लगाएर नाचगान तथा रमाइलो गर्ने परम्परा रहेको छ ।

**मातातीर्थ औंशी**

- यो पर्वले नेपालीको एक छुट्टै मौलिकता बोकेको पाइन्छ । यसलाई आफ्नो जन्मदिने आमाको मुख हेर्नेदिन भनेर चिनिन्छ । आमासँग भेटघाट गर्ने, आमाको सम्मान गर्ने यो ज्यादै महत्वपूण दिन मानिन्छ ।

**कुशेऔंशी**

- यो पर्वलाई बाबुको मुख हेर्ने दिनका रुपमा लिइन्छ । आफ्नो बाबुको सम्मान गर्ने , सम्झने, भेटघाट गर्ने यो पर्व महत्वपूर्ण मानिन्छ । कुशेऔंशीलाई विभिन्न समुदाय र धर्मावलम्बीले आ-आफ्नै तरिकाले मनाउने गरेको पाइन्छ ।

**नागपञ्चमी**

- नागसर्पको पूजा गर्ने दिनलाई नागपञ्चमी भनिन्छ । नागको फोटो घरघरमा टाँस्ने, नागको पूजा गर्ने आदि कार्य गर्ने गरिन्छ । नागलाई एक विषालु जीव मानिन्छ । कुनै नागदोष वा अनिष्ट नहोस् भन्ने मान्यताका साथ हिन्दू परम्परामा नागपञ्चमीको विशेष महत्व रहेको पाइन्छ ।

## विशिष्ट व्यक्तित्व

### शिक्षाप्रेमी : सिलशोभा ताम्राकार

- भोजपुर नगरपालिका वडा नं. १२ टक्सारमा जन्मनु भई समाजसेवामा रहेर आजीवन अविवाहित,
- एक शिक्षाप्रेमी, समाजसेवी तथा बौद्ध धर्मका उपासिका व्यक्ति,
- यशोधरा बालिका स्कुल टक्सार (२००९) हाल याशोधरा मा.वि. टक्सारको स्थापना र विकासमा महत्वपूर्ण योगदान,
- तत्कालीन समयमा महिला शिक्षाको अग्रसरता लिने अग्रज महिला,
- ***तताल माङ्का*** शोककाव्यका लेखक ।

**अल्ट्रा धाविका : मीरा राई**

- पौवादुङ्मा गा.पा. सनोदुम्मामा जन्मनु भएको ।
- विश्वअल्ट्रा धाविकाको रुपमा सफल व्यक्तित्व ।
- विश्वको साहसिक मिहिलामध्येका एक ।

**सामाजिक व्यक्तित्व : नारदमणि थुलुङ**

- वि.स.२००४ सालमा उदय मिडिल स्कुल (भोजपुर चार भञ्ज्याङ) का संस्थापक, विद्योदय मा.वि.का संस्थापक
- वि.सं. २००७ सालका एक क्रान्तियोद्धा ।
- वि.स. २००८ सालमा प्रं.म. मातृकाप्रसाद कोइरालाको मन्त्रीमण्डलमा स्थानीय विकास मन्त्री ।

## राजनीतिक व्यक्तित्व : रामप्रसाद राई

- वि.स.२००७ सालको राणा शासनको विरुद्धमा भोजपुरबाट काठमाडौंसम्मको क्रान्तिका क्रान्तियोद्धा,
- राणासँगको क्रान्तिमा नेतृत्व लिँदै काठमाडौंको सिंहदरवारसम्म पुगेको,
- साहसिक राजनीतिक योद्धा,

**प्रमुख विशिष्ट व्यक्तित्वहरू (जिल्ला भित्रका)**

१. **राजनीतिक क्षेत्र :** रामप्रसाद राई, नारदमणि थुलुङ, विद्यादेवी भण्डारी, शेरधन राई, राजेन्द्रकुमार राई, सुदन किराँती, ध्यानबहादुर राई, श्रीपाल राई, डा.नारायण खड्का, ज्ञानेन्द्रबहादुर कार्की, प्रदीप नेपाल, ..... ।
२. **सामाजिक क्षेत्र :** योगमाया न्यौपाने, .......
३. **शैक्षिक क्षेत्र :** बालागुरु षडानन्द अधिकारी, .......
४. **प्रशासनिक क्षेत्र :** मिनबहादुर राइमाझी (पूर्व प्रधान न्यायधीश), विमल कोइराला (पूर्व मूख्यसचिब), दुर्जाकुमार राई (सशस्त्र प्रहरी पूर्व महानिरीक्षक), .....
५. **कला क्षेत्र :** बुलु मुकारुङ, दयाहाङ् राई, .......
६. **साहित्य क्षेत्र :** राजन मुकारुङ (दमिनी भीर उपन्यासका लागि मदन पुरस्कार), गणेश रसिक, नारदमुनी हारताम्छाली, श्रवण मुकारुङ, पदम सुन्दास, पि.के.राई, विप्लव ढकाल, मञ्जुल, सञ्जय थापा (प्रदीप नेपाल), परशु प्रधान, हिरण्य भोजपुरे, ज्ञनमणि नेपाल (इतिहासकार), शैलेन्दै साकार, पूणप्रकाश नेपाल (यात्री) बाबु बोगटी ........
७. **खेलकुद क्षेत्र :** मीरा राई (अल्ट्रा धाविका), दानबहादुर तामाङ (ब्याटमिन्टन), विकास श्रेष्ठ (ब्याटमिन्टन), सरादेवी तामाङ (ब्याटमिन्टन), नङ्सालदेवी तामाङ (ब्याटमिन्टन), रञ्जित तामाङ (ब्याटमिन्टन), .......

**विशिष्ट व्यक्तित्वहरू (भोजपुर नगरपालिका भित्रका)**

१. **राजनीतिक क्षेत्र :** कुमारी लक्ष्मी राई, हर्कबहादुर श्रेष्ठ, कृपासुर श्रेष्ठ, शंकरप्रसाद कोइराला........
२. **सामाजिक क्षेत्र :** दानबहादुर कार्की, बलिमान राई, श्रीबहादुर खड्का, कृपाराम राई.......
३. **शैक्षिक क्षेत्र :** शीलशोभा ताम्राकार, ईन्द्रप्रसाद श्रेष्ठ, जगजीत राई, प्रा.डा.तिर्थकुमार श्रेष्ठ, डा.भक्त राई, सिताराम तामाङ, परशुराम तामाङ, सिताराम श्रेष्ठ ............
४. **प्रशासनिक क्षेत्र :** पूर्व प्रधानन्यायधीश मीनबहादुर रायमाझी, पूर्वमुख्य सचिव विमल कोईराला, संयुक्त राष्ट्र संघको पूर्व स्थायी प्रतिनिधि दुर्गाप्रसाद भट्टराई, डा.गणेश राई, अमरबहादुर श्रेष्ठ, गोपालप्रसाद कोइराला...........
५. **कला क्षेत्र :** हिरण्य भोजपुरे, लोकनाथ शाक्य, प्रेमकुमार शाक्य, उस्ताद चक्रवर्ती,..............
६. **साहित्य क्षेत्र :** मोक्तान भाई (शेरबहादुर तामाङ), श्यामप्रकाश तमोट, परशु प्रधान, शैलेन्द्र साकार,..............
७. **खेलकूद क्षेत्र :** विकास श्रेष्ठ, नङ्सलदेवी तामाङ, सरादेवी तामाङ, रञ्जित तामाङ, रोशन श्रेष्ठ, केदारनाथ श्रेष्ठ, ........
८. **अन्य** : लेप्टेन अमरबहादुर कार्की..........

## केही मौलिक खानपान

**रिल्दक**

- शेर्पा समुदायको मौलिक खाना,
- आलुलाई उसिनेर ओखलमा पिंधी बनाइएको ढिडो जसलाई नुन, खोर्सानी, टिमुरको सुप बनाई खाईन्छ ।

**सेरगम**

- शेर्पा समुदायको मौलिक खाना,
- मोही उमालेर फट्याई छपनीले छानेको छोक्रा सुकाएर वा आलोमा खाईने तरकारी वा आचारको परिकार

**किनामा**

- राई समुदायको मौलिक तरकारी/अचार,
- भटमासलाई उसिनेर हल्का पिसेर तापमान दिई गुम्साइन्छ । त्यसको रङ र स्वाद फरक भएपछि निकालेर सुकाएपछि खान योग्य बन्छ ।

**वाचिपा (तिते)**

- यो किरात राई समुदायमा अत्यन्त रुचिका साथ बनाएर खाइने एक मौलिक खाजा हो । लोकल कुखुरा काटेपछि सिङ्गो कुखुरालाई आगोको ज्वालोमा जलाउँदा पहिलो ज्वालाबाट सफा प्वाखको टुप्पो भाग जलेर नाङ्लोमा झर्ने ढुटोलाई मिहित पिसेर कुखुराको टाउको, पखेटा र भित्रास आदिसँग मोलेर चाम्रे वा भिजाएर पकाएको चामलसँग सुक्खा वा लदबद भुटेर/पकाएर स्वादिष्ट बनाई खाजाको रुपमा खाने गरिन्छ ।

*(स्रोत : विष्णुकुमार राई, आमचोक)*

**क्वाटी**

- जनैपूर्णिमाको दिन नौ प्रकारका गेडागुडी भिजाई अंकुरण भएको गेडागुडीको दालबाट बनाइने एक परिकार

*(स्रोत : अमृका ताम्राकार, टक्सार भोजपुर)*

**योमरी**

- नेवारी समुदायले विशेष गरी योमरी पूर्णिमामा धानको पिठोको पानीको बाफमा पकाईको मिठाईको परिकार

*(स्रोत : अमृका ताम्राकार, टक्सार भोजपुर)*

**बोमरी**

- नेवारी भोजमा प्रयोग हुने मासको दालको रोटी

*(स्रोत : इन्द्रविर प्रधान, दाँवा भोजपुर)*

**लखामरी**

- नेवारी विवाह लगायत अन्य कार्यमा प्रयोग हुने मिठाईको परिकार

*(स्रोत : प्रेम शाक्य टक्सार, भोजपुर)*

**चट्टामरी**

- नेवारी समुदायको देवाली, भोजमा प्रयोग हुने धानको पिठोको गुलियो तर चिल्लो पदार्थमो प्रयोग नगरी वनाईने परिकार

*(स्रोत : प्रेम शाक्य टक्सार, भोजपुर)*

## रैथाने प्रविधिहरू

- जाँतो, ढिकी, ओखली, सेल रोटी पोल्ने, मोही पार्ने, विस्कुन सुकाउने, दुना, टपरी गाँस्ने, गुन्द्री, सुकुल, पिरा बुन्ने आदि ।
- हलो, जुवा, डोको, चित्र, कोल (उखु र तोरी पेल्ने), पिङ (लिङ्गे र रोटे) आदि ।
- हलो, नाङ्लो, डालो, फिपी, घुम, भुने, थुन्से, भकारी, छपनी, पेचा, फूर्लुङ, पेरुङ्गो बुन्ने आदि ।
- चँदारो (ठेका, ठेकी, हर्पे, कठुवा, मदानी बनाउने)
- माटोजन्य रैथाने प्रविधि (गमला, मक्कल, घैला, घैटा, मटिया/सोराई, धुपौरो, खुत्रुके, हाँडी बनाउने)
- गुन्द्रुक, सिन्की, मर्चा बनाउने आदि ।
- खुकुरी र करुवा बनाउने आदि ।
- ढाका बुनाइ, खाडि कपडा बुनाइ, कल, आरन, सिलाइ कटाइ आदि ।